*"बालबालिकामा लगानी: सुनिश्चित भविष्यको थालनी"*

# बालबालिका सम्बन्धी राष्ट्रिय प्रतिवेदन

# २०८१


नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

**राष्ट्रिय बाल अधिकार परिषद्**

श्रीमहल, पुल्चोक, ललितपुर

**प्रकाशक**

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
**राष्ट्रिय बाल अधिकार परिषद्**
श्रीमहल, पुल्चोक, ललितपुर

**प्रतिः १०००**

**प्रकाशन मितिः**

५ मंसिर २०८१ (नोभेम्वर २०, २०२४) अन्तर्राष्ट्रिय बाल अधिकार दिवस

**फोटो साभारः** राष्ट्रिय बाल अधिकार परिषद् ।

**मुद्रणः** .......

## बालबालिका सम्बन्धी राष्ट्रिय प्रतिवेदन तयारीमा संलग्न पदाधिकारी तथा कर्मचारीहरुको नामावली

<u>सल्लाहकार</u>

१. उपाध्यक्ष श्री बमबहादुर बानियाँ

२. सदस्य-सचिव श्री इन्द्रादेवी ढकाल

<u>संकलन, सम्पादन तथा लेखनमा संलग्न कर्मचारीहरु</u>

१. अधिकृत श्री रामबहादुर चन्द

२. कार्यक्रम व्यवस्थापक श्री नमुना भुसाल

३. बाल संरक्षण अधिकृत श्री सुनीता शाह

४. कार्यक्रम अधिकृत श्री सन्तोषचन्द्र अधिकारी

५. परियोजना अधिकृत श्री सजना कुवँर

६. परियोजना अधिकृत श्री मिलन बुढाथोकी

७. कार्यक्रम सहायक श्री लोचन रेग्मी

८. कार्यक्रम सहायक श्री मीना के.सी.

९. कार्यक्रम सहायक श्री देवीप्रसाद डोटेल

<u>प्रदेश समन्वयकर्ता</u>

१०. समन्वय अधिकृत श्री डम्बरबहादुर रोकाय, कर्णाली प्रदेश

११. समन्वय अधिकृत श्री बद्रीप्रसाद वाग्ले, गण्डकी प्रदेश

१२. समन्वय अधिकृत श्री संजीव महतो, मधेश प्रदेश

१३. समन्वय अधिकृत श्री सुमन अधिकारी, कोशी प्रदेश

नेपाल सरकार
Government of Nepal
माननीय नवल किशोर साह सुडी
मन्त्री
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल
Hon'ble Nawal Kishore Sah Sudi
Minister
Ministry of Women, Children and Senior Citizen
Singhadurbar, Kathmandu, Nepal

च.नं.
Ref. No.

# शुभकामना

स्वस्थ, सबल र क्षमतावान बालबालिका नै भोलिको देश निर्माणका अब्बल खम्बा हुन भन्ने मान्यतालाई आत्मसाथ गर्दै नेपाल सरकार बालबालिकाको अधिकार तथा हकहितलाई सुनिश्चत गर्न क्रियालशिल रहेको छ। उनीहरुको जन्मजात पाउनुपर्ने अधिकार तथा हकलाई आफ्नो दायित्व ठानेर राज्यले नीतिगत रुपमै संरक्षण, सम्बर्द्धन कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ५९ बमोजिम बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र सम्बर्द्धन गर्न राष्ट्रिय बालअधिकार परिषद्को स्थापना भएको हो। नेपाल सरकारको मिति २०७६ असार १२ गतेको निर्णयानुसार साविकको केन्द्रिय बाल कल्याण समितिको दायित्व र जिम्मेवारी परिषद् मा सारी यो ऐन, यसको नियमावली,२०७८ लगायतका कार्यविधि, निर्देशिका र मापदण्डले तोकेका काम, कर्तव्य अधिकार अनुसार परिषद्ले बालअधिकारको संरक्षण तथा प्रवर्द्धन गर्दै आएको छ।

बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम ९१ को उपनियम(१) बमोजिम प्रदेश बालअधिकार समिति र स्थानीय बालअधिकार समितिको बार्षिक प्रतिवेदन समेतको आधारमा बालअधिकार सम्बन्धी राष्ट्रिय प्रतिवेदन नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको स्वीकृति लिई प्रत्येक आर्थिक बर्षमा परिषद्ले सार्वजनिक गर्नु पर्ने व्यवस्था भए अनुरुप आर्थिक बर्ष २०८०/८१ को राष्ट्रिय प्रतिवेदनका रुपमा यो **बालबालिका सम्बन्धि राष्ट्रिय प्रतिवेदन,२०८१** प्रकाशन तथा सार्वजनिक गरिएको छ।

तीनै तहका सरकार तथा सम्बन्धित निकायले बालबालिकाको हकहित तथा बालअधिकारको संरक्षण, सम्मान, सम्बर्द्धन, प्रवर्द्धन र परिपूर्तिका लागि निरन्तर सक्रिय भूमिका खेलेको छ। यस प्रतिवेदनले सबै सम्बन्धित सरोकारवाला निकाय र संघ संस्थालाई कानून, नीति, योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न थप सहयोग पुर्‍याउने अपेक्षा गरेको छु। प्रतिवेदनले बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको वर्तमान अवस्था र समग्र बालअधिकारका पक्षहरुलाई कार्यान्वयन गर्न सरकारका कानून, नीति, आवधिक र बार्षिक नीति तथा कार्यक्रम लगायतको सम्बन्धमा जानकारी प्रस्तुत गरेको छ।

अन्त्यमा, यो बार्षिक प्रतिवेदन प्रकाशन गर्ने कार्यमा संलग्न राष्ट्रिय बालअधिकार परिषद्का सम्पूर्ण पदाधिकारी र कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै अन्तराष्ट्रिय बालअधिकार दिवसको अवसरमा सबै बालबालिकालाई हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

नवल किशोर साह सुडी
मन्त्री,
महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
एंवम्
अध्यक्ष, राष्ट्रिय बालअधिकार परिषद्

मितिः २०८१ मंसिर ५ गते

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्
National Child Rights Council-NCRC
श्रीमहल, पुल्चोक, ललितपुर

पत्र संख्या :
चलानी नं. :

# शुभकामना

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महाससन्धि, १९८९ को नेपाल पक्ष राष्ट्र भएको तेत्तिसवर्ष पूरा भएको छ। महाससन्धिका प्रावधानहरुलाई पालना गर्दै, नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५ र बालबालिका सम्बन्धी अन्य ऐन कानूनहरु कार्यन्वयनमा रहेका छन् । साथै आवधिक तथा वार्षिक योजना तथा कार्यक्रम समेत बालबालिकाका विषयहरुलाई महत्वकासाथ समावेश हुँदै आएको छ ।

बाल अधिकार सम्बन्धी महाससन्धि पारित भएको दिनलाई पक्ष राष्ट्रले अन्तराष्ट्रिय बाल अधिकार दिवसको रुपमा मनाउने हुँदा यसैदिनको अवसरमा राष्ट्रिय बाल अधिकार परिषद्ले प्रत्येक वर्ष बालबालिका सम्बन्धी राष्ट्रिय प्रतिवेदन प्रकाशन गर्दै आएको छ। बालबालिका सम्बन्धी संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्था र सोको कार्यान्वयनबाट प्राप्त नतिजाको स्थिति झल्किने विषयहरु समावेश गरेर परिषद्ले ***बालबालिका सम्बन्धी राष्ट्रिय प्रतिवेदन, २०८१*** प्रकाशन गरेको छ। यस प्रतिवेदनमा नेपालमा बालबालिका सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनी तथा नीतिगत व्यवस्था सहित बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण, विकास, सहभागिता लगाएतका अधिकारहरुको कार्यन्वयनको अवस्थाहरु समेटेकोले बालबालिकाको स्थिति सम्बन्धमा यो प्रतिवेदन सरकारको आधिकारिक तथ्याङ्क सहितको ऐतिहासिक अभिलेखको रुपमा स्थापित बन्दै गएको छ ।

यो वर्ष बालबालिकामा लगानी वर्षकै रुपमा स्थापित गर्न **बालबालिकामा लगानीः सुनिश्चित भविष्यको थालनी** नारालाई तीनै तहका सरकार, विकास साझेदार, गैरसरकारी संघ संस्था, नागरिक समाज, सञ्चार माध्ययम, नीजि क्षेत्र लगाएत सबै सरोकारवाला क्षेत्रहरुको योगदानको मुल्याङ्कन सहित समेटेर प्रतिवेदन बनेको छ। अझै थप लगानी र असल अभ्यासहरुलाई निरन्तरता दिनु पर्ने जरुरी छ। बाल अधिकारको क्षेत्रमा देखा परेका नवीन सवालहरु झन चुनौतीपूर्ण र पेचिला बन्दै गएको अवस्था पनि छ। हामीले हाम्रा बाल संरक्षण संयन्त्रहरु थप मजबूत र प्रभावकारी बनाउदै जतिसक्दो चाँडो स्थानीय तहलाई जिम्मेवार बनाउनु अबको हाम्रो कार्यभार समेत रहेको छ ।

अन्तमा, पुनः एकपटक सबै सरोकारवाला निकायहहरुलाई बालबालिकाका सवाललाई प्रथामिकतामा राख्न र लगानी अभिवृद्धि गर्न हार्दिक आव्हान समेत गर्दै, बाल अधिकारको विशिष्टिकृत निकायको रुपमा कार्य गर्दै आएको राष्ट्रिय बाल अधिकार परिषद्ले यो बार्षिक प्रतिवेदन प्रकाशन गर्ने कार्यमा संलग्न परिषद्का सम्पूर्ण पदाधिकारी, कर्मचारीहरु, तत्य, तथ्याङ्क र सूचना उपलब्ध गराउन सहयोग गर्ने निकायहरुका साथै प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने सबैमा हार्दिक धन्यवाद दिन चाहान्छु। साथै सम्पूर्ण बालबालिकालाई अन्तराष्ट्रिय बाल अधिकार दिवसको शुभकामना समेत व्यक्त गर्दछु ।

धन्यवाद !

बम बहादुर बानियाँ
उपाध्यक्ष

मितिः २०८१ मंसीर ५ गते

"बालबालिकामा लगानीः सुनिश्चित भविष्यको थालनी"

फोन नं.: ०१- ५४५०१२१, ५४५०१२४, ५४५०१४७
Tel. : 01-5450121, 5450124, 5450147
E-mail : contact@ncrc.gov.np
Website : www.ncrc.gov.np
E-Portal : www.childrights.gov.np

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
इमेल : info@mowcsc.gov.np
media@mowcsc.gov.np
वेभसाईड : www.mowcsc.gov.np

पत्र संख्या :
चलानी नं.:

## शुभकामना

नेपालले संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गरेपछि महासन्धिका प्रावधानहरुको कार्यान्वयनका अवस्था विश्लेषण गर्दै बालबालिका सम्बन्धी सूचना, तथ्याङ्क तथा जानकारी समेटी राष्ट्रिय बाल अधिकार परिषद्ले प्रत्येक वर्ष अन्तर्राष्ट्रिय बाल अधिकार दिवसका अवसरमा बालबालिका सम्बन्धी राष्ट्रिय वार्षिक प्रतिवेदन प्रकाशन गर्ने क्रममा यस वर्ष पनि **बालबालिका सम्बन्धी राष्ट्रिय प्रतिवेदन २०८१**सार्वजनिक गर्न लागेकोमा खुशी लागेको छ । यस प्रतिवेदनले एकातर्फ बालबालिकाको स्थितिमा आएको सकारात्मक परिवर्तनको चित्रण गर्दछ भने अर्कोतर्फ अझै सुधार गर्नु पर्ने क्षेत्रहरुको समेत उजागर गरेको छ ।

संयुक्त राष्ट्रसंघको बालअधिकार सम्बन्धी महासन्धि, १९८९ मा उल्लिखित प्रावधानहरु लागू गरी बालअधिकार सुनिश्चित गर्ने प्रयासमा नेपाल प्रतिबद्ध रहेको छ । सरकारले संविधान, कानून, नीति, योजना, कार्ययोजना, कार्यक्रम, संस्थागत संरचना जस्ता विषयमा सुधार गर्दै विभिन्न सरकारी निकायदेखि गैरसरकारी तथा विकासका साझेदार संस्थाहरुसँग समन्वय र सहकार्य गरिरहेको छ । यसको परिणाम स्वरुप बालबालिकाको बचावट, संरक्षण, विकास र सहभागिताका सूचकहरुमा सुधार भएको छ । बाल अधिकार सुनिश्चित गर्न सबै तहमा बालबालिका सम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयन, संरचनाहरुको सुदृढीकरण एवम् योजना तर्जुमादेखि स्रोत विनियोजनसम्म बाल संवेदनशीलतालाई अझ बढावा दिंदै बालबालिकाको विषयलाई प्राथमिकतामा राखी छिटो छरितो एवम् बालमैत्री ढंगले सेवा प्रवाह हुन आवश्यक छ ।

नेपालको संविधानले बालबालिकाको विकास, संरक्षण, सहभागिता र बाल बचावटलाई मौलिक हकका रुपमा अङ्गिकार गरेको छ । बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा रहेको छ । **"बालबालिकामा लगानीः सुनिश्चित भविष्यको थालनी"** भन्ने यस वर्षको राष्ट्रिय नारालाई सार्थक बनाउँदै बाल अधिकार सुनिश्चित समाजको निर्माण गर्नु आजको आवश्यकता हो ।साथै पछिल्लो समयमा बालबालिकाहरु वेचविखन तथा ओसारपसार, बाल यौन दुराचार, अनलाईनवाट बालबालिका माथि हुने हिंसा बढ्दो क्रममा रहेको हुँदा यसवाट बालबालिकालाई बचाई बालबालिकाको सुरक्षा र संरक्षण गर्न राज्यका सवै निकायहरु, नागरिक समाजका संघसंस्थाहरु, परिवार तथा सरोकारवाला सवैमा अनुरोध गर्न चाहन्छु ।

अन्त्यमा अन्तर्राष्ट्रिय बाल अधिकार दिवसका अवसरमा सम्पूर्ण बालबालिकाहरुलाई उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दै बालबालिका सम्बन्धी यस राष्ट्रिय प्रतिवेदनलाई वार्षिक रुपमा प्रकाशन गर्ने राष्ट्रिय बाल अधिकार परिषद्, पदाधिकारी र कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद !

दिनेश भट्टराई
सचिव

२०८१ मंसिर ५ गते

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्
National Child Rights Council-NCRC
श्रीमहल, पुल्चोक, ललितपुर

पत्र संख्या :

चलानी नं. :

# प्राक्कथन

संघीय प्रणालीमा तीनै तहका राज्य संयन्त्रले बाल अधिकार संरक्षण तथा संवर्द्धन सुनिश्चित गर्न नीतिगत परामर्श, क्षमता विकास, समेतका लागि समन्वय, सहयोग, सहकार्य र सहजीकरण गर्न गराउनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ बमोजिम राष्ट्रिय बाल अधिकार परिषद्को स्थापना गरिएको छ । बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ९१ मा परिषदले बाल अधिकार सम्बन्धी व्यवस्था, प्रदेश बाल अधिकार समिति र स्थानीय बाल अधिकार समितिको वार्षिक प्रतिवेदन समेतका आधारमा बालबालिका सम्बन्धी राष्ट्रिय प्रतिवेदन प्रकाशन तथा सार्वजनिकीकरण गर्नुपर्ने व्यवस्था रहेको छ । यसै कार्यादेश अनुसार परिषद्ले प्रत्येक वर्ष अन्तराष्ट्रिय बाल अधिकार दिवस नोभेम्बर २० को दिनमा बालबालिका सम्बन्धी राष्ट्रिय प्रतिवेदन प्रकाशन र सार्वजनिक गर्दै आएको छ ।

नेपालले संयुक्त राष्ट्र संघको महासभाबाट १९८९ को नोभेम्बर २० मा पारित बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई अनुमोदन गरेको दिन २०४७ साल भदौ २९ गतेको (सेप्टेम्बर १४, १९९०) दिनको सम्झनामा राष्ट्रिय बाल दिवस मनाउने गरेको छ । यस वर्ष **'बालबालिकामा लगानी: सुनिश्चित भविष्यको थालनी'** भन्ने नाराका साथ राष्ट्रिय बाल दिवस मनाइएको छ । यसैगरी उक्त महासन्धिका पक्षधर देशहरुले महासन्धि पारित भएको दिन अर्थात नोभेम्बर २० को स्मरणमा अन्तर्राष्ट्रिय बाल दिवस मनाउने गरेको छ । यस वर्षको अन्तर्राष्ट्रिय बाल अधिकार दिवसको मुख्य विषय (Theme) 'Listen to the future' भन्ने रहेको छ ।

यस प्रतिवेदनमा आर्थिक वर्ष २०८०/८१ सम्मको बालबालिकाको अवस्था सम्बन्धी अधिकांश तथ्याङ्क उल्लेख गरिएको छ । राष्ट्रिय बाल अधिकार परिषद् अन्तर्गतका बाल संरक्षण संयन्त्रहरु बाल हेल्पलाइन सेवा निःशुल्क टेलिफोन नम्बर १०९८, बालबालिका खोजतलास सेवा निःशुल्क टेलिफोन नम्बर १०४, बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र लगायतका संयन्त्रहरु क्रियाशील रहेका छन् । बालबालिकासँग सम्बन्धित तीनै तहका निकाय तथा संस्थाहरुमार्फत गरिएका काम कारवाही, तथा प्रगति विवरण सम्बन्धी प्राप्त तथ्याङ्कहरु यस प्रतिवेदनका प्रमुख सूचनाका स्रोत हुन् । सबै क्षेत्र तथा विषयगत तथ्याङ्कहरू प्रत्येक वर्ष अध्यावधिक नहुने हुँदा पछिल्लो पटक भएका अध्ययन तथा अनुसन्धान, राष्ट्रिय जनगणना २०७८ लगायतका स्रोतहरु साथै शिक्षा, स्वास्थ्य, खेलकुद, सहभागिता लगायतका विषयमा नेपाल सरकारका विभिन्न विषयगत निकाय, मन्त्रालय, प्रदेश तहका निकायहरु एवं स्थानीय तहबाट प्राप्त सूचनाहरुले यस प्रतिवेदनका लागि बाल विकास, बाल संरक्षण, बाल सहभागिता र बाल बचावटका क्षेत्रमा एकीकृत सूचना प्रस्तुत गरेको छ । नेपाल सरकार तथा प्रदेश सरकारबाट बाल अधिकारको सम्मान र संरक्षणका लागि भएका नीतिगत व्यवस्था र प्रयासहरुको पनि संग्रहित सूचना विवरण यस प्रतिवेदनमा समावेश गरिएका छ । तीनै तहका बालबालिकासँग सम्बन्धित कानून तथा नीति निर्माता, निर्णयकर्ता, कार्यान्वयनकर्ता, अध्ययन/अनुसन्धानकर्ता, दातृ निकाय, विकास साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, नागरिक समाज, सञ्चार माध्यम, बाल क्लब आदिका लागि यो प्रतिवेदन उपयोगी हुने विश्वास गरिएको छ ।

'बालबालिकामा लगानी: सुनिश्चित भविष्यको थालनी' भन्ने राष्ट्रिय बाल दिवसको मूल नारालाई स्मरण गर्दै प्रतिवेदनले उजागर गरेका सुझाव तथा आगामी प्राथमिकतालाई तीनै तहका सरकार, दातृ निकाय, विकास साझेदार, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्था, नागरिक समाज, सञ्चार माध्यमबाट यथोचित सम्बोधन गर्न र बालबालिकाको लागि समय, स्रोत र सोचको लगानी वृद्धि गर्न राष्ट्रिय बाल अधिकार परिषद् सबैमा हार्दिक अनुरोध गर्दछ । अन्त्यमा, यस प्रतिवेदनको लागि सूचना, जानकारी, तथ्य तथ्याङ्क उपलब्ध गराउने सबै निकाय, संघ संस्था प्रति हार्दिक आभार व्यक्त गर्दछु । प्रतिवेदनका लागि सूचना सामग्री संकलन, सम्पादन तथा लेखन कार्यमा संलग्न परिषद्का कर्मचारीलाई धन्यवाद दिन चाहन्छु । साथै अन्तर्राष्ट्रिय बाल अधिकार दिवस २०२४ को अवसरमा बालबालिकाको उत्तरोत्तर प्रगति तथा उज्जल भविष्यको लागि शुभकामना व्यक्त गर्दछु ।

इन्द्रादेवी ढकाल

सदस्य-सचिव

मितिः २०८१ मंसिर ५ गते



फोन नं.: ०१- ५४५०१२१, ५४५०१२४, ५४५०१४७
Tel. : 01-5450121, 5450124, 5450147
E-mail : contact@ncrc.gov.np
Website : www.ncrc.gov.np
E-Portal : www.childrights.gov.np

# सारांश

- बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई नेपालले वि.सं. २०४७ साल भदौ २९ गते (सन् १९९० को सेप्टेम्बर १४ तारिखमा) अनुमोदन गरी बालबालिकाको अधिकार तथा हक हितको संरक्षण तथा सम्वर्धन सुनिश्चित गर्नका लागि प्रतिबद्धता जनाएको छ। सोही अनुरुप कानून तथा नीति निर्माण, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन एवम् संस्थागत संयन्त्रहरुको व्यवस्था गरी परिचालन गर्ने गराउने कार्यहरु निरन्तर रुपमा गर्दै आएको छ। नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकको रुपमा राखी बालबालिकाको सर्वोत्तम हित गर्नु राज्यको नीति भएकोले संवैधानिक व्यवस्थाको सुनिश्चितता गरेको छ।
- २०७८ सालको जनगणना अनुसार १८ वर्ष मुनिका बालबालिकाको संख्या ९८ लाख ६९ हजार ५ सय ८३ रहेको छ।
- राष्ट्रिय जनगणना २०४८, २०५८ र २०६८ मा जनसंख्या वृद्धिदर क्रमशः २.०८, २.२५ र १.३५ रहेकोमा २०७८ सालको जनगणना अनुसार औषत जनसंख्या वृद्धिदर ०.९२ रहेको छ।
- आर्थिक वर्ष २०७९/८० सम्ममा कूल ७५३ वटा स्थानीय तहहरुमध्ये ४०८ वटा स्थानीय तहमा बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्यविधि निर्माण भएको देखिन्छ भने ३७२ स्थानीय तहमा स्थानीय बाल अधिकार समिति, ३९० स्थानीय तहमा बाल कल्याण अधिकारी र २८६ स्थानीय तहमा बाल कोषको स्थापना भएको छ।
- आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्म ७७ मध्ये ७२ जिल्ला 'पूर्ण खोपयुक्त' घोषित भएका छन्।
- सबै किसिमका खोप पाएका बालबालिकाको प्रतिशत आ.व. २०७८/२०७९ मा ९१.२ प्रतिशत रहेकोमा २०७९/२०८० मा घटेर ८४ प्रतिशत पुगेको देखिन्छ।
- नवजात शिशु मृत्युदर प्रति १००० जीवित जन्ममा २१ मृत्यु हुने गरेको देखिएको छ। बाल्य कालमा हुने मृत्युदर क्रमशः घट्दो दरमा देखिएको छ। सन् १९९६ देखि ५ वर्षमुनिका बालबालिकाको मृत्युदर प्रति १००० जीवित जन्ममा ११८ बाट घटेर ३३ मा झरेको छ भने नवजात शिशु मृत्युदर प्रति एक हजार जीवित जन्ममा ५० बाट घटेर २१ र शिशु मृत्युदर ७८ बाट घटेर २८ पुगेको देखिन्छ।
- सन् २००१ देखि यता बालबालिकामा पुड्कोपन घट्दै गएको छ, जुन ५७% रहेको थियो। कम तौलका बालबालिका सन् २००१ मा ४३% बाट लगातार घट्दै गएको छ। ख्याउटेपन सन् १९९६ को १५% बाट सन् २०२२ मा ८% मा झरेको छ।
- स्वास्थ्य संस्थामा बालबालिका जन्माउनेको प्रतिशत उल्लेख्य रूपमा बढेको छ, जुन सन् १९९६ मा ८% बाट बढेर सन् २०२२ मा ७९% सम्म पुगेको छ। घरमा बालबालिका जन्माउने दर ९१% बाट घटेर १९% मा पुगेको छ। यसै गरी राष्ट्रिय योजना आयोग, दिगो विकास लक्ष्यको प्रगति प्रतिवेदन (२०१६-२०१९) अनुसार पनि दक्ष स्वास्थ्यकर्मीहरुबाट जन्मिएका बालबालिकाको अनुपात ७९.३ रहेको छ।
- स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८०/८१ मा १८ वर्ष मुनिका ९६ जना बालबालिकामा मलेरिया भएको पाइएको छ।
- नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ को तथ्याङ्क अनुसार १५-१९ वर्षका १४% किशोरीहरुले उमेर नपुगी गर्भधारण गरेको पाइएको छ।
- शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्लाश प्रतिवेदन *I*, २०८० अनुसार प्रारम्भिक बाल विकास केन्द्र र पूर्व प्राथमिक कक्षा जम्मा ४० हजार ६८४ रहेका छन् जुन अघिल्लो वर्षभन्दा २८ वटाले वृद्धि भएको छ।
- शैक्षिक सत्र २०७९ मा ९४.९ रहेको भर्ना दर बढेर शैक्षिक सत्र २०८० मा ९९.९ प्रतिशत पुगेको छ।

- नेपाल सरकार मार्फत नियुक्त भएका कक्षा १-५ सम्ममा १ लाख २ हजार ३५ जना र कक्षा ६-८ मा २५ हजार ८६१ जना गरी आधारभूत तहमा कूल १ लाख २७ हजार ८९६ जना शिक्षकहरु कार्यरत रहेका छन् । यसैगरी माध्यामिक तह (कक्षा ९-१२) मा २१ हजार ३५८ जना शिक्षक रहेका छन् ।
- शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्लाश *I* २०८० प्रतिवेदन अनुसार नेपालभर ३५ हजार ८७६ विद्यालयहरु रहेका छन् ।
- देशभर सञ्चालनमा रहेका ३५ हजार ८७६ वटा विद्यालयहमा कूल ७१ लाख ४३ हजार २६२ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन् ।
- शिक्षा तथा मानव स्रोत विकास केन्द्रको प्रतिवेदन अनुसार शैक्षिक सत्र २०८० मा कक्षा ५ को टिकाउ दर गत वर्ष भन्दा ०.७ प्रतिशत विन्दुले घटेर ८८.४ प्रतिशतमा झरेको छ भने कक्षा ८ को टिकाउ दर ०.४ प्रतिशत विन्दुले बढेर ८६.२ प्रतिशत पुगेको छ ।
- माध्यमिक शिक्षा परीक्षा २०७९ मा सामेल भएका ४ लाख ८४ हजार ९२४ परीक्षार्थीमध्ये जि.पि.ए ०.८० देखि २.४० सम्म ल्याउने विद्यार्थी ४७.८ प्रतिशत र जि.पि.ए २.४० देखि ४.०० सम्म ल्याउने विद्यार्थी ५२.२ प्रतिशत रहेको छ ।
- शैक्षिक सत्र २०८० मा आधारभूत तथा माध्यमिक शिक्षा तर्फ ५३ हजार ६ सय ८० अपाङ्गता भएका बालबालिकाले आवासीय तथा गैर आवासीय छात्रवृत्ति प्राप्त गरेका छन् । गत आर्थिक वर्षमा ५३ हजार ६ सय ८० अपाङ्गता भएका बालबालिकाले आवासीय तथा गैर आवासीय छात्रवृत्ति प्राप्त गरेका थिए ।
- ५ वर्षमुनिका कूल ३० लाख ७ हजार ६४८ जना बालबालिकामध्ये २२ लाख २६ हजार ७१५ जना (७४%) बालबालिकाको जन्म दर्ता भएको देखिएको छ भने सोही उमेर समूहका ७ लाख ८० हजार ९३३ जना बालबालिकाको जन्म दर्ता नभएको देखिएको छ ।
- नेपालमा अपाङ्गता भएका बालबालिकामध्ये सबैभन्दा धेरै ४१.६% शारीरिक अपाङ्गता भएका छन् । दृष्टिविहीन र बहु अपाङ्गता हुनेको अनुपात उस्ताउस्तै करीब ११% रहेको छ भने स्वरबोलाइ र न्यून दृष्टि भएका बालबालिका करीब ८% रहेका छन् ।
- अपाङ्गता भएका बालबालिकालाई कानून बमोजिम शिक्षा र स्वास्थ्य सेवा सुविधा प्रदान गर्ने गरिएको छ भने पूर्ण अपाङ्गता भएका बालबालिकालाई प्रति महिना रु. ३ हजार ९९० र अति असक्त अपाङ्गता भएका बालबालिकालाई प्रतिमहिना रु.२ हजार १२८ प्रदान गर्ने गरिएको छ ।
- श्रम तथा व्यवसायजन्य सुरक्षा विभागबाट प्राप्त विवरण अनुसार आ.व. २०८०/८१ मा ३ हजार ८८८ वटा प्रतिष्ठानहरुको अनुगमन गर्ने क्रममा ७२ जना बालबालिकालाई उद्धार गरी ९ लाख ७३ हजार ९४८ रुपैयाँ क्षतिपूर्ति र १ लाख ३४ हजार ८०० रुपैयाँ जरिवाना गरिएको छ ।
- काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ मा काठमाडौं उपत्यकामा ८ हजार ८८१ वटा सवारी दुर्घटनामा १३ जना बालबालिकाको मृत्यु भएको, २७ जना गम्भीर घाइते भएको र ४५७ जना सामान्य घाइते भएको पाइएको छ ।
- नेपाल प्रहरी अन्तर्गत साइबर व्यूरोबाट प्राप्त तथ्याङ्क अनुसार आ.व. २०७९/८० मा जम्मा १७६ जना बालबालिका (बालक ५१ र बालिका १२५) साइबर अपराधबाट पीडित भएकोमा आ.व. २०८०/८१ मा ६३५ जना बालबालिका पीडित भएको देखिएको छ ।
- नेपाल प्रहरी अन्तर्गत देशभर ७७ जिल्लाहरु सहित २३२ प्रहरी कार्यालय तथा एकाइहरुमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरु सञ्चालनमा रहेका छन् ।
- राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा कूल बालबालिकामध्ये विवाह गर्ने कानूनी उमेर नपुगी विवाह भएका बालबालिका १.६ प्रतिशत रहेका छन् ।

- आर्थिक वर्ष २०८०/८१ मा १ हजार ३८१ जना बालबालिकाको बालबिज्याँईं सम्बन्धी मुद्दाहरु अदालतमा दर्ता भएको देखिन्छ। जसमा ९०८ जना बालबालिका (बालक ८८७ र बालिका २१) १८ वर्ष मुनिका रहेका छन् भने ४७३ जना १८ वर्षभन्दा माथिका छन्।
- २०८१ असार मसान्तसम्म ९ वटा बाल सुधार गृहहरुमा जम्मा १८ वर्षमुनिका ९०८ र १८ वर्षमाथिका ४७३ गरी जम्मा १ हजार ३८१ जना रहेका छन्।
- आ.व. २०८०/८१ मा विभिन्न कारागारमा ७६ जना बालबालिका आश्रित रहेका छन्।
- राष्ट्रिय जनगणना २०७८ अनुसार १० देखि १४ वर्ष उमेर समूहका ७ हजार ३३१ जना बालबालिका र १५ देखि १९ वर्षसम्मका ६७ हजार ९७४ जना गरी कूल ७५ हजार ३०५ जना (१.१%) बालबालिका स्वयम् घरमुलीको रुपमा रहेका छन्।
- आर्थिक वर्ष २०८०/८१ मा देशभर हराएका ६ हजार ५९० (बालक १८२९ र बालिका ४७६१) जना बालबालिकाको खोजतलास गरिएकोमा सोमध्ये ५ हजार ८३१ जना (बालक १६४९ र बालिका ४१८२) फेला पारी पारिवारिक पुनर्मिलन गरिएको छ।
- आर्थिक वर्ष २०८०/८१ मा सडक बालबालिका मुक्त राष्ट्र बनाउने अभियान अन्तर्गत काठमाडौं उपत्यका सहित देशभरका सडकमा सडक जीवन बिताइरहेका थप नयाँ २३५ (बालक २०६ र बालिका २९) जना सडक बालबालिकाको उद्धार गरिएको छ।
- २०७३ साल वैशाख २७ गतेदेखि २०८१ असार मसान्तसम्म २ हजार ३४९ सडक बालबालिका उद्धार गरी संरक्षण तथा व्यवस्थापन गरिएको छ। उद्धार गरिएकामध्ये १ हजार ५९६ जनालाई परिवारमा पुनर्मिलन गरिएको, ७९८ जनालाई विभिन्न सीपमूलक तालीममा सहभागी गरिएको, तालीममा सहभागी भएकामध्ये ४८० जना स्वरोजगारमा रहेका छन्।
- बाल हेल्पलाइन मार्फत उद्धार गरिएका, अन्य निकायबाट सिफारिस भई आएका र फोनकल लगायत अन्य माध्यमबाट सहयोगको आवश्यकता पहिचान भएका कूल १० हजार २५१ (बालक ३७७८ र बालिका ६४७३) जना बालबालिकालाई बाल हेल्पलाइन सेवा प्रदान गरिएको छ।
- आर्थिक वर्ष २०८०/८१ मा ४६ जिल्लामा ३९६ वटा बाल गृह सञ्चालनमा रहेका छन्। यी बाल गृहहरुमा १० हजार ८८२ (बालक ५०२५ र बालिका ५८५७) जना बालबालिका आवासीय रुपमा संरक्षणमा रहेका छन्।
- आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय बाल अधिकार परिषद्ले १३ जिल्लाका १७५ वटा बाल गृहहरुको स्थलगत अनुगमन गरी पृष्ठपोषण तथा प्रदान गरिएको सुझाव तथा निर्देशनको आधारमा ४४ वटा बाल गृहले ३८६ जना बालबालिका (बालक १८१, बालिका २०५) लाई परिवारमा पुनर्मिलन गराएका छन्।
- राष्ट्रिय बाल अधिकार परिषद्बाट सञ्चालन अनुमति लिनुपर्ने व्यवस्था अनुसार आ.व. २०८०/८१ को असार मसान्तसम्म १३२ वटा संस्थालाई बाल गृह सञ्चालन अनुमति प्रदान गरिएको छ।
- शिक्षा तथा स्रोत विकास केन्द्रको गत वर्षको अभिलेख अनुसार सातवटा प्रदेशमा विद्यालयहरुमा आधारित १९ हजार ९०४ बाल क्लबहरु सञ्चालन रहेका छन्।
- आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय बाल अधिकार परिषद्ले भारतस्थित नेपाली दूतावास, बाल कल्याण समिति तथा विभिन्न संघ संस्थासँगको समन्वय र सहयोगमा सीमानाका लगायत भारतको विभिन्न स्थानबाट ७१ जना बालबालिका (बालक ४६ र बालिका २५) को स्वदेश फिर्ती र पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना गरिएको छ।
- नेपाल रेडक्रस सोसाइटीबाट प्राप्त विवरण अनुसार हालसम्म ६ हजार ९३४ जुनियर युवा रेडक्रस सर्कलमा ६ लाख ५९ हजार ५६५ जना बालबालिका तथा जुनियर युवाको सहभागिता रहेको देखिन्छ भने जुनियर युवा रेडक्रस सर्कल मार्फत वर्षभरी १ हजार २८३ जना बालबालिका तथा जुनियर युवा विभिन्न कार्यक्रममा सहभागिता भएको देखिन्छ।

- आर्थिक वर्ष २०८१/८२ सम्ममा १३० वटा नगरपालिका, २०० वटा गाउँपालिका तथा २ हजार ९५५ वटा वडाहरुलाई बालमैत्री घोषणा गर्ने लक्ष्य राखेकोमा आ.व. २०८०/८१ सम्ममा जम्मा २४ वटा स्थानीय तह (१ वटा उपमहानगरपालिका, १९ वटा नगरपालिका र ४ वटा गाउँपालिका) बालमैत्री घोषणा भएका छन् ।
- आर्थिक वर्ष २०८०/८१ मा विभिन्न किसिमका प्राकृतिक विपद्बाट ४९० जना बालबालिका पीडित तथा प्रभावित भएको देखिएको छ । जसमध्ये १७७ जना बालबालिकाको मृत्यु भएको देखिएको छ भने ३११ जना बालबालिका घाइते भएका छन् । यसैगरी प्राकृतिक विपद्का कारण २ जना बालबालिका वेपत्ता भएको देखिएको छ ।
- नेपाल प्रहरी, प्रहरी प्रधान कार्यालयबाट प्राप्त तथ्याङ्क अनुसार बाल विवाह, जातीय छुवाछुत, बहु विवाह, हत्या, हिंसा, बाल यौन दुर्व्यवहार लगायतका घटनाबाट २ हजार ३७६ जना बालबालिका पीडित तथा प्रभावित भएका छन् ।

# विषयसूची

## परिच्छेद -१
## बाल अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि कानूनी तथा नीतिगत व्यवस्था र कार्यान्वयनको अवस्था

१.१ पचिय
 १.१.१ नेपालको संविधानमा बालबालिका सम्बन्धी व्यवस्था
 १.१.२ अन्तराष्ट्रिय प्रतिबद्धताको कार्यान्वयन
 १.१.३ समापन टिप्पणीको कार्यान्वयन
 १.१.४ राष्ट्रिय कानून र नीतिको कार्यान्वयन
 १.१.५ राष्ट्रिय बालबालिका नीति, २०८०
 १.१.६ नेपाल सरकारको चालु सोह्रौं योजना (२०८१/८२- २०८५/८६)
 १.१.७ बाल अधिकार तथा संरक्षण सम्बन्धी संयन्त्र
 १.१.८ बालबालिका सम्बन्धी नेपाल सरकारको नीति तथा कार्यक्रम र वजेट वक्तव्य
१.२ नेपालमा बालबालिकाको जनसांख्यिक अवस्था
 १.२.१ एकल उमेर अनुसार बालबालिकाको सङ्ख्या
 १.२.२ भौगोलिक क्षेत्रगत बालबालिकाको विवरण

## परिच्छेद -२
## बालबालिकाको बाँच्न पाउने अधिकार

२.१ पृष्ठभूमि
२.२ बालबालिकाको स्वस्थ जीवन र स्वास्थ्य सुरक्षा
 २.२.१ खोप
२.३ बाल मृत्यु दर
२.४ बालबालिकाको पोषण स्थिति
 २.४.१ वृद्धि, अनुगमन र प्रवर्द्धन
२.५ मातृ मृत्यु दर
२.६ गर्भवती तथा सुत्केरीको उद्धार
२.७ स्वास्थ्य संस्थामा जन्मिएका बालबालिकाको अनुपात
२.८ स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरु
२.९ अपाङ्गता भएका बालबालिकाको उपचार र रोकथाम (पारिवारिक परामर्श तथा अन्य सहायता)
२.१० संक्रामक रोग तथा नसर्ने रोग र बालबालिका
 (क) एचआइभी
 (ख) मलेरिया
 (ग) नवजात टिटानस सर्वेक्षण
 (घ) पखालाबाट प्रभावित बालबालिका
२.११ मानसिक स्वास्थ्य र आत्महत्या
२.१२ उमेर नपुगी गर्भधारण गर्ने बालबालिका
२.१३ दिगो विकास लक्ष्यको उपलब्धि समीक्षा

## परिच्छेद -३
## बालबालिकाको विकास सम्बन्धी अधिकार

३.१ पृष्ठभूमि
३.२ प्रारम्भिक बाल विकास केन्द्र र बालबालिका
  ३.२.१ बाल विकास केन्द्रबाट कक्षा १ मा भर्ना हुने विद्यार्थी
  ३.२.२ प्रारम्भिक बाल विकास कक्षामा भर्ना भएका विद्यार्थी
  ३.२.३ प्रारम्भिक बाल विकास केन्द्रमा दलित, जनजाति र मधेसी बालबालिका
  ३.२.४ प्रारम्भिक बाल विकास केन्द्रमा रहेका अपाङ्गता भएका बालबालिका
३.३ शैक्षिक सूचक
३.४ विद्यालय, विद्यार्थी, शिक्षक र भर्ना दर
३.५ माध्यमिक शिक्षा परीक्षा (SEE)
३.६ दिगो विकास लक्ष्यले निर्धारण गरेका गुणस्तरीय शिक्षाका प्रमुख सूचकको अवस्था
३.७ विद्यालय शिक्षामा दलित, जनजाति र अपाङ्गता भएका बालबालिका
  ३.७.१ अपाङ्गता भएका बालबालिकाका लागि शिक्षा
  ३.७.२ अपाङ्गता भएका बालबालिकाका लागि छात्रवृत्ति
३.८ भूकम्प प्रभावित क्षेत्रको शैक्षिक पूर्वाधार निर्माण
३.९ विद्यालय दिवा खाजा कार्यक्रम
३.१० छात्रावृत्ति कार्यक्रम
३.११ विद्यालय शिक्षामा सूचना प्रविधि


## परिच्छेद -४
## बालबालिकाको संरक्षण सम्बन्धी अधिकार


४.१ पृष्ठभूमि
४.२ जन्म दर्ता तथा पहिचानको अधिकार
४.३ अपाङ्गता भएका बालबालिका
४.४ बाल श्रम
  ४.४.१ बाल श्रम अनुगम, उद्धार तथा क्षतिपूर्ति र जरिवाना
४.५ बालबालिका अपहरण, बेचबिखन तथा ओसारपसार
४.६ सडक दुर्घटनामा परेका बालबालिका
४.७ बालबालिका विरुद्ध हिंसा र बाल यौन दुर्व्यवहार
४.८ बाल विवाह
  ४.८.१ विवाह गर्दाको उमेर
४.९ बाल न्याय
  ४.९.१ अदालतमा रहेका बालबालिका सम्बन्धी मुद्दा विवरण
  ४.९.२ बाल सुधार गृह
  ४.९.३ कैदी बन्दीसँगै कारागारमा रहेका बालबालिका
४.१० द्वन्द्व प्रभावित बालबालिका
४.११ विशेष संरक्षणको आवश्यता भएका बालबालिका
  ४.११.१ अनाथ बालबालिका
  ४.११.२ हराएका तथा हराएकामध्ये फेला परेका बालबालिका
  ४.११.३ बेवारीस फेला परेका बालबालिका
  ४.११.४ सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन
  ४.११.५ हिंसा तथा जोखिममा परेका बालबालिका (बाल हेल्पलाइन सेवा निःशुल्क टेलिफोन नम्बर १०९८)
  ४.११.६ बाह्य तथा आन्तरिक धर्मपुत्र, धर्मपुत्री

४.१२ वैकल्पिक हेरचाह
    ४.१२.१ बाल गृहमा संरक्षित बालबालिका
    ४.१२.२ बाल गृह अनुगमन, उद्धार तथा पारिवारिक पुनर्मिलन

४.१३ अन्तरदेशीय तथा सीमानाकाका विभिन्न स्थानबाट उद्धार गरी पारिवारिक पुनर्मिलन गरिएका बालबालिका

## परिच्छेद -५
## बाल सहभागीताको अधिकार

५.१ पृष्ठभूमि
५.२ बालबालिकाको संगठन स्वतन्त्रताको अवस्था
५.३ आम सञ्चार र बाल सहभागिता
५.४ संस्कृति तथा मनोरञ्जनमा बाल सहभागिता
५.५ खेलकुद र बालबालिका
५.६ स्काउट र बालबालिका
५.७ जुनियर युवा रेडक्रस सर्कल र बालबालिका

## परिच्छेद -६
## बालमैत्री स्थानीय शासन

६.१ पृष्ठभूमि

## परिच्छेद -७
## बालबालिका सम्बन्धी प्रदेशहरुका नीति तथा कार्यक्रम र वजेट वक्तव्य

७.१ बालबालिका सम्बन्धी प्रदेशगत नीति तथा कार्यक्रम र वजेट वक्तव्य

## परिच्छेद -८
## जलवायु परिवर्तन र बाल अधिकार

८.१ पृष्ठभूमि
    ८.१.१ नेपालमा जलवायु परिवर्तनको असर
    ८.१.२ जलवायु परिवर्तन तथा विपदबाट पीडित र प्रभावित बालबालिका
    ८.१.३ प्राकृतिक विपद तथा दुर्घटना लगायतबाट पीडित बालबालिका

## परिच्छेद -९
## निष्कर्ष

९.१ निष्कर्ष

**तालिका**

तालिकाः १ नेपालको संविधानमा व्यवस्था गरिएका बालबालिकाका मौलिक हकहरु
तालिकाः २ नेपालको संविधानमा उल्लिखित बालबालिका सम्बन्धी नीतिगत व्यवस्थाहरु
तालिकाः ३ स्थानीय तहमा भएका बाल अधिकार संरक्षण संयन्त्र
तालिकाः ४ आर्थिक वर्ष २०८१/८२ को नेपाल सरकारको बालबालिका सम्बन्धी नीति तथा कार्यक्रम
तालिकाः ५ आर्थिक वर्ष २०८१/८२ को नेपाल सरकारको बालबालिका सम्बन्धी वजेट वक्तव्य
तालिकाः ६ बालबालिकाको जनसंख्या
तालिकाः ७ उमेर समूहका आधारमा बालबालिकाको जनसंख्या र लैङ्गिक अनुपात
तालिकाः ८ एकल उमेर समूह अनुसार बालबालिकाको सङख्या
तालिकाः ९ बालबालिकाको संख्या र प्रतिशत
तालिकाः १० आर्थिक वर्ष २०७९/८० को राष्ट्रिय खोप कार्यक्रमको लक्षित जनसंख्या
तालिकाः ११ पूर्ण खोप पाउने बालबालिका
तालिकाः १२ विभिन्न खोप पाएका प्रदेशगत बालबालिका
तालिकाः १३ वृद्धि अनुगमनका लागि दर्ता गरिएका बालबालिका
तालिकाः १४ प्रदेशगत रुपमा मातृ मृत्यू दर
तालिकाः १५ उद्धार गरिएका गर्भवती तथा सुत्केरी महिलाको प्रदेशगत विवरण
तालिकाः १६ स्वास्थ्य संस्था र स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको विवरण
तालिकाः १७ अपाङ्गता भएका बालबालिकाको उपचार र रोकथाम सम्बन्धी विवरण
तालिकाः १८ एचआइभीको संक्रमणबाट प्रभावित बालबालिका
तालिकाः १९ पखाला प्रभावित बालबालिका
तालिकाः २० मानसिक स्वास्थ्य तथा मनोसामाजिक उपचार सेवा पाएका बालबालिका तथा किशोर किशोरी
तालिकाः २१ सबैका लागि स्वास्थ्य पहुँचको अवस्था
तालिकाः २२ विद्यालयका प्रकार र प्रदेश अनुसार प्रारम्भिक बाल विकास केन्द्र र पूर्व प्राथमिक कक्षा
तालिकाः २३ प्रारम्भिक बाल विकास केन्द्रमा बालबालिकाको संख्या, भर्ना दर र लैङ्गिक अनुपात
तालिकाः २४ प्रारम्भिक बाल विकास केन्द्रमा दलित, जनजाति र मधेसी बालबालिका
तालिकाः २५ प्रारम्भिक बाल विकास केन्द्रमा रहेका अपाङ्गता भएका बालबालिका
तालिकाः २६ शैक्षिक सूचक
तालिकाः २७ विद्यालय सम्बन्धी विवरण
तालिकाः २८ विद्यालयको प्रदेशगत विवरण
तालिकाः २९ तहगत विद्यालय, विद्यार्थी र शिक्षक अनुपात
तालिकाः ३० विगत ५ वर्षदेखिका तहगत विद्यार्थी संख्या
तालिकाः ३१ शैक्षिक सत्र २०८० मा तहगत विद्यार्थी भर्ना दर
तालिकाः ३२ सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात (नेपाल सरकारमार्फत नियुक्त शिक्षकहरु)

तालिकाः ३३ सबैका लागि गुणस्तरीय शिक्षाका प्रमुख सूचकको अवस्था

तालिकाः ३४ शैक्षिक तह अनुसार कूल विद्यार्थीमा दलित र जनजाति बालबालिका

तालिकाः ३५ ५ वर्ष वा सो भन्दा कम उमेरका बालबालिकाको जन्म दर्ताको अवस्था

तालिकाः ३६ जन्म दर्ता तथा नागरिकताका लागि गरिएको समन्वय तथा सहजीकरण

तालिकाः ३७ बाल श्रममुक्त घोषणा गरिएका स्थानीय तहहरु

तालिकाः ३८ बाल श्रम अनुगमन, उद्धार तथा क्षतिपूर्ति र जरिवाना सम्बन्धी विवरण

तालिकाः ३९ अपहरण तथा बेचविखनमा परेका बालबालिका

तालिकाः ४० सडक दुर्घटनामा परेका बालबालिका

तालिकाः ४१ नेपाल प्रहरीमा दर्ता भएका मुद्दा र पीडित बालबालिका

तालिकाः ४२ साइबर अपराधबाट पीडित बालबालिकाको विवरण

तालिकाः ४३ बाल विवाहको अवस्था

तालिकाः ४४ पहिलो विवाह गर्दाको उमेर

तालिकाः ४५ मुद्दाको प्रकृति अनुसार बालबिज्याँईंमा संलग्न बालबालिका

तालिकाः ४६ बाल सुधार गृहमा रहेका बालबालिका

तालिकाः ४७ अभिभावकसँगै कारागारमा रहेका बालबालिका

तालिकाः ४८ बाल गृह तथा संस्थाको संरक्षणमा रहेका बालबालिका

तालिकाः ४९ शहीद प्रतिष्ठानबाट सञ्चालित विद्यालयहरुमा रहेका बालबालिका

तालिकाः ५० आर्थिक वर्ष २०८०/८१ मा देशभर हराएका र हराएकामध्ये फेला परेका बालबालिका

तालिकाः ५१ बेवारीस फेला परेका बालबालिका

तालिकाः ५२ उमेरको आधारमा हराएका तथा फेला परेका बालबालिका

तालिकाः ५३ उद्धार गरिएका सडक बालबालिका

तालिकाः ५४ जोखिममा परेका बालबालिकालाई प्रदान गरिएको सहयोग

तालिकाः ५५ बाल गृह र बालबालिका

तालिकाः ५६ नेपालबाट धर्मपुत्र/पुत्रीको रुपमा विदेश पठाइएका बालबालिका

तालिकाः ५७ धर्मसन्तान सम्बन्धी मुद्दाहरुको विवरण

तालिकाः ५८ बालबालिकाको बाबुआमा वा बाबु वा आमा वा अभिभावकसँग बसाइँ**को** विवरण

तालिकाः ५९ बाल गृहबाट उद्धार गरिएका बालबालिकाको विवरण

तालिकाः ६० उद्धार, स्वदेश फिर्ती र पारिवारिक पुनर्मिलन गरिएका बालबालिका

तालिकाः ६१ जुनियर युवा रेडक्रस सर्कल बाल सहभागिता

तालिकाः ६२ संघीय संरचनापछि बालमैत्री स्थानीय शासन घोषणा भएका स्थानीय तहहरू
तालिकाः ६३ बालमैत्री घोषणा भएका स्थानीय तहका वडाहरुको विवरण
तालिकाः ६४ प्राकृतिक विपद तथा दुर्घटना लगायतबाट पीडित प्रभावित बालबालिका

## ग्राफ

ग्राफ १ः राष्ट्रिय जनगणना अनुसार बालबालिकाको जनसंख्या
ग्राफः २ प्रदेश अनुसार बालक र बालिकाको विवरण
ग्राफः ३ पाँच वर्षमुनिका प्रति एक हजार जीवित जन्म भएका शिशु तथा बालबालिकामा भएको मृत्यु
ग्राफः ४ प्रदेश अनुसार ५ वर्षमुनिको मृत्यु
ग्राफः ५ बालबालिकाको पोषण स्थिति
ग्राफः ६ नेपालमा मातृ मृत्युदरको अवस्था
ग्राफः ७ स्वास्थ्य संस्था र घरमा जन्मिएका बालबालिका सम्बन्धी विवरण
ग्राफः ८ प्रदेश अनुसार स्वास्थ्य संस्थामा जन्मिएका बालबालिकाको विवरण
ग्राफः ९ बालबालिकाको आत्महत्या सम्बन्धी विवरण
ग्राफः १० बाल विकास केन्द्रबाट कक्षा १ मा भर्ना हुने विद्यार्थी
ग्राफः ११ शैक्षिक सत्र २०८० मा प्रारम्भिक बाल विकास कक्षामा भर्ना भएका विद्यार्थी
ग्राफः १२ खुद भर्ना दर
ग्राफः १३ विद्यालयमा विद्यार्थी भर्ना प्रतिशत
ग्राफः १४ विगत ५ वर्षको कक्षा ५ र कक्षा ८ को टिकाउ दर
ग्राफः १५ २०७९ को माध्यमिक शिक्षा परीक्षा
ग्राफः १६ विशेष विद्यालय र कक्षा
ग्राफः १७ जन्म दर्ता गरिएका ५ वर्षमुनिका बालबालिका
ग्राफः १८ भौगोलिक क्षेत्र अनुसार जन्म दर्ता भएका बालबालिकाको प्रतिशत
ग्राफः १९ प्रदेश अनुसार बालबालिकाको जन्म दर्ताको स्थिति
ग्राफः २० उच्चतम विद्यमानदर भएका पाँच प्रकारका अपाङ्गता भएका बालबालिका
ग्राफः २१ प्रदेश तहमा बहिरोपन र पूर्ण दृष्टिविहीनताको विद्यमानता दर
ग्राफः २२ पहिलो विवाह गर्दाको उमेर

## अनुसूचीहरु

अनुसुची -१ दिगो विकास लक्ष्य

अनुसुची -२ अपाङ्गताको प्रकार अनुसार बालबालिकाको अवस्था

अनुसूची -३ जिल्लागत हराएका, फेला परेका र खोजतलास जारी रहेका बालबालिका (२०८०/८१)

अनुसुची -४ प्रदेश तथा जिल्ला अनुसार सञ्चालनमा रहेका बाल गृहहरुको विवरण

अनुसुची -५ बाल गृह सञ्चालन अनुमति प्राप्त बाल गृह तथा संस्थाहरु

अनुसूची -६ बालबालिका सम्बन्धी प्रदेशले निर्माण तथा लागू गरेका प्रादेशिक कानूनहरु

**परिच्छेद -१**
**बाल अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि कानूनी तथा नीतिगत व्यवस्था र कार्यान्वयनको अवस्था**

## १.१ परिचय

बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई नेपालले वि.सं. २०४७ साल भदौ २९ गते (सन् १९९० को सेप्टेम्बर १४ तारिखमा) अनुमोदन गरी बालबालिकाको अधिकार तथा हक हितको संरक्षण तथा सम्वर्धन सुनिश्चित गर्नका लागि प्रतिबद्धता जनाएको छ । यस महासन्धिको इच्छाधीन आलेखमध्ये बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बाल अधिकार सम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० लाई सन् २००६ मा, सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नता सम्बन्धमा व्यवस्था भएको बाल अधिकार सम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० लाई सन् २००७ मा र निकृष्ट प्रकारका बालश्रम उन्मूलन सम्बन्धी आइ.एल.ओ. महासन्धि १९९९ (नं. १८२) लाई सन् २००४ मा अनुमोदन गरेको छ । यी महासन्धि, इच्छाधीन आलेख लगायत नेपाल सरकारले अनुमोदन गरेका बालबालिकासँग सम्बन्धित संयुक्त राष्ट्र संघीय र अन्तर्राष्ट्रिय अन्य घोषणाहरू कार्यान्वयनमा रहेका छन् ।

बाल अधिकार सम्बन्धी महासन्धि लगायतका अन्तराष्ट्रिय प्रतिबद्धता पूरा गर्न नेपालले सोही अनुरुप कानून तथा नीति निर्माण, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन एवम् संस्थागत संयन्त्रहरुको व्यवस्था गरी परिचालन गर्ने गराउने कार्यहरु निरन्तर रुपमा गर्दै आएको छ । नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकको रुपमा राखी र बालबालिकाको सर्वोत्तम हित गर्नु राज्यको नीति मानी संवैधानिक व्यवस्थाको सुनिश्चितता समेत गरेको छ । संवैधानिक व्यवस्था कार्यान्वयन गरी बालबालिकाको अधिकार तथा हक हितको सम्मान, संरक्षण, सम्वर्धन, प्रवर्द्धन, परिपूर्ति र पालनाका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ लगायतका विभिन्न कानूनी तथा नीतिगत व्यवस्थाहरु कार्यान्वयन भइरहेका छन् ।

बालबालिकाको अधिकार तथा हक हित संरक्षण तथा सम्वर्द्धन गर्नका लागि सरकारले तीनै तहका सरकारी निकाय, संयुक्त राष्ट्र संघीय निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार, नागरिक संघ संगठन, सञ्जाल तथा समाज, निजी क्षेत्र लगायतसँग समन्वय, सहयोग, सहजीकरण र सहकार्य गर्दै आएको छ। विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, हिंसा तथा दुर्व्यवहारबाट पीडित तथा प्रभावित बालबालिका, बेचविखनमा परेका बालबालिका, जोखिमपूर्ण श्रममा रहेका बालबालिका, अधिकारको उपभोगबाट वञ्चितीकरणमा परेका बालबालिका, सडक बालबालिका तथा अन्य जोखिममा परेका बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि बाल अधिकार संरक्षण प्रणाली सुदृढ हुँदै आएको छ । परिणाम स्वरुप बालबालिकासँग सम्बन्धित समग्र सूचकहरुमा उल्लेख्य सुधार हुँदै आएको छ ।

### १.१.१. नेपालको संविधानमा बालबालिका सम्बन्धी व्यवस्था

नेपालको संविधानमा उल्लिखित मौलिक हक, राज्यको नीति, नागरिकता, मानव अधिकार लगायतका आयोग सम्बन्धी व्यवस्थाहरू प्रत्यक्ष रूपमा बालबालिकाको अधिकार तथा हक हितको संरक्षण तथा सम्वर्धनका लागि व्यवस्था गरिएका छन् । संवैधानिक रूपमा नै बालबालिकाका लागि मौलिक हकको व्यवस्था हुँदा राज्यका हरेक कानून, नीति, योजना, कार्ययोजना र कार्यक्रमहरूमा बालबालिकाको सर्वोत्तम हित, बालबालिकाको शारीरिक र मानसिक तथा सर्वाङ्गीण विकास, बाल न्याय, आधारभूत आवश्यकता र विकासका समान अवसर, स्वतन्त्रतापूर्वक

आफ्नो विचार निर्माण, अभिव्यक्त गर्ने र संगठित हुन पाउने हकको सुनिश्चितता गरेको छ । संविधानमा बालबालिकाको अधिकार तथा हक हित सूनिश्चिताको लागि व्यवस्था गरेको प्रावधानहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिकाः १ नेपालको संविधानमा व्यवस्था गरिएका बालबालिकाका मौलिक हकहरु**

| क्र.स | मौलिक हकहरू | प्रावधानहरू |
|---|---|---|
| १ | धारा १८ समानताको हक | उपधारा (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।<br>उपधारा (२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था, वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।<br>उपधारा (३) राज्यले नागरिकहरुका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।<br>तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका अन्य वर्ग लगायत बालबालिकाको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन । |
| २ | धारा २० न्याय सम्बन्धी हक | उपधारा (९) प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ ।<br>उपधारा (१०) असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुनेछ । |
| ३ | धारा २१ अपराध पीडितको हक | उपधारा (१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ ।<br>उपधारा (२) अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ । |
| ४ | धारा २४ छुवाछूत तथा भेदभाव विरुद्धको हक | उपधारा (१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन । |
| ५ | धारा २६ स्वतन्त्रताको हक | उपधारा (१) धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता छ । |
| ६ | धारा २७ सूचनाको हक | प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि |

| | | |
|---|---|---|
| | | विषयको सूचना माग्ने र पाउने हक हुनेछ । |
| ७ | धारा २८ गोपनीयताको हक | कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ । |
| ८ | धारा २९ शोषण विरुद्धको हक | उपधारा (१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ ।<br>उपधारा (२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन ।<br>उपधारा (३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन ।<br>उपधारा (४) कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन ।<br>तर सार्वजनिक प्रयोजनको लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।<br>उपधारा (५) उपधारा (३) र (४) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । |
| ९ | धारा ३० स्वच्छ वातावरणको हक | उपधारा (१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ । |
| १० | धारा ३१ शिक्षा सम्बन्धी हक | उपधारा (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।<br>उपधारा (२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।<br>उपधारा (३) अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुनेछ ।<br>उपधारा (४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ । |

| | | |
|---|---|---|
| | | उपधारा (५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ । |
| ११ | धारा ३२ भाषा तथा संस्कृतिको हक | उपधारा (१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ ।<br>उपधारा (२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ । |
| १२ | धारा ३३ रोजगारीको हक | उपधारा (१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । |
| १३ | धारा ३४ श्रमको हक | उपधारा (१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ ।<br>उपधारा (२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ । |
| १४ | धारा ३५. स्वास्थ्य सम्बन्धी हक | उपधारा (१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।<br>उपधारा (२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।<br>उपधारा (३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।<br>उपधारा (५) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ । |
| १५ | धारा ३६ खाद्य सम्बन्धी हक | उपधारा (१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ ।<br>उपधारा (२) प्रत्येक नागरिकलाई खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ ।<br>उपधारा (३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ । |
| १६ | धारा ३७ आवासको हक | उपधारा (१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ । |
| १७ | धारा ३८ महिलाको हक | उपधारा (१) प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ ।<br>उपधारा (२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य |

| | | |
|---|---|---|
| | | सम्बन्धी हक हुनेछ । <br> उपधारा (३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । <br> उपधारा (४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । <br> उपधारा (५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ । <br> उपधारा (६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ । |
| १८ | धारा ३९ बालबालिकाको हक | उपधारा (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ । <br> उपधारा (२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ । <br> उपधारा (३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ । <br> उपधारा (४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन । <br> उपधारा (५) कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन । <br> उपधारा (६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन । <br> उपधारा (७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको |

| | | |
|---|---|---|
| | | यातना दिन पाइने छैन ।<br>उपधारा (८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।<br>उपधारा (९) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबाालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।<br>उपधारा (१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । |
| १९ | धारा ४० दलितको हक | उपधारा (२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यवसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ । |
| २० | धारा ४२ सामाजिक न्यायको हक | उपधारा (१) आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेशी, थारु, मुस्लिम, पिछडावर्ग, अल्प संख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्प संख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ ।<br>उपधारा (२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ । |
| २१ | धारा ४३ सामाजिक सुरक्षाको हक | आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ । |
| २२ | धारा ४६ संवैधानिक उपचारको हक | यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा १३३ वा १४४ मा लेखिए बमोजिम संवैधानिक उपचार पाउने हक हुनेछ । |

*स्रोतः नेपालको संविधान*

नेपालको संविधानको भाग -४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी व्यवस्थाहरू गरिएको छ, जसमध्ये बालबालिका र बाल अधिकारसँग सम्बन्धित संवैधानिक नीतिगत व्यवस्थाहरु देहाय बमोजिम रहेका छन् :

**तालिका-२ नेपालको संविधानमा उल्लिखित बालबालिका सम्बन्धी नीतिगत व्यवस्थाहरु**

| क्र.स | राज्यका नीतिहरु | प्रावधानहरू |
|---|---|---|
| १ | धारा ५१ (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति | (१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,<br>(२) शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,<br>(३) उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने,<br>(४) नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने,<br>(५) नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने,<br>(६) गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सरल र समान पहुँच सुनिश्चित गर्ने,<br>(७) नेपालको परम्परागत चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेदिक, प्राकतिक चिकित्सा र होमियोप्याथिक लगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्द्धन गर्ने,<br>(८) स्वास्थ्य क्षेत्रमा राज्यले लगानी अभिवृद्धिगर्दै यस क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,<br>(९) स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिँदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या वृद्धि गर्दै जाने,<br>(१०) नेपालको क्षमता र आवश्यकताका आधारमा जनसंख्या व्यवस्थापनका लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ शिशु मृत्युदर घटाई औसत आयु बढाउने,<br>(११) अव्यवस्थित बसोवासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने ।<br>(१२) कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने,<br>(१३) आधारभूत वस्तु तथा सेवामा सबै नागरिकहरूको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको व्यवस्था गर्ने,<br>(१४) यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने, |

| | | |
|---|---|---|
| | | (१५) नागरिकलाई स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने । |
| २ | धारा ५१ (झ) श्रम र रोजगार सम्बन्धी नीति | (३) बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने । |
| ३ | धारा ५१ (ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति | (४) बालबालबालिकाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने,<br>(५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने,<br>(१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने । |

*स्रोतः नेपालको संविधान*

## १.१.२ अन्तर्राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयन

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ बालबालिका सम्बन्धी मूल अन्तर्राष्ट्रिय दस्तावेजको रुपमा रहेको छ। नेपाल पक्ष भएको संयुक्त राष्ट्र संघको मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा, १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि, २००६, बालश्रम सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि लगायतका घोषणाहरु बालबालिकासँग सम्बन्धित छन् ।

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिका तीनवटा इच्छाधिन आलेखहरुमध्ये सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता सम्बन्धी इच्छाधीन आलेख, २००० र बालबालिकाको बेचविखन, यौन शोषण तथा अश्लील चित्रण सम्बन्धी इच्छाधीन आलेख, २००० लाई अनुमोदन गरेको छ। यसैगरी बालबालिका सम्बन्धी अन्तर्राष्ट्रिय तथा सार्कस्तरीय अन्य घोषणाहरु कार्यान्वयनका लागि नेपाल प्रतिबद्ध रहेको छ । यी सबै दस्तावेजहरुको प्रावधानहरु कार्यान्वयन रहेका छन् ।

दिगो विकास लक्ष्यमा बालबालिकासँग प्रत्यक्ष वा परोक्ष रुपमा सम्बन्धित लक्ष्यहरु बाल अधिकार उल्लंघन तथा हननका घटनाहरु तत्काल सम्बोधन, स्रोत साधनहरुको परिचालन, नीति तथा संरचनाहरुको सवलीकरण र सकारात्मक तथा सहयोगी सामुदायिक तथा पारिवारिक परिवेशको प्रवर्धन जस्ता कार्यलाई प्राथमिकतामा राखेको छ। बाल अधिकारसँग सम्बन्धित कुनै पनि अधिकार अवस्था हनन् नहोस् भन्ने विषयमा नेपाल राज्य संवेदनशील तथा प्रयत्नशील रहेको छ। सबै अवस्थाका बालबालिकाको विशेष गरी शिक्षा, स्वास्थ्य, विकास, खेल र मनोरञ्जन जस्ता अवसरहरुमा पहुँच अभिवृद्धि गर्न संघ, प्रदेश र स्थानीय तह क्रियाशील रहेका भएता पनि विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको सबै अधिकारको अझै पूर्ण रुपमा कार्यान्वयन गर्न सकिएको छैन । दिगो विकास लक्ष्यहरु पूरा गर्न नेपाल प्रतिवद्ध रहेको छ र बालबालिकासँग सम्बन्धित दिगो विकास लक्ष्य र सहायक लक्ष्यहरु **अनुसूची -१** मा दिइएको छ।

## १.१.३ समापन टिप्पणीको कार्यान्वयन

नेपालले २०७८ साल माघ महिनामा छैठौं र सातौं संयुक्त प्रतिवेदन संयुक्त राष्ट्र संघमा पेश गरेको छ । नेपालले अन्तर्राष्ट्रिय स्तरमा दर्शाएका प्रतिवद्धता अनुरुप कानून, नीति, योजना, संरचना र कार्यक्रमहरुमा सुधार गर्दै कार्यान्वयन गरिरहेको छ । समापन टिप्पणीले नेपालले बाल अधिकार तथा संरक्षणका लागि लागू गरेको संविधान, कानून तथा नीतिगत व्यवस्थाहरुको प्रशंसा गरेको छ। तथापी बाल अधिकार सुनिश्चितताका लागि थप प्रयास गर्नुपर्ने विषयहरुमा सुझाव उपलब्ध गराएको छ ।

संयुक्त राष्ट्रसंघको बाल अधिकार समितिले नेपालले बुझाएको विगतका तेस्रो, चौंथो र पाँचौं प्रतिवेदनहरुमा संवैधानिक, कानूनी तथा नीतिगत सुधारका विषयहरुमा, संरचनागत सबलता तथा सुदृढीकरण, पर्याप्त स्रोत साधनको व्यवस्था र बालबालिका लक्षित लगानीमा वृद्धि, बाल अधिकार हनन्का घटनाहरूको उजूरी प्रक्रियालाई सहज बनाउने, बालबालिकाको सर्वोत्तम हित, सम्बन्धित सरोकारवाला निकायमा कार्यरत जनशक्तिहरुको विषयगत क्षमता अभिवृद्धि, बालबालिकाको जन्मदर्ताको अधिकारको पूर्ण कार्यान्वयन, बालबालिका विरुद्धका हिंसा तथा दुर्व्यवहारका घटनाहरुको अन्त्य, बाल गृहको नियमिति अनुगमन, शारीरिक तथा मानसिक दण्ड सजायलाई कानूनी रुपमा निषेध, जनचेतना अभिवृद्धि, यस्ता घटनाहरुको कारण तथा प्रकृति सहितको सूचना व्यवस्थापन, बाल अधिकार सम्बन्धी खण्डिकृत सूचना व्यवस्थापन, बालबालिकाको वैकल्पिक हेरचाहको निर्धारण, बाल स्वास्थ्यमा सुधार, बाल पोषण, प्रारम्भिक बाल विकास लगायतका शिक्षामा बालबालिकाको पहुँच तथा गुणस्तरीय शिक्षा, बालश्रम अन्त्य, बालविवाह अन्त्य, बाल न्याय प्रणालीको सुदृढीकरण गर्नुपर्ने लगायतका विषयमा सुझाव दिएको छ ।

उल्लिखित सुझाव कार्यान्वयनको अवस्थाको सन्दर्भमा नेपाल सरकारले गरेका मुख्य मुख्य कार्यहरु निम्नानुसार प्रस्तुत गरिएको छः

- नेपालले बालबालिका सम्बन्धी ऐन, २०७५ र यसको नियमावली २०७८ मा बाल अधिकारको संरक्षण, सम्वर्द्धन गर्न विभिन्न संयन्त्रहरुको काम, कर्तव्य र अधिकारको स्पष्ट व्यवस्था गरी बाल अधिकार सुनिश्चित गर्न क्रियाशिल रहेको छ ।
- राष्ट्रिय बालबालिका नीति, २०८० लागू गरिएको छ । यस नीतिलाई कार्यान्वयन गर्न लगानी सहितको राष्ट्रिय कार्ययोजना निर्माणको चरणमा रहेको छ ।
- बाल अधिकार संरक्षण तथा संम्बर्द्धनका लागि विशिष्टीकृत निकायका रुपमा राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार समितिहरु र स्थानीय बाल अधिकार समितिहरु क्रियाशिल रहेका छन् भने मधेश र गण्डकी लगायतका प्रदेशमा जिल्ला बाल अधिकार समितिहरु गठन तथा परिचालन गरेका छन् ।
- हराएका बालबालिकाको खोजतलास, बेवारीस भेटिएका बालबालिकाको उद्धार तथा संरक्षण, बेचबिखन तथा ओसारपसारमा परेका, जोखिमपूर्ण श्रममा संलग्न रहेका र सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि बालबालिका खोजतलास सेवा निःशुल्क टेलिफोन नम्बर १०४ सञ्चालनमा रहेको छ भने नागरिक समाज तथा गैह्र सरकारी संस्थाको सहकार्यमा बालबालिका विरुद्धको हिंसा तथा जोखिममा परेका बालबालिकाको तत्काल उद्धार, राहत, मनोविमर्श लगायतका सेवाहरु उपलब्ध गराउन विभिन्न १८ वटा जिल्लाहरुमा बाल हेल्पलाईन सेवा निःशुल्क टेलिफोन नम्बर १०९८ सञ्चालनमा रहेको छ ।
- बालबालिकाको अधिकार तथा संरक्षण सम्बन्धी घटना व्यवस्थापन कार्य गर्न सरकारी तथा गैह्र सरकारी निकायको कार्य र व्यवस्थापन प्रणालीको सञ्चालनमा एकरुपता ल्याउन एकीकृत सूचना संकलन, अध्यावधिक तथा व्यवस्थापनका लागि बाल अधिकार सूचना व्यवस्थापन प्रणाली (Child Rights Information Management System-CRIMS) र यस अन्तर्गत संरक्षणको कार्यलाई केन्द्रित गरी बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणाली (Child Protection Information Management System-CPIMS) सञ्चालनको कार्य प्रारम्भ गरिएको छ ।
- संयुक्त राष्ट्र संघले नेपालको प्रारम्भिक प्रतिवेदनदेखि हालसम्मका नियमित आवधिक प्रतिवेदनमा दिएको समापन टिप्पणीमा बालबालिका सम्बन्धी सूचना व्यवस्थापन पद्धति सुधारका लागि सुझाव दिएको थियो । समष्टिगत र विषयगत क्षेत्र लगायतका बालबालिका सम्बद्ध विषयहरुको सर्वेक्षण तथा अध्ययनहरुबाट बालबालिका सम्बन्धी सूचना सङ्कलन र व्यवस्थापन गर्ने कार्यमा सुधार हुँदै आएको छ । यस क्रमलाई अझ व्यवस्थित गर्नकालागि राष्ट्रिय बाल अधिकार परिषद्ले बाल अधिकार सम्बन्धी सूचना व्यवस्थापन र बाल संरक्षण सूचना व्यवस्थापन सुदृढ गर्नका लागि सफ्टवेयर विकास गरी परीक्षण कार्य भई रहेको छ । उक्त सफ्टवेयर लागू गर्नका लागि बाल हेल्पलाइन सेवा, बालबालिका खोजतलास सेवा र केही स्थानीय तहमा परीक्षण प्रयोगका लागि सम्बद्ध कर्मचारीहरुलाई प्राविधिक तालीम प्रदान गरिएको छ ।
- बाल अधिकारको संरक्षण र सम्वर्द्धन गर्न राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ मा बालबालिकासँग सम्बन्धित उजूरी हेर्न आयोगले एक जना सदस्य तोकेको छ ।

- बालबालिकाको संरक्षण तथा जीउधनको सुरक्षाको लागि नेपाल प्रहरीमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशानलयको व्यवस्था गरी देशभरी २३२ वटा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसेवा केन्द्रहरु सञ्चालनमा रहेका छन् । यसै गरी मानव बेचविखन, साईबर र लागू औषध नियन्त्रण व्यूरोहरु पनि विशेष संरचनाका रुपमा क्रियाशील रहेका छन् ।
- सरोकारवाला निकायहरु मार्फत् बाल अधिकारका विषगत तालीम प्रदान गर्ने गरिएको छ । निजामती कर्मचारी, नेपाल प्रहरी, स्वास्थ्यकर्मी, शिक्षक लगायतलाई सेवाकालिन तालीममा बाल अधिकारको पाठ्यक्रम समावेश गरिएको छ ।
- विद्यालय, बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र, बाल सुधार गृह लगायतका निकाय तथा संस्थाहरुमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्ने व्यवस्था गरिएको छ ।
- बालबालिका सम्बन्धी ऐन, २०७५ मा १८ वर्षमुनिका सबै व्यक्तिलाई बालबालिका भनी परिभाषित गरिएको छ ।
- बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्ने यसका साथै बाल कल्याण अधिकारी वा बाल अदालतले बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी व्यवस्था गर्दा र बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने सार्वजनिक र नीजि सामाजिक संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा उच्चतम हित निर्धारण प्रक्रिया अवलम्बन गर्नुपर्ने व्यवस्था गरेको छ ।
- नेपालको संविधानको राज्यका नीतिहरु अन्तर्गत धारा ५१ ञ (५) मा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने भनी उल्लेख गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १६ मा समेत बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने भनी उल्लेख गरेको छ ।
- समुदायका व्यक्तिहरू आफै कार्यालयमा जान प्रोत्साहन गर्ने तथा चेतना जगाउनका लागि व्यक्तिगत घटना सप्ताह वैशाख १ देखि ७ गतेसम्म हरेक वर्ष मनाउने गरिएको छ साथै सञ्चार अभियान, विभिन्न पोष्टरको छपाई, वितरण गर्ने, सडक नाटक, वृहत सभा लगायत विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गर्ने र राष्ट्रिय तथा स्थानीय भाषामा विभिन्न जनचेतना कार्यक्रमहरू आयोजना गर्ने गरिएको छ ।
- बालबालिका सम्बन्धी ऐनमा अनुसन्धान अधिकारीले बालबालिकालाई नियन्त्रणमा लिदाँ बल प्रयोग गर्न नपाउने र बालबालिकाको सर्वोत्तम हितको लागि दिशान्तर गर्न सकिने व्यवस्था गरेको छ । बाल गृह लगायत आवासीय रुपमा बालबालिका रहने निकाय तथा संस्थाको नियमित अनुगमन गर्ने संयन्त्र तथा नियमनकारी निकायहरुको व्यवस्था गरिएको छ ।
- घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने कार्यलाई बालबालिका विरुद्धको हिंसा तथा कसूर गरेको मानिने कानूनी व्यवस्था रहेको छ ।
- बालबालिका सम्बन्धी ऐनको दफा ७ को उपदफा ५ मा संरक्षणको अधिकार अन्तर्गत प्रत्येक बालबालिकालाई नीजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछूतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषण विरूद्ध संरक्षण प्राप्त गर्ने अधिकारको सुनिश्चितता गरेको छ ।
- बालबालिका सम्बन्धी ऐन, २०७५ ले दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अवस्थालाई परिभाषित गरेको छ । दफा ४८ कै उपदफा (१) को खण्ड (क) देखि (छ) सम्मका अवस्था भएका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका मानी वैकल्पिक हेरचाहको व्यवस्था अनुसार संरक्षण व्यवस्थापन गर्ने र खण्ड (ज) देखि (ड) सम्मका बालबालिकालाई विशेष संरक्षणको आवश्यकता भएका र सहयोग प्रायोजन वा परिवार सहयोग गरी हेरचाह तथा संरक्षणको व्यवस्था बाल कल्याण अधिकारीले प्राथमिकताको आधारमा मिलाउनुपर्ने उल्लेख गरेको छ ।
- बालबालिका सम्बन्धी नियमावली २०७८ ले बाल कल्याण अधिकारीले बालबालिकालाई वैकल्पिक हेरचाहमा राख्ने निर्णय गर्नुपूर्व समाजसेवीको राय लिनु पर्ने, समाजसेवीले राय दिदा बालबालिकाको उच्चतम हित हुने गरी राय दिनु पर्ने र बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहका लागि पठाइएका बालवालिकाको अनुगमन

प्रत्येक चार चार महिनामा गरी बालबालिकाको हेरचाह, शिक्षा, स्वास्थ्य, संरक्षण लगायतका विषय सहितको प्रतिवेदन सम्बन्धित स्थानीय बाल अधिकार समिति, प्रदेश बाल अधिकार समिति, परिषद् र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेको छ ।

- पाठ्यक्रम विकास केन्द्र (CDC) ले तय गरेको कक्षा ६ देखि १० सम्मको पाठ्यक्रममा यौन तथा प्रजनन स्वास्थ्यका पाठ्यसामाग्रीहरु समावेश गरिएको छ ।
- अनिवार्य तथा नि:शुल्क शिक्षाको सम्बन्धी ऐन, २०७५, वृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०७५ तथा राष्ट्रिय मर्यादित महिनावारी नीति, २०७५ जारी भै कार्यान्वयनमा रहेको छ ।
- शरणार्थी तथा शरण खोजिरहेका व्यक्तिहरूबाट जन्मेका लगायत सबै बालबालिकाको जन्मदर्ता गर्ने कानूनी व्यवस्था रहेको छ ।
- आधारभूत तह (कक्षा १-८) को पाठ्यक्रम २०७६, स्थानीय पाठ्यक्रम प्रारूप, २०७१ तथा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित), २०७६ जस्ता निर्देशिका तथा पाठ्यक्रम विकास गरी सम्बन्धित स्थानीय सरकारसँगको समन्वय तथा स्वीकृतिमा कक्षा १-३ का लागि ५ पाठ्यभार र कक्षा ४-८ का लागि ४ पाठ्यभारको छुट्टै स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन गर्नुपर्ने प्रावधान रहेको छ ।
- बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-०८५) कार्यान्वयनमा रहेको छ । बालश्रम मुक्त स्थानीय तह तथा वडा घोषणा गर्ने कार्य प्रारम्भ गरिएको छ ।
- बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार कुनै पनि बालबालिकालाई मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा नराख्ने र निजसँग धरौटी वा जमानत नमागिने व्यवस्था गरी बाल अदालतले कसूरजन्य कार्यको अभियोग लागेका बालबालिकालाई कारण खुलाई पुर्पक्षको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था गरेको छ ।

## १.१.४ राष्ट्रिय कानून र नीतिको कार्यान्वयन

बालबालिकाको आधारभूत आवश्यकता तथा अधिकार परिपूर्तिका लागि संवैधानिक, कानूनी र नीतिगत व्यवस्थाहरु भएका छन् । बालबालिकाको लागि विशिष्टीकृत ऐनको रुपमा बालबालिका सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा रहेको छ । यस ऐनमा मूलत: बालबालिकाको सम्मानपूर्वक बाँच्न पाउने, नाम, राष्ट्रियता र पहिचान पाउने, कुनैपनि किसिमको विभेद नहुने, बाबुआमासँग बस्ने र भेटघाट गर्न पाउने, संरक्षित हुन पाउने, सहभागी हुन पाउने, स्वतन्त्र अभिव्यक्ति दिने र सूचना पाउने, संस्था खोल्ने र शान्तिपूर्वक भेला हुन पाउने, गोपनीयता कायम गर्ने, अपाङ्गता भएका बालबालिकाले विशेष अधिकार पाउने, पोषित तथा स्वस्थ्य हुन पाउने, खेलकुद र मनोरञ्जन गर्न पाउने, शिक्षा पाउने लगायतका अधिकार सुनिश्चित गरिएका छन् । यसैगरी बालबालिकाको विशेष संरक्षण, पुन:स्थापना र वैकल्पिक हेरचाहको व्यवस्था गरी संरक्षण तथा व्यवस्थापन गर्ने गरिएको छ । साथै परिवार, संरक्षक (संघ संस्था तथा व्यक्ति), राज्य र सञ्चार क्षेत्रको बालबालिका प्रतिको दायित्व सम्बन्धी व्यवस्था ऐनमा गरिएको छ । संघीय संरचना अनुरुप हुने गरी संघ, प्रदेश र स्थानीय तहमा बाल अधिकार संरक्षण र सम्वर्द्धनका लागि विशेष प्रकृतिका संस्थागत संयन्त्रहरुको व्यवस्था गरिएको छ ।

श्रम ऐन, २०७४ को दफा ५ ले कसैले पनि बालबालिकालाई कानून विपरीत हुने गरी कुनै काममा लगाउन निषेध गरेको छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, राष्ट्रिय खोप ऐन, २०७२, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७४, मुलुकी देवानी संहिता, २०७४, मुलुकी अपराध संहिता २०७४, श्रम ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५, जनस्वास्थ्य सेवा ऐन, २०७५, अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५ लगायतका ऐनहरुमा बालबालिकासँग सम्बन्धित व्यवस्थाहरु रहेका छन् । बालबालिका सम्बन्धी नियमावली, २०७८ लगायतका नियमावलीहरु, कार्यविधि, निर्देशिका र मापदण्ड कार्यान्वयनमा रहेका छन् ।

## १.१.५ राष्ट्रिय बालबालिका नीति, २०८०

संघीयताको कार्यान्वयनसँगै बालबालिकाको विषय सम्बोधन गर्न संघ, प्रदेश र स्थानीय तहमा विभिन्न संयन्त्रहरूको व्यवस्था भएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता र शासकीय संरचनाको परिवर्तनसँगै बाल अधिकार संरक्षण र सम्वर्द्धनमा नवीनतम सवालहरुलाई अझ बढी संवेदनशील र परिणाममूखी बनाउन राष्ट्रिय बालबालिका नीति, २०८० लागू गरिएको छ ।

**दीर्घकालीन सोच**

बाल अधिकार सुनिश्चित बालमैत्री राष्ट्र निर्माण ।

**सोचको परिदृश्य**

बालबालिकाको अधिकारको सुनिश्चितताका लागि आर्थिक र सामाजिक रूपान्तरण गर्दै बालमैत्री वातावरण कायम गरी बालबालिकालाई सक्षम र योग्य नागरिकको रूपमा तयार गर्ने ।

**लक्ष्य**

प्रत्येक बालबालिकाको उच्चतम हितलाई ध्यानमा राख्दै सर्वाङ्गीण विकास तथा अधिकारको सम्मान, संरक्षण र प्रवर्धन गर्ने ।

**उद्देश्य**

९.१ बाल अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्नु ।

९.२ बालमैत्री वातावरण सिर्जना गर्नु ।

९.३ बालबालिका विरुद्ध हुने शारीरिक र मानसिकलगायतका सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु ।

**नीति**

१०.१ बाल अधिकार सुनिश्चितताका लागि बाल अधिकार विषयलाई मूलप्रवाहीकरण गर्दै कानूनी, नीतिगत एवं संरचनागत व्यवस्था सुदृढ गर्ने । (९.१)

१०.२ परिवार, समुदाय, संस्थागत तथा शासकीय तहमा बाल सहभागिता प्रवर्धन गर्ने । (९.२)

१०.३ सबै बालबालिकाको लागि पोषण, प्रारम्भिक बाल विकास, शिक्षा, स्वास्थ्य, खेलकुद तथा समग्र व्यक्तित्व विकासको वातावरण निर्माण गर्ने । (९.२)

१०.४ विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा जोखिममा परेका बालबालिकाको संरक्षण गर्ने । (९.३)

**रणनीति**

११.१ बालबालिका सम्बन्धी कानूनलाई आवश्यकता अनुसार सामयिक परिमार्जन वा नयाँ कानून तर्जुमा गरी तिनको प्रभावकारी कार्यान्वयन गर्ने । (नीति-१०.१)

११.२ संघ, प्रदेश र स्थानीय तहमा बाल अधिकार, बाल संरक्षण तथा बाल न्याय सम्बन्धी संस्थागत संरचना तथा संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गर्ने । (नीति- १०.१)

११.३ विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका, हिंसा तथा दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने । (नीति-१०.२)

११.४ जोखिममा रहेका बालबालिकालाई जोखिम न्यूनीकरणका लागि सचेतना तथा उपलब्ध सेवा सुविधामा बालबालिकाको पहुँच बढाउने । (नीति-१०.२)

११.५ धर्म, संस्कृति तथा परम्पराको नाममा हुने हरेक प्रकारका हानिकारक अभ्यासहरूको अन्त्य गर्ने । (नीति-१०.२)

११.६ बालबालिकालाई हुने शारीरिक दण्ड सजाय, विद्युतीय माध्यमबाट हुने दुर्व्यवहार, बालश्रम, ओसारपसार तथा बेचबिखनको अन्त्य गर्न संघ, प्रदेश, स्थानीय तह र समुदायका सरोकारवाला समेतलाई सशक्त बनाउँदै प्रतिकार्य र सचेतना अभिवृद्धि गर्ने । (नीति-१०.२)

११.७ बालबालिकाको समग्र व्यक्तित्व विकासका लागि संरचनागत तथा सेवा प्रवाहमा सुधारका लागि सम्बद्ध निकाय तथा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने । (नीति-१०.३)

११.८ बालबालिकासँग सरोकार राख्ने कार्य तथा निर्णय गर्दा बालबालिकाको सहभागिता र विचारको सुनुवाइ हुने व्यवस्था गर्ने । (नीति-१०.४)

११.९ बालबालिकाको सर्वोत्तम विकासका लागि पोषण योजना कार्यान्वयन गरी कुपोषण न्यूनीकरण गर्ने । (नीति-१०.३)

### १.१.६ नेपाल सरकारको चालु सोह्रौं योजना (२०८१/८२-२०८५/८६)

बाल अधिकार संरक्षण तथा प्रवर्द्धधन कार्यक्रम: सबै प्रकारको बालश्रमको अन्त्यका लागि सबै उद्योग, कलकारखाना, व्यवसायका क्षेत्रमा स्वीकृति तथा नवीकरणका समयमा बालश्रम मुक्त कार्यस्थल सुनिश्चित गर्न पूर्व परीक्षण अनिवार्य लागू गर्ने, बेवारिसे, परित्यक्त, अभिभावक विहिन तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई सम्बन्धित स्थानीय तहबाट नै वैकल्पिक हेरचाहको व्यवस्था गर्ने प्रणाली स्थापना गर्ने, बालमैत्री स्थानीय शासन प्रवर्द्धधनका कार्यक्रमहरू मार्फत बाल अधिकार प्रवर्द्धधन तथा सुदृढ गर्ने, बाल क्लब, बाल सञ्जाल, किशोरकिशोरी समूह, स्काउट जस्ता संस्थाको गठन तथा सञ्चालनलाई विस्तार गरी बालबालिकाको सामाजिक उत्तरदायित्व बोध तथा स्वावलम्बी जीवनपद्धतिको सिकाइसम्बन्धी सहभागीता बढाउने, सूचना प्रविधि तथा सामाजिक सञ्जालको दुरूपयोगवाट हुने हिंसाको नियमन र नियन्त्रणका लागि कानूनी व्यवस्था गरी कडाइका साथ कार्यान्वयन गर्ने, बाल सुधार गृहलाई न्यूनतम मापदण्डका आधारमा वर्गीकरण गर्दै न्यूनतम सेवासहित प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्ने, बाल गृहको संस्थागत आवासीय संरक्षणलाई निरुत्साहित गर्दै अन्तिम विकल्पको रूपमा मात्र संरक्षण गर्ने व्यवस्थाको कार्यान्वयन गर्ने, सरल, सहज एवम् बालबालिका तथा अभिभावकमैत्री बालन्याय निरूपण गर्ने, बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बाल विकास कार्यक्रममा सबै वर्ग र समुदायको पहुँच तथा उपभोग अभिवृद्धि गर्ने, दलित बालबालिकाको शिक्षाको गुणस्तर र सिकाइ अभिवृद्धि गर्न लक्षित कार्यक्रम सञ्चालन गर्ने ।

दोस्रो १० वर्षीय बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५), राष्ट्रिय शिक्षा नीति, २०७६, बाल विवाह विरुद्धको राष्ट्रिय रणनीति, २०७२, मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार

विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८, राष्ट्रिय बालबालिका नीति, २०८०, शिक्षा क्षेत्रको योजना (मस्यौदा) (२०७८-८७), विद्यालय क्षेत्र विकास योजना (२०७३/७४-२०७९/८०), राष्ट्रिय विज्ञान, प्रविधि तथा नव-प्रवर्तन नीति, २०७६, शिशु तथा बाल्यकालीन पोषण रणनीति, २०७३, राष्ट्रिय ई-हेल्थ रणनीति, २०७४, राष्ट्रिय स्वास्थ्य नीति, २०७६, बालविकास केन्द्रको सञ्चालनमा लागत सहभागिता सम्बन्धी राष्ट्रिय प्रारुप, २०७७ लगायतका नीतिहरु तथा दस्तावेजहरु कार्यान्वयनमा रहेका छन् ।

दिगो विकास लक्ष्यको सातौं बुँदा अन्तर्गत सन् २०२५ सम्ममा सबै प्रकारका बालश्रम अन्त्य गर्न तत्काल प्रभावकारी उपायहरु अपनाउने उल्लेख गरिएको छ । दोस्रो १० वर्षे बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) ले २०७९ साल सम्म निकृष्ट र शोषणयुक्त प्रकारको बालश्रम निवारण गर्ने र २०८२ साल सम्म सबै प्रकारका बालश्रम निवारण गर्ने लक्ष्य लिएकोमा अपेक्षित उपलब्धि हासिल गर्न कठिन देखिएको छ ।

संघीय मन्त्रालय तथा निकायबाट जारी गरिएका विभिन्न निर्देशिकाहरु बालबालिकासँग पनि सम्बन्धित रहेका छन् । उदाहरणका लागि बाल संरक्षण आर्थिक राहत सहयोग कार्यविधि, २०७६, बाल हेल्पलाइन नम्बर १०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६, बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन निर्देशिका, २०७६, सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि, २०७६ बालमैत्री सञ्चार निर्देशिका, २०७३, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०७४, बालबालिकाको सङ्गठन निर्माण र सहजीकरण मार्गदर्शन, २०७४, अनलाइन बाल सुरक्षा निर्देशिका, २०७६, विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७, कोभिड-१९ महामारीको समयमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालन सम्बन्धी अन्तरिम निर्देशिका, २०७७, लगायत विभिन्न कार्यविधिहरु र मापदण्डहरु कार्यान्वयनमा छन् । यसैगरी, प्रदेश र स्थानीय तहमा विभिन्न निर्देशिका, मार्गदर्शन, मापदण्ड तथा कार्यविधिहरु समेत कार्यान्वयनमा रहेका छन् ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमूखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने लक्ष्य लिएको छ भने मूलतः प्रारम्भिक बाल विकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउने, विद्यालय शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच सुनिश्चित गर्ने, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्ने, औपचारिक र अनौपचारिक शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गर्ने, विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकीकरण गर्दै परम्परागत एवम् आधुनिक प्रविधिलाई राष्ट्रिय विकासको लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्ने लगायतका उद्देश्यहरु लिइएका छन् । यसैगरी, प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीति (२०७७-२०८८) ले वि.स.२०८८ सम्ममा गर्भावस्थादेखि ८ वर्षसम्मका सबै बालबालिकाको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक विकासको अवसर सुनिश्चित गरिने लक्ष्य लिएको छ ।

उपर्युक्त विविध दस्तावेजहरुमा दर्शाइएका प्रतिबद्धताहरुबाट बाल अधिकारका आवश्यक सबै पक्षहरुको कार्यान्वयनका लागि दायित्व सिर्जना भएको छ । यी दायित्वहरु पूरा गर्नका लागि संघ, प्रदेश र स्थानीय तहमा विभिन्न संस्थागत संयन्त्रहरु क्रियाशील भई शिक्षा, स्वास्थ्य, पोषण, संरक्षण, सहभागिता तथा क्षमता विकास लगायतका कार्यहरु सम्पादन गर्ने क्रम बढिरहेको छ । बालबालिकासँग सम्बन्धित कार्यहरु सम्पादन गर्ने क्रममा सरकारी तथा गैह्र सरकारी विभिन्न संयन्त्रहरु, विविध सञ्चार माध्यम र अन्य सरोकारवालाबीच समन्वय र सहकार्य बढ्दो छ । यी यावत प्रयासहरुको परिणामस्वरुप बालबालिकासँग सम्बन्धित गुणात्मक र संख्यात्मक सूचकहरुमा उल्लेख्य सुधार भएका छन् । अर्कोतर्फ जलवायु परिवर्तन लगायतका नवीनतम् र जल्दाबल्दा समस्या तथा चुनौतीहरु थपिदै गएका छन् ।

## १.१.७ बाल अधिकार तथा संरक्षण सम्बन्धी संयन्त्र

नेपालमा बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय तहमा संस्थागत संयन्त्रको व्यवस्था भएको छ । संघमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय योजना आयोग, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय लगायतका मन्त्रालयहरु छन् । बालबालिकाको अधिकार तथा हक हितको संरक्षण र सम्वर्द्धनका लागि विशिष्टिकृत निकायको रुपमा राष्ट्रिय बाल अधिकार परिषद् क्रियाशील रहेको छ । राष्ट्रिय मानव अधिकार आयोगका साथै मानव अधिकारसँग सम्बन्धित विषयसँग प्रत्यक्ष सम्बन्ध राख्ने राष्ट्रिय महिला आयोग, आदीवासी जनजाती आयोग, मधेशी आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, थारु आयोग, मुस्लिम

आयोग लगायतका आयोगहरु रहेका छन् । बाल न्याय प्रणाली सुदृढीकरणका तथा बाल न्यायसँग सम्बन्धित काम गर्ने विभिन्न निकायहरुसँग समन्वय गर्ने कार्यका लागि केन्द्रीयस्तरमा केन्द्रीय बाल न्याय समिति क्रियाशील रहेको छ भने प्रत्येक जिल्लामा बाल न्याय समिति क्रियाशील रहेको छ । बालबालिका विरुद्धको हिंसा तथा बाल यौन दुर्व्यवहारका घटनाहरुमा तत्काल उद्धार, अस्थायी संरक्षण, सुरक्षा कार्यका लागि प्रहरी प्रधान कार्यालय अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय क्रियाशील रहेको छ ।

बालबालिकाको अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि प्रदेशमा बालबालिकाको विषय हेर्ने विषयगत मन्त्रालय रहेको छ भने र अन्य मन्त्रालयहरु एवम् नीति तथा योजना आयोग क्रियाशील रहेका छन् । बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि विशिष्टिकृत निकायको रुपमा प्रदेश बाल अधिकार समिति रहने कानूनी व्यवस्था रहेको छ । प्रत्येक जिल्लाका जिल्ला अस्पतालहरुमा लैङ्गिक हिंसा तथा दुर्व्यवहारमा परेका महिला तथा बालिकाको स्वास्थ्य तथा संरक्षण व्यवस्थापन सेवा, स्वास्थ्य उपचार सेवा, आवासीय संरक्षण, मनोविमर्श लगायतका कार्यहरु सम्पादन गर्नका लागि ७७ जिल्लामा ८८ वटा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालनमा रहेको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ ले प्रदेशस्तरमा प्रादेशिक बालबालिका सम्बन्धी ऐनको निर्माण तथा प्रदेश बालअधिकार समिति गठन गर्नुपर्ने व्यवस्था रहेको छ। यस व्यवस्था अनुसार आर्थिक वर्ष २०८०/८१ सम्ममा कर्णाली प्रदेश बाहेकका अन्य प्रदेशहरुमा प्रदेशिक बालबालिका सम्बन्धी ऐन निर्माण भएको छ भने कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा प्रदेश बाल अधिकार समिति गठन भएको छ । बालबालिकाका विषयहरुलाई विशेष रुपमा सम्बोधनका लागि स्थानीय तहमा स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी, समाजसेवी, बालमनोविज्ञ, न्यायिक समिति, अस्थायी संरक्षण सेवा लगायतका संयन्त्रहरुको कानूनी व्यवस्था रहेको छ। देशभरीका ७५३ स्थानीय तहमध्ये आ.व. २०८०/८१ को असार मसान्तसम्म बाल अधिकार समिति, बाल कल्याण अधिकारी, समाजसेवी, बालमनोविज्ञको व्यवस्था गरिएका स्थानीय तहको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिकाः ३ स्थानीय तहमा भएका बाल अधिकार संरक्षण संयन्त्र**

| क्र.स. | बाल अधिकार संरक्षण संयन्त्र | स्थानीय तहको संख्या |
|---|---|---|
| १ | स्थानीय बाल अधिकार समिति | ३७२ |
| २ | बाल कल्याण अधिकारी तोकिएको | ३७८ |
| ३ | बाल कल्याण अधिकारी नियुक्ति गरिएको | १२ |
| ४ | समाजसेवी तथा बाल मनोविज्ञ सूचीकरण गरिएको | २७ |
| ५ | बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी एकीकृत कार्यविधि | ४०८ |
| ६ | बाल कोष स्थापना | २८६ |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद् २०८१*

नेपाल प्रहरी अन्तर्गत देशभर ७७ जिल्लाहरुसहित २३२ प्रहरी कार्यालय तथा इकाइहरुमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरु सञ्चालनमा रहेका छन् । हराएका, बेवारीस फेला परेका, सडकमा जीवनयापन गर्ने, गैरकानूनी ओसारपसार र जोखिम अवस्थामा परेका बालबालिकाको तत्काल उद्धार तथा सहजीकरणका लागि नेपाल प्रहरी र राष्ट्रिय बाल अधिकार परिषद्को सहकार्यमा बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं. १०४) केन्द्रीय स्तरमा काठमाडौंमा, प्रदेशस्तरमा कोशी, मधेश, र लुम्बिनी प्रदेशमा प्रदेश स्तरीय सेवा सञ्चालनमा रहेको छ। यसैगरी मनाङ, मुस्ताङ, पूर्वी नवलपुर र रुकुम पूर्व बाहेकका ७३ जिल्लामा बालबालिका खोजतलास सेवाको पहुँच पुग्ने गरी उपत्यका सहित ७१ जिल्लाका जिल्ला प्रहरी कार्यालयहरुमा बालबालिका खोजतलास नं. १०४ जडान भइ सञ्चालनमा रहेको छ ।

बालबालिका विरुद्ध हिंसा तथा जोखिममा परेमा बालबालिकालाई आपतकालीन उद्धार, राहत, अल्पकालीन आश्रय तथा अस्थायी संरक्षण, मनोसामाजिक विमर्श, कानूनी परामर्श तथा सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना लगायतका

बाल हेल्पलाईन सेवा प्रदान गर्न राष्ट्रिय बाल अधिकार परिषद्ले बाल हेल्पलाइन सेवा सञ्चालन अनुमति प्रदान गरेका गैरसरकारी संस्थाको सहकार्यमा हाल १८ जिल्लामा बाल हेल्पलाइन निःशुल्क टेलिफोन नं. १०९८ सेवा सञ्चालनमा रहेको छ। कानूनको विवादमा परेका बालबालिकालाई अदालतको निर्णय बमोजिम बाल सुधार गृहमा राख्नका लागि देशको आठ जिल्लामा ९ वटा बाल सुधार गृह सञ्चालनमा रहेका छन्। यसै गरी वैकल्पिक हेरचाहको अन्तिम विकल्पको रुपमा विभिन्न ४६ वटा जिल्लामा ३९६ वटा बाल गृहहरु सञ्चालनमा रहेका छन् र यी बाल गृहहरुमा १० हजार ८८२ जना बालबालिका संरक्षणमा रहेका छन्।

## १.१.८ बालबालिका सम्बन्धी नेपाल सरकारको नीति तथा कार्यक्रम र वजेट वक्तव्य

नेपाल सरकारले प्रत्येक आर्थिक वर्ष वार्षिक नीति तथा कार्यक्रम निर्धारण गरी सोही नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वजेट विनियोजन गर्दै आएको छ। आर्थिक वर्ष २०८१/८२ को नेपाल सरकारको नीति तथा कार्यक्रम र वजेट वक्तव्यमा बालबालिका सम्बन्धी समेटिएका विषयहरु तलको तालिकामा प्रस्तुत गरिएको छः-

**तालिकाः ४ आर्थिक वर्ष २०८१/८२ को नेपाल सरकारको बालबालिका सम्बन्धी नीति तथा कार्यक्रम**

| नीति नं. | नीति तथा कार्यक्रम |
|---|---|
| **बाल स्वास्थ्य** | |
| १३८ | नवजात शिशु र मातृ मृत्युदर बढी भएका स्थानीय तहमा मातृ तथा नवजात शिशु स्याहार एवम् उपचार सेवाका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। स्वास्थ्य संस्थाहरुमा अटिजम रोगको निदान र उपचारको व्यवस्था मिलाइनेछ। |
| १३९ | सातै प्रदेशका संघीय अस्पतालहरुमा बाँझोपन तथा निसन्तान उपचार सेवा विस्तार गरिनेछ। प्रजनन स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गरिनेछ। |
| **बाल संरक्षण** | |
| ११८ | किशोरीको आय आर्जन, क्षमता विकास र सशक्तीकरण गर्ने गरी आर्थिक सामाजिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ। |
| ११९ | किशोरीविरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद र शोषणको अन्त्य गरिनेछ। नेपाली समाजलाई बाल विवाह तथा छाउपडीमुक्त तुल्याइनेछ। बलात्कार, एसिड आक्रमण लगायतका हिंसा पीडित तथा प्रभावित महिलाको सुरक्षाको लागि राहत, उद्धार, पुनःस्थापना, निःशुल्क कानूनी सहायता, मनोसामाजिक परामर्श, सीप विकास तथा आय आर्जनमूलक कार्यक्रम सञ्चालन गरिनेछ। |
| १२० | सबैखाले बालश्रम शोषणको अन्त्य गरिनेछ। बाल सुधार गृहहरुको भौतिक पूर्वाधार तथा संस्थागत क्षमता अभिवृद्धि गरिनेछ। बालमैत्री पूर्वाधार निर्माण गर्दै लगिनेछ। अनाथ, असहाय, टुहुरा, अपांगता भएका व्यक्ति, अशक्त, बेवारीस, हिंसा पीडित तथा सडक बालबालिकाको उद्धार, संरक्षण र पुनःस्थापनाको लागि प्रदेश तथा स्थानीय तहमा आपतकालीन बाल उद्धार कार्यक्रम सञ्चालन गरिनेछ। |
| १२१ | अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तीकरणसँगै सहज र सम्मानपूर्ण जीवन सुनिश्चित गरिनेछ। सातवटै प्रदेशमा अपाङ्गग्राम निर्माण गर्ने नीति लिइनेछ। |
| १२३ | मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका समूह र समुदायको आर्थिक सामाजिक सशक्तीकरण गरिनेछ। सरोकारवाला निकाय तथा संघ संस्थासँगको समन्वयमा निरोधात्मक, संरक्षणात्मक र सचेतनामूलक कार्यक्रम सञ्चालन गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गरिनेछ। पीडित तथा प्रभावितको उद्धार, संरक्षण, न्यायमा पहुँच र पुनःर्स्थापना कार्यलाई प्रभावकारी बनाइनेछ। |
| १५६ | सबै किसिमका सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत रुपमा सञ्चालन गरिनेछ। |
| १५९ | सबै वडा कार्यालयबाट अनलाइन व्यक्तिगत घटना दर्ता कार्यान्वयनमा ल्याइनेछ। |
| १६७ | लागू पदार्थ सेवनविरुद्ध समुदायको अगुवाइमा देशैभरी अभियान सञ्चालन गरिनेछ। |
| **बाल विकास** | |

| | |
|---|---|
| १२५ | विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा ल्याउने, सिकाउने र टिकाउने कार्यलाई प्रोत्साहनमूलक कार्यक्रमसहित अभियानका रुपमा सञ्चालन गरिनेछ । विद्यालय तहको पाठ्यक्रममा समसामयिक पूनरावलोकन गरिनेछ । प्रत्येक वर्ष शैक्षिक सत्रको सुरुमै पाठ्यपुस्तक उपलब्ध हुने सुनिश्चित गरिनेछ । |
| १२६ | आधारभूत तहमा गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्न दलित, अल्पसंख्यक, लोपोन्मुख, पिछडिएको क्षेत्र, दुर्गम तथा हिमाली क्षेत्र र आर्थिक रुपले विपन्न तथा अपाङ्गता भएका बालबालिकाका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । विपन्न लक्षित छात्रवृत्तिलाई विस्तार गरिनेछ । दिवा खाजा कार्यक्रमलाइ क्रमशः विस्तार गर्दै लगिनेछ । |
| १३२ | व्यक्तिको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुऱ्याउन योग र ध्यान विषयलाई विद्यालय तहको पाठ्यक्रममा समावेश गरी पठनपाठनको व्यवस्था मिलाइनेछ । |
| १४७ | हरेक विद्यालयमा खेल शिक्षकको व्यवस्था गरिनेछ । वार्षिक खेलकुद क्यालेण्डर तयार गरी अन्तरपालिका तथा प्रदेशस्तरीय प्रतियोगिताको आयोजना गरिनेछ । |

**तालिकाः ५ आर्थिक वर्ष २०८१/८२ को नेपाल सरकारको बालबालिका सम्बन्धी वजेट वक्तव्य**

| बुँदा नं. | वजेट वक्तव्य |
|---|---|
| **बाल स्वास्थ्य तथा पोषण** | |
| २२९ | मुलुकभरका ६ हजार ७४३ वडाका आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट ९८ प्रकारका औषधि, खोप लगायतका आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउन रु.१ अर्ब २८ करोड विनियोजन गरिएको छ । यस कार्यक्रम अन्तर्गत स्वदेशमा नै उत्पादित औषधि खरिद गर्न प्राथमिकता दिइनेछ । |
| २३१ | मातृ मृत्युदर र नवजात शिशु मृत्युदर बढी भएका स्थान लक्षित गरी आमा र नवजात शिशु सुरक्षाका विशेष कार्यक्रम सञ्चालन गरिनेछ । मातृ तथा नवशिशु कार्यक्रम र आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिएको छ । |
| २३९ | परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालमा नवजात शिशुका लागि मिल्क बैंक सञ्चालन गरिनेछ । |
| **बाल अधिकार संरक्षण** | |
| २७५ | बालबालिकाको सर्वोत्तम हित र सर्वाङ्गीण विकासका साथै बाल अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गरिनेछ । यौनिक अन्तरघुलनबाट तथा लैङ्गिक अल्पसंख्यकहरूलाई सामाजिक मर्यादित जीवनयापन गर्ने वातावरण बनाइनेछ । |
| २७९ | सबै प्रकारका बालश्रम र शोषणको अन्त्य गरिनेछ । हाल सञ्चालनमा रहेका आठ वटा बाल सुधार गृहको मर्मत सम्भार तथा संस्थागत क्षमता अभिवृद्धि गरिनेछ । तनहुँको ढकालटारमा बालसुधार गृह निर्माण गरिनेछ । |
| २८८ | शहीदका परिवार एवं घाइतेलाई जीवन निर्वाह भत्ता र जन आन्दोलनका शहीदका सन्ततिलाई छात्रवृत्ति कार्यलाई निरन्तरता दिएको छ । |
| **बाल विकास** | |
| १९९ | आधारभूत तह प्रवेशको आधारको रूपमा रहेको बाल शिक्षालाई व्यवस्थित र पहुँचयोग्य बनाउन प्रारम्भिक बाल विकास केन्द्रको नक्साङ्कन गरी पुनर्वितरण गरिनेछ । |
| २०० | बालबालिकालाई विद्यालयमा 'ल्याउने, सिकाउने र टिकाउने' कार्यक्रमलाई विस्तार गरी कृषिजन्य प्रयोगात्मक सिकाइ प्रदान गर्न बजेटको व्यवस्था गरिएको छ । दुर्गम तथा हिमाली क्षेत्रका छात्रछात्रालाई आवासीय छात्रवृत्तिको व्यवस्था गरिनेछ । मातृभाषामा आधारभूत शिक्षा प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ । |
| २०१ | हाल प्रदान गरिदै आएको विपन्न, दलित, सीमान्तकृत लगायतका विद्यार्थीलाई लक्षित छात्रवृत्ति तथा मुलुकभरका छात्रालाई प्रदान गरिदै आएको छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिएको छ । विद्यालय तह, प्राविधिक तथा उच्च शिक्षामा गरी रु ३ अर्ब २ करोड विनियोजन गरिएको छ । यसबाट आगामी वर्ष करीब २६ लाख छात्रछात्राहरू लाभान्वित हुनेछन् । मुसहर, डोम र चमार विद्यार्थीलाई चिकित्सा तर्फको उच्च शिक्षामा प्रदान गरिदै आएको छात्रवृत्तिलाई निरन्तरता दिइएको छ । |

| | |
|---|---|
| २०२ | सामुदायिक विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिन रु.८ अर्व ४५ करोड विनियोजन गरिएको छ। दिवा खाजामा जङ्क फुड दिन नपाइने व्यवस्था गरिएको छ। स्थानीय तथा रैथाने कृषि उपजबाट तयार गरिएको पौष्टिक आहार उपलब्ध गराइने व्यवस्था मिलाइनेछ। यसबाट करिव ३२ लाख विद्यार्थी लाभान्वित हुनेछन्। |
| २०३ | विद्यालय तहका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिई रु. १ अर्व ४२ करोड विनियोजन गरेको छ र यसबाट करीव १० लाख छात्रा लाभान्वित हुनेछन। |
| २०४ | औपचारिक शिक्षा प्रणालीमा आवद्ध नभएका गुरुकुल, मदरसा र गुम्बा लगायतका परम्परागत शिक्षालाई औपचारिक शिक्षा प्रणालीमा जोडिनेछ। साङ्केतिक भाषा र ब्रेल लिपिका पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराइनेछ। |
| २०६ | शैक्षिक शत्र शुरू हुनु अगावै सामुदायिक विद्यालयका सबै विद्यार्थीका हातमा निःशुल्क पाठ्यपुस्तक र विद्यालयमा पाठ्यक्रम तथा पाठ्यपुस्तकको विद्युतीय प्रति उपलब्ध गराइनेछ। यस कार्यक्रमका लागि रु. ३ अर्व ५८ करोड बजेट छुटयाएको। |
| २०९ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यार्थी, विद्यालय र शिक्षक संख्याको आधारमा विद्यालयको भौतिक पूर्वाधार विकासमा खर्च गर्न स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराइनेछ। विद्यार्थी संख्या, भौगोलिक अवस्थिति लगायतका मापदण्डका आधारमा विद्यालय गाभ्न स्थानीय तहलाई प्रोत्साहन गरिनेछ। |
| २१० | काठमाडौंमा रहेको बूढानीलकण्ठ स्कूल र पोखरामा रहेको गण्डकी बोर्डिङ स्कूलको सञ्चालन मोडालिटी अवलम्बन गरी शैक्षिक गुठीमार्फत धनकुटा, बर्दिबास, तानसेन, सुर्खेत र डडेल्धुरामा एक एकवटा नमूना आवासीय सामुदायिक विद्यालय स्थापनाका लागि सम्भाव्यता अध्ययन र पूर्व तयारीका कार्य अगाडि बढाइनेछ। |

## १.२ नेपालमा बालबालिकाको जनसांख्यिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कूल जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ रहेको छ। जसमा महिला र पुरुषको लैङ्गिक अनुपात ९५.५९ रहेको छ। २०७८ सालको जनगणना अनुसार १८ वर्ष मुनिका बालबालिकाको संख्या ९८ लाख ६९ हजार ५ सय ८३ रहेको छ। राष्ट्रिय जनगणना २०७८ बमोजिम उमेर समूह अनुसारको जनसांख्यिक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिकाः ६ बालबालिकाको जनसंख्या (राष्ट्रिय जनगणना २०७८ अनुसार)**

| उमेर समूह | जम्मा बालबालिकाको संख्या | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेस | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
| ०-५ | ३००७६४८ | ४७२६२५ | ७९९८९७ | ४८८७९२ | २०८१७० | ५४१०५९ | २०४६३८ | २९२४६७ |
| ६-१४ | ५१०७९२७ | ८१६७५१ | १२२८३४५ | ८६४९२२ | ३८०५९८ | ९१९७९८ | ३५४२५३ | ५४३२६० |
| १५-१७ | १७५४००८ | २८४६६३ | ३७३६१९ | ३३३१७१ | १३९०७१ | ३२२१५५ | ११८१५७ | १८३१७२ |
| **जम्मा** | **९८६९५८३** | **१५७४०३९** | **२४०१८६१** | **१६८६८८५** | **७२७८३९** | **१७८३०१२** | **६७७०४८** | **१०१८८९९** |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

राष्ट्रिय जनगणना २०४८, २०५८ र २०६८ मा जनसंख्या वृद्धिदर क्रमशः २.०८, २.२५ र १.३५% रहेकोमा २०७८ सालको जनगणना अनुसार औसत जनसंख्या वृद्धिदर ०.९२% रहेको छ। २०४८, २०५८, २०६८ को राष्ट्रिय जनगणना अनुसार १८ वर्षमुनिका बालबालिकाको प्रतिशत तलको ग्राफमा प्रस्तुत गरिएको छ।

**ग्राफ १: राष्ट्रिय जनगणना अनुसार बालबालिकाको जनसंख्या (प्रतिशत)**




*स्रोतः राष्ट्रिय जनगणना, २०४८, २०५८,२०६८ र २०७८*

माथिको ग्राफबाट कूल जनसंख्या वृद्धिदर क्रमशः घट्दै जाँदा कूल जनसंख्यामध्ये बालबालिकाको जनसंख्याको प्रतिशत बालबालिका सम्बन्धी कानूनले बालबालिकाको उमेर १६ वर्षबाट १८ वर्ष बनाएको भएता पनि २०६८ सालको जनगणनाको तुलनामा २०७८ मा उल्लेख्य मात्रामा घटेको देखिन्छ। बालबालिकाको कूल जनसंख्यामध्ये बालक र बालिकाको जनसंख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिकाः ७ उमेर समूहका आधारमा बालबालिकाको जनसंख्या र लैङ्गिक अनुपात**

| उमेर समूह | बालक | बालिका | जम्मा | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| ०-५ वर्षसम्म | १५८९६७४ | १४१७९७४ | ३००७६४८ | ०.८९ |
| ६-१० वर्षसम्म | १४८३०४१ | १३६१७९३ | २८४४८३४ | ०.९२ |
| ११-१५ वर्षसम्म | १४६२९१९ | १४०७३०२ | २८७०२२१ | ०.९६ |
| १६-१७ वर्षसम्म | ५७८८७१ | ५६८००९ | ११४६८८० | ०.९८ |
| **जम्मा** | **५११४५०५** | **४७५५०७८** | **९८६९५८३** | **०.९४** |
| **प्रतिशत** | ५१.८२% | ४८.१८% | १००% | |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

माथिको तालिकाबाट कूल बालबालिकाको जनसंख्यामा बालकको भन्दा बालिकाको संख्या ३,५९,४२७ कम रहेको छ। उमेर समूह अनुसारको लैङ्गिक अनुपात हेर्ने हो भने उमेर समूह १६-१७ वर्षमा ०.९८ रहेको लैङ्गिक अनुपात उमेर समूह ०-५ वर्षमा ०.८९ रहनुले प्रत्येक तल्लो उमेर समूहमा बालक र बालिकाको लैङ्गिक अनुपातको अन्तर बढ्दो क्रममा रहेको देखिन्छ। यसले आगामी दिनमा बालकको भन्दा बालिकाको संख्या उल्लेख्य रुपमा कम हुने संकेत गरेको छ।

## १.२.१ एकल उमेर अनुसार बालबालिकाको सङ्ख्या

बालबालिकाको एकल उमेर अनुसारको जनसङ्ख्या नीति निर्माता र योजनाविद्का लागि महत्वपूर्ण मानिन्छ । चाहे स्वास्थ्यसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न होस् वा शिक्षासँग सम्बन्धित योजना वा रणनीति तर्जुमाका लागि होस् यस्तो जनसङ्ख्याको आवश्यकता पर्दछ । राज्यको लगानी र प्राथमिकता निर्धारणमा यो तथ्याङ्कले विशेष भूमिका खेल्नेमा दुई मत रहँदैन ।

राष्ट्रिय जनगणना २०७८ अनुसार सर्वाधिक अनुपात (६.६%) १० वर्ष उमेरका बालबालिका रहेको छ । सबैभन्दा न्यून अनुपात (४.२%) भने शुन्य वर्ष हुने बालबालिकाको रहेको देखियो छ । यहाँ १० वर्ष उमेरमा उमेरको चुलीकरण (Age heaping) हुन गएको कारणले यस उमेरका बालबालिकाको संख्या सर्वाधिक देखिएको हुनसक्छ । बालबालिकाको ५ र १० वर्ष उमेरमा अक्सर हुने गरेको चुलीकरण यहाँ स्पष्ट देखिन्छ र यस तालिकामा त्यसलाई सङ्केत गरिएको छ ।

**तालिकाः ८ एकल उमेर समूह अनुसार बालबालिकाको सङ्ख्या (२०५८-२०७८)**

| एकल उमेर | सङ्ख्या र % | २०५८ | | | २०६८ | | | २०७८ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका |
| ० | संख्या | ५०३,८३३ | २५७,१२२ | २४६,७११ | ४६९,९७९ | २४२,२२६ | २२७,७५३ | ४१११५९ | २१९३१७ | १९१८४२ |
| | % | ४.८ | ४.८ | ४.७ | ४.२ | ४.३ | ४.२ | ४.२ | ४.३ | ४.० |
| १ | संख्या | ४७४,६८८ | २४३,६०८ | २३१,०८० | ४२३,२८३ | २१९,०६१ | २०४,२२२ | ४५०४६९ | २४०४८८ | २०९९८१ |
| | % | ४.५ | ४.५ | ४.४ | ३.८ | ३.९ | ३.७ | ४.६ | ४.७ | ४.४ |
| २ | संख्या | ५७५,८९३ | २९०,७९० | २८५,१०३ | ५२५,९९२ | २६८,९४३ | २५७,०४९ | ५१०८५५ | २६९५६१ | २४१२९४ |
| | % | ५.४ | ५.४ | ५.५ | ४.७ | ४.८ | ४.७ | ५.२ | ५.३ | ५.१ |
| ३ | संख्या | ६२१,४५१ | ३१०,८१३ | ३१०,६३८ | ५५५,८८४ | २८१,६३१ | २७४,२५३ | ५३१२९५ | २७८७८५ | २५२५१० |
| | % | ५.९ | ५.८ | ६.० | ५.० | ५.० | ५.० | ५.४ | ५.५ | ५.३ |
| ४ | संख्या | ६२९,५७५ | ३१८,८२६ | ३१०,७४९ | ५९२,८२५ | ३०३,०९६ | २८९,७२९ | ५३५५०५ | २८२३७४ | २५३१३१ |
| | % | ५.९ | ५.९ | ६.० | ५.३ | ५.४ | ५.३ | ५.४ | ५.५ | ५.३ |
| ५ | संख्या | ७३६,०३३ | ३७६,३३३ | ३५९,७०० | ६६१,१५८ | ३४०,३५६ | ३२०,८०२ | ५६८३६५ | २९९१४९ | २६९२१६ |
| | % | ७.० | ७.० | ६.९ | ६.० | ६.१ | ५.९ | ५.८ | ५.८ | ५.७ |
| ६ | संख्या | ६७१,६६७ | ३४०,९६९ | ३३०,६९८ | ६२९,०१६ | ३२०,२३२ | ३०८,७८४ | ५६२७४५ | २९४३८६ | २६८३५९ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ५ | ६.३ | ६.३ | ६.४ | ५.७ | ५.७ | ५.७ | ५.७ | ५.८ | ५.६ |
| ७ | संख्या | ६२७,७२७ | ३१४,२१७ | ३१३,५१० | ६२८,५९० | ३१६,८९३ | ३११,६९७ | ५३४२७८ | २७६२५७ | २५८०२१ |
| | ५ | ५.९ | ५.८ | ६.० | ५.७ | ५.६ | ५.७ | ५.४ | ५.४ | ५.४ |
| ८ | संख्या | ७२९,६८० | ३७५,८१५ | ३५३,८६५ | ७३३,२२८ | ३७८,४०६ | ३५४,८२२ | ५९९७२८ | ३१३३३० | २८६३९८ |
| | ५ | ६.९ | ७.० | ६.८ | ६.६ | ६.७ | ६.५ | ६.१ | ६.१ | ६.० |
| ९ | संख्या | ५०४,८७८ | २५५,५२४ | २४९,३५४ | ५५२,८६७ | २७९,२८९ | २७३,५७८ | ५०१३११ | २६०२८३ | २४१०२८ |
| | ५ | ४.८ | ४.७ | ४.८ | ५.० | ५.० | ५.० | ५.१ | ५.१ | ५.१ |
| १० | संख्या | ७६७,१६० | ३९६,८६५ | ३७०,२९५ | ८११,७४८ | ४१८,०४६ | ३९३,७०२ | ६४६७७२ | ३३८७८५ | ३०७९८७ |
| | ५ | ७.२ | ७.४ | ७.१ | ७.३ | ७.४ | ७.२ | ६.६ | ६.६ | ६.५ |
| ११ | संख्या | ४७६,३६५ | २४३,१३३ | २३३,२३२ | ५६२,५८० | २८३,५९५ | २७८,९८५ | ४७५०१६ | २४६२८१ | २२८७३५ |
| | ५ | ४.५ | ४.५ | ४.५ | ५.१ | ५.० | ५.१ | ४.८ | ४.८ | ४.८ |
| १२ | संख्या | ७२४,०३४ | ३७८,२८१ | ३४५,७५३ | ७९५,०७६ | ४१०,१५० | ३८४,९२६ | ६३८८१७ | ३३०१४९ | ३०८६६८ |
| | ५ | ६.८ | ७.० | ६.६ | ७.२ | ७.३ | ७.१ | ६.५ | ६.५ | ६.५ |
| १३ | संख्या | ५१७,६५१ | २६३,१०१ | २५४,५५० | ६२८,९१५ | ३१५,१५२ | ३१३,७६३ | ५५६८९० | २८१७१८ | २७५१७२ |
| | ५ | ४.९ | ४.९ | ४.९ | ५.७ | ५.६ | ५.७ | ५.६ | ५.५ | ५.८ |
| १४ | संख्या | ५५१,०८४ | २८०,३९० | २७०,६९४ | ६७७,१०५ | ३३७,६८७ | ३३९,४१८ | ५९२३७० | २९९०२१ | २९३३४९ |
| | ५ | ५.२ | ५.२ | ५.२ | ६.१ | ६.० | ६.२ | ६.० | ५.८ | ६.२ |
| १५ | संख्या | ५३३,४९७ | २७२,८७२ | २६०,६२५ | ६५२,५२५ | ३२६,४९० | ३२६,०३५ | ६०७१२८ | ३०५७५० | ३०१३७८ |
| | ५ | ५.० | ५.१ | ५.० | ५.९ | ५.८ | ६.० | ६.२ | ६.० | ६.३ |
| १६ | संख्या | ५२२,६३१ | २६०,२५६ | २६२,३७५ | ६४६,०९२ | ३२०,२४२ | ३२५,८५० | ६०८९७९ | ३०६७७३ | ३०२२०६ |
| | ५ | ४.९ | ४.८ | ५.० | ५.८ | ५.७ | ६.० | ६.२ | ६.० | ६.४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | संख्या | ४२०,४२९ | २०६,५३३ | २१३,८९६ | ५३७,४४८ | २६४,१०९ | २७३,३३९ | ५३७९०१ | २७२०९८ | २६५८०३ |
| | % | ४.० | ३.८ | ४.१ | ४.८ | ४.७ | ५.० | ५.५ | ५.३ | ५.६ |
| जम्मा बालबालिका | | १०,५८८,२७६ | ५,३८५,४४८ | ५,२०२,८२८ | ११,०८४,३११ | ५,६२५,६०४ | ५,४५८,७०७ | ९,८६९,५८३ | ५,११४,५०५ | ४,७५५,०७८ |
| बालबालिका प्रतिशत | | ४५.७ | ४६.६ | ४४.९ | ४१.८ | ४३.८ | ४०.० | ३३.८ | ३५.९ | ३१.९ |
| सबै उमेरका | | २३,१५१,४२३ | ११,५६६,४५७ | ११,५८४,९६६ | २६,४९४,५०४ | १२,८४९,०४१ | १३,६४५,४६३ | २९,१६४,५७८ | १४,२५३,५५१ | १४,९११,०२७ |

## १.२.२ भौगोलिक क्षेत्रगत बालबालिकाको विवरण

तथ्याङ्कले मधेस, बागमती र गण्डकीमा बालिकाको भन्दा बालकको अनुपात अधिक देखाएको छ भने बाँकी प्रदेशमा बालकभन्दा बालिका बढी देखिन्छन् । नेपालको परिप्रेक्ष्यमा हेर्दा बालबालिकाको जनसँख्या ३३.८ प्रतिशत रहेको छ । नेपालको पुरुषको जनसंख्यामध्ये ३५.९ प्रतिशत बालकको जनसंख्या रहेको छ भने महिलाको जनसंख्यामध्ये बालिकाको ३१.९ प्रतिशत रहेको छ । कुल बालबालिकामध्ये बालकको जनसंख्या ५१.८ प्रतिशत छ भने बालिकाको जनसंख्या ४८.२ प्रतिशत छ । यस सम्बन्धी विवरण तलको चित्र र तालिकामा प्रस्तुत गरिएको छ ।




बालबालिकामध्ये सबैभन्दा धेरै (५६.१%) तराईमा बसोबास गर्दछन् । दोस्रो (३७.३%) मा पहाडमा बसोबास गर्ने बालबालिका छन् भने हिमालमा केवल ६.५ प्रतिशत बालबालिका बसोबास गरेको देखिन्छ । सहरी, अर्धसहरी र ग्रामीण क्षेत्रानुसार तुलना गर्दा अर्धसहरी क्षेत्रमा बसोबास गर्ने बालबालिकाको संख्या सर्वाधिक (४१.८%) रहेको देखिन्छ । शहरी क्षेत्रमा २४.१ प्रतिशत बालबालिका बसोबास गर्दछन् भने त्योभन्दा १० प्रतिशत विन्दुले बढी अर्थात् ३४.१ प्रतिशत बालबालिका ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् । नगरपालिकामा कुल जनसङ्ख्याको करिब ६४ प्रतिशत बालबालिका बसोबास गरेको देखिन्छ भने गाउँपालिकामा बसोबास गर्ने बालबालिका ३६ प्रतिशत छन् ।

**तालिका: ९ बालबालिकाको संख्या र प्रतिशत**

| क्षेत्र | जम्मा | प्रतिशत | बालक | प्रतिशत | बालिका | प्रतिशत |
|---|---|---|---|---|---|---|
| नेपाल | ९,८६९,५८३ | १००.० | ५,११४,५०५ | १००.० | ४,७५५,०७८ | १००.० |
| **भौगोलिक क्षेत्र** | | | | | | |
| हिमाल | ६४४,८९६ | ६.५ | ३२६,५८२ | ६.४ | ३१८,३१४ | ६.७ |
| पहाड | ३,६८६,२०९ | ३७.३ | १,९०८,०९३ | ३७.३ | १,७७८,११६ | ३७.४ |
| तराइ | ५,५३८,४७८ | ५६.१ | २,८७९,८३० | ५६.३ | २,६५८,६४८ | ५५.९ |
| **सहरी/ग्रामीण** | | | | | | |
| सहरी | २,३८२,१७३ | २४.१ | १२६६४१० | २४.८ | १,११५,७६३ | २३.५ |
| अर्धसहरी | ४,१२३,१०२ | ४१.८ | २१४१४२३ | ४१.९ | १,९८१,६७९ | ४१.७ |
| ग्रामीण | ३,३६४,३०८ | ३४.१ | १७०६६७२ | ३३.४ | १६५७६३६ | ३४.९ |
| **गाउँ/नगरपालिका** | | | | | | |
| नगरपालिका | ६,३०९,८०५ | ६३.९ | ३२९९१५८ | ६४.५ | ३०१०६४७ | ६३.३ |
| गाउँपालिका | ३५५,९७७८ | ३६.१ | १८१५३४७ | ३५.५ | १७४४४३१ | ३६.७ |
| **प्रदेश** | | | | | | |
| कोशी | १५७४०३९ | १५.९ | ८०५४४० | १५.७ | ७६८५९९ | १६.२ |
| मधेस | २४०१८६१ | २४.३ | १२५४६१९ | २४.५ | ११४७२४२ | २४.१ |
| बागमति | १६८६८८५ | १७.१ | ८८५४१६ | १७.३ | ८०१४६९ | १६.९ |
| गण्डकी | ७२७८३९ | ७.४ | ३८१०८६ | ७.५ | ३४६७५३ | ७.३ |
| लुम्बिनी | १७८३०१२ | १८.१ | ९१९०७८ | १८.० | ८६३९३४ | १८.२ |
| कर्णाली | ६७७०४८ | ६.९ | ३४५४९२ | ६.८ | ३३१५५६ | ७.० |
| सुदूरपश्चिम | १०१८८९९ | १०.३ | ५२३३७४ | १०.२ | ४९५५२५ | १०.४ |

स्रोत: राष्ट्रिय जनगणना, २०७८

# परिच्छेद -२
# बालबालिकाको बाँच्न पाउने अधिकार

## २.१ पृष्ठभूमि

बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा ६ अन्तर्गत बालबालिकाको दीर्घ जीवन र विकास एवम् धारा २४ अन्तर्गत स्वास्थ्य सम्बन्धी अधिकारमा बालबालिकाको बाँच्न पाउने तथा स्वस्थ जीवनको अधिकार सम्बन्धी व्यवस्था सुनिश्चित गरिएको छ । बालबालिकाको बाँच्न पाउने तथा स्वस्थ जीवनको अधिकार कार्यान्वयनका लागि संवैधानिक, कानूनी तथा नीतिगत रुपमा नेपाल प्रतिबद्ध रहेको छ। नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३० को उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने हकको व्यवस्था गरिएको छ।

यसका साथै धारा ३५ को उपधारा (१) मा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र आवश्यक स्वास्थ्य सेवाबाट कसैलाई वञ्चित नगरिने व्यवस्था उल्लेख छ। यसैगरी धारा ३६ को उपधारा (२) मा खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुन पाउने हकको व्यवस्था गरिएको छ। विशेषगरी धारा ३९ को उपधारा (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट स्वास्थ्य, पालन पोषण, उचित स्याहार र सर्वाङ्गीण व्यक्तित्व विकासको हक सुनिश्चित गरिएको छ। राज्यको नीति अन्तर्गत धारा ५१ को खण्ड (ज) को उपखण्ड (५), (६), (७), (८) र (९) मा नागरिक स्वास्थलाई आधारभूत आवश्यकताको परीपूर्ति तथा स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने नीति अवलम्बन गरिएको छ।

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ दफा ३ को उपदफा (८) मा प्रत्येक महिलालाई आकस्मिक प्रसूति सेवा, आधारभूत आकस्मिक प्रसूति सेवा, वृहत आकस्मिक प्रसूति सेवा, नवजात शिशुका लागि अत्यावश्यकीय सेवा र नवजात शिशुको आवश्यक सेवा पाउने अधिकार सुनिश्चित गरिएको छ । यसका साथै स्वस्थ शिशुको जन्म नहुने अवस्था भएमा दफा १५ बमोजिम सुरक्षित गर्भपतन गराउन पाउने अधिकार समेत ऐनमा व्यवस्था गरिएको छ भने दफा १७ मा भ्रूणको लिङ्ग पहिचान गरी गर्भपतन गराउन नहुने स्पष्ट व्यवस्था छ। यसका साथै ऐनले मातृत्व तथा प्रजनन स्वास्थ्यका लागि तीनै तहमा वजेट विनियोजन तथा अनुदान सम्बन्धी बाध्यकारी व्यवस्था सुनिश्चित गरेको छ ।

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ को उपदफा (४) मा बालबालिकाको सुरक्षित जन्म तथा स्वस्थ जीवनका लागि खोप सेवा, एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको रूपमा परिभाषित गर्दै सो सेवाहरू निःशुल्क रूपमा सबै नागरिकहरूलाई प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ।

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ को उपदफा (४) मा बालबालिकाको सुरक्षित जन्म तथा स्वस्थ जीवनका लागि खोप सेवा, एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको रूपमा परिभाषित गर्दै सो सेवाहरू निःशुल्क रूपमा सबै नागरिकहरूलाई प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। यसैगरी दफा ९ मा बालबालिका विरामी भएमा स्वास्थ्य संस्थामा लैजानु, स्वास्थ्य उपचार गराउनु, उपचार गर्ने कार्यमा सहयोग र सहजीकरण गर्नु परिवारका सदस्य तथा संरक्षकको दायित्व हुने उल्लेख छ। यसैगरी दफा ४७ मा बालबालिकाको स्वस्थ जीवनको लागि प्रदेश सरकार तथा स्थानीय तहले विशेष सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रहरू कार्यान्वियन गर्नु पर्ने व्यवस्था छ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १३ मा बालबालिकाको पोषण तथा स्वास्थ्य सम्बन्धी अधिकार सुनिश्चित गरिएको छ । ऐनले दुई वर्षसम्मका बालबालिकालाई स्तनपान तथा प्रत्येक बालबालिकालाई उचित पोषण, सफा खानेपानी, खोप सेवा, राष्ट्रिय मापदण्ड अनुरूपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवाको साथै आधारभूत स्वास्थ्य उपचार निःशुल्क प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। यसका साथै बालबालिकाको स्वस्थ जीवनका लागि हेरचाह, पालन पोषण, वृत्ति विकास, संरक्षण गर्नु परिवार वा संरक्षकको दायित्व हुने दफा १७ मा स्पष्ट व्यवस्था छ। यसैगरी

विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको स्वस्थ जीवनका लागि आवश्यक व्यवस्था मिलाउनु राज्यको दायित्व हुने समेत स्पष्ट व्यवस्था छ ।

राष्ट्रिय स्वास्थ्य नीति, २०७६ मा जीवन पथको अवधारणा अनुरूप सुरक्षित मातृत्व, बाल स्वास्थ्य सेवाको विकास तथा विस्तार गरिने नीति समावेश भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को गाउँपालिका तथा नगरपालिकाको अधिकार अन्तर्गत आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी आवश्यक नीति निर्माण तथा व्यवस्थापनको जिम्मा स्थानीय तहलाई दिइएको छ । साथै अधिकारमूखी विकासको फराकिलो दायराबाट हेरिएको दीगो विकास लक्ष्यमा बालबालिकाको स्वास्थ्य तथा स्वस्थ जीवन सम्बन्धी परिमाणात्मक लक्ष्य समेत समावेश भएको छ जुन अन्तर्गत निम्न परिमाणात्मक लक्ष्यहरू रहेका छन् ।

(क) सन् २०३० सम्ममा, विश्वव्यापी मातृ मृत्युदरलाई ७० (प्रत्येक १ लाख जीवित जन्ममा) भन्दा कम गर्ने,

(ख) नवजात शिशुहरू र पाँच वर्षमुनिका बालबालिकाको रोक्न सकिने मृत्युलाई अन्त्य गर्ने,

(ग) एच.आई.भी. एड्स, क्षयरोग, औलोज्वरो र उष्णप्रदेशीय उपेक्षित रोगहरूको महामारी अन्त्य गर्ने र हेपाटाइटिस, पानीजन्य रोगहरू एवं अन्य सरुवा रोगहरू नियन्त्रण गर्ने,

(घ) नसर्ने रोगबाट हुने असामयिक मृत्युदरलाई रोकथाम र उपाचारबाट एकतिहाइले कम गर्नुका साथै मानसिक स्वास्थ्य तथा समृद्धि प्रवर्द्धन गर्ने र

(ङ) लागू पदार्थ दुरुपयोग तथा मादक पदार्थको हानिकारक प्रयोगको रोकथाम तथा उपचार पद्धतिलाई सुदृढ तुल्याउने जस्ता परिमाणात्मक लक्ष्यहरू प्रस्ताव गरिएका छन् ।

यसैगरी, सन् २०३० सम्ममा यौन तथा प्रजनन स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नुका साथै परिवार नियोजन, सूचना र शिक्षा तथा प्रजनन स्वास्थ्यलाई राष्ट्रिय रणनीति र कार्यक्रममा एकीकरण गर्ने जस्ता परिमाणात्मक लक्ष्यहरू पनि निर्धारण गरिएको छ ।

## २.२ बालबालिकाको स्वस्थ जीवन र स्वास्थ्य सुरक्षा

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट बालबालिकाका लागि राष्ट्रिय खोप, सुनौलो हजार दिन, राष्ट्रिय पोषण, भिटामिन 'ए' वितरण, कुपोषण रोकथाम, एकीकृत बाल स्वास्थ्य, समुदायमा आधारित नवजात शिशु तथा बालरोग व्यवस्थापन, बहुक्षेत्रीय पोषण कार्यक्रम लगायतका कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । कर्णाली प्रदेश लगायत देशभर दलित समुदायका बालबालिकालाई पोषण भत्ता, अति दुर्गम हिमाली र पहाडी जिल्लाका ज्यान जोखिममा परेका गर्भवती र सुत्केरीका लागि 'राष्ट्रपति महिला उत्थान कार्यक्रम' अन्तर्गत हेलिकप्टरबाट सुरक्षित उद्धार र उपचार सहयोग जस्ता कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । यस अतिरिक्त बालबालिकाको लागि तोकिएका स्वास्थ्य संस्थाहरुमा तोकिएका स्वास्थ्य सेवा र औषधिहरु निःशुल्क प्रदान गर्ने गरिएको छ । यसैगरी गर्भवती महिला तथा नवजात शिशु लक्षित आकस्मिक प्रसूति सेवा, आधारभूत आकस्मिक प्रसूति सेवा, नवजात शिशुको आकस्मिक सेवा, बृहत आकस्मिक प्रसूति सेवा, सुरक्षित मातृत्व प्याकेज जस्ता सेवाहरू सञ्चालनमा रहेका छन् । गर्भवती र शिशुको स्वास्थ्यको लागि आइरन, क्याल्सियम, भिटामिन लगायतका औषधिहरू अस्पताल तथा स्वास्थ्य चौकीबाट निःशुल्क उपलब्ध गराइने व्यवस्था छ । आमाबाट नवजात शिशुमा एचआइभी/एड्स संक्रमण नियन्त्रण गर्नको लागि संक्रमण रोकथाम लगायत एचआइभी/एड्सबाट प्रभावित र संक्रमित बालबालिकाका लागि नगद सहयोग कार्यक्रम सञ्चालनमा छ । यसैगरी निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम, नवजात शिशु र बालबालिकासँग सम्बन्धित विविध कार्यक्रमहरु सञ्चालनमा रहेका छन् ।

Iron deficiency anaemia नियन्त्रण गर्नको लागि गर्भवती तथा सुत्केरीलाई पुरक आइरन फोलिक एसिड सबै जिल्लाहरुमा वितरण गरिन्छ । पुरक पोषिलो खानेकुरा वितरण गर्ने कार्यक्रम समेत सञ्चालनमा छ । आयोडिनको कमीबाट हुने समस्या नियन्त्रण गर्न आयोडिनयुक्त नुनको वितरण गरिएको छ । भिटामिन 'ए' को कमीबाट हुने समस्या निराकरण गर्नको लागि राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम सञ्चालनमा रहेको छ । यसका साथै बालबालिकामा जुका नियन्त्रणका लागि १२-५९ महिनाका बालबालिकालाई जुकाको औषधि खुवाउने गरिएको छ । बालबालिकाको स्वस्थ जीवनसँग सम्बन्धित मुख्य विषयहरुको स्थितिलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## २.२.१ खोप

नेपालमा २०३४ सालमा विस्तारित खोप कार्यक्रमका रूपमा सुरु भएको राष्ट्रिय खोप कार्यक्रम उच्च प्राथमिकतामा रहेको छ । खोपले रोक्न सकिने रोगसँग सम्बन्धित बिरामी, मृत्युदर र अपाङ्गताको कमीमा योगदान गरेको छ । दक्षिण एसियाली देशहरुमध्ये राष्ट्रिय खोप ऐन लागू भएको नेपाल पहिलो देश हो । विभिन्न रोगबाट बालबालिकालाई संरक्षण गरी स्वस्थ राख्नका लागि खोप ऐन, २०७२ कार्यान्वयनमा छ । उक्त ऐनमा बालबालिकालाई खोप लगाउनु अनिवार्य रहेको छ । खोप नियमावली २०७४ ले विभिन्न रोगबाट बालबालिकालाई संरक्षणका लागि खोपको सूची समेत उल्लेख गरिएको छ । २०६९ सालदेखि 'पूर्ण खोप कार्यक्रम' कार्यान्वयनमा रहेको छ ।

आर्थिक वर्ष २०७९/८० को मंसिरसम्ममा, ७७ मध्ये ७२ जिल्ला र ७५३ मध्ये ७२४ स्थानीय तहले 'पूर्ण खोप' स्थिति हासिल गरेका छन् । राष्ट्रिय खोप कार्यक्रमले शिशु र बाल मृत्युदर हटाउनमा उल्लेखनीय योगदान दिएको छ, जसले MDG Goal 4 हासिल गर्नमा सहयोग पुर्‍याएको छ । राष्ट्रिय खोप कार्यक्रमको लक्ष्य १५ महिनासम्मका बालबालिकाहरूलाई खोप लगाउनु, ५ वर्षसम्मका खोप छुटेका बालबालिकाको खोप सुनिश्चित गर्नु र गर्भवती महिलाहरूका लागि Tetanus Diptheria Toxoid खोप दिनु हो ।

**तालिकाः १० आर्थिक वर्ष २०७९/८० को राष्ट्रिय खोप कार्यक्रमको लक्षित जनसंख्या**

| उमेर समूह | लक्षित जनसंख्या (आ.व.२०७९/८०) |
|---|---|
| १ वर्ष मुनिका बालबालिका (बाँचिरहेका शिशुहरू) | ५१५५३३ |
| १२-२३ महिनाका बालबालिका | ५१६५१४ |
| ०-५९ महिनाका बालबालिका | २५९७००३ |
| अपेक्षित गर्भावस्था | ६२०९८३ |

*स्रोतः स्वास्थ्य सेवा विभाग, वार्षिक प्रतिवेदन, २०७९/८०*

नेपालमा बालबालिकालाई क्षयरोगबाट बचाउनका लागि वि.सि.जि, भ्यागुते रोग, लहरे खोकी, धनुष्टङ्कार, हेपाटाइटिस बी, हेमोफिलस इन्फ्लुन्जा 'बी'बाट बच्नका लागि डि.पि.टि. हेप बि हिब, पोलीयोमाइलाइटिसबाट बच्नका लागि ओ.पि.भी, न्यूमोनियाबाट बच्नका लागि पि.सी.भी., दादुरा, रुवेलाबाट बच्नका लागि एम.आर. र जापनिज इन्सेफलाइटिसबाट ( मस्तिष्क ज्वरो) बच्नका लागि जे.ई.लगायतका १३ किसिमका खोप दिइने गरिएको छ । आर्थिक वर्ष २०७७/७८ बाट रोटा भाइरस र आर्थिक वर्ष २०७८/७९ बाट टाईफाइड विरुद्धको खोपलाई राष्ट्रिय खोप कार्यक्रममा समावेश भएको छ । साथै, गर्भवती महिलाको लागि टिटानस र डिप्थेरिया विरुद्धको खोप समेत प्रदान हुदैँ आएको छ । यस खोपको कारण नवजात शिशुमा देखिने धनुष्टङ्कार रोग निवारण भएको छ ।

विगत तीन आर्थिक वर्षमा विभिन्न किसिमका खोप पाउने बालबालिकाको प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिकाः ११ पूर्ण खोप पाउने बालबालिका (प्रतिशत)**

| क्र.सं. | खोप | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|
| १. | बिसिजी (१ वर्षमुनिका) | ९१ | १०३.२ | १०२ |
| २. | डिपिटी-हेपद्म-हिव ३ (१ वर्षमुनिका) | ८७ | ९५.२ | १०१ |
| ३. | दादुरा/रुबेला ( ९-१२ महिना) | ८२ | ९२ | ९७ |
| ४. | दादुरा/रुबेला (१२-२३ महिना) | ८२ | ९२.८ | ९५ |
| ५. | पूर्ण खोप पाएका बालबालिका (%) | ७८ | ९१.२ | ८४ |

***स्रोतः- स्वास्थ्य सेवा विभाग, वार्षिक प्रतिवेदन, २०७९/८०***

माथिको तालिकाबाट विभिन्न किसिमका खोप पाएका बालबालिकाको प्रतिशतमा DPT Hep B- Hib 3 को खोपको दायरा आ.व. २०७९/८० मा आ.व. २०७८/७९ को तुलनामा क्रमशः ६% ले वृद्धि भएको छ । MR1 र MR2 को खोपको दायरा क्रमशः ९७ प्रतिशत र ९५ प्रतिशतमा पुगेको छ । पूर्ण खोप पाएका बालबालिकाको प्रतिशत आ.व. २०७८/२०७९ मा ९१.२ प्रतिशत रहेकोमा २०७९/८० मा ७ प्रतिशतले घटेर ८४ प्रतिशत पुगेको देखिन्छ । विभिन्न किसिमका खोप पाएका बालबालिकाको तथ्याङ्क हेर्दा आगामी दिनहरुमा आवश्यक सबै किसिमका खोपहरुमा सबै लक्षित बालबालिकाको पहुँच पुऱ्याउन सबै तहका सम्बन्धित सरकारी संयन्त्र, विकास साझेदार र गैरसरकारी संस्थाहरु, परिवार, समुदाय, सञ्चार माध्यम लगायत सबैको ध्यानाकर्षण हुन जरुरी देखिएको छ ।

**तालिकाः १२ विभिन्न खोप पाएका प्रदेशगत बालबालिका (प्रतिशत, २०७९/८०)**

| क्रसं | खोपको अवस्था (प्रतिशत) | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सू.प. | नेपाल |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | डिपिटी-हेपबि-हिव ३ | ९२ | १०६ | १०८ | ९० | ९९ | ९५ | ८८ | १०१ |
| २ | दादुरा/रुवेला१(९-१२महिना) | ९२ | १०० | ११० | ९० | ९५ | ९६ | ८६ | ९७ |
| ३ | दादुरा/रुवेला२ (१२-२३ महिना) | ८६ | ९९ | १०६ | ८८ | ९२ | ८८ | ९२ | ९५ |
| ४ | टिटनास खोप (गर्भवती महिला ) | ९२ | १०६ | १०९ | ९० | ९९ | ८९ | ८८ | ७२ |
| ५ | पूर्ण खोप पाएका बालबालिका | ७४ | ८५ | ८८ | ७५ | ८८ | ९१ | ८५ | ८४ |

***स्रोतः स्वास्थ्य सेवा विभाग, वार्षिक प्रतिवेदन, २०७९/८०***

पछिल्ला तीन आर्थिक वर्षहरूमा प्रदेश स्तरमा एन्टिजेन कभरेजको अवस्था हेर्दा मधेश र बागमती प्रदेशमा राष्ट्रिय स्तरभन्दा DPT-HepB-Hib को खोप पाउने बालबालिकाको प्रतिशत बढी रहेको देखाएको छ । जबकी MR1 र MR2 ९५% भन्दा बढी खोप पाउने प्रतिशत बागमती र मधेश प्रदेशमा देखिएको छ । विशेष गरी, मधेशमा MR2 खोप पाउने प्रतिशत १२% ले वृद्धि देखाएको छ । तर गण्डकीमा ४% ले कमी देखाएको छ । Td खोप पाउने गर्भवती महिला मधेश र लुम्बिनी प्रदेशमा राष्ट्रिय औसतभन्दा माथि रहेको छ । तर सुदूरपश्चिम, कोशी र कर्णाली प्रदेशमा राष्ट्रिय

औसतभन्दा कम देखिएको छ । बागमती प्रदेशमा DPT–HepB–Hib3 र MR1 खोप पाउने प्रतिशत बढी छ भने सुदूरपश्चिममा MR1 खोप पाउने ८६% रहेको छ ।

## २.३ बाल मृत्यु दर

स्वास्थ्य क्षेत्रमा हालसम्म भएका प्रगतिहरू उत्साहप्रद रहेका छन् । नेपालले संयुक्त राष्ट्रसंघको बाल अधिकार महासन्धिलाई अनुमोदन गरेको बेलादेखि हालसम्म आउँदा बाल स्वास्थ्यको क्षेत्रमा प्राथमिकताका साथ लगानी वृद्धि गर्दै आएको परिणामस्वरुप नवजात शिशु, शिशु र बाल मृत्युदरमा उल्लेख्य सुधार आएको छ। राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार १५-४९ वर्षका जम्मा ६१,४५,०३९ विवाहित महिलाले हालसम्म २७,९९,९६९ बालबालिकाको जन्म दिएका छन् । जसमध्ये छोरा ५२.७ प्रतिशत र छोरी ४७.३ प्रतिशत रहेका छन् । जीवित जन्मेका बालबालिकाहरु मध्ये ३.२ प्रतिशतको मृत्यु भएको देखिन्छ जसमा बालक ५७.६ प्रतिशत र बालिका ४२.४ प्रतिशत रहेको छ ।

**ग्राफः ३  पाँच वर्षमुनिका प्रति एक हजार जीवित जन्म भएका शिशु तथा बालबालिकामा भएको मृत्यु**




***स्रोत : नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२***

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार नेपालमा शिशु र ५ वर्षमुनिको मृत्युदर प्रति एक हजार जीवित जन्ममा क्रमशः २८ र ३३ मृत्यु रहेको यस सर्वेक्षण बाट देखिएको छ । यसैगरि नवजात शिशु मृत्युदर प्रति १००० जीवित जन्ममा २१ मृत्यु हुने गरेको देखिएको छ । बाल्य कालमा हुने मृत्युदर घटेको छ। सन् १९९६ देखि ५ वर्षमुनिका बालबालिकाको मृत्युदर प्रति १००० जीवित जन्ममा ११८ बाट घटेर हाल मृत्यु दर प्रति १००० जीवित जन्ममा ३३ मा झरेको छ भने नवजात शिशु मृत्युदर प्रति एक हजार जीवित जन्ममा ५० बाट घटेर हाल मृत्यु दर २१ रहेको छ ।

बाल स्वास्थ्यको विषयमा संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह संवेदनशील रहँदै विभिन्न योजना र कार्यक्रम कार्यान्वयन गर्दै आएकोले बालबालिकाको स्वास्थ्यमा उल्लेखनीय सुधार भएको छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार प्रदेशगत बाल मृत्युदरको स्थिति निम्नानुसार प्रस्तुत गरिएको छ ।

**ग्राफ:४ प्रदेश अनुसार ५ वर्षमुनिको मृत्यु दर**




*स्रोत: नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२*

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ को प्रदेशगत तथ्याङ्क अनुसार ५ वर्षमुनिको मृत्यदर सबै भन्दा बढी सुदूरपश्चिम प्रदेशमा ४९ रहेको हुँदा यस प्रदेशको बाल स्वास्थ्यमा निकै सुधार गर्नुपर्ने आवश्यता रहेको छ। गण्डकी प्रदेशमा प्रति १००० जीवित जन्ममा ५ वर्षमुनिका २३ को मृत्यु हुन्छ भने कर्णाली प्रदेशमा ४६ बालबालिकाको मृत्यु हुने सर्वेक्षणले देखाएको छ। समग्रमा हेर्दा राष्ट्रिय औसत ३३ भन्दा कम गण्डकी र बागमती प्रदेशमा देखिएको छ भने बाँकी अरु सबै प्रदेशमा राष्ट्रिय औसत ३३ भन्दा बढी ५ वर्ष मुनिका बालबालिकाको मृत्यु हुने गरेको सर्वेक्षणले देखाएको छ।

## २.४ बालबालिकाको पोषण स्थिति

नेपालको संविधानले सबै नागरिकको खाना, स्वास्थ्य र पोषणको अधिकार सुनिश्चित गरेको छ। संयुक्त राष्ट्र संघको विशेष सभाले सन् २०१६-२०२५ को दशकलाई पोषण कार्यको दशकको रुपमा घोषणा गरेको छ। नेपाल सरकारले सबै प्रकारका कुपोषणको समस्यालाई सम्बोधन गर्न राष्ट्रिय पोषण नीति, रणनीति र कार्ययोजनामा सुधार गर्दै कार्यान्वयन गरेको छ। दोस्रो बहु-क्षेत्रीय पोषण योजना कार्यान्वयनमा रहेको छ। दिगो विकास लक्ष्य २ को निम्ति सन् २०३० मा कुपोषणलाई तीन प्रतिशतमा र पाँच वर्ष मुनिका बालबालिकामा पाइने कम तौललाई नौ प्रतिशतमा झार्ने, सन् २०३०

सम्ममा प्रजनन उमेरका महिला र बालबालिकामा रहेको रक्त अल्पतालाई १० प्रतिशतमा झार्ने लगायतका परिमाणात्मक लक्ष्यहरु पनि राखिएको छ ।

आ.व. २०५२/५३ देखि आ.व. २०७८/७९ सम्म पाँच वर्ष मुनिका बालबालिकामा गम्भीर कुपोषण र ख्याउटेपन घटाउन नेपालले उल्लेखनीय प्रगति गरेको छ। कुपोषण दर ५७% बाट २५% र ख्याउटेपन दर १५% बाट ८% मा झरेको छ। पाँच वर्ष मुनिका ४३% बालबालिका र १५-४९ वर्ष उमेरका २३.१% महिला रक्तअल्पताबाट प्रभावित भएको देखिन्छ। विशेष गरी ६-२३ महिनाको उमेर समूहको बालबालिकामा रक्तअल्पता बढ्दो छ। यस उमेर समूहका बालबालिकामा ६५.७% रक्तअल्पता देखिएको छ ।

स्वास्थ्य मन्त्रालयबाट मातृशिशु तथा बालबालिकाको पोषण स्थिति सुधारका लागि तयार गरिएको रणनीतिक योजना कार्यान्वयनमा रहेको छ। गम्भीर कुपोषण उपचारका लागि २१ वटा जिल्लामा पोषण पुनःस्थापना केन्द्रहरु सञ्चालनमा रहेका छन्। विद्यालय शिक्षा र बाल स्वास्थ्य तथा पोषणबीच अन्तर सम्बन्ध विकास गरी बालबालिकाको स्वास्थ्य र पोषण स्थितिमा सुधार ल्याउन विद्यालय स्वास्थ्य र पोषण रणनीति तथा कार्यक्रम कार्यान्वयन भइरहेको छ। बालबालिकामा आइरनको मात्रामा सुधार गर्न १० देखि १९ वर्षका बालिका तथा किशोरीहरुलाई पनि आइरन तथा फोलिक एसिड चक्की वितरण गरिएको छ।

**ग्राफः ५ बालबालिकाको पोषण स्थिति (५ वर्ष मुनिका कुपोषित बालबालिकाको प्रतिशत)**




***स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२***

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार नेपालमा सन् २००१ देखि यता बालबालिकामा पुड्कोपन घट्दै गएको छ। जुन ५७% बाट घटेर २५ प्रतिशत पुगेको छ। यसैगरी कम तौलका बालबालिका ४३% बाट १९%, ख्याउटेपना ११% बाट ८% र बढी तौल भएको यथावत देखिन्छ।

## २.४.१ वृद्धि, अनुगमन र प्रवर्द्धन

वृद्धि, अनुगमन र प्रवर्द्धनको लागि दर्ता गरिएका ०-२३ महिनाका बालबालिकाको शारीरिक मापदण्डका साथै विकासका प्रमुख अवस्थाहरू र सामान्य स्वास्थ्यको अनुगमन गरिन्छ। यो कार्यक्रम 'वृद्धि, अनुगमन र प्रवर्द्धन निर्देशिका २०७९' द्वारा निर्देशित छ ।

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार बालबालिकाको पोषण स्थिति झल्काउने आवधिक स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका: १३ वृद्धि अनुगमनका लागि दर्ता गरिएका बालबालिका**

| आ.व. | ०-२३ महिनाका वृद्धि अनुगमनका लागि दर्ता गरिएका बालबालिकाको प्रतिशत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सु.प. | नेपाल |
| २०७७/७८ | ६१.१ | ८०.३ | ५९.८ | ७४.३ | ७६.९ | १००.१ | ७७.५ | ७२.२ |
| २०७८/७९ | ७८.१ | ८५.४ | ९१.२ | १०२.७ | ९२.३ | १०२.६ | १०३.७ | ९०.७ |
| २०७९/८० | ८१ | ९०.३ | ७९ | ७४.७ | ६९.४ | ७४.४ | ६९.५ | ७८.९ |

***स्रोत: नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२***

पछिल्ला तीन आर्थिक वर्षमा, नेपालमा बालबालिकाको वृद्धि अनुगमनलाई हेर्दा प्रदेश अनुसार फरक देखिएको छ । कोशी प्रदेश र मधेश प्रदेशमा सकारात्मक वृद्धि भएको छ । बागमती प्रदेशको आ.व. २०७८/७९ मा ९१.२% पुगेको थियो भने २०७९/८० मा घटेर ७९% मा आएको छ । यसैगरी गण्डकी प्रदेशको आ.व. २०७८/७९ मा १०२.७% पुगेको थियो भने २०७९/८० मा घटेर ७४.७% मा आएको छ । लुम्बिनी प्रदेशमा ९२.३% बाट घटेर ६९.४%, कर्णाली प्रदेशमा १०२.६% बाट घटेर ७४.४% र सुदूरपश्चिम प्रदेशमा १०३.७% बाट घटेर ६९.५% मा पुगेको छ ।

## २.५ मातृ मृत्यु दर

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार गणनाको सन्दर्भ अवधि (गणना भएको दिन देखि १२ महिना अघिको समयावधि) मा कूल प्रजनन उमेर समूह (१५-४९ बर्ष) का १२ हजार ९७६ महिला मृत्यु मध्ये ६५३ जना (पाँच प्रतिशत) को मृत्यु गर्भावस्थामा सम्बन्धित रहेको देखिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको सहकार्यमा गरिएको भर्वल अटप्सी (Verbal Autopsy) बाट उल्लिखित गर्भावस्थासँग सम्बन्धित मृत्यु मध्ये ६२२ जना (९५ प्रतिशत) को मृत्यु मातृमृत्युसँग सम्बन्धित देखिएको छ। यस अवधिमा उक्त उमेर समूहबाट कुल ४ लाख १२ हजार ९३५ जना जीवित बालबालिकाको जन्म भएको देखिएको छ । जसअनुसार मातृ मृत्युदर १५१ जना प्रति लाख जीवित जन्ममा रहेको छ ।

**ग्राफः ६ नेपालमा मातृ मृत्युदरको अवस्था**




*स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८०*

**तालिकाः १४ प्रदेशगत रुपमा मातृ मृत्यु दर (प्रति लाखमा)**

| प्रदेश | गर्भावस्थाको अवधिमा भएको महिलाको मृत्यु संख्या | मातृमृत्यु संख्या | जीवित जन्मेका बालबालिकाको संख्या | मातृमृत्यु दर (प्रति लाखमा ) |
|---|---|---|---|---|
| **कोशी** | १०४ | १०१ | ६४१९० | १५७ |
| **मधेश** | १४६ | १३५ | ९६५५७ | १४० |
| **बागमती** | ७२ | ६९ | ७०३८० | ९८ |
| **गण्डकी** | ४६ | ४५ | २७९४० | १६१ |
| **लुम्बिनी** | १६२ | १५८ | ७६२४३ | २०७ |
| **कर्णाली** | ५९ | ५४ | ३१३२३ | १७२ |
| **सुदूरपश्चिम** | ६४ | ६० | ४६३०२ | १३० |
| **नेपाल** | ६५३ | ६२२ | ४१२९३५ | १५१ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

माथिको तालिका अनुसार सबै भन्दा धेरै मातृ मृत्युदर लुम्बिनी र सबैभन्दा कम बागमती प्रदेशमा रहेको छ। सुदूरपश्चिम र मधेश प्रदेशमा औसतभन्दा कम र कोशी, गण्डकी र कर्णाली प्रदेशमा औसतभन्दा बढी मातृ मृत्युदर रहेको छ ।

## २.६ गर्भवती तथा सुत्केरीको उद्धार

राष्ट्रपति, महिला उत्थान कार्यक्रम अन्तर्गत २०८१ को असार मसान्तसम्म विभिन्न दुर्गम तथा पहाडी क्षेत्रका ७१३ गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार भएको छ । आ.व. २०८०/८१ मा १६१ जना गर्भवती तथा सुत्केरीको उद्धार गरिएको छ ।

**तालिकाः १५ उद्धार गरिएका गर्भवती तथा सुत्केरी महिलाको प्रदेशगत विवरण**

| आर्थिक वर्ष | कोशी | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|
| २०७५/७६ | ५ | ३ | ३ | १ | १३ | १ | २६ |
| २०७६/७७ | १० | १२ | ५ | २ | ३६ | २२ | ८७ |
| २०७७/७८ | २८ | २७ | ५ | २ | २८ | १३ | १०३ |
| २०७८/७९ | ५५ | २७ | ७ | २ | ५८ | २० | १६९ |
| २०७९/८० | ४४ | २२ | ११ | ३ | ५४ | ३३ | १६७ |
| २०८०/८१ | ६९ | १६ | ५ | ३ | ३९ | २९ | १६१ |
| जम्मा | २११ | १०७ | ३६ | १३ | २२८ | ११८ | ७१३ |

*स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, २०८१*

## २.७ स्वास्थ्य संस्थामा जन्मिएका बालबालिकाको अनुपात

नेपाल सरकारले सन् २०३० सम्ममा गर्भवती महिलाले प्रसुति पूर्व स्वास्थ्य संस्थामा चेकजाँच र प्रसुति गराउने प्रतिशत ९० पुऱ्याउने राष्ट्रिय लक्ष्य राखेको छ । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार नेपालमा ७९% जीवित बालबालिका स्वास्थ्य संस्थामा जन्मिएका छन् । ति मध्ये धेरै जसो ६२% सरकारी स्वास्थ्य संस्थामा जन्मेका छन् । अझैपनि १९% बालबालिका घरमै जन्मिने गरेका छन् । सन् १९९६ देखि २०२२ सम्मको नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण अनुसार स्वास्थ्य संस्था र घरमा जन्मिएका बालबालिकाको प्रतिशत तलको ग्राफमा प्रस्तुत गरिएको छ ।

**ग्राफः ७ स्वास्थ्य संस्था र घरमा जन्मिएका बालबालिका सम्बन्धी विवरण (प्रतिशत)**




*स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२*

स्वास्थ्य संस्थामा बालबालिका जन्माउनेको प्रतिशत उल्लेख्य रूपमा बढेको छ । सन् १९९६ मा स्वास्थ्य संस्थामा बालबालिका जन्माउने ८% थिए भने सन् २०२२ मा ७९% पुगेको छ । अझै १९% बालबालिका घरमै जन्मिने गरेका छन् ।

**ग्राफः ८ प्रदेश अनुसार स्वास्थ्य संस्थामा बालबालिका जन्मिएका बालबालिकाको विवरण (प्रतिशत)**




***स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२***

प्रदेश अनुसार स्वास्थ्य संस्थामा बालबालिका जन्मिने राष्ट्रिय औसत ७९% भन्दा कोशी प्रदेश ८२%, लुम्बिनी ८४%, सुदूरपश्चिम ८७%, गण्डकी ८८% र बागमती प्रदेशमा ८८% बढी रहेको छ भने राष्ट्रिय औसतभन्दा कम मधेश प्रदेशमा ६७% र कर्णाली प्रदेशमा ७२% रहेको छ ।

## २.८ स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरु

विश्व स्वास्थ्य संगठनका अनुसार प्रति हजार जनसंख्यामा १ चिकित्सक हुनुपर्ने न्युनतम मापदण्ड रहेको छ । मानव संसाधनको उत्पादनको दृष्टिले स्वास्थ्य क्षेत्रमा नेपालमा प्रति १ हजार जनसंख्यामा १.१५ चिकित्सक र २.५४ नर्स रहेका छन् । २०८० फागुनसम्म सरकारी स्वास्थ्य सेवामा रहेका स्वास्थ्य जनशक्तिको संख्या २०७९ असारको तुलनामा बढेर १ लाख २ हजार ६ सय ८६ पुगेको छ । यस्तो संख्या २०७९ फागुन सम्म १ लाख २ हजार ५ सय ७ रहेको थियो । त्यसैगरी २०८० फागुनसम्म स्वास्थ्य संस्थाको संख्या ७८५८ पुगेको छ ।

**तालिकाः १६ स्वास्थ्य संस्था र स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको विवरण**

| विवरण | असारसम्म | | | | | फागुन २०८० |
|---|---|---|---|---|---|---|
| | **२०७५** | **२०७६** | **२०७७** | **२०७८** | **२०७९** | |
| **संस्था** | ४५१३ | ५७१७ | ७१५४ | ७५६६ | ७५९८ | ७८२८ |
| अस्पताल | १२३ | १२५ | १२५ | १२५ | १५४ | २१५ |
| प्राथमिक स्वास्थ्य केन्द्र | २०३ | २०३ | २०३ | २०५ | १९६ | २०१ |
| स्वास्थ्य चौकी | ३८०३ | ३८०५ | ३८०५ | ३८७० | ३८५३ | ३८२० |
| आयुर्वेदिक औषधालय | ३८४ | ३८४ | ३९५ | ३९५ | ४२४ | ४२६ |
| उपस्वास्थ्य चौकी/ आधारभूत स्वास्थ्य सेवा केन्द्र | ० | १२०० | २६२६ | २९७१ | २९७१ | ३१९६ |
| शैया | ८१७२ | ८१७२ | ८१७२ | ११६४० | १५७९० | १६५४१ |
| जनशक्ति | ९०८०३ | ९०९४६ | ९०९४६ | ९०३६९ | ९७४४९ | १०२६८६ |
| डाक्टर | २६४० | २६४० | २६४० | २६४० | ४६६० | ६२०१ |
| नर्स/ अ.न.मी . | २०५१० | २०६५३ | २०६५३ | २०६५३ | २४६९३ | २७६९८ |
| कविराज | ६१३ | ६१३ | ६१३ | ६१३ | ६१३ | ६८४ |
| वैध | ६९३ | ६९३ | ६९३ | ६९३ | ६९३ | ६९३ |
| स्वास्थ्य सहायक ( हे.अ, अ.हे.व) | १४३४७ | १४३४७ | १४३४७ | १४३४७ | १५३६७ | १५९८७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| महिला स्वास्थ्य स्वयंसेविका | ५२००० | ५२००० | ५२००० | ५१४२३ | ५२००० | ५१४२३ |

*स्रोत: स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, २०८०*

### २.९ अपाङ्गता भएका बालबालिकाको उपचार र रोकथाम (पारिवारिक परामर्श तथा अन्य सहायता)

अपाङ्गता भएका बालबालिकाको उपचार र रोकथाम सम्बन्धी राष्ट्रिय एकीकृत विवरण प्राप्त गर्न नसकिएको भएता पनि सांकेतिक रुपमा Hospital and rehabilitation center of disabled children (HRDC) बनेपा, काभ्रेपलाञ्चोकबाट प्राप्त तथ्याङ्क अनुसार अपाङ्गता भएका बालबालिकाको उपचार र रोकथाम सम्बन्धी जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका: १७ अपाङ्गता भएका बालबालिकाको उपचार र रोकथाम सम्बन्धी विवरण**

| क्रियाकलाप | २०७७/७८ | २०७८/७९ | २०७९/८० | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|---|---|
| उपचारबाट लाभान्वित अपाङ्गता भएका बालबालिका | १५०७१ | २०१२३ | २१३१८ | ३५३७८ | २११३४ | ५६५१२ |
| उपचार पश्चात् पुन:स्थापना भएका अपाङ्गता भएका बालबालिका | २९७ | ३७५ | ४६६ | ६८४ | ४५४ | ११३८ |
| अपाङ्गता रोकथाम सम्वन्धी अभिमूखीकरण कार्यक्रम | २९८६ | ४२२९ | ३२२५ | ६२८२ | ४१८६ | १०४६८ |
| बाल अधिकार सम्वन्धी अभिमूखीकरण कायक्रम ( अभिभावक सहित) | ९३५६ | ११२१५ | १४१५९ | २०८३९ | १३८९१ | ३४७३० |

**स्रोत:** *Hospital and Rehabilitation Center of Disabled Children (HRDC), 2024*

## २.१० संक्रामक रोग तथा नसर्ने रोग र बालबालिका

दिगो विकास लक्ष्य ३ अन्तर्गत एच.आई.भी., क्षयरोग, औलोज्वरो साथै पानीजन्य रोगहरू लाग्न नदिने परिमाणात्मक लक्ष्य राखिएको छ । सन् २०३० सम्ममा नसर्ने रोगबाट हुने असामयिक मृत्युदरलाई एकतिहाइले कम गर्ने विश्वव्यापी परिमाणात्मक लक्ष्यहरू पनि राखिएको छ ।

(क) **एचआइभीः** एचआइभी/एड्सको संक्रमणबाट निर्दोष बालबालिका समेत संक्रमित तथा प्रभावित भएका छन् । आमाबाट नवजात शिशुमा एचआइभी/एड्स संक्रमण नियन्त्रण गर्नको लागि संक्रमण रोकथाम अर्थात 'प्रिभेन्सन अफ मदर टू चाइल्ड ट्रान्समिसन' कार्यक्रम लगायत एचआइभी/एड्सबाट प्रभावित र संक्रमित बालबालिका लक्षित कार्य सञ्चालनमा छ । राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रबाट प्राप्त तथ्याङ्क अनुसार एचआइभीको संक्रमणबाट प्रभावित बालबालिका/एन्टी रेट्रो भाइरल (ARV) औषधिबाट उपचारार्थ बालबालिकाको तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिकाः १८ एचआइभीको संक्रमणबाट प्रभावित बालबालिका**

| आ.व. | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|
| बालिका | ५२९ | ४३८ | ४१९ |
| बालक | ६११ | ५३६ | ५२६ |
| **जम्मा** | **११४०** | **९७४** | **९४५** |

***स्रोतः राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र, २०८१***

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रको तथ्याङ्क अनुसार आ.व. २०८०/८१ मा एचआइभीको संक्रमणबाट प्रभावित बालबालिका ९४५ रहेका छन् । जसमध्ये बालक ५२६ र बालिका ४१९ जना छन् ।

(ख) **मलेरियाः** स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८०/८१ मा १८ वर्ष मुनिका ९६ जना बालबालिकामा मलेरिया भएको देखिन्छ ।

(ग) **नवजात टिटानस सर्वेक्षणः** नेपालमा, नवजात टिटानस (NNT) को उन्मूलन २०६१/६२ (२००५) मा भएको थियो । आ.व. २०८०/८१ मा सुनसरी र धनुषा जिल्लाबाट प्रत्येक एकजना गरेर दुईवटा केसको रिपोर्ट गरिएको थियो । NNT को राष्ट्रिय घटना दर १००० जीवित जन्ममा ०.००३९ छ ।

(घ) **पखालाबाट प्रभावित बालबालिकाः** आ.व. २०७९/८० मा ५ वर्ष मुनिका बालबालिकामा पखालाको घटना प्रति १००० जनसंख्यामा ११५.१ रहेको छ । जसमा अघिल्ला आर्थिक वर्षहरूभन्दा तीनगुणा कमी आएको देखिएको छ । कर्णाली प्रदेशमा पखालाबाट प्रभावित बालबालिका सबैभन्दा बढी २१६ जना रहेको छ भने सबैभन्दा कम घटना बागमती प्रदेश ७८.८ रहेको छ । आ.व. २०७९/८० मा पखालाका कारण चारजना बालबालिकाको मृत्यु भएको देखिएको छ । बागमती, मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशमा एक-एक जना गरी चार जनाको मृत्यु भएको छ । लुम्बिनी, कोशी र गण्डकी प्रदेशमा भने पखालाका कारण कुनै मृत्यु भएको छैन ।

**तालिकाः १९ पखाला प्रभावित बालबालिका**

| **सूचकहरू** | **वर्ष** | **कोशी** | **मधेश** | **बागमती** | **गण्डकी** | **लुम्बिनी** | **कर्णाली** | **सुदूरपश्चिम** | **राष्ट्रिय औसत** |
|---|---|---|---|---|---|---|---|---|---|
| अनुमानित ५ वर्ष मुनिको जनसंख्या (पखालाको सम्भावना) | २०७७/७८ | ४९७,२०८ | ६३४,०५८ | ६५२,६२६ | २५१,३२७ | ५१४,१६२ | १८३,४८१ | २९५,७२६ | ३०,२८,५८८ |
| | २०७८/२०७९ | ४३५,०७८ | ६५२,५६७ | ४३०,५९९ | १९५,२१० | ४७५,००२ | १८३,८५८ | २४९,६११ | २६,२१,९२५ |
| | २०७९/२०८० | ४२७,५१२ | ६५०,००० | ४२४,६१७ | १९१,८५९ | ४७०,४०७ | १८२,७७६ | २४९,५१५ | २५,९६,६८६ |

| सूचकहरू | वर्ष | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | राष्ट्रिय औसत |
|---|---|---|---|---|---|---|---|---|---|
| पखालाको घटना (प्रति १००० जनसंख्या) | २०७७/७८ | २९८ | ३३९ | २१३ | २३५ | ३५७ | ६५३ | ५४७ | ३३९ |
| | २०७८/२०७९ | ३१० | ३२५ | ३११ | २६३ | ३४७ | ५९५ | ६०१ | ३६५ |
| | २०७९/२०८० | ७९ | १२९ | ७९ | ८३ | ११० | २१६ | १६२ | ११५ |
| | | | | | | | | | |
| सूचकहरू | वर्ष | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | राष्ट्रिय औसत |
| पखालाबाट मृत्यु | २०७७/७८ | १४ | ३ | २८ | 0 | ३ | १ | १ | ५० |
| | २०७८/२०७९ | ९ | ३ | १० | ४ | 0 | २ | ६ | ३४ |
| | २०७९/२०८० | ० | १ | १ | 0 | 0 | १ | १ | ४ |

***स्रोतः राष्ट्रिय योजना आयोग २०८१***

## २.११ मानसिक स्वास्थ्य र आत्महत्या

मानसिक स्वास्थ्य भन्नाले मनोवैज्ञानिक, संवेगात्मक तथा सामाजिक तन्दुरुस्तीलाई बुझाउँछ। विश्व स्वास्थ्य सङ्गठनले मानसिक समस्यालाई साधारण तथा दैनिक आईपर्ने तनावहरू व्यवस्थापन गर्न कठिनाइ भई, दैनिक, घरायसी तथा समाजमा योगदान गर्न बाधा भएको अवस्था भनी परिभाषित गरेको छ। मन, शरीर र समाज बीचको अन्तरसम्बन्धले धेरै स्वास्थ्यका कुराहरूलाई प्रभाव पार्छ जसलाई हामी मनोसामाजिक अवस्थाको रूपमा बुझ्छौं। यदि मन, शरीर र समाजको बिचमा तालमेल भएन भने मन खिन्न हुने, दुःख लाग्ने, आफूलाई माया र सम्मान नगरिएको महसुस हुने, विरक्त तथा दिक्दारी लाग्ने आदि हुन्छ जसलाई हामी मनोसामाजिक समस्या भनेर चिन्छौं ।

कान्ति बाल अस्पतालबाट प्राप्त तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/८१ मा विभिन्न प्रकारका मानसिक तथा मनोसामाजिक समस्या भएका कूल ६,५८९ जना बालबालिकालाई उपचार, मनोविमर्श तथा पुनःस्थापना सेवा प्रदान गरिएको देखिएको छ । उमेर समूह अनुसार विभिन्न प्रकारका मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्या भएका बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिकाः २० मानसिक स्वास्थ्य तथा मनोसामाजिक उपचार सेवा पाएका बालबालिका तथा किशोरकिशोरी**

| क्र.स. | उमेर समूह | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | ०-६ वर्ष | १२४५ | ७०५ | १९५० |
| २ | ७-११ वर्ष | ७५९ | ४९३ | १२५२ |
| ३ | १२-१४ वर्ष | ४४५ | ४१२ | ८५७ |

| | | | | |
|---|---|---|---|---|
| ४ | १५ वर्ष माथि | ३२१ | ३०७ | ६२८ |
| **जम्मा** | | **२७७०** | **१९१७** | **४६८७** |

***स्रोतः कान्ति बाल अस्पताल, २०८१***

माथिको तालिकाबाट मानसिक स्वास्थ्य तथा मनोसामाजिक उपचार सेवा पाएका बालबालिका तथा किशोरकिशोरीमध्ये ०-६ वर्ष उमेर समूहका सबैभन्दा बढी ३७.४८ प्रतिशत बालबालिकाले सेवा पाएको देखिन्छ।

अभिभावकको मानसिक स्वास्थ्यको कारणले समेत बालबालिकाको मानसिक स्वास्थ्यमा असर पुग्न सक्छ । जस्तै बालबालिकाको प्रारम्भिक बाल्यावस्थाको हुर्काइ, परिवारमा घरायसी हिंसा, गरिबी, तनावपूर्ण कार्यक्षेत्र, बालबालिकाको प्रविधिसँगको लत लगायतका कारण यस्तो समस्या देखिन सक्छ र गम्भीर मनोसामाजिक समस्या सम्म आउन सक्दछ। जसका कारण आत्महत्या सम्मको अवस्था आउन सक्छ।
नेपाल प्रहरीको आत्महत्या न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी अध्ययन, २०८१ अनुसार आर्थिक वर्ष २०७९/८० मा ७९५ जना बालबालिकाले आत्महत्या गरेका छन्। यस सम्बन्धी तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ।

**ग्राफः ९ बालबालिकाको आत्महत्या सम्बन्धी विवरण**




***स्रोतः प्रहरी प्रधान कार्यालय, २०८१***

माथिको तालिकाबाट आत्महत्या गरेका बालबालिकामध्ये बालिकाको संख्या बढी देखिएको छ। कूल आत्महत्या गरेका बालबालिका मध्ये बालिकाको प्रतिशत ६६.५० रहेको देखिन्छ। आ.व. २०७८/७९ बाहेक अन्य आर्थिक वर्षमा ठिक अगाडिको वर्षभन्दा आत्महत्या गर्ने बालबालिकाको संख्या बढेको देखिन्छ।

## २.१२ उमेर नपुगी गर्भधारण गर्ने बालबालिका

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ को तथ्याङ्क अनुसार १५-१९ वर्षका १४% किशोरीहरुले उमेर नपुगी गर्भधारण गरेका छन्। किशोरी गर्भावस्था सबैभन्दा बढी कर्णाली प्रदेशमा २१%, मधेश प्रदेश २०% र सबैभन्दा कम वाग्मती प्रदेशमा ८% रहेको छ।

## २.१३ दिगो विकास लक्ष्यको उपलब्धि समीक्षा

स्वास्थ्य सम्बन्धी दिगो विकास लक्ष्यको सूचक र प्रगति तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिकाः २१ सबैका लागि स्वास्थ्य पहुँचको अवस्था**

| प्रमुख सूचक | वेसलाइन | सन् २०३० को लक्ष्य | सन् २०२२ को लक्ष्य | सन् २०२२ सम्मको प्रगति |
|---|---|---|---|---|
| मातृ मृत्युदर (प्रति एक लाख जीवित जन्ममा) | २५८ | ७० | ११६ | १५१ |
| पाँच वर्ष मुनिका बाल मृत्युदर | ३८ | २० | २७ | ३३ |
| नवजात शिशु मृत्यु दर | २३ | १२ | १६ | २१ |
| आधुनिक साधनद्वारा परिवार नियोजन सम्बन्धी आवश्यकता पुरा भएका महिला अनुपात (प्रजनन उमेर समूह) | ६६ | ८० | ७४ | ५५.१ |
| परिवार नियोजनका आधुनिक साधन र विधि प्रयोग दर प्रजनन उमेर समूहको प्रतिशतमा) | ४७ | ६० | ५३ | ४३ |
| कुल प्रजनन दर (प्रति महिला ) | २.३ | २.१ | २.१ | २.१ |

***स्रोतः राष्ट्रिय योजना आयोग,*** २०८०

दिगो विकास लक्ष्य -३ अन्तर्गत सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने लक्ष्य रहेको छ । यस लक्ष्य अन्तर्गत मिश्रित उपलब्धि हासिल भएको छ । जसमा मातृ मृत्यू दर घट्दै गएको, दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिनेको संख्या बढेको देखिन्छ भने गर्भ निरोधक साधनको प्रयोगलाई बढाउने र अत्यावश्यक स्वास्थ्य सेवा सहज रुपमा उपलब्ध गराउने लक्ष्य प्राप्ति गर्न चुनौती देखिएको छ ।

# परिच्छेद -३
## बालबालिकाको विकास सम्बन्धी अधिकार

### ३.१ पृष्ठभूमि

यस परिच्छेदमा नेपालमा बालबालिकाको शिक्षा र विकास सम्बन्धी अधिकारहरूको कार्यान्वयनको वर्तमान अवस्थाबारे विश्लेषण गरिएको छ । संयुक्त राष्ट्र संघीय बाल अधिकार महासन्धीको धारा २८ अन्तर्गत बालबालिकाका लागि शिक्षा प्राप्तिको अधिकार, अनिवार्य तथा निःशुल्क शिक्षा, साधारण र व्यवसायिक शिक्षा र माध्यमिक शिक्षा सम्बन्धी व्यवस्थाहरू नेपालमा कसरी लागू भइरहेको छ भन्ने विषयमा जानकारी प्रस्तुत गरिएको छ । साथै दिगो विकास लक्ष्यको लक्ष्य नं. ४ मा तोकिएको सबैका लागि समावेशी र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने, निःशुल्क र न्यायोचित प्राथमिक तथा माध्यमिक शिक्षाको प्रत्याभूति, प्रारम्भिक बाल विकास, हेरचाह र पूर्व प्राथमिक शिक्षामा पहुँच तथा शिक्षामा लैङ्गिक समानताको स्थितिको वर्णन गरिएको छ ।

यसका साथै बाल अधिकार महासन्धी र दिगो विकास लक्ष्यमा समावेश व्यवस्थाहरूको कार्यान्वयनमा प्रारम्भिक बाल विकास केन्द्रमा रहेका बालबालिका, विद्यालयहरूको संख्या, शिक्षक र विद्यार्थीको संख्या तथा अनुपात, प्राथमिक र माध्यमिक तहमा बालबालिकाको भर्नादर, विद्यालय शिक्षामा समावेशीता, टिकाउदर, विशेष विद्यालयमा अध्ययनरत बालबालिका र अनौपचारिक शिक्षा प्रणालीमा संलग्न बालबालिका सम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

### ३.२ प्रारम्भिक बाल विकास केन्द्र र बालबालिका

प्रारम्भिक बाल शिक्षा र विकास (ईसीईडी)मा गुणस्तरीय शिक्षा र विकासको पहुँच पुर्‍याउने संवैधानिक व्यवस्था सुनिश्चित गरिएको छ । नेपालले दिगो विकास लक्ष्य (एसडीजी) ४.२ प्रति आफ्नो प्रतिबद्धता व्यक्त गर्दै सन् २०३० सम्म बालबालिकाको गुणस्तरीय प्रारम्भिक बाल विकास शिक्षामा पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको छ। विद्यालय शिक्षा क्षेत्र योजना (एसईएसपी)को उद्धेश्यहरुमा सबै चार वर्षका बालबालिकाले गुणस्तरीय ईसीईडीमा पहुँच पाउने, सहभागी हुने र पूरा गर्ने तथा चार वर्षका सबै बालबालिकाको शारीरिक, सामाजिक, भावनात्मक, संरचनात्मक विकास र विद्यालयको तयारी सुनिश्चित गर्ने रहेका छन् ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्लाश प्रतिवेदन, २०८० अनुसार प्रारम्भिक बाल विकास केन्द्र र पूर्व प्राथमिक कक्षा जम्मा ४० हजार ६८४ रहेका छन् जुन अघिल्लो वर्षभन्दा २८ वटाले वृद्धि भएको छ। यस मध्ये नेपाल सरकारद्धारा सञ्चालित ३३ हजार ६१ केन्द्र/कक्षाहरु (८१.३%) विद्यालय र समुदायमा आधारित छन् भने स्थानीय तहद्धारा सञ्चालित विद्यालय/समुदायमा आधारित इसीईडी/पिपिसीहरुको संख्या २ हजार ६५९ (६.५%) रहेको छ । जुन अघिल्लो वर्षको ३ हजार ३८८ (८.५%) भन्दा अलिकति कम हो । निजी रुपमा सञ्चालित इसीईडी/पिपिसीहरुमा भने वृद्धि भएको छ । फ्लाश प्रतिवेदन, २०७९ मा ६ हजार ८९४रहेकोमा वृद्धि भएर ७ हजार ६२३ पुगेको छ । जसलाई नेपालभरी मन्टेश्वरीहरुको विस्तारको परिणाम मानिएको छ । यसैगरी धार्मिक विद्यालयहरुमा सञ्चालित इसीईडी/पिपिसीहरुको संख्या ५६६ (१.४%) छ जुन अघिल्लो वर्षको ५३८ (१.३%) भन्दा बढी हो ।

**तालिका: २२ विद्यालयका प्रकार र प्रदेश अनुसार प्रारम्भिक बाल विकास केन्द्र र पूर्व प्राथमिक कक्षा**

| प्रदेश | जम्मा | विद्यालयमा आधारित | | धार्मिक | संस्थागत |
|---|---|---|---|---|---|
| | | संघ | स्थानीय तह | | |
| कोशी | ७९५२ | ५८८६ | ४२४ | ७८ | १५६४ |
| मधेश | ५८५० | ४१८३ | ३२५ | १७० | ११७२ |
| बागमती | ७३८३ | ४८६२ | ४८१ | ११ | २०२९ |

| | | | | | |
|---|---|---|---|---|---|
| गण्डकी | ४२६४ | ३३२० | २९२ | १२ | ६४० |
| लुम्बिनी | ७२५६ | ५३२४ | ३९० | २८७ | १२५५ |
| कर्णाली | ३३४५ | २७६९ | ३३२ | ३ | २४१ |
| सुदूरपश्चिम | ४६३४ | ३४९२ | ४१५ | ५ | ७२२ |
| **नेपाल** | **४०६८४** | **२९८३६** | **२६५९** | **५६६** | **७६२३** |

***स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाशI प्रतिवेदन, २०८०***

माथिको तालिका अनुसार सबैभन्दा धेरै प्रतिशत इसीईडी/पिपिसीहरु कोशी प्रदेशमा १९.५ % रहेका छन् । त्यसपछि क्रमशः बागमती प्रदेशमा १८.१%, लुम्बिनी १७.८%, मधेश १४.४%, सुदूरपश्चिम ११.३%, गण्डकी १०.५% र कर्णाली प्रदेशमा ८.२% रहेका छन् । संस्थागत इसीईडी/पिपिसीहरुको हिसाबले सातवटा प्रदेशहरु मध्ये बागमती प्रदेशमा सबैभन्दा धेरै प्रतिशत २६.६% रहेको छ । शैक्षिक सत्र २०७८ देखि २०८० सम्म प्रारम्भिक बालविकास केन्द्र, बालबालिकाको संख्या, भर्नादर र लैङ्गिक अनुपात तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिकाः २३ प्रारम्भिक बाल विकास केन्द्रमा बालबालिकाको संख्या, भर्ना दर र लैङ्गिक अनुपात**

| शैक्षिक सत्र | बालबालिकाको संख्या | भर्ना दर | लैङ्गिक अनुपात |
|---|---|---|---|
| २०७८ | १०,१०,१९५ | ८९.६ | ०.९२ |
| २०७९ | १२,०८,४२५ | ९४.९ | ०.९५ |
| २०८० | १२८६५२६ | ९९.९ | ०.९३ |

***स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाशI प्रतिवेदन,*** २०७९/२०८०

माथिको तालिकाबाट शैक्षिक सत्र २०७८ देखि २०८० सम्मको प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका बालबालिका संख्या र भर्ना दर बढेको देखिन्छ । शैक्षिक सत्र २०७९ मा ९४.९ रहेको भर्ना दर बढेर शैक्षिक सत्र २०८० मा ९९.९ प्रतिशत पुगेको छ । प्रारम्भिक बाल विकास केन्द्रमा लैङ्गिक अनुपात शैक्षिक सत्र २०७९ मा ०.९५ रहेकोमा २०८० मा यो अनुपात घटेर ०.९३ पुगेको छ ।

## ३.२.१ बाल विकास केन्द्रबाट कक्षा १ मा भर्ना हुने विद्यार्थी

प्रारम्भिक बाल विकास केन्द्रमा भएको बढोत्तरीले आम मानिसमा प्रारम्भिक बाल विकास शिक्षाको महत्व बढ्दै गएको देखाएको छ । शैक्षिक सत्र २०७९ मा बाल विकास केन्द्रबाट कक्षा १ मा भर्ना हुने विद्यार्थीको अनुपात ७६.७ प्रतिशत रहेकोमा शैक्षिक सत्र २०८० मा यस्तो अनुपात ७६.९ प्रतिशत पुगेको छ ।

**ग्राफ: १० बाल विकास केन्द्रबाट कक्षा १ मा भर्ना हुने विद्यार्थी (प्रतिशत)**




***स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०***

माथि देखाइएको ग्राफ अनुसार शैक्षिक सत्र २०८० मा ३२ हजार ८६१ सामुदायिक (परम्परागत विद्यालयमा सञ्चालित ५६६ समेत ) र ७ हजार ६२३ संस्थागत गरी ४० हजार ६८४ प्रारम्भिक बाल विकास केन्द्र तथा पूर्व प्राथमिक कक्षा सञ्चालनमा रहेका छन् । औपचारिक शिक्षाको तयारीमा महत्वपूर्ण मानिने यस्तो शिक्षा प्रदान गरिने संस्थामा भएको वृद्धिले गुणस्तरीय शिक्षामा योगदान पुऱ्याएको छ ।

## ३.२.२ प्रारम्भिक बाल विकास कक्षामा भर्ना भएका विद्यार्थी

**ग्राफ: ११ शैक्षिक सत्र २०८० मा प्रारम्भिक बाल विकास कक्षामा भर्ना भएका विद्यार्थी प्रतिशत**




***स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०८०***

शैक्षिक सत्र २०८० मा प्रारम्भिक बाल विकास कक्षामा भर्ना भएका कूल १२ लाख ८६ हजार ५२६ विद्यार्थी मध्ये ४९.७ प्रतिशत बालबालिका सामुदायिक बाल विकास केन्द्रमा र ५०.३ प्रतिशत बालबालिका संस्थागत विद्यालयमा भर्ना भएका छन् । सामुदायिक र संस्थागत दुवै किसिमका बाल विकास केन्द्रमा छात्राको भन्दा छात्रको संख्या बढी रहेको छ ।

### ३.२.३ प्रारम्भिक बाल विकास केन्द्रमा दलित, जनजाती र मधेसी बालबालिका

शैक्षिक सत्र २०७८ देखि २०८० सम्मको दलित, जनजाती र मधेसी समूहका बालबालिकाको संख्या र प्रतिशत तलको तालिकामा दिइएको छ ।

**तालिका: २४ प्रारम्भिक बाल विकास केन्द्रमा दलित, जनजाति र मधेसी बालबालिका (प्रतिशत)**

| शैक्षिक सत्र र बालबालिका | जम्मा |
|---|---|
| जम्मा बालबालिका २०७८ | १०१०१९५ |
| दलित % | १८.० |
| जनजाती % | ३६.२ |
| मधेसी % | १६.२ |
| जम्मा बालबालिका २०७९ | १२०८४२५ |
| दलित % | १६.८ |
| जनजाती % | ३४.९ |
| मधेसी % | १६.६ |
| जम्मा बालबालिका २०८० | १२८६५२६ |
| दलित % | १६.२ |
| जनजाती % | ३४.५ |
| मधेसी % | १७.६ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०८०*

माथिको तालिकाबाट प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका दलित समूहका बालबालिकाको प्रतिशत शैक्षिक सत्र २०७९ मा १६.८% रहेकोमा शैक्षिक सत्र २०८० मा यो प्रतशित घटेर १६.२ % मा पुगेको छ भने जनजाती बालबालिकाको प्रतिशत पनि गत शैक्षिक सत्रमा भन्दा ०.४% ले घटेको छ । मधेसी बालबालिकाको प्रतिशत शैक्षिक सत्र २०७९ मा १६.६ % रहेकोमा २०८० मा बढेर १७.६% पुगेको छ ।

### ३.२.४ प्रारम्भिक बाल विकास केन्द्रका रहेका अपाङ्गता भएका बालबालिका

प्रारम्भिक बाल विकास केन्द्रमा शैक्षिक सत्र २०७९ मा ३ हजार ९२४ (बालक २२८८, बालिका १६३६) जना अपाङ्गता भएका बालबालिका रहेका थिए भने शैक्षिक सत्र २०८० मा प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका अपाङ्गगता भएका बालबालिकाको संख्या ४ हजार ९०३ (बालक २८९६, बालिका २००७) रहेका छन् । सामुदायिक विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रमा २ हजार ८९० जना, संस्थागत विद्यालयमा २ हजार १३ जना बालबालिका रहेका छन् । अपाङ्गताको प्रकृति अनुसार प्रारम्भिक बाल विकास केन्द्रमा रहेका बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका: २५ प्रारम्भिक बाल विकास केन्द्रमा रहेका अपाङ्गता भएका बालबालिका**

| क्र.स. | अपाङ्गताको प्रकार | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | बहुअपाङ्गता | १७१ | १२७ | २९८ |
| २ | अनुवंशीय रक्तश्राव (हेमोफोलिया) | १० | ६ | १६ |
| ३ | मानसिक अपाङ्गता | ६२ | ५२ | ११४ |
| ४ | अटिजम | ११७ | ३७ | १५४ |
| ५ | बोलाइ सम्बन्धी अपाङ्गता | १७८ | ८३ | २६१ |
| ६ | दृष्टिविहिन | २५ | १३ | ३८ |
| ७ | न्यून दृष्टियुक्त | ८४ | ६० | १४४ |
| ९ | पूर्ण दृष्टिविहिन | १५२ | ११८ | २७० |
| १० | कम सुन्ने | २५ | २० | ४५ |
| ११ | सुनाइ सम्बन्धी अपाङ्गता | २०८ | १३० | ३३८ |
| १२ | बौद्धिक अपाङ्गता | १७९ | १२६ | ३०५ |
| १३ | शारीरिक अपाङ्गता | १६८० | १२३२ | २९१२ |
| १४ | श्रवण दृष्टिविहिन | ५ | ३ | ८ |
| | **जम्मा** | २८९६ | २००७ | ४९०३ |

*स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०८०*

माथिको तालिकामा प्रस्तुत गरिएका विभिन्न प्रकारका अपाङ्गतामध्ये सबैभन्दा बढी शारीरिक अपाङ्गता भएका बालबालिका २ हजार ९१२, सुनाइ सम्बन्धी अपाङ्गता भएका ३३८ र वौद्धिक अपाङ्गता भएका ३०५ जना रहेकाछन् ।

## ३.३ शैक्षिक सूचक

शैक्षिक सत्र २०८० मा माध्यमिक तह (कक्षा ९-१२) को खुद भर्ना दर गत वर्षको भन्दा ०.५ प्रतिशतले बढेर ५७.९ प्रतिशत पुगेको छ । कक्षा १ मा खुद भर्ना दर ९५.७% रहेको छ भने आधारभूत तह (कक्षा १-५) को खुद भर्ना दर ९५.६% र आधारभूत तह (कक्षा १-८) को खुद भर्नादर ९५.१% रहेको छ । गत शैक्षिक सत्रमा उक्त भर्ना दर क्रमश: ९७.१% र ९६.१% रहेको थियो । प्रारम्भिक बाल विकास कक्षामा १ वर्षभन्दा बढी अवधी रहने प्रवृत्ति बढेको र जनसंख्या वृद्धि दरमा कमि आएकोले कक्षा १ मा खुद प्रवेश दर र आधारभूत तहको खुद भर्नादर घटेको छ ।

पछिल्ला वर्षमा विद्यार्थीको टिकाउ दर क्रमश: बढ्दै गएको छ । शैक्षिक सत्र २०८० मा कक्षा ८ सम्मको टिकाउ दर ८६.२ प्रतिशत, कक्षा दशसम्मको टिकाउ दर ६९.९ प्रतिशत र कक्षा १२ सम्मको टिकाउ दर ३७.२ प्रतिशत पुगेको छ । शैक्षिक सत्र २०७९ मा यस्तो टिकाउ दर क्रमश: ८५.७ प्रतिशत र ३५.६ प्रतिशत रहेको थियो ।

**तालिकाः २६ शैक्षिक सूचक**

| सूचकहरु | २०७८ | २०७९ | २०८० | |
|---|---|---|---|---|
| आधारभूत शिक्षा (प्रारम्भिक बाल विकास/ पूर्व प्राथमिक शिक्षा समेत ) | | | | |
| पूर्व प्राथमिक शिक्षामा कूल भर्ना दर | ८९.६ | ९४.९ | ९९.९ | |
| पूर्व प्राथमिक शिक्षामा अनुभव भई कक्षा १ मा भर्ना प्रतिशत | ७४.९ | ७६.७ | ७६.९ | |
| कक्षा १ मा कूल भर्ना दर | १२७.० | १२५.७ | ११५.९ | |
| कक्षा १ मा खुद भर्ना दर | ९६.३ | ९५.९ | ९५.७ | |
| कूल भर्ना दर (कक्षा १-५) | १२२.०० | १२९.५ | १२४.८ | |
| खुद भर्ना दर (कक्षा १-५) | ९६.९ | ९७.१ | ९५.६ | |
| कूल भर्ना दर (कक्षा १-८) | ११८.० | ११९.३ | १२०.४ | |
| खुद भर्ना दर (१-८) | ९५.१ | ९६.१ | ९५.१ | |
| कक्षा १- ८ को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक | १.० | १.०० | १.० | |
| कक्षा ८ मा टिकाउ दर | ८५.१ | ८५.७ | ८६.२ | |
| आधारभूत शिक्षाको तह पूरा गर्ने दर | ७६.२ | ७७.१ | ८०.३ | |
| ५- १२ वर्ष उमेरका विधालय बहिरा रहेका बालबालिकाको प्रतिशत | ४.९ | ३.९ | ४.९ | |
| कक्षा ३ मा विद्यार्थीको पठन सक्षमता प्रतिशत | ४३.७ | NA | NA | |
| **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | |
| कक्षा ९-१० को खुद भर्नादर | ७६.१ | ७६.५ | ७६.५ | |
| कक्षा ९-१२ को खुद भर्नादर | ५४.३ | ५७.४ | ५७.९ | |
| कक्षा १० सम्मको टिकाउदर | ६६.१ | ६७.३ | ६९.९ | |

| | | | | |
|---|---|---|---|---|
| कक्षा १२ सम्मको टिकाउ दर | १.० | १.० | ०.९ | |
| **साक्षरता दर** | | | | |
| साक्षरता दर ६ + वर्ष | ७८.० | ७६.३ | ७६.३ | |
| साक्षरता दर १५-२४ वर्ष | ८८.६ | ९४.२ | ९४.२ | |
| साक्षरता दर १५ + वर्ष | ५८.० | ७१.२ | ७१.२ | |

***स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०८०***

यस तालिकामा नेपालको आधारभूत र माध्यमिक शिक्षा, साक्षरता दर तथा विद्यालयमा टिकाउ दरका विभिन्न सूचकहरूको जानकारी दिइएको छ । यसमा प्रारम्भिक बाल विकासदेखि माध्यमिक तहसम्मको भर्ना र टिकाइको अवस्थाबारे तीन वर्षको (२०७८-२०८०) तथ्याङ्क रहेको छ ।

प्रारम्भिक बाल विकास र पूर्व प्राथमिक शिक्षामा कूल भर्ना दर २०७८ मा ८९.६% बाट बढेर २०८० मा ९९.९% पुगेको छ । यसले प्रारम्भिक बाल विकास शिक्षामा उल्लेखनीय पहुँच वृद्धि भएको देखाउँछ । पूर्व प्राथमिक शिक्षाबाट कक्षा १ मा भर्ना प्रतिशत २०७८ मा ७४.९% बाट बढेर २०७९ र २०८० मा क्रमशः ७६.७% र ७६.९% पुगेको छ । कक्षा १-५ र १-८ का कूल र खुद भर्ना दरमा सामान्य उतार चढाव भएको देखिन्छ । कक्षा १-८ मा लैङ्गिक समानता दर भने स्थिर रहेको छ । जसले लिङ्गको आधारमा समान पहुँचको सङ्केत गर्छ । कक्षा ९-१० मा खुद भर्ना दर ७६.५% छ भने कक्षा ९-१२ मा भर्ना दर २०७८ को ५४.३% बाट बढेर २०८० मा ५७.९% पुगेको छ । कक्षा १२ सम्मको टिकाउ दर ३३.१% बाट बढेर २०८० मा ३७.२% पुगेको छ । जसले माध्यमिक शिक्षा सिकाइ र टिकाइमा केही सुधार भएको देखाएको छ ।

## ३.४ विद्यालय, विद्यार्थी, शिक्षक र भर्ना दर

**तालिकाः २७ विद्यालय सम्बन्धी विवरण**

| प्रकार | सामुदायिक | परम्परागत / धामिर्क | सामुदायिक ( परम्परागत सहित ) | संस्थागत | जम्मा |
|---|---|---|---|---|---|
| आधारभूत तह ( कक्षा १-५) | १४६५२ | ११५० | १५८०२ | १८१५ | १७६१७ |
| आधारभूत तह ( कक्षा १-८) | ४८२१ | १५१ | ४९७२ | १७९५ | ६७६७ |
| माध्यमिक तह ( कक्षा १-१०) | ३४७४ | ५९ | ३५३३ | ३१३९ | ६६७२ |
| माध्यमिक तह ( कक्षा १-१२) | ३६५९ | ५९ | ३६८३ | ११३७ | ४८२० |

| जम्मा | २६६०६ | १३८४ | २७९९० | ७८८६ | ३५८७६ |
|---|---|---|---|---|---|

***स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०८०***

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्लाश *I* २०८० प्रतिवेदन अनुसार नेपालभर ३५ हजार ८७६ विद्यालयहरु रहेका छन् । शैक्षिक सत्र २०८० मा कूल विद्यालय संख्या ३५ हजार ८७६ पुगेको छ । यस्तो संख्या गत शैक्षिक सत्रमा ३६ हजार ३२ रहेको थियो । कूल विद्यालय मध्ये सामुदायिक विद्यालय ७४.१ प्रतिशत, संस्थागत विद्यालय २२.० प्रतिशत र परम्परागत/ धार्मिक विद्यालय ३.९ प्रतिशत रहेको छ । यसैगरी २७ हजार ९९० (७८%) सामुदायिक विद्यालय र बाँकी ७ हजार ८८६ (२२%) संस्थागत विद्यालय रहेका छन् । शैक्षिक सत्र २०७९ मा २८ हजार ६५९ (७९.५३%) सामुदायिक र ७ हजार ३७३ (२०.४६%) संस्थागत विद्यालय रहेका थिए । ECED/PPC, Montessori आधारित PPC वा ECED/PPC मा घटाइएका विद्यालयहरुलाई यस तालिकामा गणना गरिएको छैन ।

**तालिकाः २८ विद्यालयको प्रदेशगत विवरण**

| प्रदेश | जम्मा विद्यालय | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|---|
| | | विद्यालय | प्रतिशत | विद्यालय | प्रतिशत |
| कोशी | ६९६२ | ५३५९ | ७७.० | १६०३ | २३.० |
| मधेश | ४८०६ | ३५०९ | ७३ | १२९७ | २७.० |
| बागमती | ६८३७ | ४७४३ | ६९.४ | २०९४ | ३०.६ |
| गण्डकी | ४०४४ | ३४०७ | ८४.२ | ६३७ | १५.८ |
| लुम्बिनी | ५८०० | ४५३१ | ७८.१ | १२६९ | २१.९ |
| कर्णाली | ३२३३ | २९८३ | ९२.३ | २५० | ७.७ |
| सुदूरपश्चिम | ४१९४ | ३४५८ | ८२.५ | ७३६ | १७.५ |
| | ३५८७६ | २७९९० | ७८.० | ७८८६ | २२.० |

***स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I, २०८०***

प्रस्तुत तालिका अनुसार कर्णाली प्रदेशमा ९२.३%, गण्डकी ३४.२%, सुदूरपश्चिम ८.५%, लुम्बिनी ७८.१%, कोशी ७७% , मधेश ७३% र बागमती प्रदेशमा ६९.४% सामुदायिक विद्यालय (धार्मिक विद्यालय सहित) रहेका पाइएको छ । यसरी तुलनात्मक रुपमा बागमती, मधेस र कोशी प्रदेशमा नीजि तथा संस्थागत विद्यालयहरु अन्य प्रदेशको तुलनामा बढी रहेका देखिन्छन् ।

**तालिकाः २९ तहगत विद्यालय, विद्यार्थी र शिक्षक अनुपात**

| तह | प्रति विद्यालय विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात (स्वीकृत दरबन्दीका आधारमा) |
|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | ८५.२ | २९.६ |
| आधारभूत तह (कक्षा ६-८) | १०९ | ८१.४ |
| माध्यमिक तह (कक्षा ९-१०) | १०९.७ | ६१.६ |
| माध्यमिक तह (कक्षा ११-१२) | १३९.८ | २६८.५ |

***स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०८०***

शैक्षिक सत्र २०८० मा सामुदायिक विद्यालयमा विद्यालय विद्यार्थी अनुपात आधारभूत तह (कक्षा १-५) मा ८५.२, आधारभूत तह (कक्षा ६-८) मा १०९, माध्यमिक तह (कक्षा ९-१०) मा १०९.७ र माध्यमिक तह (कक्षा ११-१२) मा १३९.८ रहेको छ। त्यसैगरी, स्वीकृत दरबन्दीका आधारमा विद्यार्थी अनुपात माध्यमिक तह (कक्षा ११-१२) मा सबैभन्दा बढी २६८.५ र आधारभूत तह (कक्षा १-५) मा सबै भन्दा कम २९.६ रहेको छ।

**तालिकाः ३० विगत ५ वर्ष देखीका तहगत विद्यार्थी संख्या**

| **तह** | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० |
|---|---|---|---|---|---|
| आधारभूत तह ( कक्षा १-५) | ३५४३८६२ | ३५१८९५० | ३५४८६३६ | ३६१०६०३ | ३५१९२१४ |
| आधारभूत तह ( कक्षा ६-८) | १७७५१४२ | १८१६७७६ | १७७७३४४ | १८२७४३३ | १८५२४९३ |
| माध्यमिक तह ( कक्षा ९-१०) | १०४०९७६ | १०६४८१५ | १०७९३५२ | १०६३२८५ | १०४५०९२ |
| माध्यमिक तह ( कक्षा ११-१२) | ६६१६४२ | ६८०२२१ | ६१७५५९ | ७३५९५३ | ७२६४६३ |
| जम्मा | ७०२३६९८ | ७०८२८३९ | ७०२४९६९ | ७२३९३५३ | ७१४३२६२ |

***स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०८०***

शैक्षिक सत्र २०८० मा आधारभूत तह (कक्षा १-५) मा ४९.३ प्रतिशत, आधारभूत तह (कक्षा ६-८) मा २५.९ प्रतिशत माध्यमिक तह (कक्षा ९-१०) मा १४.६ प्रतिशत र माध्यमिक तह (कक्षा ११-१२) मा १०.२ प्रतिशत विद्यार्थी अध्ययनरत छन्। यस वर्ष भर्ना भएका कुल बिद्यार्थी मध्ये छात्रा ४८.५ प्रतिशत र छात्र ५१.५ प्रतिशत रहेका छन्।

ग्राफः १२ खुद भर्ना दर




*स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०८०*

माध्यमिक तह (९-१२) मा खुद भर्ना दर बढ्दै गएको छ । शैक्षिक सत्र २०८० मा आधारभूत तहको खूद भर्नादर अघिल्लो वर्ष भन्दा एक प्रतिशत विन्दुले कमि आएको छ  भने माध्यमिक तहको खुद भर्ना दर ०.५ प्रतिशत बिन्दुले बृद्धि भएको छ ।

**ग्राफ: १३ विद्यालयमा विद्यार्थी भर्ना (प्रतिशत, शैक्षिक सत्र २०८०)**




*स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०८०*

शैक्षिक सत्र २०८० मा ६९.९ प्रतिशत बिद्यार्थी सामुदायिक विद्यालय र ३०.१ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा अध्यनरत छन् । कूल विद्यालय मध्ये ७८.० प्रतिशत सामुदायिक विद्यालय रहेका छन् ।

**तालिका: ३१ शैक्षिक सत्र २०८० मा तहगत विद्यार्थी भर्ना दर**

| विद्यालय तह | कूल भर्ना दर | | | खुद भर्ना दर | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| आधारभूत तह (कक्षा १-५) | १२४.३ | १२५.२ | १२४.८ | ९५.६ | ९७.७ | ९५.६ |
| आधारभूत तह (कक्षा ६-८) | ११९.४ | ११२.७ | ११६.१ | ९४.३ | ९४.५ | ९४.४ |
| आधारभूत तह (कक्षा १-८) | १२१.९ | ११९.० | १२०.४ | ९५.० | ९५.१ | ९५.१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| माध्यमिक तह (कक्षा ९-१०) | ९७.३ | १००.१ | ९८.७ | ७५.७ | ७७.३ | ७६.५ |
| माध्यमिक तह (कक्षा ९-१२) | ६९.८ | ६९.९ | ६९.९ | ५५.८ | ५९.९ | ५७.९ |

***स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०८०***

शैक्षिक सत्र २०८० मा आधारभूत तह (कक्षा १-८) मा छात्राको कूल भर्ना दर बढी भए तापनि माध्यमिक तह (कक्षा ९-१२) मा छात्रको कूल भर्ना दर बढी रहेको छ। शैक्षिक सत्र २०७९ मा सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुमा नेपाल सरकार मार्फत नियुक्त भएका कक्षा १-५ सम्ममा १ लाख २ हजार ३५ जना र कक्षा ६-८ मा २५ हजार ८६१ जना गरी कूल १ लाख २७ हजार ८९६ जना शिक्षकहरु कार्यरत रहेका छन्। यसैगरी माध्यामिक तह (कक्षा ९-१२) मा २१ हजार ३५८ जना शिक्षक रहेका छन्।

**तालिका: ३२ सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात (नेपाल सरकारमार्फत नियुक्त शिक्षकहरु)**

| क्र. सं. | विद्यालयको तह | जम्मा | महिला | पुरुष | विद्यार्थी शिक्षक अनुपात |
|---|---|---|---|---|---|
| १. | आधारभूत तह (कक्षा १-५) | १०२०३५ | ४५२३७ | ५६७९८ | २३.१ |
| २. | आधारभूत तह (कक्षा ६-८) | २५८६१ | ६९८७ | १८८७४ | ५१.१ |
| ३. | आधारभूत तह (कक्षा १-८) | १२७८९६ | ५२२२४ | ७५६२७ | २९.१ |
| ४. | माध्यमिक तह (कक्षा ९-१०) | १९५२० | ३२७० | १६२५० | ४०.१ |
| ५. | माध्यमिक तह (कक्षा ११-१२) | ५८५९ | ७५१ | ५१०८ | ५८.१ |
| **६.** | माध्यमिक तह (कक्षा ९-१२) | २१३५८ | ४०२१ | २१३५८ | ५१.१ |

***स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लास I प्रतिवेदन २०८०***

विद्यालयले आधारभूत तह (१-५) मा १ लाख २ हजार ३५ शिक्षक र आधारभूत तह (६-८) मा २५ हजार ८६१ शिक्षकहरूका अतिरिक्त, सामुदायिक विद्यालयहरूले निजी रूपमा आधारभूत तह (१-५) मा १४ हजार ९०८ शिक्षक र आधारभूत तह (६-८) मा ५ हजार ९५७ शिक्षकहरू नियुक्त गरिएका छन्। सामुदायिक विद्यालयहरूको आधारभूत तह (१-८) मा कूल २० हजार ८६५ यस्ता शिक्षकहरू रहेका छन्।

ग्राफ: १४ विगत ५ वर्षमा कक्षा ५ र कक्षा ८ को टिकाउ दर (प्रतिशत)




***स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०८०***

शैक्षिक सत्र २०८० मा कक्षा ५ को टिकाउ दर गत वर्ष भन्दा ०.७ प्रतिशत विन्दुले घटेर ८८.४ प्रतिशतमा झरेको छ भने कक्षा ८ को टिकाउ दर ०.४ प्रतिशत विन्दुले बढेर ८६.२ प्रतिशत पुगेको छ।

## ३.५ माध्यमिक शिक्षा परीक्षा (SEE)

माध्यमिक शिक्षा परीक्षा २०७९ मा सामेल भएका ४ लाख ८४ हजार ९२४ परीक्षार्थीमध्ये जि.पि.ए ०.८० देखि २.४० सम्म ल्याउने विद्यार्थी ४७.८ प्रतिशत र जि.पि.ए २.४० देखि ४.०० सम्म ल्याउने विद्यार्थी ५२.२ प्रतिशत रहेको छ।

**ग्राफ: १५ २०७९ को माध्यमिक शिक्षा परीक्षा (प्रतिशत)**




*स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०८०*

## ३.६ दिगो विकास लक्ष्यले निर्धारण गरेका गुणस्तरीय शिक्षाका प्रमुख सूचकको अवस्था

**तालिका: ३३ सबैका लागि गुणस्तरीय शिक्षाका प्रमुख सूचकको अवस्था**

| प्रमुख सूचक | वेसलाइन | सन् २०३० को लक्ष्य | सन् २०२२ को लक्ष्य | सन् २०२२ सम्मको प्रगती |
|---|---|---|---|---|
| अपेक्षित विद्यालय अध्ययन वर्ष | १२७.० | | | १२.६ |
| औसत विद्यालय अध्ययन वर्ष | ४७.० | | | ४.५ |
| खुद भर्नादर (प्राथमिक तह १-५ कक्षा सम्म) | ९६.६ | ९९.५ | ९९.० | ९७.१ |
| प्राथमिक तह उत्तीर्ण दर (प्राथमिक तह १-५ कक्षासम्म) | ८०.६ | ९५.० | ९३.१ | ७७.१ |
| खुद भर्नादर (आधारभूत तह तह १-८ कक्षासम्म) | ७६.६ | ९५ | ९२ | ८५.७ |

| | | | | |
|---|---|---|---|---|
| कुल भर्ना दर (माध्यमिक तह तह ९-१२ कक्षा सम्म) | ५६.७ | ९९.० | ९०.० | ८३.० |
| युवा साक्षरता दर (१५-२४ वर्ष) प्रतिशत | ८८.६ | ९९.० | ९५.० | ९३.८ |

***स्रोत: राष्ट्रिय योजना आयोग २०८०***

दिगो विकास लक्ष्य-४ अन्तर्गत समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाइका अवसरहरु प्रदान गर्ने रहेको छ। यस अन्तर्गत महत्वपूर्ण उपलब्धि हासिल भएको छ। आधारभूत र माध्यमिक तहको खुद भर्ना दरमा सुधार हुदै गएको छ। युवा साक्षरता दर उल्लेख्य रुपमा बढेको छ।

## ३.७ विद्यालय शिक्षामा दलित, जनजाति र अपाङ्गता भएका बालबालिका

शैक्षिक सत्र २०७९ मा आधारभूत तह (१-८) मा अध्ययनरत बालबालिकामध्ये दलित बालबालिकाको प्रतिशत १७.९६ रहेकोमा शैक्षिक सत्र २०८० मा घटेर १७.७ पुगेको छ भने जनजाति बालबालिकाको प्रतिशत ३२.५ बाट घटेर ३२.२ पुगेको छ। आधारभूत र माध्यमिक तहमा शैक्षिक सत्र २०७८ देखि २०८० सालमा अध्ययनरत कूल बालबालिकामध्ये दलित र जनजाति बालबालिकाको प्रतिशत तलको तालिकामा दिइएको छ।

**तालिका: ३४ शैक्षिक तह अनुसार कूल विद्यार्थीमा दलित र जनजाति बालबालिका (प्रतिशत, २०७८-२०८०)**

| साल | २०७८ | | २०७९ | | २०८० | |
|---|---|---|---|---|---|---|
| **शैक्षिक तह** | **दलित%** | **जनजाति%** | **दलित%** | **जनजाति%** | **दलित%** | **जनजाति%** |
| आधारभूत (१-८) | १८.२ | ३३.२ | १७.९६ | ३२.५ | १७.७ | ३२.२ |
| माध्यमिक (९-१२) | १२.३ | ३५.६ | १२.७ | ३५.९ | १२.६ | ३५.२ |

***स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन २०८०***

शिक्षा तथा मानव स्रोत विकास केन्द्र फ्लाश *I* प्रतिवेदन २०८० अनुसार दलित र जनजाति समुदायका विद्यार्थीहरूको संख्या क्रमश: २ लाख २३ हजार ७४५ र ६ लाख २३ हजार ६०६ जना रहेको छ। माध्यमिक तह (कक्षा ९-१२) का कूल विद्यार्थीहरूको सन्दर्भमा, दलित विद्यार्थीहरूको १२.६ प्रतिशत र जनजाति विद्यार्थीहरूको ३५.२ प्रतिशत रहेको छ। माध्यमिक तहमा दलित विद्यार्थीहरू आधारभूत तह (१-८) को १७.९६ प्रतिशतको तुलनामा निकै कम छ। तर माध्यमिक तहमा जनजाति विद्यार्थीहरू आधारभूत तह (१-८) को ३३.५१ प्रतिशतको तुलनामा बढी रहेको छ।

### ३.७.१ अपाङ्गता भएका बालबालिकाका लागि शिक्षा

अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुच अभिवृद्धि गर्न हालसम्म ३३ विशेष विद्यालय र २३ एकीकृत विद्यालय संचालनमा रहेका छन्। अपाङ्गता भएका बालबालिकाको लागि ३८० स्रोत कक्षाको व्यवस्था भएको छ। दृष्टि सम्बन्धी अपाङ्गता भएका बालबालिकाको लागि नि:शुल्क रुपमा ब्रेल पाठ्यपुस्तक उपलब्ध हुँदै आएको छ।

**ग्राफ: १६ विशेष विद्यालय र कक्षा**




***स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I २०८०***

अपाङ्गता भएका बालबालिकालाई नियमित कक्षा वा तिनीहरूको लागि छुट्टै विशेष विद्यालयमा ल्याउन धेरै प्रयासहरू गरिएका छन्। परिणामस्वरूप देशभरी ३६ वटा विशेष विद्यालय सञ्चालनमा रहेका छन् भने दृष्टिविहीन र श्रवणबाधित विद्यार्थीहरूको शिक्षाका लागि समर्पित १२ वटा विद्यालय र थप ३८० वटा स्रोत कक्षाहरू अपाङ्गता भएका विद्यार्थीहरूको लागि सञ्चालनमा रहेका छन्।

### ३.७.२ अपाङ्गता भएका बालबालिकाका लागि छात्रवृत्ति

अपाङ्गता भएका बालबालिकाले प्राप्त गर्ने छात्रवृत्तिको कारण उनीहरुको शिक्षाको साथसाथै व्यक्तिगत विकासमा समेत मदत पुगेको छ। शैक्षिक सत्र २०८० मा आधारभूत तथा माध्यमिक शिक्षा तर्फ ५३ हजार ६ सय ८० अपाङ्गता भएका बालबालिकाले आवासीय तथा गैर आवासीय छात्रवृत्ति प्राप्त गरेका छन्। गत आर्थिक बर्षमा ५३ हजार ६ सय ८० अपाङ्गता भएका बालबालिकाले आवासीय तथा गैर आवासीय छात्रवृत्ति प्राप्त गरेका थिए।

## ३.८ भूकम्प प्रभावित क्षेत्रको शैक्षिक पूर्वाधार निर्माण

हालसम्म २०७२ को भूकम्पबाट प्रभावित ३१ जिल्लाका ७ हजार ५३७ विद्यालयको पुनर्निर्माण कार्य सम्पन्न भएको छ भने ४० विद्यालय निर्माणाधिन अवस्थामा रहेका छन्।

## ३.९ विद्यालय दिवा खाजा कार्यक्रम

शैक्षिक सत्र २०८० मा प्रारम्भिक बाल शिक्षा देखि कक्षा ५ सम्म सामुदायिक विद्यालयमा अध्यनरत देशभरका ३० लाख ९ हजार ६४० विद्यार्थी प्रत्यक्ष रुपमा दिवा खाजा कार्यक्रमबाट लाभान्वित भएका छन्। गत शैक्षिक सत्रमा यस्तो सङ्ख्या ३१ लाख १३ हजार ६८४ रहेको थियो।

## ३.१० छात्रवृत्ति कार्यक्रम

शैक्षिक सत्र २०८० मा सामुदायिक विद्यालयमा अध्यनरत विद्यार्थीमध्ये ११ लाख ४३ हजार ६३१ विद्यार्थीले विभिन्न किसिमका छात्रवृत्ति प्राप्त गरेका छन् । आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्म छात्रवृत्ति वापत रू २ अर्ब ३६ करोड ७५ लाख ३९ हजार उपलब्ध गराइएको छ । यसले विद्यालयमा लक्षित वर्गको टिकाउ दर बढाउन सहयोग पुगेको छ ।

## ३.११ विद्यालय शिक्षामा सूचना प्रविधि

मुलुकभर सञ्चालित २७ हजार ९९० सामुदायिक विद्यालयमध्ये ५८.१ प्रतिशत विद्यालयमा सूचना तथा सञ्चार प्रबन्धका उपकरण तथा पूर्वाधार विस्तार भएको छ । गत शैक्षिक सत्रमा सूचना प्रविधि प्रयोगशाला भएका विद्यालय २५.१ प्रतिशत रहेका थिए । यसैगरी वैकल्पिक स्रोत समेत विधुतीय सेवा पुगेका विद्यालय ६९.६ प्रतिशत र ब्रोडब्यान्ड इन्टरनेट जडान भएका विद्यालय ४३.१ प्रतिशत रहेका छन् ।

# परिच्छेद -४
## बालबालिकाको संरक्षण सम्बन्धी अधिकार

### ४.१ पृष्ठभूमि

नेपालको संविधानले बालबालिकाको संरक्षणको अधिकारलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ। यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको संरक्षणको अधिकार मुलुकी देवानी संहिता, २०७४ मा दश वर्ष उमेर नपुगेको बालबालिकाले गरेको कुनै काम कसूर नमानिने, बालबालिकाबाट कसैले गराएको कसूरमा उमेर पुगेकोलाई सजाय हुने, छोरा-छोरी, छोरा-छोरा वा छोरी-छोरीबीच कुनै किसिमले भेदभाव गर्न नहुने, बालबालिका विरुद्ध हिंसा र बाल यौन दुर्व्यवहार गर्न नहुने व्यवस्था रहेको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ बालबालिकाका लागि बिशिष्टीकृत ऐन भएकोले बालबालिकाको संरक्षणको अधिकार सहित तेह्र वटा खण्डहरुमा २१ प्रकारका अधिकारहरुको व्यवस्था गरेको छ । बाल अधिकारको संरक्षण तथा संवर्द्धनका लागि संस्थागत र संयन्त्रगत व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले बालबालिकासँग सम्बन्धित पञ्जीकरण, सूचना व्यवस्थापन, सडक बालबालिका, अनाथ, असहाय, असक्त, र मानसिक असन्तुलन भएका व्यक्तिहरुको संरक्षण र व्यवस्थापन, बाल विवाह, लैङ्गिक हिंसा, छुवाछूत, हलिया, छाउपडी, कमलरी, बालश्रम, मानव वेचविखन जस्ता सामाजिक कुरीति र अन्ध विश्वासको अन्त्य गर्ने गराउने लगायतका कार्य गर्नुपर्ने व्यवस्था रहेको छ ।

संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ ले प्रत्येक बालबालिकालाई बिना कुनै भेदभाव हरेक अधिकार पाउने हक हुने, बालबालिकासँग सम्बन्धित कुनै पनि काम कुरा गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने, प्रत्येक बालबालिकाको जन्मनासाथ नाम र राष्ट्रियता पाउने लगायत बाबुआमा थाहा पाउने एवम् उनीहरुबाट स्याहार पाउने, आमाबाबुबाट अलग राख्न नहुने, बालबालिकाको अवैध स्थानान्तरण, अपहरण तथा विदेशबाट नफर्काउने स्थितिलाई निरुत्साहित पार्न आवश्यक कदम चाल्नु राज्यको दायित्व हुने व्यवस्था गरेको छ। बालबालिकामाथि हुन सक्ने कुनै पनि प्रकारको शारीरिक वा मानसिक दुर्व्यवहार, हेला वा उपेक्षा वा यौनदुराचार लगायतका शोषणहरुबाट बालबालिकालाई जोगाउन तथा पीडितको उपचारका लागि राज्यले उपयुक्त वैधानिक, प्रशासनिक, सामाजिक वा शैक्षिक उपायहरु अपनाउनु पर्ने, परिवारविहीन बालबालिकाको संरक्षण राज्यले गर्नुपर्ने व्यवस्था महासन्धिमा रहेको छ। शरणार्थी बालबालिका, अपाङ्गगता भएका बालबालिकाको विशेष संरक्षण, बालबालिकाको सामाजिक सुरक्षा, अल्पसंख्यक वा आदिवासी जनजाति समुदायका बालबालिकाको संरक्षण, बालश्रम, लागू पदार्थ दुर्व्यसनी, यौन दुर्व्यवहार, बेचबिखन, ओसारपसार र अपहरणबाट संरक्षण, सबै खाले शोषणबाट संरक्षण, सशस्त्र द्वन्द्वबाट बालबालिकाको संरक्षण लगायतका विषयहरुमा पक्षराष्ट्रले ध्यान दिनुपर्ने व्यवस्था गरेको छ ।

दिगो विकास लक्ष्यको लक्ष्य नं. १ अन्तर्गत राष्ट्रिय स्तरमा सबैका लागि उपयुक्त सामाजिक सुरक्षा प्रणाली तथा उपायहरु लागू गर्ने र गरीब र जोखिममा परेकाहरुलाई सामाजिक सुरक्षाको दायरा भित्र समेट्ने, लक्ष्य नं. ५ अन्तर्गत महिला, किशोरी र बालिका विरूद्ध हुने सबै प्रकारको भेदभावको अन्त्य गर्ने, मानव बेचविखन र यौन लगायत अन्य शोषण सहित सार्वजनिक र निजी क्षेत्रमा महिला, बालिका र किशोरीमाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्ने, बालविवाह, कम उमेरमा गरिने विवाह, जवर्जस्ती विवाह तथा अन्य घातक प्रचलनहरूको उन्मूलन गर्ने लक्ष्य लिएको छ। दिगो विकास लक्ष्यको लक्ष्य नं. ८ अन्तर्गत निकृष्ट स्वरूपको बालश्रमको निषेध र अन्त्य गर्न, बाध्य पारेर गराइने श्रमको उन्मूलन गर्न र सन् २०२५ सम्ममा भर्ती र बालसैनिकको प्रयोग लगायतका सबै स्वरूपका बालश्रम अन्त्य गर्न प्रभावकारी उपायहरू तत्काल अपनाउने, लक्ष्य नं १७ अन्तर्गत दुरुपयोग, शोषण, तस्करी र बालबालिका विरुद्धको यातना तथा सबै प्रकारका हिंसा समाप्त गर्ने तथा लक्ष्य नं. १९ मा जन्मदर्ता लगायतमा अन्य कानूनी पहिचान सबैलाई प्रदान गर्ने लक्ष्य लिएको छ ।

नेपालमा बालबालिकाको संरक्षणको अधिकार सम्बन्धमा व्यवस्था भएका संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थाका साथै अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिबद्धताहरुको कार्यान्वयनको अवस्था तथा बाल संरक्षणको स्थितिहरु यस परिच्छेदमा समावेश गरिएको छ। यस परिच्छेदमा मुलभूत रुपमा बालबालिकाको संरक्षण, पहिचान र नागरिकताको अधिकार, भेदभाव रहितता, बाल शोषण, बाल हिंसा तथा दुर्व्यवहार र पुन:स्थापना, बालबालिकाको न्यायमा पहुँच तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अवस्थाको बारेमा चर्चा गरिएको छ।

## ४.२ जन्म दर्ता तथा पहिचानको अधिकार

जन्म दर्तालाई प्रभावकारी बनाउन नेपाल सरकारले विद्यालय भर्ना, सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत बालबालिकाले पाउने भत्ता लगायत विभिन्न सेवा सुविधाका लागि जन्म दर्ता प्रमाणपत्रलाई अनिवार्य गरेपछि आम मानिसमा जन्म दर्ताको महत्व बढ्दै गएको छ। पाँचवर्ष सम्मका बालबालिकाको जन्म दर्ता दर पनि बढिरहेको छ। केन्द्रीय तथ्याङ्क विभागको बहुसूचक क्लस्टर सर्वेक्षण, २०७१ बाट पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता ५८.१ प्रतिशत (बालक ५९.२% र बालिका ५७.०%) पुगेको देखिएको थियो भने राष्ट्रिय जनगणना २०७८ अनुसार सो दर ७४ प्रतिशत पुगेको छ। पाँच वर्षमुनीका जन्म दर्ता गरिएका बालबालिकाको संख्या तलको ग्राफमा प्रस्तुत गरिएको छ।

**ग्राफ: १७ जन्म दर्ता गरिएका ५ वर्षमुनिका बालबालिका**




*स्रोत: राष्ट्रिय जनगणना २०७८*

माथिको ग्राफमा ५ वर्षमुनिका कूल ३० लाख ७ हजार ६४८ जना बालबालिकामध्ये २२ लाख २६ हजार ७१५ जना ७४% बालबालिकाको जन्म दर्ता भएको देखिएको छ भने सोही उमेर समूहका ७ लाख ८० हजार ९३३ जना बालबालिकाको जन्म दर्ता नभएको देखिएको छ। जन्म दर्ता भएका बालबालिकामध्ये बालकको जन्म दर्ता ७४.१ र बालिकाको जन्म दर्ता ७३.९% रहेको छ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले बालबालिकाको जन्म दर्ता लगायत अन्य व्यक्तिगत घटना दर्ता कार्यलाई व्यवस्थित र सरल बनाउनका लागि डिजिटल नेपाल फ्रेमवर्कको कार्यान्वयनसँगै २०७१ सालदेखि अनलाइनमार्फत जन्म दर्ता कार्य गर्दै आएको छ।

पहाड र तराई भन्दा हिमाली क्षेत्रमा बालबालिकाको जन्मदर्ता बढी ८१.९% हुने गरेको देखिन्छ । पहाड सबैभन्दा अन्तिममा ७३.१% रहेको छ । ग्रामीण ७७.२% र अर्धसहरी ७३.९% क्षेत्रको तुलनामा सहरी क्षेत्रमा बालबालिकाको जन्म दर्ता कम ६९.७% रहेको छ । गाउँपालिकामा भन्दा नगरपालिकामा बालबालिकाको जन्म दर्ता २.२ % ले बढी रही ७५.४ % रहेको छ ।

**ग्राफ: १८ भौगोलिक क्षेत्रअनुसार जन्म दर्ता भएका बालबालिका (प्रतिशत)**




*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

विकासमा तुलनात्मक रूपमा कम विकसित मानिएको कर्णाली प्रदेशमा बालबालिकाको जन्म दर्ता सर्वाधिक ८७.३% देखिन्छ । दोस्रो र तेस्रो स्थानमा क्रमश: सुदूरपश्चिम ८३.३% र मधेस ७६.४% प्रदेश छन् भने सबैभन्दा कम बागमती प्रदेश ६७.०% रहेको छ ।

**ग्राफः १९ प्रदेश अनुसार बालबालिकाको जन्म दर्ताको स्थिति (प्रतिशत)**




**तालिकाः ३५ पाँच वर्ष वा सोभन्दा कम उमेरका बालबालिकाको जन्म दर्ताको अवस्था**

| क्षेत्र | बालक/बालिका | जम्मा | जन्म दर्ता गरेको | | जन्म दर्ता नगरेको | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | संख्या | संख्या | ५ |
| नेपाल | जम्मा | ३००७६४८ | २२२६७१५ | ७४.० | ७८०९३३ | २६.० |
| | बालक | १५८९६७४ | ११७८०१७ | ७४.१ | ४११६५७ | २५.९ |
| | बालिका | १४१७९७४ | १०४८६९८ | ७४.० | ३६९२७६ | २६.० |
| भौगोलिक क्षेत्र | | | | | | |
| हिमाल | जम्मा | १८९९३५ | १५५५२१ | ८१.९ | ३४४१४ | १८.१ |
| | बालक | ९८७२५ | ८१०९८ | ८२.१ | १७६२७ | १७.९ |
| | बालिका | ९१२१० | ७४४२३ | ८१.६ | १६७८७ | १८.४ |
| पहाड | जम्मा | १०७४६०० | ७८५९८५ | ७३.१ | २८८६१५ | २६.९ |
| | बालक | ५६६३२७ | ४१५१२९ | ७३.३ | १५११९८ | २६.७ |
| | बालिका | ५०८२७३ | ३७०८५६ | ७३.० | १३७४१७ | २७.० |
| तराइ | जम्मा | १७४३११३ | १२८५२०९ | ७३.७ | ४५७९०४ | २६.३ |
| | बालक | ९२४६२२ | ६८१७९० | ७३.७ | २४२८३२ | २६.३ |
| | बालिका | ८१८४९१ | ६०३४१९ | ७३.७ | २१५०७२ | २६.३ |
| सहरी/ग्रामीण | | | | | | |
| सहरी | जम्मा | ६९३४४६ | ४८३२८३ | ६९.७ | २१०१६३ | ३०.३ |
| | बालक | ३७२४१३ | २५९४०३ | ६९.७ | ११३०१० | ३०.३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बालिका | ३२१०३३ | २२३८८० | ६९.७ | ९७१५३ | ३०.३ |
| अर्धसहरी | जम्मा | १३१४५२३ | ९७१५९० | ७३.९ | ३४२९३३ | २६.१ |
| | बालक | ६९७३१३ | ५१५९२८ | ७४.० | १८१३८५ | २६.० |
| | बालिका | ६१७२१० | ४५५६६२ | ७३.८ | १६१५४८ | २६.२ |
| ग्रामीण | जम्मा | ९९९६७९ | ७७१८४२ | ७७.२ | २२७८३७ | २२.८ |
| | बालक | ५१९९४८ | ४०२६८६ | ७७.४ | ११७२६२ | २२.६ |
| | बालिका | ४७९७३१ | ३६९१५६ | ७७.० | ११०५७५ | २३.० |
| गाउँ/नगरपालिका | | | | | | |
| नगरपालिका | बालक | १९०९७३५ | १३९८६६० | ७३.२ | ५११०७५ | २६.८ |
| | बालिका | १०१६५५६ | ७४५०८० | ७३.३ | २७१४७६ | २६.७ |
| | जम्मा | ८९३१७९ | ६५३५८० | ७३.२ | २३९५९९ | २६.८ |
| गाउँपालिका | बालक | १०९७९१३ | ८२८०५५ | ७५.४ | २६९८५८ | २४.६ |
| | बालिका | ५७३११८ | ४३२९३७ | ७५.५ | १४०१८१ | २४.५ |
| | जम्मा | ५२४७९५ | ३९५११८ | ७५.३ | १२९६७७ | २४.७ |
| प्रदेश | | | | | | |
| कोशी | जम्मा | ४७२६२५ | ३३४८५२ | ७०.८ | १३७७७३ | २९.२ |
| | बालक | २४४९६७ | १७४६११ | ७१.३ | ७०३५६ | २८.७ |
| | बालिका | २२७६५८ | १६०२४१ | ७०.४ | ६७४१७ | २९.६ |
| मधेस | जम्मा | ७९९८९७ | ६१२५८८ | ७६.६ | १८७३०९ | २३.४ |
| | बालक | ४२७६१८ | ३२५६०४ | ७६.१ | १०२०१४ | २३.९ |
| | बालिका | ३७२२७९ | २८६९८४ | ७७.१ | ८५२९५ | २२.९ |
| बागमती | जम्मा | ४८८७९२ | ३२७५३६ | ६७.० | १६१२५६ | ३३.० |
| | बालक | २५९४२५ | १७४७५४ | ६७.४ | ८४६७१ | ३२.६ |
| | बालिका | २२९३६७ | १५२७८२ | ६६.६ | ७६५८५ | ३३.४ |
| गण्डकी | जम्मा | २०८१७० | १४०११९ | ६७.३ | ६८०५१ | ३२.७ |
| | बालक | १११००६ | ७५०१३ | ६७.६ | ३५९९३ | ३२.४ |
| | बालिका | ९७१६४ | ६५१०६ | ६७.० | ३२०५८ | ३३.० |
| लुम्बिनी | जम्मा | ५४१०५९ | ३८९४२८ | ७२.० | १५१६३१ | २८.० |
| | बालक | २८३८२६ | २०४८४३ | ७२.२ | ७८९८३ | २७.८ |
| | बालिका | २५७२३३ | १८४५८५ | ७१.८ | ७२६४८ | २८.२ |
| कर्णाली | जम्मा | २०४६३८ | १७८६१४ | ८७.३ | २६०२४ | १२.७ |
| | बालक | १०७१६५ | ९३१६० | ८६.९ | १४००५ | १३.१ |
| | बालिका | ९७४७३ | ८५४५४ | ८७.७ | १२०१९ | १२.३ |
| सुदुरपश्चिम | जम्मा | २९२४६७ | २४३५७८ | ८३.३ | ४८८८९ | १६.७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बालक | १५५६६७ | १३००३२ | ८३.५ | २५६३५ | १६.५ |
| | बालिका | १३६८०० | ११३५४६ | ८३.० | २३२५४ | १७.० |

**स्रोतः राष्ट्रिय जनगणना, २०७८**

राष्ट्रिय बाल अधिकार परिषद्ले अस्थायी संरक्षण केन्द्रमा रहेका र विविध कारणले जन्म दर्ता हुन नसकेका बालबालिकाको जन्म दर्ता प्रक्रियाका लागि सम्बन्धित स्थानीय तह तथा वडा कार्यालयमा समन्वय गर्दा आ.व.२०८०/८१ मा १६ जना बालबालिका (बालक-६, बालिका-१०) को जन्म दर्ता र ५ जना (बालक-२, बालिका-३) बालबालिकाको नागरिकता प्राप्तिका लागि सहजीकरण गरिए अनुसार नतिजा प्राप्त गरिएको छ । आ.व. २०७८/०७९ देखि आ.व. २०८०/०८१ सम्म जम्मा ३० जना बालक र २३ जना बालिका गरी ५३ जनाको जन्म दर्ता र ६ जना बालक र ९ जना बालिका गरी १५ जनाको नागरिकता गरी जम्मा ६८ जना बालबालिकाका लागि जन्म दर्ता र नागरिकताका लागि सहजीकरण गरेर नतिजा प्राप्त गरेको छ । गत ३ वर्षमा परिषद्को पहलमा बालबालिकाको जन्म दर्ता तथा नागरिकताका लागि गरिएको समन्वय तथा सहजीकरणको संख्यात्मक स्थिति देहाय बमोजिम रहेको छ ।

**तालिकाः ३६ जन्म दर्ता तथा नागरिकताका लागि गरिएको समन्वय तथा सहजीकरण**

| क्र.स. | आर्थिक वर्ष | जन्म दर्ता | | नागरिकता | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | बालक | बालिका | |
| १ | ०७८/७९ | ४ | ६ | २ | ३ | १५ जना |
| २ | ०७९/८० | १५ | १२ | ३ | २ | ३२ जना |
| ३ | ०८०/८१ | ११ | ५ | १ | ४ | २१ जना |
| जम्मा | | ३० | २३ | ६ | ९ | ६८ जना |

***स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०८१***

## ४.३ अपाङ्गगता भएका बालबालिका

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २३ मा अपाङ्गता भएका बालबालिकाको अधिकार सुनिश्चित गर्नुपर्ने प्रावधान रहेको छ । नेपालको संविधानले अपाङ्गता भएका नागरिक र अन्य नागरिक बीच समताका आधारमा समान अधिकार पहुँचको प्रत्याभूती गरेको छ । धारा ३९ मा अपाङ्गता भएका एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हकको व्यवस्था भएको छ । धारा ३१ मा अपाङ्गता भएका नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक, ब्रेललिपि तथा साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने प्रावधानहरु रहेका छन् । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५ लगायतका ऐनहरुमा अपाङ्गता भएका व्यक्तिको संरक्षण तथा अधिकारको व्यवस्था भएको छ भने बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १२ मा अपाङ्गता भएका बालबालिकाको विशेष अधिकारका व्यवस्थाहरु उल्लेख गरिएका छन् । अपाङ्गता भएका व्यक्तिका लागि 'समावेशी शिक्षा नीति, २०७३' कार्यान्वयनमा रहेको छ । यी व्यवस्थाहरुबाट अपाङ्गता भएका बालबालिकाको पालन पोषण, हेरचाह, शिक्षा, स्वास्थ्य, संरक्षण र सहभागिताजस्ता सेवा सुविधा सुनिश्चित गरिएको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार कुनै न कुनै प्रकारको अपाङ्गता भएको बालबालिकाको संख्या १ लाख २१ हजार ४९८ १.२३% रहेको छ । कूल अपाङ्गता भएका व्यक्तिहरुको प्रतिशत भन्दा अपाङ्गता भएका बालबालिकाको प्रतिशत कमी रहेको देखिन्छ ।

नेपालमा अपाङ्गता भएका बालबालिकामध्ये सबैभन्दा धेरै ४१.६% शारीरिक अपाङ्गता भएका छन् । दृष्टिविहीन र बहुअपाङ्गता हुनेको अनुपात उस्तै उस्तै करीब ११% रहेको छ भने स्वरबोलाइ र न्यून दृष्टि भएका बालबालिका करीब ८% रहेका छन् । अपाङ्गताको प्रकारअनुसार बालबालिकाको अवस्था **अनुसूची -२** मा राखिएको छ ।

**ग्राफः २० उच्चतम विद्यमानता दर भएका पाँच प्रकारका अपाङ्गता भएका बालबालिका**




**स्रोतः राष्ट्रिय जनगणना, २०७८**

अपाङ्गताको प्रकारलाई विश्लेषण गर्दा प्रदेशस्तरमा फरक फरक प्रवृत्ति र वितरण विद्यमान रहेको देखिन्छ । उदाहरणका लागि पूर्ण दृष्टिविहीन बालबालिकाको सर्वाधिक अनुपात १५.२% मधेस प्रदेशमा रहेको छ भने सबैभन्दा न्यून कर्णाली प्रदेशमा ८.५% छ । बहिरोपन सर्वाधिक ९.९% गण्डकी प्रदेशमा देखिन्छ भने सबैभन्दा न्यून ४.६% मधेसमा रहेको छ ।

**ग्राफः २१ प्रदेश तहमा बहिरोपन र पूर्ण दृष्टिविहीनताको विद्यमानता दर**




स्रोतः राष्ट्रिय जनगणना २०७८

## ४.४ बाल श्रम

नेपालको संविधानको धारा ३९ को उपधारा ४ मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन बन्देज लगाएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (६) मा प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार उल्लेख गरिएको छ । संयुक्त राष्ट्रसंघको बाल अधिकार महासन्धि, १९८९ को धारा ३२ बमोजिम बालबालिकालाई शिक्षा, स्वास्थ्य तथा विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने अधिकार छ । अन्तर्राष्ट्रिय श्रम संगठन अन्तर्गत रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेर सम्बन्धी महासन्धि, १९७३ (नं.१३८) ले १८ वर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउन निषेध गरेको छ । तर आर्थिक र शैक्षिक सुविधा पर्याप्त विकसित नभएका राष्ट्रहरूका सन्दर्भमा भने यदि पर्याप्त शिक्षा, स्वास्थ्य, नैतिकताको दृष्टिबाट पूर्ण सुरक्षित भएमा १४ वर्षदेखि नै बालबालिकालाई काममा लगाउन सकिने व्यवस्था छ । निकृष्ट प्रकारको बालश्रम सम्बन्धी महासन्धि, १९९९ (नं.१८२) लाई नेपालले अनुमोदन गरेको छ ।

नेपालमा बाल श्रमको अवस्थामा क्रमशः सुधार आइरहेको पछिल्लो राष्ट्रिय सर्वेक्षणले देखाएको छ । केन्द्रीय तथ्याङ्क विभागको नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण, २०७१ अनुसार ५ देखि १७ वर्ष उमेर समूहका ३७.४ प्रतिशत बालबालिका श्रममा संलग्न रहेको पाइएको छ । केन्द्रीय तथ्याङ्क विभागको नेपालमा बाल श्रम प्रतिवेदन २०७८ अनुसार ५ देखि १७ वर्ष उमेर समूहका १५.३% बालबालिका श्रममा संलग्न रहेको देखिएको छ । श्रममा संलग्न भएका बालबालिकाको प्रतिशत क्रमशः घटिरहेको स्थिति छ । बाल श्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ बमोजिम श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले चालु आर्थिक वर्ष २०८०/८१ मा बाल श्रममुक्त स्थानीय तह घोषणा गर्न ८५ वटा स्थानीय तहलाई अनुदान वितरण गरेको छ । अनुदान वितरण रकम प्रति स्थानीय तह रु. तीन लाख रहेको छ । हालसम्म प्राप्त तथ्याङ्क अनुसार २४ वटा स्थानीय तहलाई बालमैत्री स्थानीय तह घोषणा गरिएको छ । बालमैत्री स्थानीय तह घोषणा गर्दा बाल श्रममुक्त हुनुपर्ने सूचकलाई अनिवार्य गरिएको छ । यसरी हेर्दा २४ वटा स्थानीय तह स्वतः बाल श्रममुक्त भएको देखिए तापनि उल्लिखित बाल श्रममुक्त गर्ने कार्यविधि अनुसार देहायका ८ वटा स्थानीय तहहरु बाल श्रममुक्त घोषणा गरिएका छन् ।

**तालिकाः ३७ बाल श्रममुक्त घोषणा गरिएका स्थानीय तहहरु**

| क.सं | घोषणा भएका स्थानीय तह | जिल्ला | कैफियत |
|---|---|---|---|
| १ | बरेङ गाउँपालिका | बागलुङ | |
| २ | बाणगंगा नगरपालिका | कपिलवस्तु | |
| ३ | त्रिवेणी गाउँपालिका | रोल्पा | |
| ४ | म्याग्दे गाउँपालिका | तनहु | |
| ५ | रघुगंगा गाउँपालिका | म्याग्दी | |
| ६ | पौवादुङमा गाउँपालिका | भोजपुर | |
| ७ | विरुवा गाउँपालिका | स्याङ्जा | |
| ८ | पनौती नगरपालिका | काभ्रेपलाञ्चोक | |

*स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय २०८१*

## ४.४.१ बाल श्रम अनुगमन, उद्धार तथा क्षतिपूर्ति र जरिवाना

श्रम तथा व्यवसायजन्य सुरक्षा विभागबाट प्राप्त विवरण अनुसार आ.व. २०८०/८१ मा विभाग तथा विभिन्न श्रम कार्यालयबाट ३ हजार ८८८ वटा प्रतिष्ठानहरुको अनुगमन गरिएको छ । उक्त अनुगमनका क्रममा ७२ जना बालबालिकालाई उद्धार गरी ९ लाख ७३ हजार ९४८ रुपैयाँ क्षतिपूर्ति र १ लाख ३४ हजार ८०० रुपैयाँ जरिवाना गरिएको छ। यस सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।

**तालिकाः ३८ बाल श्रम अनुगमन, उद्धार तथा क्षतिपूर्ति र जरिवाना सम्बन्धी विवरण**

| क्र.सं. | कार्यालयको नाम | अनुगमन गरिएको प्रतिष्ठान संख्या | उजूरी दर्ता संख्या | उद्धार गरिएको संख्या | मेलमिलाप गराइएको संख्या | क्षतिपूर्ति रकम रु. मा | जरिवाना रकम रु. मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | १४४ | ० | ० | ० | ० | ० | |
| २ | श्रम तथा रोजगार कार्यालय, झापा | १८३ | ० | ० | ० | ० | ० | |
| ३ | श्रम तथा रोजगार कार्यालय, विराटनगर | २५२ | ० | ० | ० | ० | ० | |
| ४ | श्रम तथा रोजगार कार्यालय, जनकपुर | ११८ | ० | ० | ० | ० | ० | |
| ५ | श्रम तथा रोजगार कार्यालय, विरगञ्ज | ५५५ | ० | ० | ० | ० | ० | |
| ६ | श्रम तथा रोजगार कार्यालय, हेटौडा | २७६ | २७ | ४५ | ४४ | ३१७९४८ | ६५८०० | |
| ७ | श्रम तथा रोजगार कार्यालय, काठमाडौं | ६३७ | ० | २० | ४ | ३४६००० | ५०००० | |
| ८ | श्रम तथा रोजगार कार्यालय, पोखरा | ४७९ | ४ | ५ | ४ | ३१०००० | १९००० | फैसला हुन बाँकी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | श्रम तथा रोजगार कार्यालय, बुटवल | ४३५ | ० | २ | २ | ० | ० | नगरपालिकाको रोहवरमा मेलमिलाप गराइएको |
| १० | श्रम तथा रोजगार कार्यालय, नेपालगञ्ज | ३७९ | ० | ० | ० | ० | ० | |
| ११ | श्रम तथा रोजगार कार्यालय, सुर्खेत | २४२ | ० | ० | ० | ० | ० | |
| १२ | श्रम तथा रोजगार कार्यालय, धनगढी | १८८ | ० | ० | ० | ० | ० | |
| **जम्मा** | | **३८८८** | **३१** | **७२** | **५४** | **९७३९४८** | **१३४८००** | |

***स्रोतः श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग २०८१***

राष्ट्रिय बाल अधिकार परिषद्ले आर्थिक वर्ष २०८०/८१ मा जोखिमपूर्ण श्रममा संलग्न रहेका तथा सडकमा वस्तु विनिमयमा संलग्न १३ जना (बालक ९ बालिका ४) उद्धार गरी संरक्षण तथा व्यवस्थापन गरिएको छ । यसैगरी आ.व. २०७९/८० मा १८ जना (बालक ६ बालिका १२) र २०७८/७९ मा ६९ जना (बालक ४९ बालिका २०) बाल श्रमिकको उद्धार गरी संरक्षण तथा व्यवस्थापन गरिएको थियो ।

## ४.५ बालबालिका अपहरण, बेचबिखन तथा ओसारपसार

बाल अधिकार सम्बन्धी महासन्धिको धारा ११, १९, ३४ र ३५ मा बालबालिका विरुद्धको गैरकानूनी ओसारपसार, यौन शोषण तथा दुर्व्यवहार लगायतका दुष्कार्यहरु नियन्त्रण गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकारले यस महासन्धि अन्तर्गतको 'बालबालिकाको बेचबिखन, यौनशोषण र अश्लील चित्रण सम्बन्धी इच्छाधीन आलेख, २०००' लाई सन् २००६ को जनवरी २० तारिखमा अनुमोदन गरेको छ। यस आलेख बमोजिमको प्रारम्भिक प्रतिवेदन नेपाल सरकारले सन् २००९ मा संयुक्त राष्ट्र संघमा पेश गरेको छ। यस प्रतिवेदनमाथि संयुक्त राष्ट्र संघको बाल अधिकार समितिमा सन् २०११ को मे महिनामा छलफल भइ उक्त समितिबाट प्राप्त समापन टिप्पणी अनुसार हालका कानूनहरुमा बाल दुर्व्यवहार विरुद्धका प्रावधानहरु व्यवस्था भइसकेका छन् भने बालबालिका विरुद्ध हिंसा र बाल यौन दुर्व्यवहार रोकथाम गर्न, संरक्षण सुनिश्चित गर्न र उजूरीको तत्काल कारवाही गर्न नेपाल सरकार संवेदनशील रहेको छ।

मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण गर्न महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ समेत कार्यान्वयनमा रहेको छ र यसलाई कार्यान्वयन गन 'मानव बेचबिखन विरुद्धको राष्ट्रिय समिति' रहेको छ।

आर्थिक वर्ष २०८०/८१ मा बेचविखन तथा ओसारपसारबाट पीडित बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिकाः ३९ अपहरण तथा बेचविखनमा परेका बालबालिका**

| क्र.स. | शीर्षक | अपहरण तथा वेचविखनमा परेका | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १ | अपहरणमा परेका | ० | ४६ | ४६ |
| ३ | वेचविखनमा परेका | ० | १७ | १७ |
| **जम्मा** | | **०** | **६३** | **६३** |

*स्रोतः प्रहरी प्रधान कार्यालय २०८१*

## ४.६ सडक दुर्घटनामा परेका बालबालिका

नेपालमा बढ्दो सवारी यातायातको उपयोग तथा विस्तारीकरणसँगै सडक दुर्घटना पनि बढ्दै गएका छन् । दुर्घटनाबाट धेरै मानिसहरुको निधन तथा घाइते हुने गरेको छ । सडक दुर्घटनामा परी बालबालिको मृत्यु तथा घाइते हुने गरेको पाइएको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ मा काठमाडौं उपत्यकामा ८ हजार ८८१ वटा सवारी दुर्घटनामा १३ जना बालबालिकाको मृत्यु भएको, २७ जना गम्भीर घाइते भएको र ४५७ जना सामान्य घाइते भएको पाइएको छ ।

**तालिका: ४० सडक दुर्घटनामा परेका बालबालिका**

| आर्थिक वर्ष | जम्मा सवारी दुर्घटना | मृत्यु | | गम्भीर घाइते | | सामान्य घाइते | |
|---|---|---|---|---|---|---|---|
| २०८०/८१ | ८८८१ | बालक | बालिका | बालक | बालिका | बालक | बालिका |
| | | ७ | ६ | १६ | ११ | २६९ | १८८ |
| **जम्मा** | **८८८१** | **१३** | | **२७** | | **४५७** | |

*स्रोत: काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय २०८१*

## ४.७ बालबालिका विरुद्ध हिंसा र बाल यौन दुर्व्यवहार

बाल अधिकार सम्बन्धी महासन्धिको धारा २, १९ र ३६ अनुसार बालबालिका विरुद्ध कुनै पनि विभेद, हिंसा र दुर्व्यवहार गर्न हुँदैन । नेपालको संविधान र कानूनमा कुनै पनि आधारमा कसैलाई भेदभाव गर्न र हिंसा तथा दुर्व्यवहार गर्न नहुने प्रावधानहरु रहेका छन् । नेपालको संविधानको धारा ३९ मा कुनै पनि बालबालिकालाई कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ अनुसार प्रत्येक बालबालिकालाई निजको बाबु, आमा लगायत कुनै पनि व्यक्तिले कुनै पनि किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछुतजन्य दुर्व्यवहार र शोषणविरुद्ध संरक्षण प्राप्त गर्ने अधिकारको व्यवस्था गरेको छ । ऐनकै दफा ६६ मा बालबालिका विरुद्धको हिंसा र बाल यौन दुर्व्यवहारको परिभाषा गरी सजाय तथा जरिवानाको व्यवस्था गरेको छ ।

नेपाल प्रहरी, प्रहरी प्रधान कार्यालयबाट प्राप्त तथ्याङ्क अनुसार बाल विवाह, जातीय छुवाछुत, बहु विवाह, हत्या, हिंसा, बाल यौन दुर्व्यवहार लगायतका घटनाबाट पीडित बालबालिकाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका: ४१ नेपाल प्रहरीमा दर्ता भएका मुद्दा र पीडित बालबालिका**

| क्र.सं. | विवरण | आ.व.२०७८/७९ | | | आ.व.२०७९/८० | | | आ.व.२०८०/८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १. | जातीय छुवाछुत | ० | २ | २ | २ | ० | २ | १ | ० | १ |
| २. | घरेलु हिंसा | ५८ | ४८ | १०६ | १४ | १२७ | १४१ | २२ | १०३ | १२५ |
| ३ | बहु विवाह | ० | ० | ० | ० | २ | २ | ० | ० | ० |
| ४ | बाल विवाह | ० | ० | ० | १ | १७ | १८ | १ | २६ | २७ |
| ५ | एसिड प्रहार | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| ६ | हिंसा कारण कर्तव्य ज्यान | ० | ० | ० | ० | ० | ० | ४ | २ | ६ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | ज.ज.क. गरी कर्तव्य ज्यान | ० | ० | ० | ० | ० | ० | ० | ४ | ४ |
| ८ | यौनजन्य दुर्व्यवहार | ० | ० | ० | ० | ० | ० | ० | ६ | ६ |
| ९ | बाल यौन दुरुपयोग | ० | ० | ० | ० | ० | ० | २ | ३९५ | ३९७ |
| १० | अप्राकृतिक मैथुन | ० | ० | ० | ० | ० | ० | १७ | २ | १९ |
| ११ | ज.ज.क. उद्योग | ० | ० | ० | ० | ० | ० | ० | १९७ | १९७ |
| १२ | ज.ज.क. | ० | ० | ० | ० | ० | ० | १ | १५९२ | १५९३ |
| १३ | हत्या | ० | ० | ० | ३४ | २६ | ६० | ० | ० | ० |
| **जम्मा** | | **५८** | **५०** | **१०८** | **५१** | **१७२** | **२२३** | **४८** | **२३२८** | **२३७६** |

***स्रोत: प्रहरी प्रधान कार्यालय २०८१***

बालबालिका विरुद्ध हुने अनलाइन दुर्व्यवहार सम्बन्धी विषय समेत सम्बोधन गर्ने गरी साइबर अपराध लक्षित विद्युतीय कारोबार ऐन, २०६३ कार्यान्वयनमा रहेको छ। नेपाल दूरसञ्चार प्राधिकरणले अनलाइन बाल सुरक्षा निर्देशिका, २०७६ कार्यान्वयनमा ल्याएको छ।

नेपाल प्रहरी अन्तर्गत साइवर व्यूरोबाट प्राप्त तथ्याङ्क अनुसार आ.व. २०७९/८० मा जम्मा १७६ जना बालबालिका (बालक ५१ र बालिका १२५) साइबर अपराधबाट पीडित भएकोमा आ.व. २०८०/८१ मा ६३५ जना बालबालिका पीडित भएको देखिएको छ। आ.व. २०८०/८१ मा साइबर अपराधको किसिम अनुसार पीडित बालबालिकाको संख्या तलको तालिका प्रस्तुत गरिएको छ।

**तालिका: ४२ साइबर अपराधबाट पीडित बालबालिकाको विवरण**

| क.सं. | निवेदन प्राप्त भएको कार्यालय | निवेदन दर्ता | | जम्मा |
|---|---|---|---|---|
| | | बालक | बालिका | |
| १ | साइबर व्यूरो | १९९ | २६२ | ४६१ |
| २ | प्रहरी महानिरीक्षकको सचिवालय | ६ | ७ | १३ |
| ३ | कोशी प्रदेश | ९ | १५ | २४ |
| ४ | मधेश प्रदेश | ७ | ११ | १८ |
| ५ | बागमती प्रदेश | ८ | १२ | २० |
| ६ | गण्डकी प्रदेश | ५ | १२ | १७ |
| ७ | लुम्बिनी प्रदेश | ६ | २५ | ३१ |
| ८ | कर्णाली प्रदेश | ९ | २६ | ३५ |
| ९ | सुदूरपश्चिम प्रदेश | ४ | १२ | १६ |
| **जम्मा** | | **२५३** | **३८२** | **६३५** |

***स्रोत: साइबर ब्यूरो,भोटाहिटी, काठमाण्डौ २०८१***

राष्ट्रिय बाल अधिकार परिषद्ले आर्थिक वर्ष २०७९/८० मा १६ जना यौन हिंसा पीडित बालिकाको उद्धार तथा कानूनी उपचारमा सहयोग गरेकोमा यस आर्थिक वर्षमा १५ जना बालिकाको उद्धार तथा कानूनी उपचारमा सहयोग गरेको छ।

## ४.८ बाल विवाह

नेपालको संविधानको धारा ३९ को उपधारा (५) मा बाल विवाह गर्न गराउन नपाइने व्यवस्था उल्लेख भएको छ। मुलुकी देवानी संहिता, २०७४ र मुलुकी अपराध संहिता, २०७४ मा २० वर्ष उमेर नपुगी गरिएको विवाहलाई बाल विवाहको रुपमा परिभाषित गरेको छ भने २० वर्ष नपुगी गरिएका विवाह स्वत: बदर हुने व्यवस्था छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ ले बाल विवाहलाई बालबालिका विरुद्धको हिंसा तथा अपराध मानी सजाय र जरिवानाको व्यवस्था गरेको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा कूल बालबालिकामध्ये विवाह गर्ने कानूनी उमेर नपुगी विवाह भएका बालबालिका १.६ प्रतिशत रहेका छन्। जसमा बालिकाको अनुपात २.६ प्रतिशत रहेको छ भने बालकको ०.६ प्रतिशत रहेको छ। भौगोलिक क्षेत्रअनुसार हेर्दा हिमालमा १.८ प्रतिशत, पहाडमा १.७ प्रतिशत र तराईमा १.५ प्रतिशत रहेको देखिन्छ। तथ्याङ्कले सातवटै प्रदेशमा बाल विवाह विद्यमान रहेको देखाएको छ। प्रदेशगत रुपमा हेर्दा सबैभन्दा बढी बाल विवाह कर्णालीमा २.६% र सबैभन्दा कम बागमती प्रदेशमा १.१% रहेको छ।

**तालिका: ४३ बाल विवाहको अवस्था**

| क्षेत्र | बालक /बालिका | १० वर्ष वा सो भन्दा माथिको | विवाह नभएको | | विवाहित | | विधुर/विधवा | | पारपाचुके | | छुट्टिएको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| नेपाल | जम्मा | ४६६३८७३ | ४५८,८७५८ | ९८.४ | ७४२५२ | १.६ | ५३४ | ०.० | १०७ | ०.० | २२२ | ०.० |
| | बालक | २३८०५७५ | २३६४८७७ | ९९.३ | १५४०१ | ०.६ | २१४ | ०.० | ३० | ०.० | ५३ | ०.० |
| | बालिका | २२८३२९८ | २२२३८८१ | ९७.४ | ५८८५१ | २.६ | ३२० | ०.० | ७७ | ०.० | १६९ | ०.० |
| भौगोलिक क्षेत्र | | | | | | | | | | | | |
| हिमाल | जम्मा | ३१२४९१ | ३०६७२४ | ९८.२ | ५७०२ | १.८ | ४२ | ०.० | ७ | ०.० | १६ | ०.० |
| | बालक | १५५४७१ | १५४१०३ | ९९.१ | १३४२ | ०.९ | १७ | ०.० | २ | ०.० | ७ | ०.० |
| | बालिका | १५७०२० | १५२६२१ | ९७.२ | ४३६० | २.८ | २५ | ०.० | ५ | ०.० | ९ | ०.० |
| पहाड | जम्मा | १८०४५०६ | १७७२७९२ | ९८.२ | ३१३३४ | १.७ | १९२ | ०.० | ६० | ०.० | १२८ | ०.० |
| | बालक | ९२०३७८ | ९१३७१६ | ९९.३ | ६५३४ | ०.७ | ८२ | ०.० | १६ | ०.० | ३० | ०.० |
| | बालिका | ८८४१२८ | ८५९०७६ | ९७.२ | २४८०० | २.८ | ११० | ०.० | ४४ | ०.० | ९८ | ०.० |
| तराइ | जम्मा | २५४६८७६ | २५०९२४२ | ९८.५ | ३७२१६ | १.५ | ३०० | ०.० | ४० | ०.० | ७८ | ०.० |
| | बालक | १३०४७२६ | १२९७०५८ | ९९.४ | ७५२५ | ०.६ | ११५ | ०.० | १२ | ०.० | १६ | ०.० |
| | बालिका | १२४२१५० | १२१२१८४ | ९७.६ | २९६९१ | २.४ | १८५ | ०.० | २८ | ०.० | ६२ | ०.० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सहरी/ग्रामीण | | | | | | | | | | | | |
| सहरी | जम्मा | ११५४६७३ | ११४२७५४ | ९९.० | ११७७९ | १.० | ९० | ०.० | २१ | ०.० | २९ | ०.० |
| | बालक | ६०८२१६ | ६०५४२३ | ९९.५ | २७३९ | ०.५ | ४० | ०.० | ६ | ०.० | ८ | ०.० |
| | बालिका | ५४६४५७ | ५३७३३१ | ९८.३ | ९०४० | १.७ | ५० | ०.० | १५ | ०.० | २१ | ०.० |
| अर्धसहरी | जम्मा | १८७६९०० | १८४९७०६ | ९८.६ | २६८८४ | १.४ | २२४ | ०.० | २३ | ०.० | ६३ | ०.० |
| | बालक | ९५९०५२ | ९५३५०२ | ९९.४ | ५४४१ | ०.६ | ८८ | ०.० | ८ | ०.० | १३ | ०.० |
| | बालिका | ९१७८४८ | ८९६२०४ | ९७.६ | २१४४३ | २.३ | १३६ | ०.० | १५ | ०.० | ५० | ०.० |
| ग्रामीण | जम्मा | १६३२३०० | १५९६२९८ | ९७.८ | ३५५८९ | २.२ | २२० | ०.० | ६३ | ०.० | १३० | ०.० |
| | बालक | ८१३३०७ | ८०५९५२ | ९९.१ | ७२२१ | ०.९ | ८६ | ०.० | १६ | ०.० | ३२ | ०.० |
| | बालिका | ८१८९९३ | ७९०३४६ | ९६.५ | २८३६८ | ३.५ | १३४ | ०.० | ४७ | ०.० | ९८ | ०.० |
| गाउँ/नगरपालिका | | | | | | | | | | | | |
| नगरपालिका | बालक | २९८८६२७ | २९४५२८५ | ९८.५ | ४२८३२ | १.४ | ३४५ | ०.० | ५३ | ०.० | ११२ | ०.० |
| | बालिका | १५४०३९९ | १५३११२७ | ९९.४ | ९०९० | ०.६ | १३८ | ०.० | १६ | ०.० | २८ | ०.० |
| | जम्मा | १४४८२२८ | १४१४१५८ | ९७.६ | ३३७४२ | २.३ | २०७ | ०.० | ३७ | ०.० | ८४ | ०.० |
| गाउँपालिका | बालक | १६७५२४६ | १६४३४७३ | ९८.१ | ३१४२० | १.९ | १८९ | ०.० | ५४ | ०.० | ११० | ०.० |
| | बालिका | ८४०१७६ | ८३३७५० | ९९.२ | ६३११ | ०.८ | ७६ | ०.० | १४ | ०.० | २५ | ०.० |
| | जम्मा | ८३५०७० | ८०९७२३ | ९७.० | २५१०९ | ३.० | ११३ | ०.० | ४० | ०.० | ८५ | ०.० |
| प्रदेश | | | | | | | | | | | | |
| कोशी | जम्मा | ७३९७२१ | ७२७५५६ | ९८.४ | १२०१० | १.६ | ८९ | ०.० | २४ | ०.० | ४२ | ०.० |
| | बालक | ३७५२४७ | ३७२९०६ | ९९.४ | २२९७ | ०.६ | ३१ | ०.० | ५ | ०.० | ८ | ०.० |
| | बालिका | ३६४४७४ | ३५४६५० | ९७.३ | ९७१३ | २.७ | ५८ | ०.० | १९ | ०.० | ३४ | ०.० |
| मधेस | जम्मा | १०५७२७४ | १०४०७७१ | ९८.४ | १६३४७ | १.५ | ११९ | ०.० | १५ | ०.० | २२ | ०.० |
| | बालक | ५४३९७६ | ५४०८५० | ९९.४ | ३०७२ | ०.६ | ४५ | ०.० | ४ | ०.० | ५ | ०.० |
| | बालिका | ५१३२९८ | ४९९९२१ | ९७.४ | १३२७५ | २.६ | ७४ | ०.० | ११ | ०.० | १७ | ०.० |
| बागमती | जम्मा | ८३०७१० | ८२१२०४ | ९८.९ | ९३९२ | १.१ | ६८ | ०.० | १४ | ०.० | ३२ | ०.० |
| | बालक | ४३१८२० | ४२९५४७ | ९९.५ | २२२२ | ०.५ | ३३ | ०.० | ४ | ०.० | १४ | ०.० |
| | बालिका | ३९८८९० | ३९१६५७ | ९८.२ | ७१७० | १.८ | ३५ | ०.० | १० | ०.० | १८ | ०.० |
| गण्डकी | जम्मा | ३५६८८६ | ३५०१९८ | ९८.१ | ६५९१ | १.८ | ५५ | ०.० | ११ | ०.० | ३१ | ०.० |
| | बालक | १८३६५२ | १८२३४१ | ९९.३ | १२८३ | ०.७ | २१ | ०.० | ३ | ०.० | ४ | ०.० |
| | बालिका | १७३२३४ | १६७८५७ | ९६.९ | ५३०८ | ३.१ | ३४ | ०.० | ८ | ०.० | २७ | ०.० |
| लुम्बिनी | जम्मा | ८४५२३३ | ८३१३०७ | ९८.४ | १३७३८ | १.६ | ११३ | ०.० | २७ | ०.० | ४८ | ०.० |
| | बालक | ४२८४५० | ४२५४८० | ९९.३ | २९०२ | ०.७ | ४८ | ०.० | ९ | ०.० | ११ | ०.० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | ४१६७८३ | ४०५८२७ | ९७.४ | १०८३६ | २.६ | ६५ | ०.० | १८ | ०.० | ३७ | ०.० |
| कर्णाली | जम्मा | ३२६५२९ | ३१७९७१ | ९७.४ | ८४७९ | २.६ | ३२ | ०.० | १४ | ०.० | ३३ | ०.० |
| | बालक | १६३५८९ | १६१६५४ | ९८.८ | १९०९ | १.२ | १५ | ०.० | ५ | ०.० | ६ | ०.० |
| | बालिका | १६२९४० | १५६३१७ | ९५.९ | ६५७० | ४.० | १७ | ०.० | ९ | ०.० | २७ | ०.० |
| सुदूरपश्चिम | जम्मा | ५०७५२० | ४९९७५१ | ९८.५ | ७६९५ | १.५ | ५८ | ०.० | २ | ०.० | १४ | ०.० |
| | बालक | २५३८४१ | २५२०९९ | ९९.३ | १७१६ | ०.७ | २१ | ०.० | ० | ०.० | ५ | ०.० |
| | बालिका | २५३६७९ | २४७६५२ | ९७.६ | ५९७९ | २.४ | ३७ | ०.० | २ | ०.० | ९ | ०.० |

## ४.८.१ विवाह गर्दाको उमेर

उमेर समूह अनुसार हेर्दा १५-१७ वर्ष उमेर समूहमा ७३.२% बाल विवाह भएको देखिन्छ भने दोस्रोमा १०-१४ वर्ष उमेर समूहमा २४.४% रहेको देखिन्छ । कूल ७१ हजार ११५ बालबालिकामध्ये २७२ (०.४%) को दश वर्ष उमेर नपुग्दै विवाह भएको देखिन्छ ।

**तालिका: ४४ पहिलो विवाह गर्दाको उमेर**

| क्षेत्र | बालक /बालिका | जम्मा | १० वर्षमुनि | | १०-१४ | | १५-१७ | | नखुलेको | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| नेपाल | जम्मा | ७५११५ | २७२ | ०.४ | १८३५ | २४.४ | ५४९७ | ७३.२ | १५१४ | २.० |
| | बालक | १५६९ | ११० | ०.७ | ४३७०२ | २७.८ | १०६६०७ | ६७.९ | ५५८ | ३.६ |
| | बालिका | ५९४१ ८ | १६२ | ०.३ | १३९८ | २३.५ | ४४३१ | ७४.६ | ९५६ | १.६ |
| भौगोलिक क्षेत्र | | | | | | २ | | ७ | | |
| हिमाल | जम्मा | ५७६७ | २१ | ०.४ | १२४९ | २१.७ | ४३६८ | ७५.७ | १२९ | २.२ |
| | बालक | १३६८ | ९ | ०.७ | ३१५ | २३.० | १००२ | ७३.२ | ४२ | ३.१ |
| | बालिका | ४३९९ | १२ | ०.३ | ९३४ | २१.२ | ३३६६ | ७६.५ | ८७ | २.० |
| पहाड | जम्मा | ३१७१ | ९७ | ०.३ | ६८५० | २१.६ | २४१७ | ७६.२ | ५९७ | १.९ |
| | बालक | ६६६२४ | ५१ | ०.८ | १६१५ | २४.२ | ४७५५० | ७१.४ | २४१ | ३.६ |
| | बालिका | २५०५ | ४६ | ०.२ | ५२३५ | २०.९ | १९४१ | ७७.५ | ३५६ | १.४ |
| तराइ | जम्मा | ३७६३ २ | १५४ | ०.४ | १०२५ | २७.२ | २६४३ ५ | ७०.३ | ७८८ | २.१ |
| | बालक | ७६६८४ | ५० | ०.७ | २४४ ३ | ३१.८ | ४९०३९ | ६३.९ | २७५ | ३.६ |
| | बालिका | २९९६ | १०४ | ०.३ | ७८१३० | २६.१ | २१५३६ | ७१.९ | ५१३ | १.७ |
| सहरी/ग्रामीण | | | | | | | | | | |
| सहरी | जम्मा | ११९१९ | ५३ | ०.४ | ३३८७ | २८.४ | ८१५४ | ६८.४ | ३२५ | २.७ |
| | बालक | २७९३ | २३ | ०.८ | ९६९ | ३४.७ | १६७८ | ६०.१ | १२३ | ४.४ |
| | बालिका | ९१२६ | ३० | ०.३ | २४१८ | २६.५ | ६४७६ | ७१.० | २०२ | २.२ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अर्धसहरी | जम्मा | २७१९ | १२१ | ०.४ | ७३७२ | २७.१ | १९१२२ | ७०.३ | ५७९ | २.१ |
| | बालक | ५५५०४ | ४० | ०.७ | १७७३ | ३१.९ | ३५२९ | ६३.६ | २०८ | ३.७ |
| | बालिका | २१६४ | ८१ | ०.४ | ५५९९ | २५.९ | १५५९३ | ७२.० | ३७१ | १.७ |
| ग्रामीण | जम्मा | ३६०० ४ | ९८ | ०.३ | ७५९३ | २१.१ | २७७०१ | ७६.९ | ६१० | १.७ |
| | बालक | ७३५५२ | ४७ | ०.६ | १६२८ | २२.१ | ५४५३ | ७४.१ | २२७ | ३.१ |
| | बालिका | २८६४ | ५१ | ०.२ | ५९६५ | २०.८ | २२२४ | ७७.७ | ३८३ | १.३ |
| गाउँ/नगरपालिका | | | | | | | | ८ | | |
| नगरपालिका | बालक | ४३३४ | १५४ | ०.४ | ११०९ | २५.६ | ३११६३ | ७१.९ | ९२६ | २.१ |
| | बालिका | ९२७२२ | ६१ | ०.७ | २७७९९ | ३०.० | ६०८४ | ६५.६ | ३४८ | ३.८ |
| | जम्मा | ३४०७ | ९३ | ०.३ | ८३२० | २४.४ | २५०७ | ७३.६ | ५७८ | १.७ |
| गाउँपालिका | बालक | ३१७७३० | ११८ | ०.४ | ७२५३ | २२.८ | २३८१ ९ | ७५.० | ५८८ | १.९ |
| | बालिका | ६४२६ | ४९ | ०.८ | १५९१ | २४.८ | ४५७६४ | ७१.२ | २१० | ३.३ |
| | जम्मा | २५३४ | ६९ | ०.३ | ५६६२ | २२.३ | १९२३८ | ७५.९ | ३७८ | १.५ |
| प्रदेश | | | | | | | | | | |
| कोशी | जम्मा | १२१६५ | ३० | ०.२ | २९९० | २४.६ | ८९६७ | ७३.७ | १७८ | १.५ |
| | बालक | २३४१ | ९ | ०.४ | ६७५ | २८.८ | १५९४ | ६८.१ | ६३ | २.७ |
| | बालिका | ९८२४ | २१ | ०.२ | २३१५ | २३.६ | ७३७३ | ७५.१ | ११५ | १.२ |
| मधेस | जम्मा | १६५०३ | ६३ | ०.४ | ५२७८ | ३२.० | १०८४ | ६५.७ | ३१८ | १.९ |
| | बालक | ३१२६ | २३ | ०.७ | १२१६ | ३८.९ | १७७२४ | ५६.७ | ११५ | ३.७ |
| | बालिका | १३३७७ | ४० | ०.३ | ४०६२ | ३०.४ | ९०७२ | ६७.८ | २०३ | १.५ |
| बागमती | जम्मा | ९५०६ | ३९ | ०.४ | २३८७ | २५.१ | ६९१७ | ७२.८ | १६३ | १.७ |
| | बालक | २२७३ | १७ | ०.७ | ६४३ | २८.३ | १५४७ | ६८.१ | ६६ | २.९ |
| | बालिका | ७२३३ | २२ | ०.३ | १७४४ | २४.१ | ५३७० | ७४.२ | ९७ | १.३ |
| गण्डकी | जम्मा | ६६८८ | ३२ | ०.५ | १५८७ | २३.७ | ४८८८ | ७३.१ | १८१ | २.७ |
| | बालक | १३११ | १४ | १.१ | ३३७ | २५.७ | ८८९ | ६७.८ | ७१ | ५.४ |
| | बालिका | ५३७७ | १८ | ०.३ | १२५० | २३.२ | ३९९९ | ७४.४ | ११० | २.० |
| लुम्बिनी | जम्मा | १३९२६ | ६७ | ०.५ | ३०६८ | २२.० | १०४६ | ७५.२ | ३२५ | २.३ |
| | बालक | २९७० | २७ | ०.९ | ७५४ | २५.४ | २०८८६ | ७०.३ | १०१ | ३.४ |
| | बालिका | १०९५ | ४० | ०.४ | २३१४ | २१.१ | ८३७८ | ७६.५ | २२४ | २.० |
| कर्णाली | जम्मा | ८५५८६ | १२ | ०.१ | १४७९ | १७.३ | ६८८३ | ८०.४ | १८४ | २.२ |
| | बालक | १९३५ | ७ | ०.४ | ३१८ | १६.४ | १५२९ | ७९.० | ८१ | ४.२ |
| | बालिका | ६६२३ | ५ | ०.१ | ११६१ | १७.५ | ५३५४ | ८०.८ | १०३ | १.६ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सुदुरपश्चिम | जम्मा | ७७६९ | २९ | ०.४ | १५६३ | २०.१ | ६०१२ | ७७.४ | १६५ | २.१ |
| | बालक | १७४२ | १३ | ०.७ | ४२७ | २४.५ | १२४१ | ७१.२ | ६१ | ३.५ |
| | बालिका | ६०२७ | १६ | ०.३ | ११३६ | १८.८ | ४७७१ | ७९.२ | १०४ | १.७ |

**ग्राफः २२ पहिलो विवाह गर्दाको उमेर**

**पहिलो विवाह गर्दा १७ वर्षभन्दा कम उमेरको जनसंख्या**




***स्रोतः राष्ट्रिय जनगणना, २०७८***

## ४.९ बाल न्याय

नेपालको संविधानले प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक सुनिश्चित गरेको छ । यो संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि कानूनको विवादमा परेका बालबालिकाको न्याय सम्पादनसँग सम्बन्धित विभिन्न निकायहरुबीच समन्वय गर्नका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४६ बमोजिम केन्द्रमा केन्द्रीय बाल न्याय समिति र दफा ४७ बमोजिम हरेक जिल्लामा जिल्ला बाल न्याय समितिको व्यवस्था गरेको छ । बाल न्याय सम्पादन कार्यविधि नियमावली २०७६ को नियम ३० बमोजिम केन्द्रमा सर्वोच्च अदालतका माननीय न्यायाधीशको अध्यक्षतामा केन्द्रीय बाल न्याय समिति गठन भएको छ भने नियम ३४ बमोजिम जिल्ला अदालतको माननीय न्यायाधीशको अध्यक्षतामा जिल्ला बाल न्याय समितिहरु गठन तथा सञ्चालन भएका छन् ।

संयुक्त राष्ट्र संघीय बालबालिका सम्बन्धी महासन्धी, १९८९, स्वतन्त्रताबाट बञ्चित बालबालिकाको संरक्षण सम्बन्धी संयुक्त राष्ट्र संघीय नियमावली (हवाना नियम), बाल न्याय प्रशासनका लागि संयुक्त राष्ट्रसंघीय न्यूनतम् मापदण्डको (बेइजिङ नियम), बालविज्याँई रोकथामका लागि संयुक्त राष्ट्र संघीय मार्गदर्शन (रियाद मार्गदर्शन)

लगायतका दस्तावेजहरुमा बालविज्याँईमा संलग्न बालबालिकाका निम्ति अपनाइने बाल न्याय प्रणालीको विषयमा उल्लेख भएको पाइन्छ ।

बालबिज्याँईमा संलग्न बालबालिकाका निम्ति अपनाइने बाल न्याय प्रणालीका अतिरिक्त बालबालिकासँग सम्बन्धित विषयहरुमा अदालत संवेदनशील हुँदै आएको छ । कानूनले दण्डनीय ठानेको कार्य गरेका तर कम उमेर तथा शारीरिक र मानसिक अपरिपक्वताको कारण वयस्क सरह कानूनी कारवाही नगरिएका बालबालिकाको आचरण सच्याउन उपयुक्त उपचारका लागि राज्यले बाल सुधार गृह, निगरानी कक्ष, बाल अदालत, दिशान्तरण जस्ता अवधारणाका माध्यमबाट बाल अनुकूल न्याय प्रणाली अवलम्बन गरिएको छ ।

### ४.९.१ अदालतमा रहेका बालबालिका सम्बन्धी मुद्दा विवरण

हालसम्म बाल अदालत गठन गरिएको नभए तापनि ७७ वटै जिल्ला अदालतहरुमा बाल इजालस स्थापना गरी बालबालिका सम्बन्धी मुद्दा हेर्ने गरिएको छ । २०७६ चैत्र ३ गते प्रकाशन भएको नेपाल राजपत्र (खण्ड ६९, संख्या ४९, भाग ५) मा नेपाल सरकारले बाल न्याय सम्पादन कार्यविधि नियमावली, २०७६ को नियम ४३ मा उल्लिखित काम, कर्तव्य र अधिकारको पालना गर्न नेपाल सरकारलाई थप आर्थिक भार नपर्ने गरी सबै जिल्ला अदालतमा कार्यरत राजपत्रांकित अधिकृत स्तरका तहसिलदारलाई र राजपत्रांकित तहसिलदार नभएको स्थानमा सो अदालतका स्रेस्तेदारलाई प्रोवेशन अधिकारी तोकिएको जानकारी सहितको सूचना प्रकाशन भए बमोजिम हाल ७७ वटै जिल्ला अदालतमा सोही बमोजिम प्रोवेशन अधिकारी तोकिएको छ ।

आर्थिक वर्ष २०८०/८१ मा १ हजार ३८१ जना बालबालिकाको बालबिज्याँईं सम्बन्धी मुद्दाहरु अदालतमा दर्ता भएको देखिन्छ । जसमा ९०८ जना बालबालिका (बालक ८८७ र बालिका २१) १८ वर्ष मुनिका रहेका छन् भने ४७३ जना १८ वर्षभन्दा माथिका छन् ।

**तालिकाः ४५ मुद्दाको प्रकृति अनुसार बालबिज्याँईंमा संलग्न बालबालिका**

| क्र. सं. | मुद्दाको किसिम | १८ वर्ष मूनिको संख्या | | | १८ वर्ष माथिका | कूल जम्मा |
|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | | |
| १ | जबरजस्ती करणी | ४६९ | १ | ४७० | २६१ | ७३१ |
| २ | जबरजस्ती करणी उद्योग | ३१ | ० | ३१ | ५ | ३६ |
| ३ | चोरी | १८ | ० | १८ | ४ | २२ |
| ४ | लागू औषध | ७५ | ५ | ८० | १८ | ९८ |
| ५ | ज्यान मार्ने उद्योग | २० | २ | २२ | ० | २२ |
| ६ | गर्भपतन | १ | ० | १ | ० | १ |
| ७ | सवारी ज्यान | २५ | ० | २५ | ० | २५ |
| ८ | कर्तव्य ज्यान | ९० | १० | १०० | ९१ | १९१ |
| ९ | नकवजनी चोरी | ५६ | ० | ५६ | ५ | ६१ |
| १० | डाँका | १८ | १ | १९ | १५ | ३४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | डाँका चोरी | २० | ० | २० | १ | २१ |
| १२ | मानव वेचविखन | ५ | १ | ६ | ३ | ९ |
| १३ | अपहरण तथा शरिर बन्धक | १३ | ० | १३ | ५ | १८ |
| १४ | सवारी अंगभंग | ५ | ० | ५ | १ | ६ |
| १५ | अप्राकृतिक मैथुन | १० | ० | १० | ७ | १७ |
| १६ | हाडनाता करणी | ५ | ० | ५ | ० | ५ |
| १७ | ठगी | १ | ० | १ | ० | १ |
| १८ | कारागार ऐन | ३ | ० | ३ | ० | ३ |
| १९ | विद्युतिय कारोबार | ४ | १ | ५ | ० | ५ |
| २० | हातहतियार खरखजाना | १ | ० | १ | ० | १ |
| २१ | बाल यौन शोषण | ३ | ० | ३ | ० | ३ |
| २२ | सरकारी छाप किर्ते | १ | ० | १ | ० | १ |
| २३ | अबैध काठ ओसार पसार | १ | ० | १ | ० | १ |
| २४ | आत्महत्या दुरुत्साहन | २ | ० | २ | ० | २ |
| २५ | अन्य | १० | ० | १० | ५६ | ६६ |
| **जम्मा** | | **८८७** | **२१** | **९०८** | **४७३** | **१३८१** |

***स्रोतः केन्द्रीय बाल न्याय समिति सचिवालय २०८१***

आर्थिक वर्ष २०८०/८१ मा भएका जम्मा बालबिज्याँईका घटनाहरुमध्ये सबैभन्दा बढी ४८.४६ प्रतिशत जरजस्ती करणीका घटना भएको देखिन्छ।

## ४.९.२ बाल सुधार गृह

संविधानले प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक सुनिश्चित गरेको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३० मा बालबालिकाले गरेको कसूरजन्य कार्यको सुरु कारबाही, सुनुवाइ र किनारा गर्न नेपाल सरकारले न्याय परिषद्को सिफारिसमा आवश्यक संख्यामा बाल अदालत गठन गर्न सक्ने व्यवस्था छ। बाल बिज्याँईमा परेका कारण कानूनको विवादमा परेका बालबालिकालाई अदालतको निर्णयानुसार तोकिएको समयावधिका लागि बाल सुधार गृहमा राख्ने गरिएको छ। २०८१ असार मसान्तसम्म ९ वटा बाल सुधार

गृहहरुमा जम्मा १८ वर्षमुनिका ९०८ र १८ वर्षमाथिका ४७३ गरी जम्मा १ हजार ३८१ जना रहेका छन् । गत वर्ष यो संख्या १ हजार १८७ रहेको थियो ।

**तालिकाः ४६ बाल सुधार गृहमा रहेका बालबालिका**

| क्र.सं. | बाल सूधार गृह | १४ वर्ष मुनीका | १५ देखि १६ सम्मका | १६ देखि १८ सम्मका | १८ वर्ष माथिका | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | भक्तपुर | ४ | ३३ | १३६ | ८२ | २५५ |
| २ | पर्सा | २ | १० | ९० | १४ | ११६ |
| ३ | रुपन्देही | ० | १७ | ६६ | १८ | १०१ |
| ४ | बाँके | ० | ४७ | १८६ | ४८ | २८१ |
| ५ | मकवानपुर | १ | १४ | ५५ | १२ | ८२ |
| ६ | कास्की | ५ | ११ | ६६ | ३७ | ११९ |
| ७ | डोटी | २ | १२ | ३१ | २० | ६५ |
| ८ | मोरङ | ० | १९ | १०१ | १२१ | २४१ |
| ९ | नौवस्ता (बाँके) | ० | ० | ० | १२१ | १२१ |
| जम्मा | | १४ | १६३ | ७३१ | ४७३ | १३८१ |

***स्रोतः केन्द्रीय बाल न्याय समिति सचिवालय २०८१***

## ४.९.३ कैदी बन्दी अभिभावकसँगै कारागारमा रहेका बालबालिका

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ अनुसार थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भइ कारागारमा रहेका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका हुन् भनी परिभाषित गरेको छ । त्यस्तो अवस्थामा रहेका बालबालिकालाई बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाह लगायत अन्य आवश्यक सेवाको प्रबन्ध गर्नु पर्ने कानूनी व्यवस्था छ । अभिभावक कैदीबन्दीको रुपमा रहँदा घर परिवारमा साना बालबालिकालाई पालन पोषण तथा हेरचाह गर्ने कोही नभएको अवस्थामा त्यस्ता बालबालिका समेत बाबु वा आमा वा अभिभावकसँगै कारागारमा बस्नुपर्ने बाध्यता रहन्छ ।

आ.व. २०८०/८१ मा विभिन्न कारागारमा ७६ जना बालबालिका आश्रित रहेका छन् । गत आर्थिक वर्षमा यो संख्या ८५ रहेको थियो ।

**तालिकाः ४७ अभिभावकसँगै कारागारमा रहेका बालबालिका**

| क्र.सं. | जिल्ला | आश्रित बालबालिका संख्या |
|---|---|---|
| १ | भोजपुर | १ |

| | | |
|---|---|---|
| २ | झापा | १ |
| ३ | तेह्रथुम | १ |
| ४ | संखुवासभा | १ |
| ५ | मोरङ | ४ |
| ६ | सिराहा | ३ |
| ७ | सर्लाही | ३ |
| ८ | रौतहट | १ |
| ९ | पर्सा | २ |
| १० | सिन्धुली | ११ |
| ११ | रामेछाप | १ |
| १२ | धादिङ | २ |
| १३ | जगन्नाथ देवल, काठमाडौं | ७ |
| १४ | चितवन | २ |
| १५ | मकवानपुर | २ |
| १६ | पर्वत | १ |
| १७ | बागलङ | २ |
| १८ | गोरखा | २ |
| १९ | दमौली, तनहुँ | २ |
| २० | नवलपरासी पश्चिम | ४ |
| २१ | गुल्मी | २ |
| २२ | प्यूठान | १ |
| २३ | तुलसीपुर दाङ | ४ |
| २४ | बर्दिया | ५ |
| २५ | रुकुम पश्चिम | ४ |
| २६ | सल्यान | २ |
| २७ | दैलेख | १ |
| २८ | सुर्खेत | १ |
| २९ | अछाम | १ |
| ३० | कैलाली | २ |
| **जम्मा** | | **७६** |

***स्रोतः कारागार व्यवस्थापन विभाग, २०८१***

कारागारमा आमा वा बाबु वा अभिभावकसँग आश्रित बालबालिकालाई बन्दी सहायता नेपाल, प्रारम्भिक बालविकास केन्द्र, पीडित सेवा संघ, बन्दी सहायता नियोग लगायत संस्थाहरुले कारागारबाट स्थानान्तरण गरी संस्थागत संरक्षण तथा पुनःस्थापना गर्ने गरेका छन्। ती संस्थाहरुमा आर्थिक वर्ष २०७८/७९ देखि २०८०/८१ सम्म संरक्षणमा रहेका बालबालिकाको संख्या तलको तालिकामा दिइएको छ।

**तालिका: ४८ बाल गृह तथा संस्थाको संरक्षणमा रहेका बालबालिका**

| क्रसं | संस्था | २०७८/७९ | | | २०७९/८० | | | २०८०/८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १ | बन्दी सहायता नेपाल | ७१ | ७८ | १४९ | ९० | १०० | १९० | ५६ | ७५ | १३१ |
| २ | प्रारम्भिक बालविकास केन्द्र | ० | २३ | २३ | ० | २७ | २७ | ० | २७ | २७ |
| ३ | पीडित सेवा संघ | ९ | ९ | १८ | ८ | ८ | १६ | ८ | ४ | १२ |
| ४ | बन्दी सहायता नियोग | १९ | १७ | ३६ | १९ | ४३ | ६२ | १९ | ४३ | ६२ |
| ५ | नेपाल बाल संगठन | ८ | ६ | १४ | ९ | ६ | १५ | ९ | ६ | १५ |
| ६ | पारिजात बचेरा बास | ९ | २ | २ | ० | २ | २ | ० | २ | २ |
| | जम्मा | १०७ | १२६ | १८६ | १२६ | १३५ | २४२ | ९२ | १५७ | २४९ |

*स्रोत: राष्ट्रिय बाल अधिकार परिषद् २०८१*

## ४.१० द्वन्द्व प्रभावित बालबालिका

संविधान र बालबालिका सम्बन्धी ऐन, २०७५ मा कुनै पनि बालबालिकालाई सेना, प्रहरी र सशस्त्र समूहमा भर्ना गर्न र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सशस्त्र द्वन्द वा राजनीतिक उद्देश्यको लागि प्रयोग गर्न नपाइने व्यवस्था छ । कानून बमोजिम द्वन्द्वबाट प्रभावित बालबालिकालाई विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको रुपमा परिभाषित गर्नुको साथै आवश्यक सेवा प्रदान गर्नु पर्ने व्यवस्था छ ।

नेपाल सरकारले द्वन्द्वपीडित परिवारका बालबालिकाको शिक्षाका लागि छात्रवृत्तिको व्यवस्था गर्नुका साथै द्वन्द्व प्रभावित बालबालिकाको उचित स्याहारको लागि समेत सहिद प्रतिष्ठानलाई अनुदान उपलब्ध गराउने गरेको छ। सुनसरी, दोलखा, कास्की, दाङमा र डोटीमा गरी पाँचवटा स्थानमा सहिद प्रतिष्ठानबाट आवासीय विद्यालयहरू सञ्चालनमा रहेका छन् । सञ्चालनमा रहेको विद्यालयहरुमा आवासीय र स्थानीय सहित गरी १ हजार ७०७ जना विद्यार्थी रहेका छन् । सहिद प्रतिष्ठानबाट सञ्चालित विद्यालयहरुमा रहेका १० कक्षासम्म अध्ययनरत बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका: ४९ शहीद प्रतिष्ठानबाट सञ्चालित विद्यालयहरुमा रहेका बालबालिका**

| क्र.स | विद्यालयको नाम | आवासीय | | स्थानीय | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | बालक | बालिका | |
| १ | श्री शहीद स्मृति आवासीय माध्यमिक विद्यालय, सुनसरी | १३५ | ९४ | ५२ | ६७ | ३४८ |
| २ | श्री शहीद स्मृति आवासीय माध्यमिक विद्यालय, दोलखा | ९३ | ६७ | २९ | १८ | २०७ |
| ३ | श्री शहीद स्मृति आवासीय माध्यमिक विद्यालय, कास्की | ९२ | ७२ | ७६ | ७१ | ३११ |
| ४ | श्री शहीद स्मृति आवासीय माध्यमिक विद्यालय, दाङ | २११ | १४५ | ५२ | ३६ | ४४४ |
| ५ | श्री शहीद स्मृति आवासीय माध्यमिक विद्यालय, डोटी | १५४ | ८७ | ९० | ६६ | ३९७ |
| **जम्मा** | | ६८५ | ४६५ | २९९ | २५८ | १७०७ |

*स्रोत: सहिद प्रतिष्ठान नेपाल २०८१*

माथिको तालिकाबाट शहीद प्रतिष्ठानमा रहेका बालबालिका मध्ये ६७.३७% आवासीय विद्यार्थी रहेको छन् भने बाँकी स्थानीय रहेको देखिन्छ । यसैगरी श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय, दाङमा सबैभन्दा धेरै ४४४ जना र सबैभन्दा कम दोलखामा २०७ जना रहेको देखिन्छ ।

## ४.११ विशेष संरक्षणको आवश्यकता भएका बालबालिका

### ४.११.१ अनाथ बालबालिका

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २० मा अनाथ बालबालिकाको संरक्षण गर्नु राज्यको दायित्व हुने व्यवस्था छ। नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५ एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार बाबुआमा दुबै नभएका वा दुई मध्ये कुनै एक जीवित हुँदाहुँदै पनि शारीरिक वा मानसिक कारणले आफ्ना बालबालिकाको पालन पोषण तथा हेरचाह गर्न असमर्थ भएका परिवारका बालबालिकालाई राज्य संयन्त्रबाट संरक्षण गर्नुपर्ने दायित्व रहको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार १० देखि १४ वर्ष उमेर समूहका ७ हजार ३३१ जना बालबालिका र १५ देखि १९ वर्षसम्मका ६७ हजार ९७४ जना गरी कूल ७५ हजार ३०५ जना (१.१%) बालबालिका स्वयम् घरमुलीको रुपमा रहेका छन्। जसमा बालक घरमुलीको संख्या ३९ हजार ६३५ र बालिका घरमुलीको संख्या ३५ हजार ६७० रहेको देखिन्छ।

### ४.११.२ हराएका तथा हराएकामध्ये फेला परेका बालबालिका

बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ८९ बमोजिम नेपाल सरकारले आवश्यकता अनुसारको संख्या र स्थानमा हराएका बालबालिकाको खोजी गर्न, फेला परेका बालबालिकाको खोजी र परिवारको पहिचान गरी परिवारमा पुनर्मिलन गराउन, जोखिपूर्ण श्रममा संलग्न, बेचबिखन तथा ओसारपसारमा परेका र सडक बालबालिकाको उद्धार तथा संरक्षण गर्न बालबालिका खोजतलास सेवा सञ्चालन गर्ने व्यवस्था रहेको छ। बालबालिका खोजतलास सेवा निःशुल्क टेलिफोन नं. १०४ ले हराएका बालबालिकाको खोजतलास तथा बेवारीस फेला परेका, बेचबिखनमा तथा ओसारपसारमा परेका, जोखिमपूर्ण श्रममा संलग्न रहेका र सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थाका लागि नेपाल प्रहरीसँगको सहकार्यमा काठमाडौं उपत्यका सहित (मनाङ, मुस्ताङ, नवलपरासी बर्दघाट पूर्व  र रुकुम पूर्व जिल्ला बाहेक) ७१ जिल्ला प्रहरी कार्यालयमा निःशुल्क टेलिफोन नं. १०४ जडान गरी सेवा सञ्चालनमा रहेको छ। बालबालिका खोजतलास समन्वय केन्द्र १०४ भृकुटीमण्डप, बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र कोशी प्रदेश विराटनगर, मधेस प्रदेश जनकपुरधाम र लुम्बिनी प्रदेश बुटवलमा समेत बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र सेवा सञ्चालनमा रहेका छन्।

आर्थिक वर्ष २०८०/८१ मा देशभर हराएका ६ हजार ५९० (बालक १८२९ र बालिका ४७६१) जना बालबालिकाको खोजतलास गरिएकोमा सोमध्ये ५ हजार ८३१ जना (बालक १६४९ र बालिका ४१८२) फेला पारी पारिवारिक पुनर्मिलन गरिएको छ।

**तालिकाः ५० आर्थिक वर्ष २०८०/८१ मा देशभर हराएका र हराएकामध्ये फेला परेका बालबालिका**

| प्रदेश | हराएका | | | हराएका मध्ये फेला परेका | | | खोजतलास जारी | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| कोशी | २१७ | ६५२ | ८६९ | १९९ | ५७८ | ७७७ | १८ | ७४ | ९२ |
| मधेश | २१३ | १२३७ | १४५० | १७६ | ९७६ | ११५२ | ३७ | २६१ | २९८ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बागमती | बा.खो.त.स.केन्द्र, भृकुटीमण्डप | ५६ | ५१ | १०७ | ४५ | ४० | ८५ | ११ | ११ | २२ |
| | का.उ.प्र कार्यालय रानीपोखरी | ३२२ | ५३९ | ८६१ | २९६ | ४९४ | ७९० | २६ | ४५ | ७१ |
| | उपत्यका बाहेक | १२० | ३७५ | ४९५ | १०६ | ३५५ | ४६१ | १४ | २० | ३४ |
| गण्डकी | | १५३ | ३३९ | ४९२ | १४० | ३२५ | ४६५ | १३ | १४ | २७ |
| लुम्बिनी | | ३४७ | ९१७ | १२६४ | ३०९ | ८०४ | १११३ | ३८ | ११३ | १५१ |
| कर्णाली | | १४८ | २५८ | ४०६ | १३४ | २३७ | ३७१ | १४ | २१ | ३५ |
| सुदूरपश्चिम | | २५३ | ३९३ | ६४६ | २४४ | ३७३ | ६१७ | ९ | २० | २९ |
| **जम्मा** | | १८२९ | ४७६१ | ६५९० | १६४९ | ४१८२ | ५८३१ | १८० | ५७९ | ७५९ |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०८१*

## ४.११.३ बेवारीस फेला परेका बालबालिका

आर्थिक वर्ष २०८०/८१ मा देशभर बेवारीस फेला परेका ३८३ जना (बालक २४३ र बालिका १४०) जना बालबालिकाको उद्धार गरी २३८ जनालाई पारिवारमा पुनर्मिलन गरिएको छ भने परिवार पत्ता लाग्न नसकेका १४५ जनालाई बाल गृह तथा संस्थामा अस्थायी संरक्षण सेवाको प्रबन्ध गरी संरक्षण तथा व्यवस्थापन गरिएको छ । विगत पाँच वर्षदेखिको बेवारीस फेला परेका बालबालिका सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिकाः ५१ बेवारीस फेला परेका बालबालिका**

| सि.नं. | आ.वं. | बेवारीस फेला परेका | | | पारिवारिक पुनर्मिलन गरिएका | | | अस्थायी संरक्षणमा रहेका | | | अस्थायी संरक्षणबाट भागेका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १ | २०७६-७७ | २४२ | ९५ | ३३७ | ११४ | ६५ | १७९ | १२४ | २९ | १५३ | ४ | १ | ५ |
| २ | २०७७-७८ | १०६ | ९१ | १९७ | ५५ | ५४ | १०९ | ५१ | ३७ | ८८ | - | - | - |
| ३ | २०७८-७९ | २०० | ९७ | २९७ | १२७ | ६९ | १९६ | ७० | २८ | ९८ | ३ | - | ३ |
| ४ | २०७९-८० | २३२ | १३० | ३६२ | १५० | ८५ | २३५ | ६९ | ४२ | १११ | १३ | ३ | १६ |
| ५ | २०८०-८१ | २४३ | १४० | ३८३ | १५३ | ८५ | २३८ | ८१ | ५४ | १३५ | ९ | १ | १० |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद् २०८१*

जिल्लागत रुपमा हराएका बालबालिका सम्बन्धी विवरण ***अनुसूची ३*** मा प्रस्तुत गरिएको छ।

**तालिकाः ५२ उमेरको आधारमा हराएका, फेला परेका र खोजतलास जारी बालबालिका**

| सि.नं. | उमेर समूह | हराएका | | | हराएकामध्ये फेला परेका | | | खोजतलासजारी रहेका | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | |
| १ | ०-५ | ४५ | ३९ | ८४ | ४१ | ३५ | ७६ | ४ | ४ | ८ | |
| २ | ६-१० | १७८ | ८९ | २६७ | १६२ | ८८ | २५० | १६ | १ | १७ | |
| ३ | ११-१४ | ७०३ | १०९४ | १७९७ | ६४२ | ९८८ | १६३० | ६१ | १०६ | १६७ | |
| ४ | १५-१८ | ९०३ | ३५३९ | ४४४२ | ८०४ | ३०७१ | ३८७५ | ९९ | ४६८ | ५६७ | |
| जम्मा | | १८२९ | ४७६१ | ६५९० | १६४९ | ४१८२ | ५८३१ | १८० | ५७९ | ७५९ | |

***स्रोतः राष्ट्रिय बाल अधिकार परिषद् २०८१***

माथिको तालिकाबाट १५ देखि १८ वर्ष उमेर समूहका हराएका बालबालिका संख्या ४ हजार ४४२ रहेको छ। जुन कुल हराएका बालबालिकाको ६७.४% हो। उक्त उमेर समूहमा हराएका कूल बालबालिका मध्ये बालिकाको प्रतिशत मात्र ५३.७% रहेको देखिन्छ। हराएका बालबालिका मध्ये ०-१० वर्ष सम्मको उमेर समूहमा बालकको संख्या बढी हुनु र ११-१८ वर्ष उमेर समूहमा बालिकाको संख्या उल्लेख्य मात्रामा बढी हुनुको कारणबारे विस्तृत अध्ययन हुनु जरुरी रहेको छ।

## ४.११.४ सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन

आर्थिक वर्ष २०८०/८१ मा सडक बालबालिका मुक्त राष्ट्र बनाउने अभियान अन्तर्गत काठमाडौं उपत्यका सहित देशभरका सडकमा सडक जीवन बिताइरहेका थप नयाँ २३५ (बालक २०६ र बालिका २९) जना सडक बालबालिकाको उद्धार गरी आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्ममा अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका २९३ जना समेत गरी जम्मा ५२८ जना सडक बालबालिकालाई पालनपोषण तथा संरक्षण गरिएको छ। साथै १११ (बालक ८९ र बालिका २२) जना सडक बालबालिकालाई परिवारमा पुनर्मिलन गरिएको छ।

२०७३ साल वैशाख २७ गतेदेखि २०८१ असार मसान्तसम्म २ हजार ३४९ सडक बालबालिका उद्धार गरी संरक्षण तथा व्यवस्थापन गरिएको छ। उद्धार गरिएकामध्ये १ हजार ५९६ जनालाई परिवारमा पुनर्मिलन गरिएको, ७९८ जनालाई विभिन्न सीपमुलक तालीममा सहभागी गरिएको, तालीममा सहभागी भएकामध्ये ४८० जना स्वरोजगारमा रहेका छन्। प्रत्येक आर्थिक वर्षको संख्यात्मक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका: ५३ उद्धार गरिएका सडक बालबालिका**

| क्र.सं. | आ.व. | उद्धार गरिएका सडक | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १ | २०७२-७३ | १७५ | २८ | २०३ |
| २ | २०७३-७४ | ४३२ | ५८ | ४९० |
| ३ | २०७४-७५ | १७७ | ३ | १८० |
| ४ | २०७५-७६ | ११९ | १९ | १३८ |
| ५ | २०७६-७७ | ३७८ | ८७ | ४६५ |
| ६ | २०७७-०७८ | २०१ | ५४ | ३५५ |
| ७ | २०७८-७९ | १३२ | २५ | १५७ |
| ८ | २०७९-८० | १०१ | २५ | १२६ |
| ९ | २०८०-८१ | २०६ | २९ | २३५ |
| | जम्मा | **२०२१** | **३२८** | **२३४९** |

*स्रोत: राष्ट्रिय बाल अधिकार परिषद् २०८१*

### ४.११.५ हिंसा तथा जोखिममापरेका बालबालिका (बाल हेल्पलाइन सेवा निःशुल्क टेलिफोन नं. १०९८)

बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ९० को उपनियम (२) मा राष्ट्रिय बाल अधिकार परिषद्ले गैरसरकारी संस्थाको समन्वयमा बालबालिका विरुद्धको हिंसाबाट पीडित तथा जोखिममा रहेका बालबालिकाको उद्धार तथा संरक्षण र सहायताका लागि बाल हेल्पलाइन सेवा सञ्चालन गर्ने व्यवस्था रहेको छ। बालबालिका विरुद्ध हिंसा र जोखिममा परेका बालबालिकाको तत्काल उद्धार, राहत, संरक्षण, मनोविमर्श, कानूनी परामर्श, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापनाका लागि गैरसरकारी संस्थासँगको सहकार्यमा देशभरीका १८ जिल्लाहरुमा[१] बाल हेल्पलाइन सेवा निःशुल्क टेलिफोन नं १०९८ (दश नौ आठ) सञ्चालनमा रहेको छ। बाल हेल्पलाइन सेवामार्फत मुख्यतयाः बाल हेल्पलाइन नम्बर १०९८ टेलिफोन र आकस्मिक उद्धार (चौबीसै घण्टा), एम्बुलेन्स सेवा वा बालमैत्री सवारी साधन, तत्काल राहत, मनोविमर्श तथा पारिवारिक परामर्श, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, पारिवारिक सहयोग, कानूनी परामर्श तथा सहयोग, पारिवारिक पुनर्मिलन, सामाजिक वा संस्थागत पुनःस्थापना, सेवा प्राप्त गरेका बालबालिकाको नियमित अनुगमन, सहजीकरण तथा पृष्ठपोषण लगायतका सेवाहरु उपलब्ध हुन्छन्।

बाल हेल्पलाइन सेवा (१०९८) मार्फत आर्थिक वर्ष २०८०/८१ मा ९४७ (बालक ४२६ र बालिका ५२१) जना बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ।

बाल हेल्पलाइनमार्फत उद्धार गरिएका, अन्य निकायबाट सिफारिस भई आएका र फोनकल लगायत अन्य माध्यमबाट सहयोगको आवश्यकता पहिचान भएका कूल १० हजार २५१ (बालक ३७७८ र बालिका ६४७३) जना बालबालिकालाई सेवा प्रदान गरिएको छ। बाल हेल्पलाइन सेवा केन्द्रहरुबाट प्रदान गरिएको सेवाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका: ५४ जोखिममा परेका बालबालिकालाई प्रदान गरिएको सहयोग (२०७९/८० र २०८०/८१)**

| क्र.सं. | सहयोगको विवरण | आ.व.२०७९/८० | | | आ.व. २०८०/८१ | | |
|---|---|---|---|---|---|---|---|
| | | बालिका | बालिका | जम्मा | बालक | बलिका | जम्मा |
| १ | स्वास्थ्य उपचार सहयोग | २६७ | ३८६ | ६५३ | २२५ | ५२० | ७४५ |
| २ | मनोसामाजिक मनोविमर्श | ११४३ | १४५६ | २५९९ | १०६० | १६३९ | २६९९ |
| ३ | पारिवारिक परामर्श | १०६६ | १५०१ | २५६७ | ९९२ | १६३४ | २६२६ |
| ४ | अस्थायी संरक्षण सेवा | ४३४ | ५८३ | १०१७ | ४०९ | ६१९ | १०२८ |
| ५ | कानूनी परामर्श | २०८ | ५८१ | ७८९ | २६३ | ६७४ | ९३७ |
| ६ | शैक्षिक सहयोग | २३६ | ३२२ | ५५८ | २९१ | ४१८ | ७०९ |
| ७ | ऋाय आर्जन सहयोग | ३९ | ४२ | ८१ | ७ | २१ | २८ |
| ८ | बाल विवाह रोकथाम | ३८ | २०२ | २४० | १०४ | २८६ | ३९० |
| ९ | तत्काल राहत तथा संरक्षण सहयोग/अन्य | ३८० | ५३९ | ९१९ | ४२७ | ६६२ | १०८९ |
| | **जम्मा** | **३८११** | **५६१२** | **९४२३** | **३७७८** | **६४७३** | **१०२५१** |

***स्रोत: राष्ट्रिय बाल अधिकार परिषद्, २०८१***

---

[१] *इलाम, संखुवासभा, मोरङ, उदयपुर, सुनसरी, धनुषा, बारा, मकवानपुर, चितवन, काठमाडौं, कास्की, रुपन्देही, बाँके, सुर्खेत, दैलेख, कालिकोट, कैलाली र बाजुरा।*

### ४.११.६ बाह्य तथा आन्तरिक धर्मपुत्र धर्मपुत्री

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २१ मा धर्मपुत्र/धर्मपुत्री लिन दिन पाउने कुरालाई मान्यता दिएको छ । साथै धर्मपुत्र/धर्मपुत्री सम्बन्धी कार्यलाई अझ व्यवस्थित गर्नका लागि अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्री सम्बन्धी बालबालिकाको संरक्षण र सहयोग सम्बन्धी महासन्धि, २९ मे १९९३ समेत रहेको छ । यी महासन्धि अनुकूल हुनेगरी मुलुकी देवानी संहिता ऐन, २०७४ को परिच्छेद-८ मा धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी र परिच्छेद-९ मा अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी व्यवस्था विस्तृत रुपमा उल्लेख गरिएको छ। नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्नदिने सम्बन्धी शर्त तथा प्रक्रिया, २०६५ र अन्तरदेशीय धर्मपुत्री व्यवस्थापन विकास समिति (गठन) आदेश, २०६७ मा बालबालिकाका धर्मपुत्र/पुत्री सम्बन्धी विभिन्न व्यवस्था गरिएका छन् ।

हेगस्थित धर्मपुत्र/पुत्री ग्रहण सम्बन्धी अन्तर्राष्ट्रिय संस्थाका अनुसार सन् १९९९ देखि २०१९ सम्म हेगको उपर्युक्त महासन्धिका पक्षधर मुलुकमा नेपालबाट पठाइएका बालबालिकाको संख्या जम्मा १ हजार ९०१ रहेको पाइएको छ। उक्त १ हजार ९०१ जनामध्ये बालक र बालिका छुट्टिएका बालबालिका ८८२ जना (बालक, ३६८ र बालिका, ५१४) रहेको र बालक/बालिका नछुट्टिएका १ हजार १९ जना बालबालिका रहेको पाइएको छ । उक्त समयावधिमा धर्मपुत्र/पुत्रीको रुपमा पठाइएका संख्या र मुलुक तलको तालिकामा प्रस्तुत गरिएको छ ।

***तालिकाः ५५ नेपालबाट धर्मपुत्र/पुत्रीको रुपमा विदेश पठाइएका बालबालिकाको (सन् १९९९-२०१९)***

| **क्र.स.** | **देश** | **सन् १९९९-२०१२ सम्म** | २०१३ | २०१४ | २०१५ | २०१६ | २०१७ | २०१८ | २०१९ | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | इटाली | ४८९ | ० | ० | ० | ० | ० | ० | ० | **४८९** |
| २ | अमेरिका | ३७६ | ० | १ | २ | ० | १ | ० | १ | **३८१** |
| ३ | अस्ट्रिया | ३ | ० | ० | ० | ० | ० | ० | ० | **३** |
| ४ | बेल्जियम | १८ | ० | ० | ० | ० | ० | ० | ० | **१८** |
| ५ | क्यानाडा | ४० | ० | २ | ० | २ | ० | ० | १ | **४५** |
| ६ | जर्मनी | २९ | ० | ० | ० | ० | ० | ० | ० | **२९** |
| ७ | फ्रान्स | १११ | ० | ० | ० | ० | ० | ० | ० | **१११** |
| ८ | डेनमार्क | २२ | ० | ० | ० | ० | ० | ० | ० | **२२** |
| ९ | स्वीडेन | ९ | ० | ० | ० | ० | ० | ० | ० | **९** |
| १० | स्वीट्जरल्याण्ड | १९ | ० | ० | ० | ० | ० | ० | ० | **१९** |
| ११ | नर्वे | १० | ० | ० | ० | ० | ० | ० | ० | **१०** |
| १२ | स्पेन | ७४४ | ० | ० | ० | ० | ० | ० | ० | **७४४** |
| १३ | लक्जेम्वर्ग | १ | ० | ० | ० | ० | ० | ० | ० | **१** |
| १४ | नेदरल्याण्डस् | १६ | ० | ० | ० | ० | ० | ० | ० | **१६** |
| १५ | स्लोभेनिया | ० | ० | १ | ० | २ | ० | १ | ० | ४ |
| | **जम्मा** | **१,८८७** | **०** | ४ | २ | ४ | **१** | **१** | २ | **१,९०१** |

*स्रोतः HCCH.net*

विदेशी नागरिकहरुले विगतमा धर्मपुत्र/पुत्री ग्रहण सम्बन्धी प्रक्रिया सहज भएको कारण यो संख्या सन् १९९९ देखि २०१२ सम्मको १४ वर्षको अवधिमा १ हजार ८८७ जना बालबालिका धर्मपुत्र/पुत्रीको रुपमा विदेश पठाइएको थियो भने सो पश्चात् कानूनी र संरचनागत व्यवस्थाका कारण सन् २०१३ देखि २०१९ सम्मको सात वर्षको समयावधिमा यो संख्या १४ जनामा सीमित भएको छ ।

आन्तरिक धर्मपुत्र/पुत्री ग्रहण गर्ने सम्बन्धमा धर्मसन्तानको लिखत आधिकारिक रुपमा सुरक्षित हुनुपर्ने भएकाले नेपाल राजपत्रको भाग २ मिति २०७२ असोज १४ गतेको अतिरिक्ताङ्कको १५(घ) मा प्रकाशित नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन २०७२ र मुलुकी देवानी संहिता, २०७४ अनुसार हाल सो कार्य जिल्ला अदालतबाट गरिने प्रावधान रहेको छ। सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन अनुसार आ.व. २०७६/७७ देखि २०८०/८१ सम्म जम्मा १०१ जना बालबालिकाको धर्मसन्तान सम्बन्धीको मुद्दाहरुको अभिलेख तीनै तहका अदालतहरुमा रहेको देखिन्छ।

**तालिकाः ५६ धर्मसन्तान सम्बन्धी मुद्दाहरुको विवरण**

| आ.व. | सर्वोच्च अदालत | | | उच्च अदालत | | | जिल्ला अदालत | | | सबै अदालतको जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लगत | फछ्र्यौट | बाँकी | लगत | फछ्र्यौट | बाँकी | लगत | फछ्र्यौट | बाँकी | लगत | फछ्र्यौट | बाँकी |
| २०७६/७७ | ८ | ४ | ४ | १७ | ९ | ८ | १८ | १३ | ५ | ४३ | २६ | १७ |
| २०७७/७८ | ५ | ० | ५ | ९ | ३ | ६ | ३ | २ | १ | १७ | ५ | १२ |
| २०७८/७९ | ७ | ४ | ३ | ३ | ० | ३ | १० | ३ | ७ | २० | ७ | १३ |
| २०८०/८१ | ३ | १ | २ | २ | १ | १ | १६ | ७ | ९ | २१ | ९ | १२ |
| **जम्मा** | **२३** | **९** | **१४** | **३१** | **१३** | **१८** | **४७** | **२५** | **२२** | **१०१** | **४७** | **५४** |

***स्रोतः सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन, २०८१***

## ४.१२ वैकल्पिक हेरचाह

विभिन्न कारणले आफ्नो पारिवारिक हेरचाहबाट वञ्चित वा जोखिम वा अप्ठ्यारो अवस्थामा परेका बालबालिकालाई आफ्नै परिवारबाहेक अन्य परिवार वा आवासीय संस्थामा कानून बमोजिम पालन पोषण, शिक्षा दीक्षा लगायतको आवश्यक हेरचारको व्यवस्था नै वैकल्पिक हेरचाह हो। संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा १८ मा बाबु आमा तथा अभिभावकले बालबालिकाको उचित हेरचाह गर्न असमर्थ भएमा सरकारले बालबालिकाको हेरचाहमा सहयोग गर्नुपर्ने, धारा २० मा अनाथ बालबालिकाको संरक्षण गर्नु राज्यको दायित्व हुने व्यवस्था छ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ मा उल्लेख भएका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकामध्ये दफा ४९ ले दफा ४८ को उपदफा (१) को खण्ड (क) देखि (छ) सम्मका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका मानेको छ। यस अनुसार मूलतः अनाथ, अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा बेवारिस फेला परेका, बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका, कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका, थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका, जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका, बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका जस्ता बालबालिका पर्दछन्। यसका अतिरिक्त ऐनको दफा ६९ र नियमावलीको नियम ६८ अनुसार तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोबास व्यवस्था मिलाउन नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले आपसी समन्वयमा अस्थायी संरक्षण सेवाको व्यवस्था गर्ने भन्ने उल्लेख गरेको छ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार कूल ९८ लाख ६९ हजार ५८३ बालबालिकामध्ये सबैभन्दा धेरै ७७.९% बालबालिका आमाबाबु दुवैसँग बस्ने गरेका छन् भने आमासँग मात्र बस्ने १७.१%, बाबुसँगमात्र बस्ने १% र अन्य नातेदारसँग बस्ने बालबालिका ३% रहेको देखिएको छ। बालबालिकाको बसाइँको अवस्था सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका: ५७ बालबालिकाको बाबुआमा वा बाबु वा आमा वा अभिभावकसँग बसाइँको विवरण**

| बसाइँको अवस्था | बालक प्रतिशत | बालिका प्रतिशत | जम्मा प्रतिशत |
|---|---|---|---|
| बाबुआमा दुवैसँग | ७८.० | ७७.७ | ७७.९ |
| आमासँग मात्र | १७.१ | १७.१ | १७.१ |
| बाबुसँग मात्र | १.१ | १.० | १.० |
| बाबु र सौतेनी आमासँग | ०.४ | ०.३ | ०.३ |
| आमा र सौतेनी बाबुसँग | ०.१ | ०.१ | ०.१ |
| अन्य नातेदारसँग | २.७ | ३.२ | ३.० |
| काम लगाउने व्यक्तिसँग | ०.० | ०.० | ०.० |
| अन्य व्यक्तिसँग | ०.६ | ०.४ | ०.५ |
| उल्लेख नभएको | ०.१ | ०.१ | ०.१ |
| **जम्मा** | **१००** | **१००** | **१००** |

***स्रोत: राष्ट्रिय जनगणना, २०७८***

राष्ट्रिय जनगणनाबाट देखिएको ३ लाख ४१ हजार ३१० जना बालबालिका वैकल्पिक हेरचाहमा रहेका छन् ।

सम्बन्धित स्थानीय तहको बाल कल्याण अधिकारीको सिफारिसमा राष्ट्रिय बाल अधिकार परिषद् लगायतका निकायको समन्वयमा आर्थिक वर्ष २०८०/८१ मा विशेष संरक्षणको आवश्यकता भएका ३१ जना बालक र ७० जना बालिका गरी जम्मा १०१ जना बालबालिकाको वैकल्पिक हेरचाहको अन्तिम विकल्पको रुपमा बाल गृहमा संरक्षण तथा व्यवस्थापन गरिएको छ ।

## ४.१२.१ बाल गृहमा संरक्षित बालबालिका

आर्थिक वर्ष २०८०/८१ मा ४६ जिल्लामा ३९६ वटा बाल गृह सञ्चालनमा रहेका छन् । यी बाल गृहहरुमा १० हजार ८८२ (बालक ५०२५ र बालिका ५८५७) जना बालबालिका आवासीय रुपमा संरक्षणमा रहेका छन् । गत आ.व.२०७९/८० मा ४५ जिल्लामा सञ्चालित ४१८ वटा बाल गृहमा जम्मा ११ हजार २०२ (बालक ५१४४ र बालिका ६०५८) जना बालबालिका संरक्षित रहेका थिए । हाल सञ्चालनमा रहेका बाल गृह र बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका: ५८ बाल गृहमा संरक्षित बालबालिका**

| प्रदेश | बाल गृह सञ्चालन भएका जिल्ला संख्या | बाल गृह संख्या | हाल संरक्षित बालबालिका संख्या | | |
|---|---|---|---|---|---|
| | | | बालक | बालिका | जम्मा |
| कोशी प्रदेश | ९ | ३० | ३८६ | ३८१ | **७६७** |
| मधेश प्रदेश | ५ | १३ | १३८ | ५७ | **१९५** |
| बागमती प्रदेश | १० | २७२ | ३३१६ | ४२४९ | **७५६५** |
| गण्डकी प्रदेश | ६ | ३५ | ४५६ | ५३६ | **९९२** |
| लुम्बिनी प्रदेश | ७ | २० | २९६ | २६२ | **५५८** |
| कर्णाली प्रदेश | ६ | १२ | २३३ | २११ | **४४४** |

| | | | | | |
|---|---|---|---|---|---|
| सुदूरपश्चिम प्रदेश | ३ | १४ | २०० | १६१ | ३६१ |
| **जम्मा** | **४६** | **३९६** | **५०२५** | **५८५७** | **१०८८२** |

***स्रोतः राष्ट्रिय बाल अधिकार परिषद् २०८१***

माथिको तालिकाबाट गत आ.व.मा भन्दा यस आ.व. २०८०/८१ मा बाल गृहको संख्या २२ ले र संरक्षित बालबालिकाको संख्या ३२० ले घटेको छ। कूल बाल गृह मध्ये ६९.७९% र संरक्षित बालबालिका मध्ये ६९.३९% बागमती प्रदेशमा रहेको छन्। सबैभन्दा कम बाल गृहको संख्या कर्णाली प्रदेशमा २.३०% र बालबालिकाको संख्या मधेश प्रदेशमा १.८०% रहेको छ।

## ४.१२.२ बाल गृह अनुगमन, उद्धार तथा पारिवारिक पुनर्मिलन

आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय बाल अधिकार परिषद्ले सम्बन्धित स्थानीय तहसँगको समन्वय र सहकार्यमा १३ वटा जिल्लाका १७५ वटा बाल गृहहरुको स्थलगत अनुगमन गरी आवश्यक सुझाव प्रदान गरेको छ। अनुगमनमा दिइएको सुझाव तथा निर्देशनको आधारमा ४४ वटा बाल गृहले ३८६ जना बालबालिका (बालक १८१, बालिका २०५) लाई परिवारमा पुनर्मिलन गरेका छन्।

प्रचलित कानून तथा मापदण्ड विपरीत सञ्चालनमा रहेका वटा ५ वटा बाल गृहहरुबाट ५३ जना बालबालिका (बालक ३५, बालिका १८) को उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ। विगत आर्थिक वर्षदेखि हालसम्म कानून तथा मापदण्ड विपरीत रहेका बाल गृहबाट उद्धार गरिएका बालबालिका सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

***तालिकाः ५९ बाल गृहबाट उद्धार गरिएका बालबालिकाको विवरण***

| आ.व. | बाल गृहको संख्या | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| २०७३/७४ | १२ | ५४ | ६० | ११४ |
| २०७४/७५ | ९ | ८१ | ६६ | १४७ |
| २०७५/७६ | ५ | ११६ | ७६ | १९२ |
| २०७६/७७ | ६ | ३६ | १९ | ५५ |
| २०७७/७८ | ८ | ३५ | ३८ | ७३ |
| २०७८/७९ | ३ | १५ | १४ | २९ |
| २०७९/८० | २ | २७ | १४ | ४१ |
| २०८०/८१ | ५ | ३५ | १८ | ५३ |

***श्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०८१***

बालबालिका सम्बन्धी नियमावली, २०७८ बमोजिम बाल गृह, परिवारमा आधारित हेरचाह गर्ने संस्था, पुर्नस्थापना केन्द्र सञ्चालन गर्न त्यस्ता संस्थाले राष्ट्रिय बाल अधिकार परिषद्बाट सञ्चालन अनुमति लिनुपर्ने व्यवस्था रहेको छ। यसै व्यवस्था अनुसार आ.व. २०८०/८१ को असार मसान्तसम्म १३२ वटा संस्थालाई बाल गृह सञ्चालन अनुमति प्रमाणपत्र प्रदान गरिएको छ। बाल गृह सञ्चालन अनुमति सम्बन्धी विवरण ***अनुसूची -४ र -५*** मा राखिएको छ।

### ४.१३ अन्तरदेशीय तथा सीमानाकाका विभिन्न स्थानबाट उद्धार गरी पारिवारिक पुनर्मिलन गरिएका बालबालिका

आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय बाल अधिकार परिषद्ले भारतस्थित नेपाली दुतावास, बालकल्याण समिति तथा विभिन्न संघसंस्थासँगको समन्वय र सहयोगमा सीमा नाका लगायत भारतको विभिन्न स्थानबाट ७१ जना बालबालिका (बालक ४६ र बालिका २५) को स्वदेश फिर्ती र पारिवारिक पुनर्मिलन गरिएको छ । गत वर्ष यो संख्या ६४ जना बालबालिका (बालक ५१ र बालिका १३) रहेको थियो । आर्थिक वर्ष २०७२/७३ देखि यस आर्थिक वर्ष सम्म भारतको विभिन्न स्थानबाट उद्धार गरिएका बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिकाः ६० उद्धार, स्वदेश फिर्ती र पारिवारिक पुनर्मिलन गरिएका बालबालिका**

| क.स. | आर्थिक वर्ष | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | २०७२/७३ | ३९ | ० | ३९ |
| २ | २०७३/७४ | ४८ | ७ | ५५ |
| ३ | २०७४/७५ | २४ | २ | २६ |
| ४ | २०७५/७६ | २० | १० | ३० |
| ५ | २०७६/७७ | २६ | ० | २६ |
| ६ | २०७७/७८ | १९ | ० | १९ |
| ७ | २०७८/७९ | ७५ | ११ | ८६ |
| ८ | २०७९/८० | ५१ | १३ | ६४ |
| ९ | २०८०/८१ | ४६ | २५ | ७१ |
| जम्मा | | ३४८ | ६८ | ४१६ |

***स्रोतः राष्ट्रिय बाल अधिकार परिषद् २०८१***

माथिको तालिकाबाट आर्थिक वर्ष २०७२/७३ देखि २०८०/८१ सम्ममा भारतका विभिन्न स्थानहरु[२] बाट कूल ४१६ जना बालबालिकाको उद्धार, स्वदेश फिर्ती तथा पारिवारमा पुनर्मिलन गरिएको छ ।

[२] नया दिल्ली, बैंगलोर, मुजफरपुर, चण्डीगढ, दरभंगा, सिलगढी, गोरखपुर, सितामणी, मधुवनी, लखनउ, बहराई, गजियाबाद

# परिच्छेद -५

## बाल सहभागिताको अधिकार

### ५.१ पृष्ठभूमि

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि १९८९ का प्रावधानमध्ये बालबालिकाको विचारको सम्मान (धारा १२) अभिव्यक्तिको स्वतन्त्रता (धारा १३) संगठित हुने स्वतन्त्रता (धारा १५) गोपनीयताको हक (धारा १६) सूचनामा पहुँच (धारा १७) आदि बाल सहभागितासँग सम्बन्धित रहेका छन् । नेपालको संविधानको धारा ३९ को उपधारा (३) ले बालबालिकाको सहभागिताको हक सुनिश्चित गरेको छ । यस अतिरिक्त मौलिक हक अन्तर्गतका अन्य हकहरु नागरिक सबैको हकमा लागू हुने हुँदा विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा संघ संस्था खोल्ने स्वतन्त्रताका हकहरु बालबालिकाको लागि पनि आकर्षित हुन्छन् ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८ मा आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुने, दफा ९ को अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार अन्तर्गत प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रुपमा आफ्नो कुरा राख्न पाउने तथा प्रचलित कानूनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने हक हुने, दफा १० मा प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्धनको लागि बाल क्लब वा संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकारको व्यवस्था रहेको छ । यसैगरी बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम ३ मा बालबालिकाले बाल क्लब वा संस्था खोल्न सक्ने व्यवस्था रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १२ मा स्थानीय तहमा बालबालिकाको सहभागिता प्रवर्द्धनसँग सम्बन्धित खेलकुद, बाल उद्यान, बाल क्लब तथा बाल सञ्जाल सञ्चालन र व्यवस्थापन गर्ने तथा वडालाई बालमैत्री बनाउने जस्ता कार्यहरु उल्लेख भएका छन् । यसैगरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा बाल भेलाका मागहरु स्थानीय तहको वार्षिक कार्यक्रम तथा कार्ययोजनामा समावेश गर्नुपर्ने विषय समेत समावेश भएको छ ।

**चालु सोह्रौं** योजनामा बाल क्लब, बाल सञ्जाल, किशोरकिशोरी समूह, स्काउट जस्ता संस्थाको गठन तथा सञ्चालनलाई विस्तार गरी बालबालिकाको सामाजिक उत्तरदायित्व बोध तथा स्वावलम्बी जीवनपद्धतिको सिकाइसम्बन्धी सहभागीता बढाउन लक्षित कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरिएको छ ।

### ५.२ बालबालिकाको सङ्गठन स्वतन्त्रताको अवस्था

नेपालले बालबालिकाको सहभागिता, संगठन स्वतन्त्रता, विचार वा अभिव्यक्ति स्वतन्त्रताको अधिकार सुनिश्चितताका लागि गरेको संवैधानिक, कानूनी, नीतिगत व्यवस्थाको कार्यन्वयन भइरहेको छ । आवधिक तथा वार्षिक योजना, नीति, कार्यक्रम तर्जुमा लगायत बालबालिकासँग सम्बन्धित कार्यक्रमहरुको निर्माण प्रक्रियामा सरकारी तथा गैरसरकारी निकायहरुबाट बालबालिकाको उमेर, रुची र क्षमताको आधारमा बालबालिकाको विचार अभिव्यक्तिका लागि सहभागी गराउने गरिएको छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ बमोजिम स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको अनिवार्य सहभागिताको अभ्यास निरन्तर रुपमा अघि बढाउन मार्गदर्शन गरिएको छ । कतिपय स्थानीय तहले बाल भेलाबाट प्राप्त सुझावहरुलाई वार्षिक योजनामा समावेश गर्ने गरेका छन् ।

यसैगरी बाल अधिकारको संरक्षण तथा प्रवर्धनका लागि स्थानीय तहमा बालबालिका संगठित हुने तथा संस्था खोल्ने र दर्ता गर्ने क्रम शुरु भएको छ । बाल क्लब वा संस्था तथा बाल सञ्जालहरु गठन गरी बाल अधिकारको संरक्षण तथा प्रवर्धनका लागि क्रियाशील बनाउने कार्यहरु निरन्तर अघि बढिरहेका छन् । विद्यालयको शैक्षिक तथा अतिरिक्त क्रियाकलाप लगायत विद्यालय व्यवस्थापन समितिमा बालबालिकाको सहभागिता संस्थागत हुँदै गइरहेको छ । स्थानीय तहमा क्रियाशील स्वास्थ्य व्यवस्थापन समिति, बालमैत्री स्थानीय शासन वडा/गाउँ/नगर समिति, स्थानीय बाल अधिकार समिति लगायतमा बालबालिकाको सहभागिता गराउने अभ्यास भइरहेको छ । यसको अतिरिक्त सरकारी तथा गैरसरकारी क्षेत्रबाट आयोजना हुने बालबालिकासँग सम्बन्धित कार्य तथा कार्यक्रममा बाल प्रतिनिधित्व गराइ उनीहरुको विचारलाई सम्मान गर्ने अभ्यास भइरहेको छ । यसैगरी नेपाल स्काउट र रेडक्रस सोसाइटीमा संस्थागत स्वरुपमा बाल सहभागितालाई समावेश गरिएको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १० अनुसार प्रत्येक बालबालिकालाई आफ्नो हक, हित र अधिकारको संरक्षण तथा प्रवर्धनको लागि बाल क्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार सुनिश्चित गरिएको छ । बालबालिका सम्बन्धी नियमावली, २०७८ मा बाल क्लब वा संस्था खोल्ने तथा स्थानीय तहमा दर्ता गर्ने, नवीकरण गर्ने, खारेज गर्ने, स्थानीय बाल अधिकार समितिले सम्बन्धित स्थानीय तहका बाल क्लब वा संस्थाको उपलब्धि तथा क्रियाकलापको प्रकाशन र प्रसारण गर्ने व्यवस्था मिलाउनु पर्ने, बालक्लब वा संस्थाले कुनै पनि किसिमको आर्थिक कारोबार, चन्दा र लेनदेन सम्बन्धी व्यवहार गर्न नपाउने, बालक्लब वा संस्थाको प्रभावकारी सञ्चालन तथा कामकारबाहीलाई व्यवस्थित गर्न स्थानीय तहले आवश्यक व्यवस्था गर्न सक्ने लगायत बाल क्लब वा संस्थाको काम र कर्तव्यको व्यवस्था भएको छ ।

नेपालमा बालबालिकाको संगठन स्वतन्त्रता र नेतृत्व विकासको लागि बाल सञ्जाल र बाल क्लबहरूलाई प्राथमिकता दिइएको छ । यी क्लबहरू मार्फत बालबालिकालाई आफ्ना विचार राख्ने, छलफल गर्ने, नेतृत्व क्षमता विकास गर्ने अवसर मिलेको छ ।  स्थानीय तह, विद्यालय तथा समुदाय स्तरमा सञ्चालित बाल क्लबहरुले बालबालिकाको सहभागिता सुनिश्चित गरी बाल मैत्री स्थानीय शासन (Chlid–Friendly Local Governance) कार्यक्रम सञ्चालनमा सहयोग पुगेको छ । यसले नीति, योजना र वजेट निर्धारण तथा निर्माण प्रक्रियामा बालमैत्री बनाउन सघाउँछ र बालबालिकाको सक्रिय सहभागितालाई प्रोत्साहन गर्छ ।

अर्थपूर्ण बाल सहभागिताका लागि अझै सुधारको आवश्यकता रहेको छ । बालमैत्री कानून, नीति, कार्यक्रम र संरचना लगायतमा बालमैत्री सेवाको पहुँच विस्तार गर्दै बालमैत्री वातावरणको सिर्जना गर्न आवश्यक रहेको छ ।

## ५.३ आम सञ्चार र बाल सहभागिता

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १९ मा बाल अधिकारको उल्लंघन तथा बालबालिकाको हित प्रतिकूल नहुने गरी सूचना प्रकाशन वा प्रसारण गर्नु सञ्चार क्षेत्रको दायित्व हुने व्यवस्था उल्लेख छ ।  आम सञ्चारका माध्यमबाट बालबालिकाको रचनात्मक तथा सिर्जनात्मक क्षमता प्रस्फुटन गर्ने उद्धेश्यका साथ बालबालिका लक्षित, बालबालिकाको आफ्नै सहभागितामा सूचना तथा सामग्री उत्पादन तथा प्रसारण हुन थालेका छन् । सञ्चार माध्यमलाई बालमैत्री बनाउन बालमैत्री सञ्चार निर्देशिका, २०७३ कार्यन्वयनमा रहेको छ । निजी तथा सामुदायिक एफ.एम., रेडियो, टेलिभिजनले बालबालिका केन्द्रित तथा बालबालिकाकै सहभागितामा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेका छन् ।

यस्ता कार्यक्रमहरुबाट एकातिर बालबालिका सम्बन्धी सूचनाको जानकारी हुने गरेको छ भने अर्कोतिर बालबालिका प्रोत्साहित हुने गरेको पाइन्छ । यसरी आमसञ्चार माध्यमहरुमा बालबालिकाको सरोकार, पाठक, दर्शक र श्रोताका साथै सहभागिका रुपमा पनि हुने गरेको देखिन्छ । संचार माध्यममा बालबालिकाको सहभागिता सम्बन्धी तथ्याङ्क व्यवस्थापन

गर्न बालमैत्री सूचना तथा सामग्री प्रकाशन तथा प्रसारणका लागि साझा बुझाई कायम गर्न अझै थप प्रयास गर्नुपर्ने देखिन्छ ।

## ५.४ संस्कृति तथा मनोरञ्जनमा बाल सहभागिता

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १४ को उपदफा (३) ले प्रत्येक बालबालिकालाई आफ्नो उमेर, रूची र आवश्यकता अनुसार बालमैत्री मनोरञ्जन गर्ने अधिकार सुनिश्चित गरेको छ । सोही अनुसार बालबालिकाको सर्वाङ्गीण विकासका लागि सांस्कृतिक तथा मनोरञ्जनका क्षेत्रहरुमा बालबालिकाको सहभागिता हुन थालेको छ । बालबालिकालाई आफ्नो कला, सिर्जनशीलता र सोचाइ अभिव्यक्त गर्न पाउने वातावरणले उनीहरूको आत्मविश्वास, सामाजिक क्षमता, र मानसिक विकासमा समेत  सकारात्मक प्रभाव पार्दछ । संस्कृति र मनोरञ्जनमा बाल सहभागिताले उनीहरूको मौलिक पहिचानको जगेर्ना गर्नुका साथै विभिन्न कला र संस्कारप्रति रुची र सम्मान बढाउन मद्दत गर्दछ । नेपालको संविधानको धारा १९ मा सार्वजनिक शिष्टचार, नैतिकता प्रतिकूल हुने वा भेदभावलाई प्रोत्साहन गर्ने खालका श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न नहुने उल्लेख गरिएको छ । यसर्थ विभिन्न गीत, संगीत, विज्ञापन, कार्टुनमा प्रयोग गरिएका बालबालिकालाई के कसरी प्रयोग गरियो, त्यस प्रक्रियामा बाल संवेदनशीलता अपनाइयो या अपनाईएन, त्यस्तो प्रयोगले बालबालिकाको सर्वोत्तम हित, सामाजिक सद्भावमा नकारात्मक असर पर्छ कि पर्दैन भन्ने विषयमा सरोकारवाला तथा जिम्मेवार निकायको गम्भीर ध्यान जान जरुरी छ ।

## ५.५ खेलकुद र बालबालिका

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १४ मा प्रत्येक बालबालिकालाई निजको उमेर र रुची अनुसारको खेल खेल्न र खेलकुदमा सहभागी हुन पाउने अधिकार सुनिश्चित गरिएको छ । प्रत्येक विद्यालयले नियमित पठनपाठनका अतिरिक्त खेलकुदको उचित व्यवस्था मिलाउनुपर्ने कानूनी प्रावधान समेत रहेको छ । खेलकुदलाई शैक्षिक पाठ्यक्रममा समावेश गरिएको भए तापनि आवश्यक पूर्वाधार, प्रशिक्षक, स्रोत सामाग्री र सुविधाको पहुँच अभावका कारण प्रभावकारी बन्न सकेको छैन ।

तीनै तहका सरकारी तथा गैरसरकारी निकाय र संस्थाहरूले बालबालिकाको क्षमता तथा प्रतिभा प्रस्फुटन गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । विद्यालय, वडा, स्थानीय तह, जिल्ला, प्रदेश र राष्ट्रियस्तरमा बालबालिका लक्षित प्रतियोगिताहरू आयोजना गरिदैं आएको छ । यस्ता प्रतियोगिताहरूले बालबालिकाको शारीरिक तथा मानसिक विकासका साथै आत्मविश्वास, आत्मरक्षा, समूह कार्य र नेतृत्व विकासमा योगदान पुऱ्याएको छ ।

## ५.६ स्काउट र बालबालिका

नेपाल स्काउटको स्थापना २००९ सालमा भएको हो । स्काउटले बालबालिकालाई शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक र आध्यात्मिक विकासका साथै आत्म सुरक्षा, नेतृत्व विकास र राष्ट्र तथा राष्ट्रियता प्रति समर्पित भावनाको विकास गराउँदछ ।

## ५.७ जुनियर युवा रेडक्रस सर्कल र बालबालिका

विश्व रेडक्रस अभियानमा सहभागी हुने उद्देश्यका साथ विश्वमा रेडक्रसको स्थापना भएको झन्डै १०० वर्षपछि नेपालमा नेपाल रेडक्रस सोसाइटी वि.स.२०२० भदौ १९ गते स्थापना भएको हो । विश्व रेडक्रस अभियानमा सहभागी हुने उद्देश्यका साथ नेपाल रेडक्रस सोसाइटीले देशभर शाखा, उपशाखा र बालबालिका तथा युवाहरुलाई जुनियर युवा रेडक्रस सर्कल मार्फत संगठित भएर बाल सहभागिता प्रवर्द्धनमा सहयोग पुर्‍याएको छ । बालबालिका तथा जुनियर युवाको सहभागितामा विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको छ । नेपाल रेडक्रस सोसाईटीको जुनियर तथा युवा रेडक्रस विभागबाट आर्थिक वर्ष २०८०/८१ सम्म बाल सहभागिता सम्बन्धी भएका मुख्य गतिविधि तथा उपलब्धिहरु निम्नानुसार रहेका छन् ।

**तालिकाः ६१ जुनियर युवा रेडक्रस सर्कल बाल सहभागिता**

| क्र.सं. | गतिविधि | उपलब्धि/सहभागी संख्या | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | जुनियर युवा रेडक्रस सर्कल सञ्चालन संख्या | ६९३४ सर्कल | |
| २ | जुनियर युवा सर्कलका सदस्य संख्या | ५६९५६५ जना | |
| ३ | युवाहरुको क्षेत्र विकास सम्बन्धमा सरकारी तथा अन्य सरोकारवाला संस्थाहरु सँग छलफल वैठक | ७६ जना | वार्षिक |
| ४ | युथ बुट क्याम्प | १६ जना | वार्षिक |
| ५ | युवा परिवर्तक अभियान | ६९ जना | वार्षिक |
| ६ | युथ एडाप्ट प्रशिक्षक प्रशिक्षण | २५ जना | वार्षिक |
| ७ | प्रदेश स्तरीय युवा गोष्ठी | १७८ जना | वार्षिक |
| ८ | आधारभूत युथ एडाप्ट तालिम | ८० जना | वार्षिक |
| ९ | रेडक्रस राष्ट्रिय जुनियर युवा गोष्ठी | ३५० जना | वार्षिक |
| १० | परिवर्तक युवा अभियान पुनरावलोकन बैठक | २५ जना | वार्षिक |
| ११ | परिवर्तक युवा अभियान अभिमुखीकरण | ८९ जना | वार्षिक |
| १२ | जुनियर तथा युवा बिद्यार्थीहरुको बीचमा राष्ट्रव्यापी कविता, निबन्ध र चित्रकला प्रतियोगिता | ३६४ जना | वार्षिक |
| १३ | रेडक्रस युवाहरुको अन्तरदेशीय अनुभव साटासाट भ्रमण | ११ जना | वार्षिक |
| १४ | जुनियर तथा युवा रेडक्रस नीति तथा कार्यप्रणाली निर्देशिका पुनः प्रकाशन तथा वितरण | ६००० थान | वार्षिक |

***स्रोतः नेपाल रेडक्रस सोसाइटी, २०८१***

उल्लिखित तालिका अनुसार हालसम्म ६ हजार ९३४ जुनियर युवा रेडक्रस सर्कलमा ६ लाख ५९ हजार ५६५ जना बालबालिका तथा जुनियर युवाको सहभागिता रहेको देखिन्छ भने जुनियर युवा रेडक्रस सर्कल मार्फत वर्षभरी १ हजार २८३ जना बालबालिका तथा जुनियर युवाहरुको विभिन्न कार्यक्रममा सहभागिता भएको देखिन्छ ।

# परिच्छेद -६

## बालमैत्री स्थानीय शासन

## ६.१ पृष्ठभूमि

नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकका, २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ लगायतका व्यवस्थाहरु कार्यान्वयन गरी बालमैत्री घर परिवार, विद्यालय, स्थानीय तह र समग्र समाज नै बालमैत्री बनाउनु आवश्यक छ। बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले आ.व. २०८७/८८ सम्ममा सबै स्थानीय तहलाई बालमैत्री बनाउने लक्ष्य लिएको छ। यसैगरी आ.व. २०८१/८२ सम्ममा १३० वटा नगरपालिका, २०० वटा गाउँपालिका तथा २ हजार ९५५ वटा वडाहरुलाई बालमैत्री घोषणा गर्ने लक्ष्य राखेकोमा आ.व. २०८०/८१ सम्ममा जम्मा २४ वटा स्थानीय तह (१ वटा उपमहानगरपालिका, १९ वटा नगरपालिका र ४ वटा गाउँपालिका) बालमैत्री घोषणा भएका छन्। केही अन्य स्थानीय तहहरुका वडाहरुसमेत बालमैत्री वडा घोषणा भएका छन्। यस सम्बन्धी विवरण देहायबमोजिम रहेको छ।

**तालिकाः ६२ संघीय संरचनापछि बालमैत्री स्थानीय शासन घोषणा भएका स्थानीय तहहरू**

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | घोषणाको मिति |
|---|---|---|---|---|
| १ | लुम्बिनी | नवलपरासी | सुनवल नगरपालिका | २०७५ भदौ ०३ |
| २ | गण्डकी | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | देवचुली नगरपालिका | २०७५ भदौ २९ |
| ३ | मधेश | सप्तरी | कञ्चनरुपा नगरपालिका | २०७६ भदौ २० |
| ४ | बागमती | दोलखा | भिमेश्वर नगरपालिका | २०७६ भदौ २९ |
| ५ | बागमती | मकवानपुर | मनोहरी गाउँपालिका | २०७६ पुस २८ |
| ६ | कोसी | झापा | भद्रपुर नगरपालिका | २०७७ पुस ७ |
| ७ | बागमती | मकवानपुर | बकैया गाउँपालिका | २०७७ माघ २९ |
| ८ | बागमती | काभ्रेपलाञ्चोक | धुलिखेल नगरपालिका | २०७७ फाल्गुन ०५ |
| ९ | गण्डकी | स्याङ्जा | भीरकोट नगरपालिका | २०७७ फाल्गुन २२ |
| १० | लुम्बिनी | पाल्पा | बगनासकाली गाउँपालिका | २०७७ चैत्र १४ |
| ११ | बागमती | काभ्रेपलाञ्चोक | पनौती नगरपालिका | २०७८ असार ३० |
| १२ | लुम्बिनी | कपिलवस्तु | वाणगङ्गा नगरपालिका | २०७८ साउन १५ |
| १३ | लुम्बिनी | रुपन्देही | तिलोत्तमा नगरपालिका | २०७८ मंसिर २९ |
| १४ | कोसी | सुनसरी | रामधुनी नगरपालिका | २०७८ पुस ८ |
| १५ | लुम्बिनी | पाल्पा | रम्भा गाउँपालिका | २०७८ पुस १९ |
| १६ | बागमती | भक्तपुर | चाँगुनारायण नगरपालिका | २०७८ फागनु २८ |

| | | | | |
|---|---|---|---|---|
| १७ | लुम्बिनी | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | रामग्राम नगरपालिका | २०७८ चैत्र १२ |
| १८ | बागमती | दोलखा | कालिञ्चोक गाउँपालिका | २०७८ चैत्र १२ |
| १९ | बागमती | मकवानपुर | मकवानपुरगढी गाउँपालिका | २०७८ चैत्र १२ |
| २० | बागमती | चितवन | रत्ननगर नगरपालिका | २०७८ चैत्र २२ |
| २१ | लुम्बिनी | दाङ | घोराही उपमहानगरपालिका | २०७८ चैत्र २३ |
| २२ | कोसी | इलाम | सुर्योदय नगरपालिका | २०७९ भदौ २९ |
| २३ | गण्डकी | बाग्लुङ्ग | गलकोट नगरपालिका | ०८० जेष्ठ १३ |
| २४ | कोसी | झापा | कमल गाउँपालिका | ०८० माघ २० |

*स्रोतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०८१*

**तालिकाः ६३ बालमैत्री घोषणा भएका स्थानीय तहका वडाहरुको विवरण**

| | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **प्रदेश** | **जिल्ला** | **स्थानीय तह** | **वडा** | **घोषणाको मिति** |
| १ | कर्णाली | हुम्ला | सर्केघाट गाउँपालिका | १ | २०७४ फागुन |
| २ | कर्णाली | कालिकोट | तिलागुफा नगरपालिका | २ | २०७४ मङसिर १८ |
| ३ | कर्णाली | कालिकोट | तिलागुफा नगरपालिका | ४ | २०७५ मङसिर १८ |
| ४ | कर्णाली | दैलेख | आठबीस नगरपालिका | ४ | २०७४ पुस ०८ |
| ५ | कर्णाली | हुम्ला | सिमीकोट गाउँपालिका | ४ | २०७३ चैत्र १८ |
| ६ | गण्डकी | पर्वत | मोदी गाउँपालिका | ८ | २०७४ माघ १५ |
| ७ | मधेश | पर्सा | वीरगञ्ज महानगरपालिका | ३१ | २०७४ फागुन |
| ८ | बागमती | मकवानपुर | ईन्द्रसरोवर गाउँपालिका | ४ | २०७५ जेठ २९ |
| ९ | बागमती | मकवानपुर | ईन्द्रसरोवर गाउँपालिका | ५ | २०७५ जेठ २९ |
| १० | कोशी | सुनसरी | धरान उपमहानगरपालिका | १३ | २०७५ असार २६ |
| ११ | कोशी | सुनसरी | धरान उपमहानगरपालिका | १४ | २०७५ असार ३० |
| १२ | कोशी | सुनसरी | धरान उपमहानगरपालिका | २० | २०७५ भदौ २९ |
| १३ | मधेश | पर्सा | पर्सागढी नगरपालिका | २ | २०७५ भदौ २९ |
| १४ | लुम्बिनी | कपिलवस्तु | शिवराज नगरपालिका | ९ | २०७५ असोज ०३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | लुम्बिनी | रुपन्देही | शुद्धोधन गाउँपालिका | २ | २०७५ असोज १६ |
| १६ | कोशी | उदयपुर | त्रियुगा नगरपालिका | १५ | २०७५ असोज १७ |
| १७ | कर्णाली | कालिकोट | तिलागुफा नगरपालिका | १ | २०७५ कार्तिक १८ |
| १८ | कर्णाली | कालिकोट | तिलागुफा नगरपालिका | ३ | २०७५ कार्तिक १८ |
| १९ | कर्णाली | दैलेख | गुँरास नगरपालिका | ६ | २०७५ पौष १२ |
| २० | सुदुरपश्चिम | अछाम | चौरपाटी गाउँपालिका | ६ | २०७५ पौष २९ |
| २१ | कोशी | सुनसरी | धरान उपमहानगरपालिका | १२ | २०७६ जेठ १० |
| २२ | गण्डकी | पर्वत | पैयुंटार गाउँपालिका | क७ | २०७६ असार ०९ |
| २३ | कोशी | सुनसरी | धरान उपमहानगरपालिका | १८ | २०७६ असार २२ |
| २४ | बागमती | चितवन | भरतपुर महानगरपालिका | १४ | २०७६ असार २५ |
| २५ | कोशी | सुनसरी | रामधुनी गाउँपालिका | ५ | २०७६ असार ३० |
| २६ | लुम्बिनी | प्युठान | स्वर्गद्धारी नगरपालिका | ५ | २०७६ असार ३१ |
| २७ | गण्डकी | लमजुङ | क्व्होलोसोथार गाउँपालिका | १ | २०७६ भाद्र २९ |
| २८ | लुम्बिनी | कपिलवस्तु | कपिलवस्तु नगरपालिका | ९ | २०७६ कार्तिक ०८ |
| २९ | लुम्बिनी | कपिलवस्तु | कपिलवस्तु नगरपालिका | १० | २०७६ कार्तिक ०८ |
| ३० | लुम्बिनी | कपिलवस्तु | शिवराज नगरपालिका | १ | २०७६ कार्तिक २८ |
| ३१ | गण्डकी | नवलपरासी | गैंडाकोट नगरपालिका | ११ | २०७६ पौष ११ |
| ३२ | कोशी | मोरङ | ग्रामथाम गाउँपालिका | १ | २०७६ पौष २७ |
| ३३ | गण्डकी | लमजुङ | बेशिसहर नगरपालिका | १ | २०७८ भदौ ३० |
| ३४ | गण्डकी | लमजुङ | बेशिसहर नगरपालिका | ६ | २०७८ पुस १८ |
| ३५ | बागमती | चितवन | रत्ननगर नगरपालिका | ७ | २०७८ माघ २८ |
| ३६ | लुम्बिनी | बर्दिया | बाँसगढी नगरपालिका | ६ | २०७८ फाल्गुन ६ |
| ३७ | कोशी | झापा | कमल गाउँपालिका | ४ | २०७८ फाल्गुन २३ |
| ३८ | कर्णाली | जाजरकोट | छेडागाड नगरपालिका | ११ | २०७८ फाल्गुन २९ |
| ३९ | सुदुरपश्चिम | अछाम | मेल्लेख गाउँपालिका | ३ | २०७८ चैत्र १२ |
| ४० | बागमती | सिन्धुली | तीनपाटन गाउँपालिका | १० | २०७८ चैत्र २० |
| ४१ | लुम्बिनी | बाँके | नेपालगञ्ज उपमहानगरपालिका | १२ | २०७८ चैत्र २५ |
| ४२ | बागमती | सिन्धुपाल्चोक | चौतारा सागाचोकगढी नगरपालिका | १३ | २०७९ भदौ २९ |
| ४३ | कोशी | उदयपुर | रौतामाई गाउँपालिका | ४ | २०७९ असोज ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४४ | कर्णाली | जाजरकोट | छेडागाड नगरपालिका | ४ | २०८० जेठ १२ |
| ४५ | कर्णाली | जाजरकोट | कुशे गाउँपालिका | ५ | २०८० जेठ २९ |
| ४६ | कोशी | उदयपुर | उदयपुरगढी नगरपालिका | १ | २०८० असार ५ |
| ४७ | बागमती | काठमाडौं | कीर्तिपुर | ७ | २०८० भदौ ७ |
| ४८ | गण्डकी | लमजुङ | बेसीशहर नगरपालिका | २ | भदौ २६ २०८० |
| ४९ | मधेस | सप्तरी | सुरुंगा नगरपालिका | ३ | भदौ २९ २०८० |
| ५० | कोशी | झापा | कमल गाउँपालिका | १ | असोज २६ २०८० |
| ५१ | कर्णाली | जुम्ला | तिलागुफा नगरपालिका | ९ | मंसिर ४ २०८० |
| ५२ | कर्णाली | जुम्ला | तिलागुफा नगरपालिका | १० | मंसिर ४ २०८० |
| ५३ | कर्णाली | जुम्ला | तिलागुफा नगरपालिका | ११ | मंसिर ४ २०८० |
| ५४ | कोशी | उदयपुर | ताप्ली नगरपालिका | ५ | जेठ २५ २०८१ |
| ५५ | गण्डकी | लमजुङ | बेसीशहर नगरपालिका | ४ | जेठ २५ २०८१ |
| ५६ | बागमती | सिन्धुली | फिक्कल गाँउपालिका | ५ | जेठ ३० २०८१ |
| ५७ | बागमती | सिन्धुली | तीनपाटन गाँउपालिका | ११ | जेठ ३१ २०८१ |
| ५८ | कर्णाली | जुम्ला | तिला गाउपालिका | ६ | जेठ ३२ २०८१ |
| ५९ | कोशी | उदयपुर | रौतामाई गाउँपालिका | ४ | असार १४ २०८१ |
| ६० | बागमती | सिन्धुली | तीनपाटन गाँउपालिका | १ | असार १५, २०८१ |
| ६१ | कोशी | भोजपुर | अरुण गाउपालिका | ३ | असार १७, २०८१ |
| ६२ | बागमती | मकवानपुर | हेटौँडा उपमहानगरपालिका | ८ | असार ३०, २०८१ |
| ६३ | बागमती | मकवानपुर | हेटौँडा उपमहानगरपालिका | २ | साउन १२, २०८१ |
| ६४ | बागमती | मकवानपुर | हेटौँडा उपमहानगरपालिका | ७ | भदौ १, २०८१ |
| ६५ | कोशी | इलाम | चुलाचुली गाँउपालिका | ३ | भदौ ५, २०८१ |
| ६६ | कोशी | इलाम | चुलाचुली गाँउपालिका | ५ | भदौ ५, २०८१ |
| ६७ | बागमती | मकवानपुर | हेटौँडा उपमहानगरपालिका | १७ | भदौ ७, २०८१ |
| ६८ | बागमती | मकवानपुर | हेटौँडा उपमहानगरपालिका | १० | भदौ ८, २०८१ |
| ६९ | कर्णाली | जुम्ला | पातारासी गाँउपालिका | ५ | भदौ १४ २०८१ |
| ७० | कर्णाली | जाजरकोट | भेरी नगरपालिका | ८ | भदौ १९ २०८१ |
| ७१ | गण्डकी | लमजुङ | बेसीशहर नगरपालिका | ११ | भदौ २९ २०८१ |
| ७२ | बागमती | सिन्धुली | कमलामाई नगरपालिका | ६ | भदौ २९ २०८१ |
| ७३ | गण्डकी | पर्वत | मोदी गाँउपालिका | १ | भदौ २९ २०८१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७४ | बागमती | सिन्धुपाल्चोक | चौतारा सागाचोकगढी नगरपालिका | ७ | भदौ २९ २०८१ |
| ७५ | सुदूरपश्चिम | अछाम | मेल्लेख गा.पा | ७ | भदौ २९ २०८१ |
| ७६ | बागमती | मकवानपुर | हेटौंडा उपमहानगरपालिका | ५ | भदौ २९ २०८१ |
| ७७ | कोशी | इलाम | सन्दुकपुर गाँउपालिका | ३ | भदौ २९ २०८१ |
| ७८ | गण्डकी | पर्वत | मोदी गाँउपालिका | ३ | भदौ २९ २०८० |
| ७९ | गण्डकी | नवलपरासी बर्दघाट सुस्ता पूर्व | गैंडाकोट नगरपालिका | १ | चैत्र ९ २०७५ |
| ८० | गण्डकी | लमजुङ | बेशीशहर नगरपालिका | १० | भदौ २९ २०८० |
| ८१ | गण्डकी | गोरखा | अजिरकोट गाँउपालिका | ३ | जेष्ठ २० २०८१ |
| ८२ | कोशी | झापा | कनकाई नगरपालिका | ५ | असार ३० २०८० |
| ८३ | कोशी | झापा | कनकाई नगरपालिका | ६ | असार ३० २०८० |
| ८४ | कोशी | झापा | कनकाई नगरपालिका | ८ | असार ३० २०८० |
| ८५ | कोशी | उदयपुर | रौतामाई गाउँपालिका | ८ | असार १४, २०८१ |
| ८६ | कोशी | सुनसरी | धरान उपमहानगरपालिका | १० | बैशाख १, २०८१ |
| ८७ | कोशी | सुनसरी | धरान उपमहानगरपालिका | २ | असार १०, २०८१ |
| ८८ | कोशी | सुनसरी | धरान उपमहानगरपालिका | ३ | असार १०, २०८१ |
| ८९ | कोशी | मोरङ | उर्लाबारी नगरपालिका | १ | असार ३०, २०८१ |
| ९० | कोशी | मोरङ | उर्लाबारी नगरपालिका | ६ | असार ३०, २०८१ |
| ९१ | कोशी | झापा | कनकाई नगरपालिका | १ | असार ३०, २०८१ |
| ९२ | कोशी | झापा | कनकाई नगरपालिका | २ | असार ३०, २०८१ |
| ९३ | कोशी | झापा | कनकाई नगरपालिका | ३ | असार ३०, २०८१ |
| ९४ | कोशी | झापा | कनकाई नगरपालिका | ४ | असार ३०, २०८१ |
| ९५ | कोशी | झापा | कनकाई नगरपालिका | ७ | असार ३०, २०८१ |
| ९६ | कोशी | झापा | कनकाई नगरपालिका | ९ | असार ३०, २०८१ |
| ९७ | कोशी | ईलाम | ईलाम नगरपालिका | ४ | असार ३०, २०८१ |

*स्रोतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०८१*

# परिच्छेद -७

## बालबाकि सम्बन्धी प्रदेशहरुका नीति तथा कार्यक्रम र वजेट वक्तव्य

(आर्थिक वर्ष २०८१/८२)

### ७.१ बालबालिका सम्बन्धी प्रदेशगत नीति तथा कार्यक्रम र वजेट वक्तव्य

आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारका बालबालिका सम्बन्धी नीति तथा कार्यक्रम र वजेट वक्तव्य देहाय बमोजिम रहेका छन् ।

१. कोशी प्रदेशः प्रदेश मातहतका अस्पतालमा गर्भवती तथा सुत्केरीहरुको स्वास्थ्य परीक्षणहरु निःशुल्क गर्नुका साथै भर्ना भएदेखि घरसम्म पुग्दा लाग्ने शुल्क सबै व्यवस्थापन गर्ने र शल्यक्रियाद्वारा हुने प्रसूतिदर न्यूनीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने । बालबालिकाको पोषण अवस्थाको पहिचान, विश्लेषण गरी बालबालिकाको पोषणको अवस्थामा सुधार गर्ने, बालबालिकामा जंकफूडको प्रयोगलाई निरुत्साहित गर्दै स्थानीय अन्नहरुको प्रयोगवाट दिवा खाजाको व्यवस्था गर्ने, सबै बालबालिकामा खोप प्रदान गरी पूर्णखोपको सुनिश्चितता भएको प्रदेश कायम गर्ने, बालमैत्री प्रदेश घोषणाका लागि स्थानीय तहहरुसँग समन्वय गर्ने, बाल विवाहमुक्त र सडक बालबालिकामुक्त प्रदेशको रुपमा विकास गर्ने, विद्यालय नर्स, बाल कल्याण अधिकारीहरुको प्रादेशिक सम्मेलन गर्ने जस्ता कार्यक्रमहरु रहेका छन् ।

२. मधेश प्रदेशः पूर्ण सुरक्षित मातृत्व प्रदेश, पूर्णखोपयुक्त प्रदेश, कुपोषणमुक्त प्रदेश, बाल गृहमा स्वास्थ्य सेवा, प्रदेश स्तरीय बाल अस्पतालको स्थापना र सञ्चालन, नमुना विद्यालय निर्माण, प्रदेश साक्षर अभियान, सबै विद्यालयमा खानेपानी तथा सरसफाईको व्यवस्था, मुख्यमन्त्री बेटी बचाउ,बेटी पढाउ कार्यक्रम, प्रारम्भिक बालविकास केन्द्रको भौतिक तथा मानवीय क्षमता विकास, डोम, मुहर, चमार, दुषाध र हलखोर जातिका

बालबालिकाको विद्यालय टिकाउ, विद्यालय बाहिरका बालबालिकाको भर्ना अभियान, विशेष विद्यालय, बाल विवाह विरुद्धको रणनीति, घरमुली बालबालिका सहयोग लगायतका विषयहरु समावेश गरिएको छ ।

३. बागमती प्रदेशः सुरक्षित मातृत्व, यौन तथा प्रजनन स्वास्थ्य, बालमैत्री उद्यान, प्रादेशिक शिक्षा तथा एकीकृत बाल विकास सम्बन्धी रणनीति, बाल पोषण, सीमान्तकृत, अल्पसंख्यक र अति विपन्न बालबालिकाको शिक्षा, आमा र बाबु दुबै नभएकालाई सामाजिक सुरक्षा कार्यक्रम, मानसिक स्वास्थ्य र आत्महत्याको न्यूनीकरण गर्ने, एक विद्यालय एक विद्यालय नर्स पुऱ्याउने, सबै किशोरीहरुलाई पाठेघरको क्यान्सर विरुद्धको खोप उपलव्ध गराउने, बालबालिकालाई गुणस्तरयुक्त र प्रविधिमैत्री वनाउने, बाल विवाह मुक्त प्रदेश, बालमैत्री स्थानीय शासन, लगायतका विषयहरु समावेश गरिएका छन् ।

४. गण्डकी प्रदेशः दश वर्षमुनिका बालबालिकालाई प्रदेश सरकार मातहतका अस्पतालहरुमा निःशुल्क प्रयोगशाला र ओ.पी.डि. सेवा, संस्थागत सुत्केरी प्रदेश, प्रादेशिक बाल अस्पताल, पूर्ण खोपयुक्त प्रदेश, फ्राइडे फर फ्यूचर कार्यक्रम, बौद्धिक अपाङ्गता भएका बालबालिकाको शिक्षा, प्रदेश बाल अधिकार समिति, प्रदेश बाल परिषद्, बाल श्रम उन्मूलन, हिंसा तथा दुर्व्यवहारको अन्त्य, ठूला विद्यालय, लिड विद्यालय र आवासीय विद्यालय विस्तार गर्ने, सहयोगापेक्षी मानवमुक्त सडक, बाल स्वास्थ्य, पोषण, बालमैत्री स्थानीय शासन विकास र प्रवर्दन लगायतका विषयहरु समावेश भएका छन् ।

५. लुम्बिनी प्रदेशः स्थानीय तहसँगको सहकार्य र समन्वयमा विद्यालय सेवा क्षेत्र अवधारणा लागू गरी गुणस्तरीय शिक्षाको प्रवर्दन गर्ने, प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम सञ्चालन, सिकाइमा विशेष आवश्यकता भएका बालबालिकाहरुका लागि शिक्षामा विशेष सहयोग गर्ने, अटिजम भएका बालबालिकाहरुका लागि विशेष व्यवस्था गर्ने, थोरै विद्यालय, धेरै विद्यार्थी, विद्यार्थीसँग विशेषज्ञ, नमूना शिक्षण विद्यालय, मेरो विद्यालय, मेरो दायित्व, विद्यालयका लागि मेरो एक दिन, विद्यालयमा स्काउट, प्रदेशलाई बालमैत्री प्रदेश, सन २०३० सम्म प्रदेशलाई बाल विवाहमुक्त प्रदेशका लागि १० वर्षे रणनीतिक योजना वनाई कार्यान्वयन गर्ने, बाल श्रम, बालबालिकाको बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यलाई प्रभावकारी वनाउने, बाबुआमा विहीन बालबालिकाका लागि विशेष संरक्षणको व्यवस्था, प्रदेश स्तरीय बाल कोष लगायतका विषयहरु समावेश गरिएका छन् ।

६. कर्णाली प्रदेशः बालबालिकाको लागि स्वच्छ तथा सुरक्षित खानेपानी, कर्णाली सार्वजनिक शिक्षा सुधार अभियान, पूर्ण खोप प्रदेश, बाल स्वास्थ्य, सुरक्षित मातृत्व, विद्यालय स्वास्थ्यकर्मी, दलित, अल्पसंख्यक, सीमान्तकृत तथा अति विपन्न बालबालिकालाई सीपमूलक प्राविधिक शिक्षा, बाल रोग व्यवस्थापन, असहाय, अपाङ्गता भएका बालबालिका संरक्षण र पुनर्स्थापना, जातीय भेदभाव, मानव बेचबिखन तथा ओसारपसार, अन्धविश्वास र छाउपडी जस्ता कुप्रथा अन्त्य गर्न स्थानीय तह, छोरी सशक्तीकरण, बाल श्रम, बाल विवाह, अटिजम र मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श लगायतका विषयहरु समावेश गरिएका छन् ।

७. सुदुरपश्चिम प्रदेशः प्रत्येक स्थानीय तहमा एक/एक वटा नमूना बालविकास केन्द्र, विद्यालय नर्स, प्रभावकारी सिकाइ, बाल तथा प्रजनन स्वास्थ्य, शारीरिक अपाङ्गता भएका बालबालिकाको निःशुल्क सम्भावित उपचार, बालबालिका विरुद्ध हुने हिंसाको अन्त्य, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि आपत्कालीन कोष, शारीरिक विकृति भएका विपन्न बालबालिकाको निःशुल्क उपचार, बाल श्रम, बाल विवाह, लैङ्गिक हिंसा, छाउपडी, सामाजिक विभेद, सडक बालबालिका, बादी उत्थान छात्रवृत्ति कार्यक्रम जटिल अवस्थाका प्रसूती र कडा रोगीको आकस्मिक हवाई उद्धार र सहयोग लगायतका विषयहरु समावेश गरिएका छन् ।

आर्थिक वर्ष २०८०/८१ को सात वटै प्रदेशका बालबालिका सम्बन्धी नीति तथा कार्यक्रम र वजेट वक्तव्य देहाय बमोजिम रहेको छ । प्रदेश कानून सम्बन्धी विवरण **अनुसूची -६** मा राखिएको छ ।

## कोशी प्रदेश

### नीति तथा कार्यक्रम

नीति नं. ७४ प्रदेश मातहतका अस्पतालमा गर्भवती तथा सुत्केरीहरुको स्वास्थ्य परीक्षणहरु निशुल्क गर्नुका साथै भर्ना भए देखी घरसम्म पुग्दा लाग्ने शुल्क सबै व्यवस्थापन गरिने छ । शल्यक्रियाद्वारा हुने प्रसूतीदर न्यूनीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

नीति नं. ७७ बालबालिकाको पोषण अवस्थाको पहिचान, विश्लेषण तथा व्यवस्थापनको लागि आवश्यक क्रियाकलाप सञ्चालन गरिनेछ । पोषण स्थिति सुधार तथा नसर्ने रोगको रोकथाम एवं नियन्त्रणको लागि बहुक्षेत्रीय योजनाहरु कार्यान्वयन गर्न आवश्यक समन्वय गरी कार्यान्वयन गरिनेछ । बालबालिकामा देखिने

अटिजम, देखाई सम्बन्धी समस्या तथा दन्तरोग पहिचान तथा व्यवस्थापन गर्न जन स्वास्थ्यका कार्यक्रम सञ्चालन गरिनेछ । राष्ट्रिय खोप तालिका अनुसार सबै बालबालिकाले खोप पाउने अधिकारलाई सुनिश्चित गरी पूर्णखोप सुनिश्चित प्रदेश कायम गरिनेछ ।

नीति नं. ८९ प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम मार्फत सामुदायिक विद्यालयमा भौतिक पूर्वाधार विकास, स्वच्छ खानेपानीको व्यवस्था, सूचना प्रविधिको उपयोग र व्यवस्थापकीय क्षमता सुधार गरी गुणस्तर अभिवृद्धि गर्न स्थानीय तहसँग समन्वय गरिनेछ । नमूना माध्यमिक विद्यालय सञ्चालन र नमूना बालमैत्री आधारभूत विद्यालय विकास गर्न स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

नीति नं. ९२ सामुदायिक विद्यालयका विद्यार्थीहरुको दिवा खाजाका लागि रैथाने बालीको संरक्षण र प्रोत्साहन गर्नका लागि स्थानीय उत्पादनको प्रयोग गरी खाजा व्यवस्थापनका लागि स्थानीय तह मार्फत विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ ।

नीति नं. ९५ प्रदेश भित्रका विद्यालयहरुवाट विज्ञान सामग्री प्रदर्शनी मार्फत प्रतिभा पहिचान गरी प्रोत्साहन गरिनेछ ।

नीति नं. १०१ सामाजिक विकास संस्थाको साझेदारीमा प्रदेशमा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, आदिवासी जनजाती, लोपोन्मुख, सिमान्तकृत, अपाङ्गता भएका व्यक्ति, दलित, संरक्षण विहीन व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, एकल महिला, मधेशी, मुस्लिम लगायत पछाडी परेका समुदायको संरक्षण, पुनस्थापना र आर्थिक सशक्तीकरणका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

नीति नं. १०२ कोशी प्रदेशलाई बालमैत्री प्रदेश घोषणाका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ ।

### वजेट वक्तव्य

बुँदा नं. ९८ प्रदेश मातहतका अस्पतालबाट गर्भवती परीक्षणका साथै १० वर्षमुनीका लक्षित वर्गका बालबालिकालाई निःशुल्क उपचारका लागि रु ४ करोड २९ लाख विनियोजन गरेको छु ।

बुँदा नं. १०७ विद्यालय शिक्षाको भौतिक तथा व्यवस्थापकीय क्षमता सुधार गरी पहुँच, निरन्तरता र गुणस्तर सुधार गर्न प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम मार्फत विद्यालयमा स्वच्छ पिउने पानी, शिक्षण र अनुगमनमा सूचना तथा सञ्चार प्रविधि, विज्ञान तथा गणित प्रयोगशाला, नमूना माध्यमिक विद्यालय र बालमैत्री विद्यालय स्थापना तथा भौगोलिक रुपमा विकट र दुर्गम स्थानमा आवासीय विद्यालय सञ्चालनका लागि आवश्यक वजेट विनियोजन गरेको छू ।

बुँदा नं. ११९ लैंगिक हिंसा पीडित महिला तथा बालिकाको संरक्षणका लागि प्रदेश सरकारद्वारा सञ्चालित दीर्घकालीन पुनर्स्थापना गृहका साथै स्थानीय स्तरमा र जिल्ला स्तरमा स्थानीय तह र सामाजिक विकास संस्था मार्फत सञ्चालनमा रहेका अल्पकालीन सुरक्षित आवास गृह सञ्चालनका लागि वजेट विनियोजन गरेको छु ।

बुँदा नं. १२१ महिला, बालबालिका, ज्येष्ठ नागरिक, आदिवासी जनजाती, अपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, एकल महिला लगायत पछाडि परेका व्यक्ति, वर्ग र समुदायको विकासका लागि लक्षित कार्यक्रम सञ्चालन गर्न वजेटको व्यवस्था गरेको छु ।

## मधेश प्रदेश

### नीति तथा कार्यक्रम

नीति नं. ९३ संघीय सरकार, स्थानीय तह एवं सरोकारवालाहरुसँगको समन्वय र साझेदारीमा पूर्ण सुरक्षित मातृत्व प्रदेश, पूर्ण खोपयुक्त प्रदेश, कुपोषणमुक्त प्रदेश बनाउन प्रदेश सरकार प्रतिबद्ध रहनेछ ।

नीति नं. ९७ प्रदेशमा सञ्चालित बृद्धा श्रम, बाल गृह, मानव सेवा आश्रममा आश्रित व्यक्तिहरुको स्वास्थ्य परीक्षण र उपचारको लागि घुम्ति स्वास्थ्य सेवा सञ्चालन गरिनेछ ।

नीति नं. १०० प्रदेश स्तरमा बाल अस्पताल स्थापना र सञ्चालनको लागि संघीय सरकारसँग पहल गरिनेछ ।

नीति नं. ११४ प्रत्येक जिल्लाका एक/एक वटा विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्न राष्ट्रिय स्तरमा ख्याती प्राप्त विद्यालयहरुसँग व्यवस्थापकीय सम्झौता गरिनेछ र आवश्यकता अनुसार भौतिक तथा सामाजिक पूर्वाधार निर्माण एवं क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

नीति नं. ११६ निरक्षरता प्रदेशको विकासको वाधक र सामाजिक रुपान्तरणको चुनौतीको रुपमा रहेकोले स्थानीय तहसँगको सहकार्यमा यूवा स्वंयमसेवक, विद्यार्थी तथा विद्यालय समेतको परिचालन गरी प्रदेश साक्षर अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।

नीति नं. ११७ गुणस्तरीय शिक्षाको हकलाई आत्मसाथ गर्दै प्रदेशभित्र रहेका विद्यालयहरुको भौतिक तथा अन्य पूर्वाधारहरुलाई क्रमिक रुपमा विकास गर्दै लगिनेछ। साथै विद्यालय शिक्षामा नवीनतम सूचना प्रविधि तथा स्थानीय भाषाहरुको प्रयोग गरी टेलि शिक्षा प्रणालीको सुरुवात गरिनेछ ।

नीति नं. ११९ प्रदेश भित्रका सबै विद्यालयहरुको खानेपानी तथा सरसफाई स्वच्छताका लागि अनलाइन डाटावेस तयार गरिनेछ र सोका लागि आवश्यक पूर्वाधार निर्माण तर्फ क्रमशः कार्यान्वयन गरिनेछ ।

नीति नं. १२० गुणस्तरीय शिक्षाका लागि त्रिपक्षीय (विद्यार्थी, शिक्षक र अभिभावक)बीचको सम्वन्धलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने नीति लिइनेछ ।

नीति नं. १२१ सामाजिक रुपान्तरण तथा लैंङ्गिक सशक्तीकरणका लागि मुख्यमन्त्र बेटी पढाउ, बेटी बचाउ, अभियान अन्तर्गत छोरी बीमा, छात्रवृत्ती, लोक सेवा आयोग तयारी कक्षा, साईकल वितरण लगायत छोरीमाथि समाजमा रहेका विभेदको अन्त्यको लागि विभिन्न कार्यक्रम सञ्चालन हुँदै आइरहेको छ । यस कार्यक्रमलाई निरन्तरता दिदै यस अभियान अन्तर्गत कक्षा आठमा अध्यनरत छात्राहरुलाई साइकल खरिदको लागि विद्यालयमा अनुदान रकम उपलव्ध गराइनेछ। यस्तै प्रदेशका सामुदायिक विद्यालयहरुमा कक्षा १२ मा अध्ययनरत छात्राहरुलाई कम्प्युटर प्रविधिमा पहुँच पुऱ्याउन एक थान ल्यापटप सहयोग स्वरुप उपलव्ध गराइनेछ र कक्षा ८ देखि १० सम्म अध्ययनरत बालिकाहरुलाई मासिक रुपले निःशुल्क सेनेटरी प्याड र सोको नियमित अनुगमन शिक्षा तथा समाज कल्याण मन्त्रालयबाट हुनेछ ।

नीति नं. १२३ प्रारम्भिक बाल समूहका बालबालिका (३ देखि ४ वर्ष) लाई प्रारम्भिक विकासको अनुभव सहित कक्षा १ मा भर्ना गराउने नीति लिईनेछ । यसका लागि सामुदायिक विद्यालयमा सञ्चालित प्रारम्भिक बाल विकास केन्द्रहरुको भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री बनाईनेछ ।

नीति नं. १२७ डोम, मुसहर, चमार, दुषाध र हलखोर जातिका बाल बालिकाहरुलाई विद्यालयमा ल्याउन र टिकाउने दरलाई अभिवृद्धी गर्न दलित शिक्षा अभियान अन्तरगत प्रत्येक वाल बालिकाको खातामा शिक्षा बिजक रकम उपलव्ध गराइनेछ ।

नीति नं. १३१ विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्न अभियानलाई सबै राजनीतिक दल, बुद्धिजिवी, समाजसेवी, सरकारी तथा गैरसरकारी निकायरुको साझेदारीमा निरन्तरता दिदै बालवालिकालाई विद्यालय भर्ना गरी प्रत्येक स्थानीय तहले आफ्नो भौगोलिक क्षेत्रभित्र विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिका नरहेको कार्यक्रम सञ्चालन गरिनेछ ।

नीति नं. १३२ अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच वृद्धिका लागि अपाङ्गताको प्रकृति अनुसार प्रत्येक जिल्लामा कम्तीमा एउटा विशेष विद्यालय वा सामुदायिक विद्यालयमा स्रोत कक्षाको स्थापना र विकास गरिनेछ । सांकेतिक भाषा तथा ब्रेललिपीका पाठ्यपुस्तक पढाउनका लागि आवश्यकता अनुसार शिक्षकको व्यवस्था मिलाइनेछ ।

नीति नं. १३३ समाजमा अनुशासन कायम गर्न, शारीरिक तथा मानसिक स्वास्थ्यमा सकारात्मक परिवर्तन ल्याउन विद्यालय वा समुदाय स्तरदेखि प्रादेशिक स्तरसम्म खेलकुदका क्रियाकलापहरु सञ्चालन गर्नका साथै आवश्यक पूर्वाधारहरुको क्रमिक रुपमा निर्माण गरिनेछ ।

नीति नं. १३८ प्रदेश स्तरीय सारभूत लैंगिक समानता नीति तथा बाल बिवाह विरुद्धको १० वर्षे रणनीतिक योजना स्थानीय तहको समन्वय र सहकार्यमा कार्यन्वयनमा ल्याइनेछ ।

नीति नं. १३९ बालबालिका घरमुली भएको परिवार पहिचान गरी उनीहरुलाई आवश्यक सहयोग उपलव्ध गराउने र मनोपरामर्श सेवा समेत उपलव्ध गराइनेछ ।

नीति नं. १४१ प्रदेश स्तरीय सारभूत लैंगिक समानता नीति, दाईजो प्रथा उन्मूलन नीति, बोक्सी आरोप र बाल विवाह सम्वन्धी जागरण अभियान सम्बन्धी नीति तथा रणनीतिहरु स्थानीय तहको समन्वय र सरोकारवालाहरुसँगको सहकार्यमा कार्यान्वयन गरिनेछ ।

नीति नं. १६१ प्रदेश सरकारद्वारा निर्माण गरिने भौतिक संरचनाहरु लैंगिकमैत्री, अपाङ्गमैत्री र बालमैत्री बनाउन विशेष जोड दिइनेछ ।

| | |
|---|---|
| नीति नं. १६४ | सुरक्षित बेटि अभियान, बाल हिंसा, महिला हिंसा विरुद्धको प्रतिरोधात्मक तथा उपचारात्मक कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि प्रहरी, स्थानीय तह तथा विद्यालयसँगको सहकार्य गरिनेछ । बालवालिकालाई आफ्नो आत्मरक्षाको लागि Self Defense Training को व्यवस्था गरिनेछ । |
| नीति नं. १७५ | पोषणमैत्री स्थानीय शासनका लागि सबै स्थानीय तहसँग समन्वय र सहकाय गरिनेछ । |

## वजेट वक्तव्य

| | |
|---|---|
| बुँदा नं. ७२ | श्रम शोषण, बाल श्रम उन्मूलन र अनौपचारिक क्षेत्रका श्रमिकहरुको सम्मानित रोजगारका लागि प्रदेशभरी विशेष कार्यक्रम सञ्चालन गर्न वजेटको व्यवस्था गरेको छु । |
| बुँदा नं. ९६ | प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा एउटाका दरले सामुदायिक विद्यालयमा सञ्चालित बाल विकास कक्षाको व्यवस्थापन सहयोगको लागि रु १ करोड २८ लाख विनियोजन गरेको छु । |
| बुँदा नं. ९८ | प्रदेशका आठवटै जिल्लाको संसदीय निर्वाचन क्षेत्रमा एक/एक वटा विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्न, भौतिक पूर्वाधार तथा क्षमता विकास गर्न रु १६ करोड विनियोजन गरेको छु । |
| बुँदा नं. १०० | अति विपन्न डोम मुसहर चमार दुसाद हलखोर लगायत सिमान्तकृत जानजातिका बालबालिकालाई लक्षित गर्दै दलित शिक्षा अभियान कार्यक्रम सञ्चालन गर्न वजेट विनियोजन गरेको छु । |
| बुँदा नं. १३५ | किशोर किशोरीहरुलाई कुलतबाट बचाउन सुर्तिजन्य तथा मादक पदार्थ सेवन लागू औषध न्यूनीकरण कार्यक्रमलाई आवश्यक वजेट विनियोजन गरेको छु । |
| बुँदा नं. १३६ | मधेश प्रदेशमा रहेको उच्च दरको आमा र शिशुको उच्च मृत्यूदर न्यूनीकरण गर्न मातृ तथा नवजात शिशु स्वास्थ्य व्यवस्थापन प्रणाली Mother and Chlid Health Management System(MCHMS) का लागि रू. १० करोड विनियोजन गरेको छु । |
| बुँदा नं. १३७ | सुत्केरी र गर्भवती आमा तथा विद्यालय बालबालिकाको न्यूनतम पोषणको सुनिश्चिततताका लागि सुत्केरी तथा गर्भवती आमा र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको लागि किशोरीहरुलाई साप्ताहिक Iron, Folic acid and lAbendazole वितरणका लागि रू. ३ करोड विनियोजित गरेको छु । |

## बागमती प्रदेश

### नीति तथा कार्यक्रम

| | |
|---|---|
| नीति नं. १५ | बहपुक्षीय र बहुक्षेत्रीय समन्वय र सहकार्य मार्फत आत्महत्याको बढ्दो दरलाई नियन्त्रण गर्न मानसिक स्वास्थ्य प्रवर्दन, आत्महत्याको न्यूनीकरण भन्ने अभियान सञ्चालन गरिनेछ । |
| नीति नं. १६ | जीवनचक्रको अवधारणा अनुरुप सुरक्षित मातृत्व नवजात शिशु तथा बाल स्वास्थ्य किशोर कशोरी यौन तथा प्रजनन् स्वास्थ्य र ज्येष्ट नागरिकको स्वास्थ्य सेवालाई संघ र स्थानीय तहको समन्वय तथा सहकार्यमा उच्च प्राथमिकताका साथ सञ्चालन गरिनेछ । बर्थिङ सेन्टरलाई सुदृढीकरण गर्दै गर्भवती तथा प्रसूती अवस्थाका ज्यान जोखिममा परेका महिलाको निःशुल्क हवाई उद्धार सेवालाई निरन्तरता दिइनेछ । मातृ स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन स्थानीय तहसँगको सहकार्यमा ग्रामीण क्षेत्रमा अल्ट्रासाउण्ड सेवालाई विस्तार गर्दै लगिनेछ । |
| नीति नं. १७ | संघीय सरकारसँगको सहकार्यमा कशोरीहरूलाई पाठेघरको क्यान्सर विरुद्धको HPv\ (Human Paplliomavirus Vaccine) खोप लगाउने व्यवस्था मिलाइनेछ । |
| नीति नं. १८ | एक माध्यमिक विद्यालय एक नर्स कार्यक्रमलाई निरन्तरता दिदै स्थानीय तहसँगको समन्वयमा विद्यालय नर्सले दिने सेवालाई समुदायस्तरमा विस्तार गरिनेछ । |
| नीति नं. ३० | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सबै बालबालिकाको पहुँचमा पुऱ्याउन स्थानीय तहमा अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ । |
| नीति नं. ३१ | सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि एकीकृत विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर अभिवृद्धि कार्यक्रम सञ्चालन गरी गुणस्तरीय शिक्षाः हामी सबैको अपेक्षा भन्ने उक्तिलाई क्रमशः सार्थक तुल्याइनेछ । |
| नीति नं. ३२ | बालबालिकाको गुणस्तरीय् प्रविधिमैत्री र पहुँचयोग्य सिकाइको सुनिश्चितता गर्न सामुदायिक |

विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

नीति नं. ३४ अल्पसंख्यक लोपोन्मुख अति सिमान्तकृत, दलित तथा आर्थिक रूपमा विपन्न छात्रछात्राहरुको शिक्षामा पहुँच अभिवृद्धि गर्न शैक्षिक छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

नीति नं. ३५ शहीद स्मृति आवासीय माध्यमिक विद्यालय जिरीमा विपद् प्रभावित बालबालिकालाई छात्रवृत्ति सहित अध्यापन गर्ने व्यवस्था मिलाइनेछ ।

नीति नं. ४५ लैङ्गिक हिंसाबाट प्रभावितका लागि उद्धार, राहत् मनोसामाजिक परामर्श, सामाजिक पुनःस्थापनाका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

नीति नं. ४८ बालमैत्री स्थानीय शासनका लागि प्रदेश तथा स्थानीय तहमा संस्थागत प्रणाली सुदृढीकरण गर्दै आमाबाबु विहीन बालबालिकाको संरक्षण गर्न सामाजिक सुरक्षा कायक्रमलाई निरन्तरता दिइनेछ । साथै, आमाबाबु नभएका एवं सक्षम अभिभावकत्व नपाएका वा पूर्ण अपाङ्गता भएका बालबालिकालाई प्रदेश सरकारले स्थानीय तहसँगको सहकार्यमा अभिभावकत्व ग्रहण गरी माध्यमिक तहसम्म अध्ययन गराउने व्यवस्था मिलाइनेछ ।

नीति नं. ५० बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु, अटिजम र मस्कुलर डिस्ट्रोफी लगायतका समस्याबाट पीडित अपाङ्गता भएका बालबालिकाहरुको संरक्षण र पुनःस्थापना लागि समुदायमा आधारित कायक्रम सञ्चालन गरिनेछ । यस्ता बालबालिकालाई पुनःस्थाापना सेवा प्रदान गर्ने केन्द्रहरूमा स्वंयम सेवक थेरापिस्टको व्यवस्था गरिनेछ ।

नीति नं. ६६. खाद्य पोषणका लागि विषयगत मन्त्रालयसँगको सहकार्यमा प्रदेशका आधारभूत विद्यालयमा पोषणको रूपमा धूलो दूधको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

## वजेट वक्तव्य

बुँदा नं. १२१ सरोकारवाला क्षेत्र निकाय र संघ संस्थासँगको समन्वय र सहकार्यमा मानसिक स्वास्थ्य समस्या र आत्महत्याको दरलाई न्यूनीकरण गन प्रदेशका १३ वटै जिल्लामा मानसिक स्वास्थ्य प्रवर्द्धन, आत्महत्या न्यूनीकरण अभियान सञ्चालन गरिनेछ । यसका लागि रु १ करोड ७३ लाख विनियोजन गरेको छु ।

बुँदा नं. १२२ गर्भवती र प्रसूती अवस्थामा जोखिम परेका महिलाको निःशुल्क हवाई उद्धार सेवालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक रकम विनियोजन गरेको छु । प्रजनन् स्वास्थ्य अधिकारको सुनिश्चितताका लागि सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य, किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्य एवं ज्येष्ठ नागरिकको स्वास्थ्य सेवालाई विकास र विस्तार गर्दै लगिनेछ ।

बुँदा नं. १२३ संघीय सरकारसँगको सहकार्यमा महिलाको पाठेघरको मुखको क्यान्सर रोकथामका लागि लक्षित उमेरका किशोरीहरुकालाई निःशुल्क रुपमा HPv\ खोप लगाउने व्यवस्था गरेको छु ।

बुँदा नं. १२८ एक माध्यमिक विद्यालय एक नर्स कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिएको छु । यस कार्यक्रमलाई स्थानीय तहको समन्वयमा क्रमशः समुदाय स्तरमा विस्तार गर्दै लगिनेछ । यसका लागि रु ४९ करोड विनियोजन गरेको छु ।

बुँदा नं. १३५ प्रदेशका लोपोन्मुख र सीमान्तकृत जातिहरुको सुरक्षित मातृत्व सेवा तथा खोप सेवामा पहुँच वृद्धिका लागि प्रोत्साहन स्वरुप रु ५ हजार प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिएको छु ।

बुँदा नं. १४५ सबै बालबालिकाको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच पुऱ्याउन स्थानीय तहसँगको साझेदारी र सहकार्यमा सञ्चालन हुँदै आएको अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रमलाई आगामी वर्षमा समेत निरन्तरता दिएको छु । यस कार्यक्रमको लागि रु. ९ करोड ५२ लाख विनियोजन गरेको छु ।

बुँदा नं. १४६ सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकास तथा पूर्वाधारमैत्री शैक्षिक सुदृढीकरणका लागि एकीकृत विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिएको छु । शिक्षक दरवन्दी कम भएका सामुदायिक विद्यालयहरुमा डिजिटल माध्यमवाट कक्षा सञ्चालनका लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

बुँदा नं. १४७ अल्पसंख्यक, लोपोन्मुख, अति सीमान्तकृत, दलित तथा विपन्न समुदायका छात्रछात्राहरुको शिक्षामा पहुँच अभिवृद्धि गर्न शैक्षिक छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिएको छु ।

बुँदा नं. १५० प्रदेशका ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयहरुलाई स्थानीय तहसँगको साझेदारीमा आवासीय विद्यालयको रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न रु ३ करोड विनियोजन गरेको छ। शहीदस्मृति आवासीय माध्यमिक विद्यालय जिरीमा विपद् प्रभावित बालबालिकालाई छात्रवृत्ती सहित अध्ययन गर्ने व्यवस्थाका लागि वजेटको व्यवस्था गरेको छ।

बुँदा नं. १५४ अपाङ्गता भएका व्यक्तिहरुलाई आर्थिक तथा सामाजिक सशक्तीकरण गर्न , दृष्टिविहीन र श्रवण सम्बन्धी समस्या भएकाहरुलाई शैक्षिक सामग्रीहरु उपलव्ध गराउन र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु, अटिजम र मस्कुलर डिस्ट्रोफी लगायतका समस्याबाट पीडित अपाङ्गता भएका बालबालिकाको संरक्षण र पुनःस्थापनाका लागि समुदायमा आधारित कायक्रम सञ्चालन गरिनेछ। यस्ता बालबालिकालाई पुनःस्थापना सेवा प्रदान गर्ने केन्द्रहरूमा स्वंयम सेवक थेरापिस्टको लागि वजेटको व्यवस्था गरेको छ।

बुँदा नं. १९० कारागार तथा बाल सधार गृहको भौतिक संरचना सुदृढीकरण, प्रविधि र यन्त्र उपकरण सहयोगका लागि रकम विनियोजन गरेको छ ।

## गण्डकी प्रदेश

### नीति तथा कार्यक्रम

नीति नं. ७६ सामाजिक न्यायको सिद्धान्त अनुरूप स्वास्थ्य सेवालाई गुणस्तरीय, सर्वसुलभ र पहुँचयोग्य बनाउन लक्षित वर्गमा स्वास्थ्य बीमा, रगत तथा रक्तजन्य पदार्थको निःशुल्क उपलब्धता, क्यान्सर रोगको उपचारमा आर्थिक सहायता, ज्येष्ठ नागरिक तथा बालबालिकाको लागि निःशुल्क परीक्षण, जोखिममा परेका गर्भवती र सुत्केरी महिलाको हवाई उद्धार लगायतका सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता दिँदै थप सुदृढ र प्रभावकारी बनाइनेछ।

नीति नं ८० प्रदेशको मातृ तथा नवशिशु मृत्यू दरलाई न्यूनीकरण गर्न प्रदेशका सबै जिल्लाहरूमा कम्प्रीहेन्सिभ इमर्जेन्सी अब्स्टेट्रिक एण्ड नियोनेटल केयर सेवा सुनिश्चित गरिनेछ। मातृशिशु मृत्यूको नियमित निगरानी, संस्थागत सुत्केरी प्रवर्द्धन, सिमुलेसन बेस्ड मेन्टरसिप कार्यक्रम, रणनीतिक स्थानमा प्रसूति प्रतीक्षा गृहको स्थापना र ग्रामीण भेगमा अल्ट्रासाउन्ड सेवाको विस्तार गरी गुणस्तरीय मातृ तथा नवशिशु सेवाको प्रत्याभूतिसहित "पूर्ण संस्थागत सुत्केरीयुक्त प्रदेश" बनाउने अभियानलाई निरन्तरता दिइनेछ।

नीति नं. ८३ प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवालाई थप प्रभावकारी र नतिजामूखी बनाउन एकीकृत जनस्वास्थ्य अभियान मार्फत सर्ने तथा नसर्ने रोग रोकथाम र नियन्त्रण, मानसिक रोग एवम् आत्महत्या रोकथाम, प्रजनन स्वास्थ्य प्रवर्द्धन, स्वस्थ जीवनशैली र वातावरणीय स्वास्थ्य प्रवर्द्धन, बालबालिका, किशोरकिशोरी, महिला, अपाङ्गता भएका व्यक्ति लगायत अन्य लक्षित वर्गको पोषण स्थितिमा सुधार ल्याउन कार्यक्रम सञ्चालन गरिनेछ।

नीति नं. ९५ सामुदायिक शिक्षालयको गुणस्तर सुधारका लागि अभिभावक शिक्षा, शैक्षिक जागरण, प्रतिभा पहिचान, शिक्षकको पेशागत क्षमता विकासका कार्यक्रम र सूचना प्रविधिको प्रयोगका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

नीति नं. ९७ आधारभूत शिक्षाको सिकाइ उपलब्धिमा सुधार ल्याउन लक्षित वर्ग, क्षेत्र र विपन्न समुदायका बालबालिकालाई प्रोत्साहनमूलक सुविधाहरू एकीकृत रुपमा उपलब्ध गराइनेछ।

नीति नं. ९८ आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, नौथर, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्य, सहिद परिवारका सन्तति लगायत लक्षित समूहका विधार्थीको उच्च शिक्षामा पहुँच विस्तार तथा तह पूरा गर्ने दर वृद्धि गर्न नीतिगत प्रबन्ध मिलाई प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

नीति नं. १०५ "डिजिटल गण्डकी: बढाउनु छ रोजगारी र समुन्नति" नारालाई मूर्त रूप दिन युवा तथा विद्यार्थीलाई प्रविधिमा दक्ष बनाउन प्रविधिमैत्री सिकाइ कार्यक्रम र फ्राइडे फर फ्यूचर कार्यक्रमलाई निरन्तरता दिइनेछ।

नीति नं. १०६ विद्यार्थीमा अन्तरनिहित प्रतिभा पहिचान, प्रोत्साहन सहित सिर्जनशील लेखन, सोच, सत्कर्म र नैतिकवान् बन्न अभिप्रेरित गर्ने उद्देश्यले "सिर्जनशील अध्ययनशाला" कार्यक्रम सञ्चालन गरिनेछ ।

नीति नं. १०७ पठन संस्कृतिलाई प्रवर्द्धन गरी विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न शिक्षकमाफ "सिकाउनका लागि पढौं" अभियान सञ्चालन गरिने छ ।

नीति नं. १०८ स्थानीय तहसँगको साझेदारीमा दुर्गम तथा छरिएका बस्ती क्षेत्रमा आवश्यकता अनुसार ठूला विद्यालय, लिड विद्यालय र आवासीय विद्यालय विस्तार गर्ने कार्यक्रमलाई प्रोत्साहन दिइनेछ । हिमाली तथा उच्च पहाडी क्षेत्रमा रहेका विद्यालयको शैक्षिक तथा संरचनात्मक सुधारका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

नीति नं. १०९ बौद्धिक अपाङ्गता एवम् अटिजम भएका बालबालिकाको शैक्षिक अधिकार सुनिश्चितताका लागि नेपाल सरकारसँगको सहकार्य र साझेदारीमा प्रदेशस्तरमा सुविधा सम्पन्न आवासीय विद्यालय निर्माण एवम् सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

नीति नं. ११० स्थानीय तहसँगको साझेदारीमा सामुदायिक विद्यालय एकीकरण तथा समायोजनलाई अभिप्रेरित गर्न प्रोत्साहनमूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ । निर्मित सामुदायिक शैक्षिक संस्थाको संरक्षण एवम् मर्मत सम्भारको व्यवस्था मिलाइनेछ ।

नीति नं. १११ जीवनपर्यन्त सिकाइलाई सहयोग पुऱ्याउन सामुदायिक तथा सार्वजनिक पुस्तकालयको स्तरोन्नति गरिनेछ । गुरुकूल, साधना केन्द्र, गुम्बा, मदरसा, आश्रम लगायतका धार्मिक प्रकृतिका विद्यालय र वैकल्पिक विद्यालय तथा धार्मिक पर्यटकीय क्षेत्रको संरक्षण, सम्वर्द्धन र विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

नीति नं. ११८ बाल अधिकारको सुनिश्चितताका लागि बालमैत्री स्थानीय शासन विकास र प्रवर्द्धन गर्न स्थानीय तहलाई प्रोत्साहन गरिनेछ । सडक मानवमुक्त प्रदेश कार्यक्रमलाई निरन्तरता दिई मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिनेछ ।

नीति नं. १७२ "नागरिकमैत्री प्रहरी कार्यक्रम" लाई निरन्तरता दिंदै नेपाल सरकारसँगको समन्वय र सहकार्यमा प्रहरीका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ । कारागार भवन, हिरासत कक्ष र बाल सुधार गृह जस्ता भौतिक संरचनाको मर्मत सम्भार एवम् सुधारका कार्यलाई निरन्तरता दिइनेछ ।

## वजेट वक्तव्य

बुँदा नं. ६७ सीपयुक्त मानवीय पूँजी निर्माणका लागि शिक्षा प्रणालीको सामुहिक सुधार गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । व्यवसायिक, प्राविधिक, जीवनोपयोगी, व्यवहार र नैतिक शिक्षा प्रवर्दनका विशेष कार्यक्रम सञ्चालनमा जोड दिएको छु ।

बुँदा नं. ६८ स्थानीय तहसँगको साझेदारीमा दुर्गम तथा छरिएका बस्ती क्षेत्रहरूमा आवश्यकता अनुसार विद्यायल, लिड विद्यालय तथा आवसीय विद्यालय समेत विस्तार गरि कार्यक्रमलाई प्रोत्साहित गरी हिमाली तथा उच्च पहाडी क्षेत्रमा रहेका विद्यालयहरूको शैक्षिक तथा संरचनात्मक सुधारका लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

बुँदा नं. ६९ सामुदायिक शिक्षालयको गुणस्तर सुधारका लागि अभिभावक शिक्षा, शैक्षिक जागरण, प्रतिभा पहिचान, शिक्षकको पेशागत क्षमता विकासका कार्यक्रम र सूचना प्रविधिको प्रयोगका कार्यक्रम प्रभावकारी रुपमा कार्यन्वयन गर्न वजेट विनियोजि गरेको छु ।

बुँदा नं. ७३ डिजिटल गण्डकी बढाउनु छ रोजगारी र समुन्नती नारालाई मूर्त रुप दिने गरी युवा तथा विद्यार्थीलाई प्रविधिमैत्री र दक्ष बनाउनका लागि प्रविधिमैत्री सिकाइ कार्यक्रम र फ्राइडे फर फ्यूचर कार्यक्रमलाई निरन्तरता दिएको छु ।

बुँदा नं. ७४ बौद्धिक अपाङ्गता एवम् अटिजम भएका बालबालिकाको शैक्षिक अधिकार सुनिश्चितताका लागि संघीय सरकारसँगको सहकार्यमा प्रदेशस्तरमा सुविधा सम्पन्न आवासीय विद्यालय निर्माण एवम् सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

बुँदा नं. ८१ बाल अधिकारको सुनिश्चितताका लागि बालमैत्री स्थानीय शासन विकास र प्रवर्द्धन गर्न स्थानीय तहलाई प्रोत्साहित गर्ने गरी वजेट व्यवस्था गरेको छु । सडक मानवमुक्त प्रदेश कार्यक्रमलाई निरन्तरता दिइ मनोसामाजिक परामर्श सेवा सञ्चालनको व्यवस्था मिलाएको छु ।

बुँदा नं. ८४ स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउनका लागि लक्षित वर्गमा स्वास्थ्य बीमा, रगत तथा रक्तजन्य पदार्थको निःशुल्क उपलब्धता, कडा रोगको उपचारमा आर्थिक सहायता, ज्येष्ठ नागरिक तथा बालबालिकाको लागि निःशुल्क परीक्षण, जोखिममा परेका गर्भवती र सुत्केरी महिलाहरूको हवाई उद्धार लगायतका सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता दिदै आवश्यक वजेटको व्यवस्था गरेको छु।

बुँदा नं. ८७ प्रदेशको मातृ तथा शिशु मृत्यु दरलाई न्यूनीकरण गरी, प्रदेशका सबै जिल्लाहरूमा कम्प्रिहेन्सिभ ईमरजेन्सी अव्स्टेट्रिक एण्ड नियोनेटल केयर सेवा सुनिश्चित गरी मातृशिशु मृत्युको नियमित निगरानी, संस्थागत सुत्केरी प्रवर्द्धन, सिमुलेसि बेस्ड मेन्टर्नसिप कार्यक्रम, रणनीतिक स्थानमा प्रसूति प्रतीक्षा गृहको स्थापना र ग्रामीण भेगमा अल्ट्रासाउण्ड सेवाको विस्तार गरी गुणस्तरीय मातृ तथा शिशु सेवाको प्रत्याभूत सहित "पूर्ण संस्थागत सुत्केरीयुक्त प्रदेश" वनाउने अभियानलाई निरन्तरता दिई सो कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

बुँदा नं. ८८ प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवालाई थप प्रभावकारी र नतिजामूखी बनाउन एकीकृत जनस्वास्थ्य अभियान मार्फत सर्ने तथा नसर्ने रोगको रोकथाम र नियन्त्रण, मानसिक रोग एवम् आत्महत्या रोकथाम, प्रजनन स्वास्थ्य प्रवर्द्धन, स्वस्थ जीवनशैली र वातावरणीय स्वास्थ्य प्रवर्द्धन, बालबालिका, किशोरकिशोरी, महिला, अपाङ्गता भएका व्यक्ति लगायत लक्षित वर्गको पोषण स्थितिमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्न वजेट विनियोजन गरेको छु।

## लुम्विनी प्रदेश

### नीति तथा कार्यक्रम

नीति नं. १०५ स्थानीय तहसँगको समन्वय र सहकार्यमा विद्यालय सेवा क्षेत्र अवधारणा सम्बन्धी नीतिगत व्यवस्था गरिनेछ। गुणस्तरीय शिक्षाका लागि भौतिक पूर्वाधारका साथै शिक्षकको क्षमता विकास शिक्षण सिकाइ, परिवार र समुदायको शिक्षामा सहभागिता र जवाफदेहीता निर्माण जस्ता सामाजिक पूर्वाधार लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

नीति नं. १०९ शैक्षिक संस्थाको गुणस्तर अभिवृद्धिका लागि शैक्षिक सामग्रीको व्यवस्था, शिक्षण सिकाइ पद्धतीमा सुधार, सफल अनुभवको आदानप्रदान, आत्याधुनिक शिक्षण विधि र प्रविधिको उपयोग मार्फत स्थानीय तहसँगको सहकार्यमा प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ। संघ, प्रदेश र स्थानीय तहको संयुक्त अनुगमन संयन्त्र तयार गरी अनुगमन तथा सुपरिवेक्षण कार्यलाई व्यवस्थित गरिनेछ।

नीति नं. १११ सिकाइमा विशेष आवश्यकता भएका बालबालिकालाई शिक्षामा दिदै आएको सहयोगलाई निरन्तरता दिदै अटिजम भएका बालबालिकाका लागि स्रोत कक्षा सञ्चालन र व्यवस्थापनमा सहयोग गरिनेछ। बाँके जिल्लामा अटिजमको थप कक्षा सञ्चालनमा सहयोग गरिनेछ।

नीति नं. ११२ शिक्षाको समग्र विकासका लागि थोरै विद्यालय, धेरै विद्यार्थी, विद्यार्थीसँग विशेषज्ञ, नमूना शिक्षण विद्यालय, मेरो विद्यालय, मेरो दायित्व, विद्यालयका लागि मेरो एक दिन लगायतका शैक्षिक सुधार कार्यक्रम अगाडि बढाइनेछ।

नीति नं. ११५ विद्यालयसँगको समन्वयमा स्काउट गतिविधि सञ्चालन गरिनेछ।

नीति नं. १८ प्रदेशलाई बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गता तथा ज्येष्ठ नागरिकमैत्री प्रदेशको रुपमा विकास गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, लैङ्गिक वजेट तथा लैङ्गिक परीक्षण नीति तथा कार्यक्रमलाई निरन्तरता दिइनेछ। प्रदेशको लैङ्गिक समानता नीतिको प्रभावकारी कार्यान्वयनका लागि कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

नीति नं. १२० सन् २०३० सम्म प्रदेशलाई बाल विवाहमुक्त बनाउन बाल विवाह अन्त्यका लागि प्रदेश सरकारको १० वर्षे रणनीति स्थानीय तहसँगको सहकार्यमा कार्यान्वयन गरिनेछ। बाल विवाह, बाल श्रम, बालबालिका विरुद्धको हिंसा, बाल यौन दुर्व्यवहार, बालबालिका बेचबिखन तथा गैरकानूनी ओसार पसार नियन्त्रण सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिईनेछ।

नीति नं. १२१ बालबालिका तथा किशोरावस्थामा हुने दुव्यवहार तथा किशोरीमाथि हुने शारीरिक तथा यौनजन्य दुव्यहार विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशका सबै विद्यालयमा किशोरी

आत्मरक्षा तालीम क्रमशः सञ्चालन गर्दै लगिनेछ । बालमैत्री प्रदेशको अवधारणा कार्यान्वयनका लागि स्थानीय तहसँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

नीति नं. १२४ महिला, बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र अति विपन्नको सामाजिक सुरक्षा र संरक्षणका लागि लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।

नीति नं. १२५ बुवाआमा नभएका र कठिन परिस्थितिका बालबालिकाको संरक्षणका लागि प्रदेशस्तरीय बाल संरक्षण गृहको निर्माण गर्न जग्गा प्राप्ति प्रकृयालाई पूरा गरी निर्माण कार्यको थालनी गरिनेछ ।

नीति नं. १२६ प्रदेशभित्र रहेका बाल गृह एवं बाल संरक्षण केन्द्रको अस्थायी संरक्षण सेवामा रहेका बालबालिकाको खानपान, स्वास्थ्य तथा शिक्षाको लागि सहयोगको कार्यक्रम सञ्चालन गरिनेछ ।

नीति नं. १२९ विपदमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका वर्गको संरक्षणका लागि विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (जेड्सी) मैत्री विपद पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ । प्रदेश र स्थानीय तहको संरक्षण विषयगत क्षेत्र (प्रोटेक्सन क्लष्टर) को क्षमता विकासका माध्यमबाट क्रियाशील बनाइनेछ ।

नीति नं. १३३ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको विकास, संरक्षण र परिचालनमा नीतिगत सुझाव दिन आवश्यक संयन्त्रको विकास गरिनेछ ।

नीति नं. १३६ लुम्विनी प्रदेशमा विद्यमान उच्च मातृ तथा नव शिशु मृत्यूदर र उच्च कुपोषणलाई न्यूनीकरण गर्न आवश्यक रणनीति तयार गरिनेछ । मातृ तथा बाल स्वास्थ्य सुधार र नसर्ने रोग रोकथाम तथा न्यूनीकरणका लागि उच्च मातृ मृत्युदर भएका स्थानमा सामुदायिक नर्सिङ कार्यक्रम नमूना परियोजनाका रुपमा तर्जुमा गरी आमा बचाउ अभियान प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

नीति नं. १३७ लुम्विनी प्रदेशको बाँके जिल्लामा महिला, बालबालिकाको स्वास्थ्य सेवालाई लक्षित गरी स्थानीय तहको सहकार्यमा बाँके जिल्लामा २५ शैयाको सुविधा सम्पन्न प्रसूति गृह अस्पताल स्थापना गरी सुरक्षित मातृत्व सेवा विस्तार गरिनेछ ।

नीति नं. १३८ गर्भवती, सुत्केरी महिला तथा नवजात शिशुलाई आपतकालीन स्वास्थ्य अवस्थामा प्रेषण गर्नु परेमा प्रदेशभित्रका हिमाली तथा पहाडी जिल्लामा उद्धारका लागि एयर एम्वुलेन्सको व्यवस्था गरिनेछ । एक स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थामा प्रेषण गर्नुपरेमा निःशुल्क एम्वुलेन्स सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

नीति नं. १४५ विद्यालय नर्स कार्यक्रमलाई प्रभावकारी रुपमा विस्तारका लागि प्रदेशमा रहेका सबै सामुदायिक विद्यालयमा स्थानीय तहसँगको लागत साझेदारीमा विद्यालय नर्स परिचालन गर्ने नीति लिईनेछ । संस्थागत विद्यालयमा समेत यो कार्यक्रमलाई क्रमशः लागू गर्न सहजीकरण गरिनेछ ।

नीति नं. १४६ लुम्बिनी प्रदेशमा विद्यमान रहेको उच्च कुपोषण र मातृ तथा नवजात शिशु मृत्यूदर न्यूनीकरण गर्न आवश्यक रणनीति तयार गरी सरोकारवालासँग समन्वयमा मातृ तथा बाल स्वास्थ्य सुधारका लागि विशेष कार्यक्रम तर्जुमा गरिनेछ । यसको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकार, स्थानीय सरकार, विभिन्न गैरसरकारी संस्थासँगको समन्वयमा समुदाय स्तरमा आमा समूह, युवा तथा बाल क्लब, विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम समावेश गरिनेछ । अस्पतालमा स्वास्थ्य प्रवर्द्धनको अवधारणा क्रमशः लागू गरिनेछ ।

नीति नं. १५३ आत्महत्या रोकथाम तथा न्यूनीकरणका लागि स्थानीय तह, सुरक्षा निकायसँगको समन्वय र सहकार्यमा शैक्षिक संस्था तथा समुदायमा सकारात्मक सोच तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

नीति नं. १५९ बालबालिका तथा युवामा बढ्दो लगू औषध दुरुपयोग न्यूनीकरण गर्न समुदाय, स्थानीय तह, सुरक्षा निकाय, शैक्षिक संस्थासँग समन्वय तथा साझेदारी गरी लागू औषध दुरुपयोग न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । लागू औषध दुरुपयोग न्यूनीकरणका लागि सुरक्षा निकायको क्षमता विकास गरिनेछ ।

नीति नं. १६० प्रदेशमा रहेका कारागारको प्राथमिकताका आधारमा भौतिक पूर्वाधारको सुधार तथा सुदृढीकरण गर्दै लगिनेछ । कारागारमा रहेका व्यक्तिका लागि सकारात्मक सोच तथा सीप विकास तालीम सञ्चालन

गरिनेछ । उत्पादित वस्तुको प्रवर्द्धन र बजारीकरणको व्यवस्था मिलाइनेछ । बालबालिकाको पोषण तथा शिक्षामा सहजीकरण गरिनेछ ।

नीति नं. १६७ विद्यालयका शिक्षक तथा विद्यार्थीलाई लक्षित गरी विद्यालयमा कानूनी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**वजेट वक्तव्य**

बुँदा नं. ४५. मानसिक स्वास्थ्यका समस्याको पहिचान एवं रोकथामका लागि समुदाय स्तरमा योग, ध्यान तथा मनोसामाजिक परामर्श लगायतका कार्यक्रम सञ्चालन र उपचारको लागि स्वास्थ्य संस्थाको क्षमता विकास गरिनेछ ।

बुँदा नं. ४६ आमा बन्दा कसैले ज्यान गुमाउन नपरोस भनी उच्च मातृ तथा नवजात शिशु मृत्यूदरलाई कम गर्न स्थानीय तहसँगको समन्वयमा पूर्ण सुरक्षित मातृत्व सेवा अभियान सहित विशेष कार्यक्रम सञ्चालन गरिनेछ । जोखिमपूर्ण अवस्थाका गर्भवती महिलालाई अर्को सुविधा सम्पन्न अस्पतालमा प्रेषण गर्न निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइने र दुर्गम क्षेत्रमा निःशुल्क हवाई उद्धार गरिने व्यवस्था मिलाएको छु । यसका लागि आवश्यक रकम छुट्याएको छु ।

बुँदा नं. ४७. प्रदेश गौरवको आयोजनाको रुपमा रहेको लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा एमआरआई सेवा विस्तारको लागि रु. १५ करोड विनियोजन गरेको छु । साथै राप्ती प्रादेशिक अस्पताल तुल्सीपुरमा मातृशिशु सेवा यूनिट निर्माणका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

बुँदा नं. ४८ नवजात शिशुको रुग्णता र मृत्यूदर घटाउन बर्दिया, कपिलवस्तु, प्यूठान, भीम, राप्ती प्रादेशिक र लुम्बिनी प्रादेशिक अस्पतालमा नवजात शिशु सघन उपचार एकाइ (एनआईसियू र एनएनसियू) को सुदृढीकरण गरिनेछ ।

बुँदा नं. ५८ शैक्षिक पूर्वाधारमा सुधारः गुणस्तरीय शिक्षाको आधारको मान्यता बमोजिम सामुदायिक विद्यालय तथा क्याम्पसको भौतिक तथा प्राविधिक पूर्वाधार विकासका लागि रु. १ अर्व १० करोड विनियोजन गरेको छु ।

बुँदा नं. ६१ लक्षित वर्गका विद्यार्थीहरुका लागि दिदै आएको उच्च शिक्षामा छात्रवृत्ति र छात्राको विज्ञान शिक्षाका लागि दिदै आएको विज्ञान शिक्षा छात्रवृत्तिलाई निरन्तरता दिएको छु ।

बुँदा नं. ६३ गुरुकुल, मदरसा लगायतका विद्यालयको पूर्वाधार विकास, विशेष शिक्षा र अटिजम लक्षित स्रोत कक्षा सञ्चालन, स्रोत शिक्षकहरुका लागि तालीम र विद्यार्थीहरुको सहयोगका लागि रु. १२ करोड विनियोजन गरेको छु ।

बुँदा नं. ६६ विज्ञानमा लगानीः समुन्नतीको थालनी भन्ने सपनालाई साकार पार्न विशेष अनुदान तर्फ प्रदेशका १२ ठूला विद्यालयहरुमा विज्ञान शिक्षा विकासका लागि पूर्वाधार विकास कार्यक्रम कार्यक्रममा रु. १६ करोड ३७ लाख विनियोजन गरेको छु ।

बुँदा नं. ७० प्रदेशलाई बाल, लैङ्गिक, अपाङ्ग तथा ज्येष्ठ नागरिकमैत्री प्रदेशको रुपमा विकास गर्दै स्थानीय तहसँगको साझेदारीमा विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

बुँदा नं. ७१ आमा बन्नुपर्दा रोजगारी छोड्नुपर्ने अवस्था हुन नदिन औद्योगिक क्षेत्रमा काम गर्ने कामदारहरुका लागि शिशुको हेरचाहका लागि बुटवल, लुम्बिनी, घोराही र नेपालगञ्जमा श्रमिक लक्षित सार्वजनिक शिशुस्याहार केन्द्रको सम्भाव्यता अध्ययन गरी निर्माण गरिनेछ ।

बुँदा नं. ७२ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक एवं अपाङ्गता भएका व्यक्तिको विकास संरक्षण र परिचालनमा नीतिगत सुझाव र सहयोग गर्नका लागि प्रदेश स्तरीय संयन्त्र निर्माण र कार्यक्रम सञ्चालनका लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

बुँदा नं. ७५ सन २०३० सम्म लुम्बिनी प्रदेशमा बाल विवाह अन्त्य गर्ने लक्ष्यका साथ स्थानीय तहसँगको सहकार्यमा प्रदेश सरकारको दश वर्षे रणनीतिलाई कार्यान्वयन गर्दै बाल श्रममुक्त, बालबालिका विरुद्धको हिंसा र बेचबिखनलाई न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

बुँदा नं. ७७ महिला, एकल महिला, दलित महिला, आदिवासी जनजाती महिला, बादी महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र अति विपन्न नागरिकको आत्मरक्षा र आयआर्जनका लागि विभिन्न सचेतना र क्षमता विकास कार्यक्रम गर्ने व्यवस्था मिलाएको छु ।

बुँदा नं. ७८ बालमैत्री स्थानीय तह घोषणाका लागि साझेदारी कार्यक्रम, बाल संरक्षण गृह व्यवस्थापन कार्यक्रम, सार्वजनिक नीजि साझेदारीमा सञ्चालित १२ जिल्लाका सेवा केन्द्र (सेफ हाउस) एवं बाँके र रुपन्देहीमा रहेका पुनर्स्थापना केन्द्र सञ्चालनलाई निरन्तरता दिएको छ ।

बुँदा नं. १३५ सवारी दुर्घटना न्यूनीकरण गर्न चालक सचेतना कार्यक्रम र विद्यार्थी लक्षित दुर्घटना न्यूनीकरणमा ट्राफिक, विद्यार्थी सँगसँगै जस्ता कार्यक्रमलाई निरन्तरता दिदै आवश्यक रकम विनियोजन गरेको छ ।

बुँदा नं. १६६ राष्ट्र सेवक कर्मचारीहरुका बालबालबालिकाहरुको कार्यालय समयमा हेरचाह गर्दै सेवा प्रवाहमा सहजता ल्याउनका लागि प्रदेश राजधानी परिषरमा शिशु स्याहार केन्द्र सञ्चालनको आवश्यक व्यवस्था मिलाएको छ ।

## कर्णाली प्रदेश

### नीति तथा कार्यक्रममा

नीति नं. ४५ अटिजम र मानसिक स्वास्थ्य तथा मनोसामाजिक अवस्थाको शीघ्र पहिचान, व्यवस्थापन र पुनःस्थापना सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । किशोरीहरुमा देखिने गरेको पाठेघरको मुखको क्यान्सर रोकथाम गर्न खोप अभियानलाई संघीय सरकारसँगको समन्वयमा सबै जिल्लामा विस्तार गरिनेछ ।

नीति नं. ४६ सुरक्षित मातृत्व, बाल स्वास्थ्य पोषण, खाद्य स्तरोन्नती (फुड फोर्टिफिकेसन) लगायत प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र पुनःस्थापनाका कार्यक्रम तथा सुत्केरी पोषण कोसेली, महिला स्वास्थ्य स्वंयम सेविका प्रोत्साहन, सामूदायिक स्वास्थ्य इकाइ र एम्बुलेन्स सेवा सञ्चालन सहयोगलाई निरन्तरता दिइनेछ ।

नीति नं. ५० सार्वजनिक विद्यालयको शिक्षण सिकाइलाई प्रभावकारी बनाउन मुख्यमन्त्री डिजिटल शिक्षा कार्यक्रम लागू गरिनेछ । स्थानीय तहसँगको सहकार्यमा हरेक जिल्लामा सूचना प्रविधिमा आधारित नमूना विद्यालय कार्यक्रमलाई निन्तरता दिइनेछ । आवासीय विद्यालयहरुको प्रभावकारिता अध्ययन गरी स्थानीय तहको सहकार्यमा हिमाली क्षेत्रका आवासीय विद्यालयको पूर्वाधार विकास र व्यवस्थापनमा जोड दिइनेछ ।

नीति नं. ५१ सार्वजनिक माध्यामिक विद्यालयमा व्यावसायिक शिक्षा अध्ययन गरेका विद्यार्थीलाई स्वरोजगार हुने व्यवस्थाका लागि आवश्यक सहुलियतपूर्ण ऋण उपलब्ध गराउने सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । किताब रहित शुक्रबार जीवन उपयोगी शैक्षिक कार्यक्रमलाई परीक्षणको रुपमा सञ्चालन गरिनेछ ।

नीति नं. ५३ दलित, लोपोन्मूख, सीमान्तकृत, अल्पसंख्यक तथा अति विपन्न समुदायका बालबालिकालाई विद्यालय शिक्षामा पहुँच अभिवृद्धि र प्रोत्साहन गरिनेछ । सीमान्तकृत तथा लोपोन्मूख समुदायका विद्यार्थीको लागि शैक्षिक छात्रवृत्तिको व्यवस्था मिलाइनेछ । छोरी, बुहारी, दलित र अपाङ्गता भएका विद्यार्थीलाई सीपमूलक प्राविधिक शिक्षा अध्ययनका लागि विशेष छात्रवृत्ति प्रदान गरिनेछ । जेहन्दार, दलित, महिला तथा जनजाती लक्षित चिकित्साशास्त्र अध्ययन छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

नीति नं. ५५ महिलाको शसक्तीकरण, बालिकाहरुमाथिको विभेद अन्त्य, हानिकारक सामाजिक अभ्यासहरु रोक्न र बालिकाहरुको माध्यमिक तहसम्मको अध्ययन सुनिश्चित गर्न बैंक खाता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रमलाई परिमार्जित रुपमा सञ्चालन गर्न यस सम्बन्धी ऐन बनाइ निरन्तरता दिइनेछ ।

नीति नं. ५६ कर्णालीको साझा सन्देशः बाल विवाह, छाउपडी र छुवाछुतमुक्त प्रदेश भन्ने मूल मान्यताका साथ बाल विवाह, छाउपडी र छुवाछुत जस्ता विकृतिपूर्ण सामाजिक तथा साँस्कृतिक मान्यताको अन्त्य गर्न प्रदेश प्रमुख सामाजिक शसक्तीकरण कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । दलित शसक्तीकरण सम्बन्धी विधयेक तर्जुमा गरिनेछ । बालमैत्री छाउपडीमुक्त, छुवाछुतमुक्त, बाल विवाहमुक्त पालिका घोषणा गर्न स्थानीय तहलाई प्रोत्साहन गरिनेछ । लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको आर्थिक तथा सामाजिक शसक्तीकरणका कार्यक्रम सञ्चालन गरिनेछ । दलित, पछाडि परेका वर्ग, लोपोन्मूख तथा सीमान्तकृत वर्ग र समुदायलाई शसक्तीकरण गर्न अनौपचारिक शिक्षा तथा व्यवसायिक तालीम पादान गरिनेछ ।

नीति नं. ५८ प्रदेश र स्थानीय तहको बाल संरक्षण प्रणालीलाई सुदृढीकरण गरिनेछ । लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाको उद्धार, संरक्षण र पुनःस्थापनाका लागि प्रदेशस्तरमा दीर्घकालीन पुनःस्थापना केन्द्र स्थापना गर्नुका साथै अल्पकालीन सेवा केन्द्रलाई निरन्तरता दिइनेछ । जोखिम अवस्थामा रहेका, विशेष

संरक्षण तथा वैकल्पिक स्याहारको आवश्यकता भएका बालबालिकाको उद्धार संरक्षण, पालनपोषण, शिक्षा, पुनःस्थापना, बाल सुधार गृह निर्माण र पारिवारिक सहयोग लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

**वजेट वक्तव्य**

बुँदा नं. १२४ सार्वजनिक स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई पोषणको लागि प्रदेशका 'क' वर्गका स्थान लागि रु. २ हजार ५०० 'ख' वर्गको स्थानका लागि रु. २ हजार सुत्करी पोषण भत्ता उपलव्ध गराउन आवश्यक रकम विनियोजन गरेको छु ।

नीति नं. १२९ सुरक्षित मातृत्व, पोषण, रोग नियन्त्रण र उपचारात्मक सेवा सुदृढीकरणमा विशेष प्राथमिकता दिइनेछ ।

नीति नं. १३१ मातृ मृत्यू, बाल मृत्यू, शिशु मृत्यू, नवजात मृत्यू दरलाई न्यूनीकरण गर्न सचेतना, परामर्श, सामाजिक व्यवहार परिवर्तन, पोषण, खोप, उपचार सेवालाई सशक्त बनाइनेछ । यस सम्बन्धी सूचना व्यवस्थापन एवं निगरानी प्रणालीको थप सुदृढीकरण गरिनेछ ।

नीति नं. १३२ पोषण सेवा केन्द्रको सुदृढीकरणमा ध्यान दिईनेछ ।

नीति नं. १३३ सामुदायिक विद्यालयको पठन-पाठनलाई सहज बनाइ गुणस्तरीय शिक्षा सुनिश्चितताका लागि विद्यालयको भौतिक पूर्वाधार विकास तथा शैक्षिक स्तर सुधार गर्ने कार्यलाई प्राथमिकतामा राखेको छु । आगामी आर्थिक वर्षमा ३७० वटा विद्यालयको भौतिक पूर्वाधारको सुधार तथा विकासमा सहयोग गरिनेछ । यसका लागि रु. १ अर्ब १० करोड विनियोजन गरेको छु ।

नीति नं. १३४ विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइको सुविधा विस्तार गर्न मुख्यमन्त्री डिजिटल शिक्षा सिकाइका लागि रु. १० दश करोड रकम विनिययोजन गरेको छु ।

नीति नं. १३५ हिमाली जिल्लाहरुमा निर्माणाधिन आवासीय विद्यालयहरुको पूर्वाधार विकास कार्यलाई निरन्तरता दिइनेछ । यसका लागि स्थानीय तहसँगको साझेदारीमा निर्माण कार्य सम्पन्न गर्न रु. २ करोड ५० लाख विनियोजन गरेको छु ।

नीति नं. १३९ विद्यार्थी शिक्षक अनुपात उच्च रहेका सामुदायिक विद्यालयका लागि अंग्रेजी, गणित तथा विज्ञान विषयका शिक्षक व्यवस्थापन गर्नका लागि एकमुष्ठ अनुदान सहयोग उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाएको छु । विद्यार्थीलाई जीवन उपयोगी ज्ञान र सीप सिकाउन विद्यालयमा अतिरिक्त क्रियाकलापको रुपमा हप्तामा एक दिन किताब रहित शुक्रबार कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

नीति नं. १४१ बालमैत्री, छाउपडीमुक्त, छुवाछुतमुक्त, बाल विवाहमुक्त पालिका घोषणा गर्न स्थानीय तहलाई प्रोत्साहन गर्न आवश्यक व्यवस्था मिलाएको छु । दलित, पछाडी परेका वर्ग, लोपोन्मूख तथा सीमान्तकृत वर्ग र समुदायलाई शसक्तीकरण गर्न अनौपचारिक शिक्षा तथा व्यावसायिक तालीम प्रदान गरी जीविकोपार्जन र आय आर्जन कार्यक्रमको निरन्तरताको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

नीति नं. १४२ सीमान्तकृत समुदाय एवं जोखिममा रहेका बालबालिकाको संरक्षण तथा शैक्षिक विकास सहयोग लगायत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि आवश्यक व्यवस्था मिलाएको छु । उद्यमी महिलाहरुलाई प्रोत्साहन गर्नका लागि एक जिल्ला एक उद्यमी महिला प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

नीति नं. १४३ कर्णालीको साझा सन्देश बाल विवाह, छाउपडी र छुवाछुतमुक्त प्रदेश भन्ने मूल मान्यताका साथ यस्ता विकृतिपूर्ण सामाजिक तथा साँस्कृतिक मान्यताको अन्त्य गर्न प्रदेश प्रमुख सामाजिक शसक्तीकरण कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । १४५ लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाको उद्धार, संरक्षण र पुनःस्थापनाका लागि प्रदेशस्तरमा दीर्घकालीन पुनःस्थापपना केन्द्र स्थापना गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

नीति नं. १४६ जोखिममा रहेका विशेष संरक्षण तथा वैकल्पिक स्याहारको आवश्यकता भएका बालबालिकाको उद्धार, संरक्षण, पालन पोषण, शिक्षा, पुनःस्थापना र पारिवारिक सहयोग कार्यक्रम सञ्चालनमा निरन्तरता

दिएको छ । आगामी आर्थिक वर्षमा सुर्खेतको वीरेन्द्रनगरमा बाल सुधार गृह निर्माण कार्यको थालनी गर्न आवश्यक व्यवस्था मिलाएको छ ।

## सुदूरपश्चिम प्रदेश
### नीति तथा कार्यक्रम

नीति नं. २७ रैथाने बाली वस्तुको उत्पादन तथा उपभोग गरौं, खाद्य र पोषण सुरक्षा सुनिश्चित गरौं भन्ने नाराका साथ स्थानीय बाली वस्तुको उत्पादन र स्वच्छ तथा गुणस्तरयुक्त खाद्य वस्तुको उपभोगमा सबै वर्गको पहुँच सुनिश्चित गरी दिगो समतामूलक र समानुकूलित खाद्य प्रणालीको विकास गरिनेछ। रैथाने तथा पोषणयुक्त बाली उत्पादन र प्रवर्द्धन तथा स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रममा समन्वय र घरबारी बगैंचा स्थापना जस्ता कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

नीति नं. ६९ जयपृथ्वी बहादुर सिंह शैक्षिक पूर्वाधार विकास तथा विद्यालय शिक्षा गुणस्तर सुधार कार्यक्रम मार्फत विद्यालय शिक्षामा पहुँच वृद्धि गरी गुणस्तर सुधार, शैक्षिक पूर्वाधार निर्माण र सिकाइ उपलब्धि सुधारका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रमा मापदण्ड तयार पारी एक-एक वटा विद्यालय छनौट गरी नमूना विद्यालयको रूपमा विकास गर्दै लगिनेछ ।

नीति नं. ७१. प्रत्येक स्थानीय तहमा एक-एक वटा बाल विकास केन्द्रलाई नमूना बालविकास केन्द्रको रुपमा विकास गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । अन्तराष्ट्रिय सीमासँग जोडिएका क्षेत्रका बाल विकास केन्द्र सधुार, विद्यालयमा शैक्षिक गणुस्तर सुधार र लक्षित समूह आयआर्जन तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयलाई संरक्षण र प्रोत्साहनका लागि अनुदान सहयोग गरिनेछ। विद्यालय नर्स कार्यक्रमलाई क्रमशः विस्तार गर्दै लगिनेछ। बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थाको सुधार गर्नु स्थानीय उत्पादनमा आधारभूत विद्यालय दिवा खाजा कार्यक्रमलाई प्रोत्साहन र सहयोग गरिनेछ ।

नीति नं. ७२ अपाङ्गता भएका र सीमान्तकृत वर्गका बालबालिका लक्षित शैक्षिक पूर्वाधार निर्माण तथा प्रोत्साहनमूलक कार्यक्रम मार्फत शिक्षालाई सर्वसुलभ एवम् समावेशी बनाइनेछ । बादी समुदायका बालबालिकाको विद्यालय शिक्षामा सहज पहुँचको लागि बादी उत्थान छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ। बादी समूदायका छात्रछात्राहरुको प्राविधिक शिक्षा र उच्च शिक्षामा पहुँच वृद्धि गर्न छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

नीति नं. ७४ माध्यमिक तहमा अध्यनरत विद्यार्थीहरूका लागि वृत्ति मार्ग निर्देशन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

नीति नं. ८३ मुख्यमन्त्री स्वास्थ्य क्षेत्र सुधार तथा पोषण सुरक्षा कार्यक्रम अन्तरगत प्रदेशमा कुपोषण न्यूनीकरण र केस व्यवस्थापन गर्न स्थानीय तहसँगको समन्वय र सहकार्यमा स्वास्थ्य संस्थामा पोषण पुनःस्थापना केन्द्रहरू स्थापना, विस्तार र स्तरोन्नती गरिनेछ ।

नीति नं. ८४ प्रसूति केन्द्रहरू र ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई थप सुदृढीकरण गरी प्रजनन स्वास्थ्य सम्बन्धी रोगहरू र रुग्णताको पहिचानका साथै समयमै व्यवस्थापनका लागि पहिचान र निदान गर्न विशेषज्ञ सहितको एकीकृत स्वास्थ्य शिविर सञ्चालन गरिनेछ। प्रत्येक जिल्ला अस्पतालमा बाल रोग विशेषज्ञ, स्त्रीरोग विशेषज्ञ र हाडजोर्नी रोग विशेषज्ञ सेवा सञ्चालनको लागि संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

नीति नं. ८५ शारीरिक विकृती र अटिजम भएका बालबालिकाहरूको उचित व्यवस्थापन गरिनेछ ।

नीति नं. ९४ बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरिनेछ । बालबालिका सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। विशेष संरक्षणको आवश्यकता भएका र हिंसा तथा जोखिममा परेका बालबालिकाको लागि प्रदेश बाल कोष स्थापना गरिनेछ । स्थानीय तहसँगको साझेदारीमा 'सानै छु म, बढ्न देउ, बाल विवाह होइन, पढ्न देउ' अभियान सञ्चालन गरिनेछ ।

नीति नं. ९७ विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि, बिद्यालय छोड्ने दर न्यूनीकरण र मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि गैरसरकारी संघ संस्था र स्थानीय तहसँगको सहकार्यमा विद्यालय मानशिक स्वास्थ्य कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

नीति नं. १०४ श्रम बजारमा बाल श्रम तथा बाध्यकारी श्रमको अन्त्य गर्नका लागि संघ र स्थानीय तहसँगको समन्वयमा रोजगार सेवा केन्द्र र रोजगार सूचना केन्द्रको सुदृढीकरण गरिनेछ ।

**वजेट वक्तव्य**

बुँदा नं. १०१ प्रदेश, स्थानीय तह र गैर सरकारी संस्थाको साझेदारीमा गरीब, विपन्न, सहीद, बेपत्ता र घाईते परिवार, अपाङ्ग, महिला, दलित, मुक्त कमैया, कम्लरी, हलिया र सीमान्तकृत वर्गका छोराछोरी तथा जेहेन्दार लगायत विद्यार्थीलाई अनिवार्य शिक्षामा पहुँच स्थापित गर्न अनिवार्य शिक्षा कार्यक्रम सञ्चालनका लागि रु. १ करोड ७६ लाख विनियोजन गरेको छु ।

बुँदा नं. १०२ जयपृथ्वी बहादर सिंह शैक्षिक पूर्वाधार विकास तथा विद्यालय शिक्षा गुणस्तर सुधार कार्यक्रम मार्फत विद्यालय शिक्षामा पहुँच वृद्धि गरी, गुणस्तर सुधार, शैक्षिक पूर्वाधार निर्माण र सिकाइ उपलब्धि सुधारका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि रु. ९० लाख विनियोजन गरेको छु ।

बुँदा नं. १०३ प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रमा मापदण्ड तयार गरी एकएक वटा विद्यालय छनौट गरी नमूना विद्यालयका रूपमा विकास गर्दै लगिनेछ । यस कार्यक्रमका लागि रु. ५४ करोड विनियोजन गरेको छु । विद्यालय मर्मत, खेलकुद मैदानका लगायतका लागि रु. ३६ करोड विनियोजन गरेको छु ।

बुँदा नं. १०५ प्रत्येक स्थानीय तहमा एकएक वटा बालविकास केन्द्रलाई नमूना बाल विकास केन्द्रको रूपमा विकास गर्ने कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिएको छु । यसको लागि रु. ८८ लाख विनियोजन गरेको छु ।

बुँदा नं. १०७. Virtual माध्यमबाट एउटा विद्यालयको कक्षा कोठामा भइरहेको अध्यापनमा अन्य सामुदायिक विद्यालयका विद्यार्थी समेत सहभागी गराइ शैक्षिक गुणस्तरलाई सुधार गर्न नौ जिल्लाका नौ वटा सामुदायिक विद्यालयहरुलाई सूचना प्रविधि मार्फत सञ्जालीकरण गरिनेछ । यसका लागी रु. ३ करोड विनियोजन गरेको छु ।

बुँदा नं. १०८ बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थाको सुधार गर्न स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित गर्न डोटी जिल्लाको पूर्विचौकी गाउँपालिका, बैतडी जिल्लाको डिलासैनी गाउँपालिका र कञ्चनपुर जिल्लाको बेलौरी नगरपालिकाको लागि रु. ९ करोड विनियोजन गरेको छु ।

बुँदा नं. १०९ बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूको शिक्षामा सहज पहुँचका लागि कञ्चनपुरको बेलौरीमा सुविधायुक्त आवासीय विद्यालय सञ्चालनमा ल्याउन आवश्यक वजेट विनियोजन गरेको छु । बादी समूदायका छोरा छोरीहरूको प्राविधिक शिक्षा र उच्च शिक्षामा पहुँच वृद्धि गर्न बादी उत्थान छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिएको छु ।

बुँदा नं. ११३ विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि , विद्यालय छोड्ने दर न्यूनीकरण र मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि गैरसरकारी संघ संस्था र स्थानीय तहसँगको सहकार्यमा विद्यालय मानसिक स्वास्थ्य कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।

बुँदा नं. १२८ मुख्यमन्त्री स्वास्थ्य क्षेत्र सुधार तथा पोषण सुरक्षा कार्यक्रम अन्तर्गत प्रदेशमा कुपोषण न्यूनीकरण र केस व्यवस्थापन गर्न, स्थानीय तहसँगको समन्वय र सहकार्यमा स्वास्थ्य संस्थामा पोषण पुनःस्थापना केन्द्रहरू स्थापना, विस्तार र स्तरोन्नतीका लागि प्रदेश स्वास्थ्य निर्देशनालय, अस्पताल र स्वास्थ्य कार्यालयहरुका लागि पर्याप्त वजेटको व्यवस्था मिलाएको छु ।

बुँदा नं. १३० प्रसूति केन्द्र र ग्रामीण अल्ट्रासाउनण्ड कार्यक्रमलाई थप सुदृढीकरण गर्न आवश्यक उपकरणहरूको व्यवस्था गरी प्रजनन स्वास्थ्य सम्बन्धी रोगहरू र रुग्णताको पहिचान र निदान गर्न विशेषज्ञ सहितको एकीकृत स्वास्थ्य शिविर सञ्चालनका लागि प्रदेश स्वास्थ्य निर्देशनालय र स्वास्थ्य कार्यालयहरूमा आवश्यक वजेटको व्यवस्था गरेको छु ।

| | |
|---|---|
| बुँदा नं. १३१ | शारीरिक रूपमा अपाङ्गता र अटिज्म भएका बालबालिकाको लागि स्क्रिनिङ शिविर सञ्चालन गर्न स्थानीय तहसँगको सहकार्यमा अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापना गर्न र स्थानीय तह, गैरसरकारी संघसंस्था तथा नीजि क्षेत्रको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामग्री वितरणका गर्नका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु । |
| बुँदा नं. १३७ | प्रदेशभित्रका १० हजार किशोरकिशोरीलाई यौनजन्य हिंसा र बाल विवाह विरुद्ध अभिमूखीकरण कार्यक्रमका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु । |
| बुँदा नं. १४३ | श्रमलाई मर्यादित र व्यवस्थित बनाउन तथा सम्पूर्ण श्रमिकहरूलाई पञ्जीकृत गरी सामाजिक सुरक्षाको दायरामा ल्याउन सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । सबै प्रकारको बाल श्रमको अन्त्य गर्न आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गरी कार्यक्रम सञ्चालन गरिनेछ । |

# परिच्छेद -८
# जलवायु परिवर्तन र बाल अधिकार

## ८.१. पृष्ठभूमि

जलवायु परिवर्तन एवं लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू अन्तर्गत संयुक्त राष्ट्र संघीय वातावरण तथा विकास सम्बन्धी सम्मेलन, १९९२ को एजेन्डा २१ को भाग २४, दिगो विकास सम्बन्धी विश्व सम्मेलन २००२ को जोहानेसवर्ग कार्यान्वयन योजना, मानव अधिकार सम्बन्धी विश्व सम्मेलन, १९९३, जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन १९९४, सामाजिक विकास सम्बन्धी विश्व सम्मेलन १९९५, राष्ट्र संघीय सुरक्षा परिषद् प्रस्ताव १३२५ र १८२०, सहस्राब्दी घोषणा २०००, बेइजिङ कार्य-मञ्चको अनुच्छेद ‘ट’, महिला सम्बन्धी चौथो विश्व सम्मेलन, १९९५ र संयुक्त राष्ट्र संघीय दिगो विकास लक्ष्य २०३० मा नेपालले सहमति तथा प्रतिबद्धता जनाएको छ ।

मानवीय कार्यद्वारा उत्पन्न जलवायु परिवर्तनले प्रकृतिमा खतरनाक र व्यापक अवरोध ल्याइरहेको छ । विश्वभरका अर्बौं मानिसहरूको जीवनलाई प्रभावित पारिरहेको छ । हाल नेपालमा जलवायु परिवर्तन नीति, २०७६ तथा जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना २०७७-२०८७ कार्यान्वयनमा रहेको छ । यसैगरी नेपालमा जलवायु परिवर्ततको प्रभाव न्यूनीकरणका लागि व्यवस्था भएको लगानीको अवस्था विश्लेषण गर्ने उद्देश्यले आर्थिक वर्ष २०७०/७१ देखि नै जलवायु परिवर्तन वजेट कोड लागू भइ कार्यान्वयनमा रहेको छ ।

पछिल्लो जलवायु परिवर्तन सम्बन्धी अन्तर सरकारी प्यानल (IPCC, 2020) को प्रतिवेदनमा (IPCC, 2022) उल्लेख गरिए अनुसार मानवीय कार्यद्वारा उत्पन्न जलवायु परिवर्तनले प्रकृतिमा खतरनाक र व्यापक अवरोध ल्याइरहेको छ र यो प्रभावसँग जुध्न सबैभन्दा कम सक्षम भएका मानिसहरूमा यसको असर बढी परेको छ । सेभ द चिल्ड्रेनको ‘बोर्न इन्टु द क्लाइमेट क्राइसिस प्रतिवेदनका अनुसार औसतमा सन् २०२० मा जन्मिएको बालबालिकाले १९६० मा जन्मिएको बालबालिकाको तुलनामा वन र आगलागीको कारण जोखिम दोब्बर सामना गर्नु पर्ने देखिएको छ । यो जोखिम विशेष गरी कमजोर अवस्थाका बालबालिकाका लागि अझै बढी गम्भीर देखिएको छ । जसलाई अघिल्लो पुस्ताको तुलनामा जीवनभरी करीब दोब्बर वन आगलागीको जोखिम रहेको पाइएको छ । सोही प्रतिवेदनको तथ्याङ्क अनुसार धेरै कम आय र मध्यम आय भएका देशका बालबालिकाले बिग्रदै गएको जलवायु परिवर्तनको असरको सामना गर्नुपर्ने सम्भावना सबैभन्दा बढी देखिएको छ ।

जलवायु परिवर्तनका रुपहरू धेरै प्रकारका छन् । अन्य चिजहरूको बीचमा यसले तापमान र वर्षाको औसतमान साथै तिनको समय र स्थानको वितरणलाई प्रभाव पार्छ। आँधीको तीव्रता र आवृत्तिलाई र जलवायु परिवर्तनका कारण उत्पन्न हुने प्रकोपलाई पनि असर पुर्याउँछ। (IPCC, 2020)

नेपालमा बाल केन्द्रित प्रकोप जोखिम न्यूनीकरण (डीआरआर) र जलवायु परिवर्तन नीतिहरू तथा कार्यहरूको कार्यान्वयन र मूल्याङ्कनकका लागि प्रकोप जोखिम शासन संरचनाको व्यवस्था गरिएको छ । प्रकोप जोखिम न्यूनीकरणलाई प्राथमिकताका रूपमा विभिन्न राष्ट्रिय नीतिहरूमा एकीकृत गरिएको छ । जस्तैः प्रकोप जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, प्रकोप जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय नीति २०७५, प्रकोप जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीतिक कार्ययोजना (२०७५-२०९०), जलवायु परिवर्तन राष्ट्रिय नीति २०७६ र वातावरण संरक्षण ऐन २०७६ रहेका छन् । जस अन्तर्गत प्रादेशिक र स्थानीय तहका सरकारहरूलाई जलवायु परिवर्तनको प्रभाव र जोखिमहरूबाट जोगाउन अनुकूलन योजनाहरू निर्माण र कार्यान्वयन गर्ने अधिकार प्रदान गरिएको छ । नेपालको दोस्रो राष्ट्रिय रूपमा निर्धारण गरिएको Nationally Determined Contribution (एनडीसी २०२०) र National Adaptation Plan (एनएपी) २०२१-२०५० मा जलवायु परिवर्तनमा न्यूनीकरण र नीतिगत प्राथमिकताहरू हासिल गर्नका लागि पर्याप्त वित्तीय स्रोत आवश्यक पर्ने माग गरिएको छ ।

## ८.१.१ नेपालमा जलवायु परिवर्तनको असर

जलवायु परिवर्तनका असरहरूबाट नेपालको जनसंख्या अत्यन्तै जोखिममा रहेको विभिन्न अध्ययन तथा प्रतिवेदनले देखाएको छ। एसियाली विकास बैंकको हालैको एक अध्ययन अनुसार जलवायु परिवर्तनका कारण नेपालले सन् २०५० सम्ममा आफ्नो वार्षिक कूल ग्राहस्थ उत्पादन (जीडीपी) को २.२ प्रतिशत गुमाउने अनुमान गरिएको छ । जयवायु परिवर्तका कारण नेपालमा प्राकृतिक प्रकोपको जोखिमको स्तर उच्च छ। २०१९ को इन्फर्म जोखिम सूचकांकमा नेपाल जोखिमको ३१ औं स्थानमा छ। जहाँ करीब ८० प्रतिशत जनसंख्या अत्यधिक गर्मी, बाढी, वायु प्रदूषण जस्ता प्राकृतिक र जलवायुसँग सम्बन्धित प्रकोपहरूको जोखिममा रहेको छ । साथै बालबालिकाको जलवायु जोखिम सूचकांक (सीसीआरआई) २०२१ ले नेपाल उच्च जोखिममा रहेको देखाएको छ ।

वन तथा वातावरण मन्त्रालयले २०२१ मा गरेको जोखिम विश्लेषण प्रतिवेदनले विपद् सम्बन्धी डाटाबेसमा अद्यावधिक भएका विभिन्न १५ वटा जलवायुजन्य प्रकोपहरूलाई समेटेको छ। जसमा बाढी, पहिरो, महामारी, आगलागी, चट्याङ, भारी वर्षा, खडेरी, हिमताल विष्फोटन बाढी, तातो हावाको लहर, चिसो हावाको लहर, आँधीबेहरी, हिमपहिरो, हिमपात, असिना र वन डढेलो रहेका छन्। १४ वटा जलवायुजन्य प्रकोपहरूको विगतको प्रवृत्तिलाई विश्लेषण गर्दा विशेष गरी १९९० पछि यस्ता प्रकोपका घटनाहरूको प्रवृत्तिमा उल्लेखनीय वृद्धि भएको देखिन्छ। मौसमी खडेरी बाहेक सबै प्रकोपका घटनाहरूको प्रवृत्ति बढ्दो क्रममा रहेको छ। धेरै जिल्लाहरूमा वर्षात्का दिनहरू बढ्दो क्रममा रहेकोले मौसमी खडेरीका घटनाहरू घट्दै गइरहेको हुनसक्ने अनुमान गरिएको छ। महामारी, हिमपहिरो, असिना र खडेरीको प्रवृत्ति नगन्य मात्रामा (statisticllay insignificant) रहेको छ भने अन्य १० जलवायुजन्य प्रकोपहरूको प्रवृत्ति उल्लेखनीय statisticllay significant at a 5% level रूपमा बढी रहेको छ । जलवायुजन्य प्रकोपका ऐतिहासिक घटनाहरूको विश्लेषणको आधारमा सुनसरी, कैलाली, मोरङ, झापा, रौतहट, बर्दिया, सर्लाही र सप्तरी जिल्लाहरू बाढीको उच्च प्रभाव क्षेत्र 'हटस्पट' को रूपमा पहिचान गरिएका छन्। त्यस्तै, धादिङ, संखुवासभा, बाग्लुङ, सिन्धुपाल्चोक, डोल्पा, ताप्लेजुङ, रोल्पा, मकवानपुर, म्याग्दी, लमजुङ, दोलखा, नुवाकोट, गोरखा, सोलुखुम्बु, काभ्रेपलाञ्चोक, दैलेख, दार्चुला, स्याङ्जा, पाल्पा, खोटाङ, बाजुरा, कालीकोट, कास्की, जाजरकोट, बझाङ, गुल्मी र इलाम जिल्लालाई पहिरोको उच्च प्रभावक्षेत्र 'हटस्पट' को रूपमा पहिचान गरिएको छ। मानवीय र आर्थिक प्रभावको आधारमा, मकवानपुर, रौतहट, बाँके, कैलाली, सिराहा, मोरङ, डोटी, चितवन, धनुषा, सर्लाही, महोत्तरी, पर्सा, सप्तरी, सुनसरी, सिन्धुपाल्चोक, दाङ, कास्की, कञ्चनपुर र झापा जिल्लालाई जलवायुजन्य विपद्को उच्च प्रभाव क्षेत्र 'हटस्पट' को रूपमा पहिचान गरिएको छ। जलवायु परिवर्तनका परिदृश्यहरू हेर्दा तापक्रमका हिसावले, ताता दिन/रात र न्यानो अवधि बढ्ने सम्भावनाको संकेत गर्दछ भने चिसा

दिन/रात र चिसो हुने अवधि कम हुने सम्भावना छ। त्यस्तै वर्षाको हकमा धेरै वर्षात्का दिनहरू र अत्याधिक वर्षात्का दिनहरू बढ्ने देखिन्छ भने नेपालभरी नै वर्षा हुने दिनहरू कम हुने सम्भावना देखिएको छ।

वन तथा वातावरण मन्त्रालयको 'नेपालको भल्नरेबिलिटी र जोखिम मूल्याङ्कन प्रतिवेदन, २०२१ ले जलवायु परिवर्तनका प्रभाव, भल्नरेबिलिटी, र जोखिमका बारेमा आठवटा विषयगत क्षेत्र र एउटा समग्र क्षेत्रका साथै पाँच भौगोलिक क्षेत्र, सातवटा प्रदेश र ७७ जिल्लामा आधारित जानकारी प्रस्तुत गरेको छ। उक्त प्रतिवेदनले भविष्यमा जोखिमहरू बढ्दै जाने, Covid-19 का कारण हुने आर्थिक संकट र नेपालको राजनीतिक अस्थिरताका कारण अधिकांश नगरपालिकाहरू र प्रदेशहरूमा भल्नरेबिलिटीहरू पनि बढ्न सक्ने चेतावनी दिएको छ। यसका साथै, गरीब, सिमान्तकृत समूहहरू, महिला, बालबालिका, वृद्ध, अपाङ्गता भएका व्यक्ति जलवायु परिवर्तनका असरहरूबाट अझ बढी जोखिममा पर्ने वर्गमा पर्दछन्। बालबालिका र सिमान्तकृत समुदायहरूका दृष्टिकोणमा जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्दा, प्रतिवेदनले भारी वर्षा, बाढी, र पहिरोले नेपालमा धेरै मानिसहरूको ज्यान लिएको, अन्नबाली र सयौं घरहरू नष्ट गरेको र पूर्वाधारहरू विद्यालय, पुल, सरकारी भवनहरू र जलविद्युत प्लान्टहरूमा क्षति पुऱ्याएको छ।

## ८.१.२ जलवायु परिवर्तन तथा विपद्बाट पीडित र प्रभावित बालबालिका

बालबालिकाको जलवायु जोखिम सूचकांक (सीसीआरआई) ले बालबालिकाको जलवायु परिवर्तनका असरहरूको जोखिम र भल्नरेबिलिटीको पहिलो समग्र दृष्टिकोण प्रदान गर्दछ। यसले चक्रवात र अत्यधिक गर्मी जस्ता जलवायु परिवर्तनको आधारमा देशहरूलाई बालबालिकाको जोखिमको स्तरमा क्रमबद्ध गर्दछ। सीसीआरआईले (CCRI) विभिन्न कारणहरूले गर्दा बालबालिका वयस्कहरूभन्दा जलवायु परिवर्तनका असरहरुप्रति अधिक संवेदनशील हुने रिपोर्ट गरेको छ। जसमा मृत्युको जोखिम बढी हुन सक्छ। अधिकांश बालबालिकाले एकैसाथ एक वा एकभन्दा बढी हुने जलवायु र वातावरणीय संकटहरूको सामना गर्नु पर्ने अवस्था देखिएको छ। खडेरी, बाढी र भीषण मौसमका साथै अन्य वातावरणीय तनावहरूले एक अर्कालाई बढाउनुका साथै समाजका केही समूहहरूलाई अझ बढी सिमान्तकृत गराउँछ र असमानता बढाउँछ।

जलवायु परिवर्तनका कारण कृषि उत्पादनमा आएको ह्रासले खाद्य असुरक्षा बढेको छ। यसका कारण बालबालिकाको पोषणमा असर पर्ने देखिन्छ। यसैगरी बाढी, पहिरो, महामारी र आगलागी लगायतका जलवायुसँग सम्बन्धित विपद्का कारण सबैभन्दा बढी बालबालिका जोखिममा पर्ने गर्दछन्। प्राकृतिक विपद्बाट हुने जोखिम न्यूनीकरणका लागि संघ, प्रदेश तथा स्थानीय तहबाट विभिन्न कार्यक्रमहरु सञ्चालनमा रहे तापनि बढ्दो जलवायु परिवर्तनको असरले प्राकृतिक विपद्को असर बढ्दो रुपमा रहेको छ।

## ८.१.३ प्राकृतिक विपद तथा दुर्घटना लगायतबाट पीडित बालबालिका

प्रहरी प्रधान कार्यालय २०८१ बाट प्राप्त तथ्याङ्क अनुसार प्राकृतिक विपद तथा दुर्घटना लगायतबाट पीडित बालबालिकाको तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिकाः ६४ प्राकृतिक विपद तथा दुर्घटना लगायतबाट पीडित प्रभावित बालबालिका**

| क्र.स. | विपद्को प्रकार | मृत्यु भएका | | | घाइते भएका | | | वेपत्ता भएका | | | कुल प्रभावित |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | |
| १ | आगलागी | १९ | १५ | ३४ | २६ | २३ | ४९ | ० | ० | ० | ८३ |
| २ | बाढी | ८ | ८ | १६ | १ | ० | १ | १ | ० | १ | १८ |
| ३ | पहिरो | १४ | १३ | २७ | १० | १२ | २२ | १ | ० | १ | ५० |
| ४ | चट्याङ | ४ | ५ | ९ | ३० | ३४ | ६४ | ० | ० | ० | ७३ |
| ५ | महामारी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | जनावर आक्रमण | ४ | ० | ४ | ३० | १२ | ४२ | ० | ० | ० | ४६ |
| ७ | हावाहुरी | ० | १ | १ | ५ | २ | ७ | ० | ० | ० | ८ |
| ८ | हिमपात तथा हिमपहिरो | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | शीतलहर | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ |
| १० | अविरल वर्षा | ० | ० | ० | २ | २ | ४ | ० | ० | ० | ४ |
| ११ | भूकम्प | ३७ | ४४ | ८१ | ५७ | ५८ | ११५ | ० | ० | ० | १९६ |
| १२ | लेक लाग्नु | १ | ० | १ | २ | ४ | ६ | ० | ० | ० | ७ |
| १३ | अन्य | ३ | ० | ३ | १ | ० | १ | ० | ० | ० | ४ |
| जम्मा | | ९१ | ८६ | १७७ | १६४ | १४७ | ३११ | २ | ० | २ | ४९० |

**स्रोतः प्रहरी प्रधान कार्यालय, २०८१**

आर्थिक वर्ष २०८०/८१ मा विभिन्न किसिमका प्राकृतिक विपद्बाट ४९० जना बालबालिका पीडित तथा प्रभावित भएको देखिएको छ । जसमध्ये १७७ जना बालबालिकाको मृत्यु भएको देखिएको छ भने ३११ जना बालबालिका घाइते भएका छन् । यसैगरी प्राकृतिक विपद्का कारण २ जना बालबालिका वेपत्ता भएको देखिएको छ ।

# परिच्छेद -९
## निष्कर्ष

## ९.१ पृष्ठभूमि

नेपाल सरकारले संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धिलाई अनुमोदन गरेपछि बालबालिकाको हक, हित र अधिकारको विषयलाई संविधानमा समावेश गर्दै विभिन्न कानूनहरुमा क्रमशः सुधार गर्दै आएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ र नियमावली २०७८ कार्यन्वयनमा रहेको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ मा भएका केही प्रावधानहरु संशोधनका क्रममा रहेका छन् । बालबालिका सम्बन्धी कानून र नीतिमा सुधार गर्दै राष्ट्रिय प्रतिबद्धतालाई अझ प्रभावकारी कार्यान्वयन तथा नतिजान्मूख बनाइ बाल अधिकार सुनिश्चिततताका लागि संघ, प्रदेश र स्थानीय तहमा संस्थागत संयन्त्रहरु स्थापना तथा सञ्चालन भइरहेका छन् । बालबालिका सम्बन्धी ऐन, २०७५ मा भएका व्यवस्थाहरु नेपाल सरकारले मानत्र नभइ प्रदेश र स्थानीय तहले समेत कार्यन्वयन गर्न कानून, नीति, योजना र कार्यक्रम बनाइ लागू गर्न पर्ने आवश्यकता रहेको छ ।

प्रदेशको योजना र कार्यक्रममा बालबालिकाको विषयलाई प्राथमिकताका साथ सम्बोधन गरिएको छ। स्थानीय सरकारको तहबाट पनि बालबालिकाका विषयहरु कानून, योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट एवं कार्यक्रमहरुमा सम्बोधन गरिएको छ। बालबालिका विरुद्धका विभिन्न हिंसा, दुर्व्यवहार तथा जोखिममा परेका बालबालिकाका समस्याहरु तत्काल सम्बोधन गर्नका लागि राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश र स्थानीय तहका बाल अधिकार समिति, नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय र सेवा केन्द्रहरु, बालबालिका खोजतलास सेवा केन्द्रहरु, बाल हेल्पलाइन सेवा, बाल कल्याण अधिकारी लगायतका संयन्त्रहरु सक्रियताका साथ कार्यरत रहेका छन् । बाल अधिकारका विषयहरुमा समुदाय, परिवार र बालबालिकासम्म नै सचेतनामा वृद्धि हुँदै गएको छ । अति दुर्गम हिमाली तथा पहाडी जिल्लाका ज्यान जोखिममा परेका गर्भवती र सुत्केरी महिलाहरुलाई राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत हेलिकप्टरबाट सुरक्षित उद्धार गरी अस्पतालसम्म पुऱ्याउने कार्यक्रमले गर्दा आमा र शिशुहरुलाई बचाउन सहयोग पुगेको छ।

राज्यका सबै निकाय र संस्थाहरुको संयुक्त साझा प्रयासको परिणाम स्वरूप संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धिलाई अनुमोदन गरेपछि हालसम्म बालबालिकाको विषयसँग सम्बन्धित गुणात्मक र परिमाणात्मक सूचांकहरुमा उल्लेख्य प्रगति भएको पाइएको छ। प्रारम्भिक बाल विकासदेखि कक्षा १२ सम्मको शिक्षामा सबै अवस्थाका विद्यार्थीको खुद भर्ना दर तथा टिकाउ दरमा सुधार भइरहेको देखिन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार नेपालमा पाँच वर्षमुनिको बाल मृत्यु दर प्रति एक हजार जीवित जन्ममा ३३ रहेको देखिएको छ भने कम तौल भएका बालबालिकाको प्रतिशत १९ रहेको देखिन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार मातृ मृत्यू दर प्रति लाख जीवित जन्ममा १५१ रहेको देखिन्छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश1 प्रतिवेदन, २०८० अनुसार कक्षा १ देखि ८ सम्मको खुद भर्ना दर ९५.१ प्रतिशत, माध्यामिक तहको खुद भर्नादर ५७.९ प्रतिशत रहेको देखिन्छ। यसैगरी राष्ट्रिय जनगणना २०७८ अनुसार पाँच वर्ष मुनिका बालबालिकाको जन्मदर्ता प्रतिशत ७४ रहेको देखिन्छ।

बाल श्रम निवारण सम्बन्धी गुरुयोजना २०७५-२०८५ ले विक्रम सम्बत २०८२ सम्ममा सबै प्रकारका बाल श्रम अन्त्य गर्ने तथा दिगो विका लक्ष्यमा सन् २०२५ सम्ममा सबै प्रकारका बाल श्रम अन्त्य गर्ने लक्ष्य लिएकोमा तत्तकालीन केन्द्रीय तथ्याङ्क विभागको बाल श्रम प्रतिवेदन २०७८ अनुसार पनि पाँचदेखि १७ वर्ष उमेर समूहका १५.३ प्रतिशत बालबालिका श्रममा संलग्न रहेको देखिएको छ । यसैगरी प्रत्येक वर्ष राष्ट्रिय बाल अधकिार परिषद्, बालबालिका खोजतलास सेवा, श्रम तथा रोजगार कार्यालय र बाल हेल्पलाइन सेवामा आएका उजूरीका आधारमा गैर कानूनी रुपमा श्रममा संलग्न भएका बालबालिकाको उद्धार, संरक्षण र कानूनी उपचार सम्बन्धी कार्य भै रहेको छ। विषेश संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण तथा व्यवस्थापनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार स्थानीय तहमा हुनुपर्ने संयन्त्रहरु आ.व.२०८०/८१ सम्ममा ५० प्रतिशतका हाराहारीमा क्रियाशील रहेका छन् । बालबालिका सम्बन्धी प्रदेश र स्थानीय तहमा सूचना तथा तथ्याङ्क विवरण अद्यावधिक गर्न प्रदेश र स्थानीय तहलाई अभिमूखीकरण गर्ने कार्यको थालनी भएको छ।
नेपालको संविधान, कानून, नीति तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता लगायतका व्यवस्थाहरुको कार्यान्वयन गर्दै नेपालमा बाल अधिकारको सम्मान, संरक्षण, सम्वर्धन, प्रवर्द्धन, परिपूर्ति तथा पालनाका लागि भएका प्रयासहरु उल्लेखनीय रहेको देखिन्छ । राष्ट्रिय बाल दिवसको २०८० को राष्ट्रिय नारा "बालबालिकामा लगानीः सुनिश्चित भविष्यको थालनी" लाई २०८१

मा समेत निरन्तरता दिइएको छ । जलवायु परिवर्तनको असर, सूचना प्रविधिको विकास सँगसँगै देखापरेका नवीन सवाल तथा चुनौतीहरु लगायतका कारण कानूनी तथा नीतिगत व्यवस्थाहरुमा भएका कतिपय प्रावधानहरु पूर्ण र प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्दा लक्ष्य अनुसार बाल अधिकार संरक्षण तथा प्रवर्द्धनको क्षेत्रमा नतिजा प्राप्त हुन सकेको छैन । यसका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा अभिभावक लगायतका सरोकारवालाहरुले बालबालिका केन्द्रित आर्थिक तथा सामाजिक लगानी वृद्धि गर्नु आवश्यक रहेको छ । शिक्षा, स्वास्थ्य लगायत संरक्षणको सेवा सुविधाबाट वञ्चित भएका बालबालिकाको विषयलाई समयमै प्रभावकारी रुपमा सम्बोधन गर्ने, संघ, प्रदेश र स्थानीय तीनै तहहरुमा बालबालिकाको खण्डीकृत सूचना व्यवस्थापन गर्ने, स्थानीय तहमा गठन हुने बालबालिका केन्द्रित संरचनाहरु एवम् बालमैत्री स्थानीय शासन कार्यान्वयन तीव्र बनाउने, बाल क्लबको विस्तार र सूचना अद्यावधिक गर्ने, बालबालिकालाई अनलाइन सुरक्षा प्रदान गर्ने लगायतका कार्यहरु अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिएको छ । विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अधिकार सुनिश्चित गर्नु, बाल श्रम, बाल विवाह, बालबालिका विरुद्ध हुने हिंसा, यौनजन्य दुर्व्यवहार र विभेद, बालबालिकाको गैरकानूनी ओसारपसार लगायतका घटनाहरुको सरल, सहज र तत्काल व्यवस्थापन गर्नु, अनाथ तथा अपाङ्गता भएका र एचआइभी/एड्सबाट प्रभावित बालबालिकाको उपयुक्त हेरचाह तथा संरक्षण गर्ने जस्ता कार्यहरु एक चुनौतीकै रुपमा रहेका छन् ।

तीनै तहमा बालबालिकाका लागि लगानी प्रवर्धन गर्न, कानूनले व्यवस्था गरेको संरचना, कोष, बाल कल्याण अधिकारीको व्यवस्था, समाजसेवी तथा बाल मनोविज्ञको परिचालनका लागि राष्ट्रिय रुपमा साझा र एकीकृत अभियान सञ्चालन गर्नु जरुरी छ । नेपाल सरकार र प्रदेश सरकारको नीति र योजनालाई थप सहयोग पुऱ्याउन बालबालिका लक्षित कार्यक्रमहरु सञ्चालनका लागि विकास साझेदार, गैसस तथा निजी क्षेत्रको समेत समन्वय, सहयोग, सहकार्य हुनु आवश्यक छ । बालबालिकाको अधिकार तथा हक हितको संरक्षण र सम्वर्धन गर्न सम्बन्धित सबैको साझा दायित्व र जिम्मेवारी पूरा गर्नु पर्ने देखिन्छ ।

**सन्दर्भ सामग्रीहरुः**


*केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण २०७६*
*राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनगणना २०४८, २०५८, २०६८ र २०७८*
*जनस्वास्थ्य सेवा ऐन, २०७५*
*स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, सन् १९९६, २०१६, २०२२*
*स्वास्थ्य सेवा विभाग, स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन, आ.व. २०७९/८०*
*नेपाल सरकार, वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य २०८१/८२*
*नेपालको संविधान, २०७२*
*कान्ति बाल अस्पताल प्रतिवेदन २०८०*
*अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण २०७८/७९ र २०७९/८०*
*केन्द्रीय तथ्याङ्क विभाग, नेपाल श्रमशक्ति सर्वेक्षण २०७६*
*अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५*
*शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश। प्रतिवेदन, २०८०*
*अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७४*
*प्रदेश सरकार, प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य २०८०/८१*
*बालबालिका सम्बन्धी ऐन, २०७५*
*बालबालिका सम्बन्धी नियमावली, २०७८*
*राष्ट्रिय बालबालिका नीति, २०८०*
*बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२*
*बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०८०*
*मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४*
*मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८*
*मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता ऐन, २०७४*
*बाल श्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५)*

*राष्ट्रिय बाल अधिकार परिषद्, नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०८०*
*राष्ट्रिय योजना आयोग, नेपाल सहस्राव्दी विकास लक्ष्य: स्थिति प्रतिवेदन सन् २०१५, २०२०*
*शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, राष्ट्रिय शिक्षा नीति २०७६*
*शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लास १ रिपोर्ट २०७८,२०७९ र २०८०*
*सामाजिक सुरक्षा ऐन, २०७५*
*सूचनाको हक सम्बन्धी ऐन, २०६४*
*सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५*
*National Planning Commission, National Progress Review of Sustainable Development Goals, 2020.*
*donidcr.gov.np*
*वन तथा वातावरण मन्त्रालय, Vulnerability and Risk Management and Identifying Adaptation Option, Sectoral Report, 2021*
*राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग (GIS (donidcr.gov.np)*
*जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना २०७७-२०८७*
*संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, बालमैत्री स्थानीय शासन संक्षिप्त जानकारी पुस्तिका, २०७९*
*HCCH.net*
*सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन, २०७९*
*युनिसेफ नेपालको वेवसाइट*
*A report on impacts of climate crisis and environmental degradation on children and youths in Nepal (2023)*

**अनुसूची -१ दिगो विकास लक्ष्य**

| लक्ष्य | लक्ष्य (सन् | सहायक लक्ष्य |
|---|---|---|
| १ | गरिबीको अन्त्य (सबै प्रकारका गरिबीलाई सबै ठाउँबाट अन्त्य गर्ने) | १.१ जहाँसुकै रहेका भए पनि सबै जनता (बालबालिका समेत) को चरम गरिबी उन्मूलन गर्ने (हाल प्रतिदिन १.२५ डलरभन्दा कम आम्दानीमा जीवन निर्वाह गरिरहेका जनताको रूपमा मापन गरिएको । |
| | | १.२ राष्ट्रिय परिभाषा अनुसार गरिबी र यसका सबै आयाममा बाँचिरहेका पुरुष, महिला तथा सबै उमेरका बालबालिकाको अनुपात कम्तीमा आधाले घटाउने । |
| | | १.३. राष्ट्रिय स्तरमा सबैका लागि उपयुक्त सामाजिक सुरक्षा प्रणाली तथा उपायहरु लागू गर्ने र गरीब र जोखिममा परेकाहरुलाई सामाजिक सुरक्षाको दायरा भित्र समेट्ने |

| | | |
|---|---|---|
| २ | शून्य भोकमरी - भोकमरीको अन्त्य गर्ने, खाद्यसुरक्षा तथा उन्नत पोषण हासिल गर्ने र दिगो कृषिको प्रवर्धन गर्ने | २.१ भोकमरी अन्त्य गर्ने र खासगरी शिशु लगायत गरीब र संकटग्रस्त अवस्थामा रहेका व्यक्तिसहित सबैको सुरक्षित, पोषणयुक्त र पर्याप्त खानामा वर्षैंभरि पहुँच सुनिश्चित गर्ने। |
| | | २.२ सबै प्रकारका कुपोषण अन्त्य गर्ने, ५ वर्षमुनिका बालबालिकाको वृद्धि रोक्ने र उचाइअनुसार कम तौल हुने सम्बन्धमा अन्तर्राष्ट्रिय रूपमै सहमति भएका लक्ष्यहरू सन् २०२५ सम्ममा हासिल गर्ने लगायतका परिमाणात्मक लक्ष्यहरू र किशोरी, गर्भवती र दूध ख्वाइरहेकी महिला तथा ज्येष्ठ नागरिकहरूको पोषणसम्बन्धी आवश्यकताहरूलाई सम्बोधन गर्ने। |
